# माध्यमिक शिक्षक तालिम पुस्तिका

## प्रशिक्षार्थी निर्देशिका

# सामाजिक शिक्षा

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
माध्यमिक शिक्षा विकास परियोजना
सानोठिमी, भक्तपुर
२०५४

373
SED-m

## निर्देशक

श्री सुन्दरप्रसाद श्रेष्ठ

## परियोजना शिक्षा अधिकृत

श्री जसबहादुर गुरूङ

### लेखकहरू

डा. श्रीरामप्रसाद उपाध्याय
श्री नारायणप्रसाद शर्मा
श्री सिद्धिरत्न शाक्य
श्री तारामान जोशी
श्री बोधकुमार खनाल
श्री विजय आर्चाय
श्रीमती माया सिटौला
श्रीमती मिरा मानन्धर
श्री पूर्णबहादुर श्रेष्ठ

### परिमार्जनकर्ताहरू

नारायणप्रसाद शर्मा
रामप्यारी श्रेष्ठ
रविचन्द्र आचार्य
तारामान जोशी
पूर्णबहादुर श्रेष्ठ

### सल्लाहकार

डा. श्रीरामप्रसाद उपाध्याय
**Mr. John Sotton**

### सल्लाहकार

बिमललाल श्रेष्ठ
परियोजना प्रबन्धक

### *सेक्रेटारियल सहयोगी*

श्री रमेशबिक्रम जि.सि.
श्रीमती शान्ता उपाध्याय
श्री प्रमोदकुमार कर्ण
श्रीमती सानुमैया मानन्धर
श्री शंकर किरात

N 1632

# मन्तव्य

शिक्षा र मानव एकअर्काका पर्याय हुन् । शिक्षाविना मानव जीवनको सार्थकता रहन्न र मानवविना शिक्षाको महत्व रहँदैन । एकाईसौं शताब्दीको पूर्वार्धमा पाइला टेक्दै गरेको आजको समाज र मानवबीच स्पष्ट प्रतिबिम्व देखाउने दर्पणको रूपमा सामाजिक शिक्षालाई लिन सकिन्छ । यसले हामीहरूलाई हाम्रो समुदाय, सभ्यता, राष्ट्रियअन्तर्राष्ट्रिय परिवेशकाबारेमा स्पष्ट जानकारी गराउँछ । सामाजिक शिक्षाको माध्यमबाट नै शिक्षा, संस्कृति, इतिहास र सभ्यताको विकास, विश्वका नयाँ पुराना घटनाहरू, आर्थिक, सामाजिक, भौगोलिक र राजनैतिक विकासक्रमहरूको जानकारी दिँदै त्यस्ता घटनाहरूबाट ज्ञान आर्जन गरी आउँदो युगमा विगतका अनुभवबाट शिक्षा लिँदै मानव कल्याणकालागि उपयोगी छ । सक्षम मानव संसाधनको विकासमा मद्दत पुग्नेछ भन्ने मर्मलाइ ध्यान दिएर नै श्री ५ को सरकारले शिक्षामा समयोचित सुधार गर्दै जानेक्रममा वर्तमान शिक्षानीतिमा परिमार्जन गरी, प्राथमिकतहदेखि माध्यमिक तहसम्म सामाजिक शिक्षालाई अनिवार्य विषयको रूपमा पाठ्यक्रममा महत्वपूर्ण स्थान दिएको छ ।

सामाजिक शिक्षालाई बढी ज्ञानवर्द्धक व्यावहारिक र विद्यार्थीकेन्द्रित बनाउने उद्देश्यले माध्यमिक शिक्षा विकास परियोजना, सानोठिमीले माध्यमिक तहका सामाजिक शिक्षाका शिक्षकहरूलाई बढी सरल, व्यावहारिक र क्रियाकलापमुखी रूपमा प्रशिक्षित गर्दै विद्यार्थीहरूकाबीचमा प्रभावकारी शिक्षण गर्न र शिक्षाका निर्दिष्ट उद्देश्य पूरा गर्न सफलता प्राप्त हुने विश्वास गर्दै यो सामाजिक शिक्षाको "माध्यमिक स्तरको प्रशिक्षक प्रशिक्षार्थी निर्देशिका" बनाउने प्रयास गरेको छ । यस निर्देशिकाको प्रत्येक सत्रमा उद्देश्य, शैक्षिक सामग्री, क्रियाकलाप र उपलब्धि गरी चार बुँदाहरू राखिएका छन् । पाठ्यक्रमअनुसारको पाठ्यपुस्तक तयार भई नसकेको यस अवस्थामा प्रस्तुत निर्देशिकाको क्रियाकलापका साथमा विषयवस्तुहरू पनि सङ्क्षिप्त रूपमा समावेश गरिएको छ । विषयवस्तु र पाठ अनुसार क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुनाले प्रत्येक सत्रलाई पाठ्यक्रममा आधारित भई कक्षा पाठ र एकाइ गरी कक्षा ९ र १० का ९ ओटै एकाइका पाठहरूकासाथै लैङ्गिक समानता र अन्य कार्यक्रम गरी चारहप्ताभित्र सम्पूर्ण तालिम समाप्त गरिनेछ ।

अन्त्यमा प्रस्तुत निर्देशिका २०५४ मा नै प्रकाशित गरी प्रयोगमा ल्याइसकिएकोमा प्रशिक्षक र प्रशिक्षार्थीहरूबाट यसमा भएका त्रुटि कमजोरी औंल्याइ दिनु भएअनुसार यसलाई बढी क्रियाकलापमुखी बनाउने अपेक्षा गर्दै पुनः परिमार्जनसहित प्रकाशित गरेका छौं । यसमा रहेका अन्य सुधारात्मक पक्षहरूकाबारेमा रचनात्मक सुझाव पाउने आशा गर्दछौं । वर्तमान निर्देशिकालाई बढी क्रियाकलाप र व्यवहारमुखी बनाई परिमार्जन गर्न सक्रियाता देखाउनु हुने CEC प्रोजेक्ट मैनेजर जोन वेली तथा परियोजनाका प्रोजेक्ट मैनेजर विमललाल श्रेष्ठ, तालिम संयोजक पूर्णबहादुर श्रेष्ठका साथै परिमार्जन कार्यमा आफ्नो अमूल्य समय दिई संलग्न हुनु हुने प्र.अ. नारायणप्रसाद शर्मा, तारामान जोशी, रविचन्द्र आचार्य, उप-सचिव श्रीमती रामप्यारी श्रेष्ठ तथा कम्प्युटर अपरेटरहरू श्री रमेशबिक्रम जी.सी. र श्रीमती शान्ता उपाध्याय तथा सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु ।

निर्देशक

सुन्दरप्रसाद श्रेष्ठ

## यस निर्देशिकालाई प्रयोग गर्दा ध्यान दिनु पर्ने मुख्य–मुख्य कुराहरू

### १. उद्देश्य निर्माणः-

उद्देश्य निर्माण गराउँदा संज्ञानी, प्रभावी र सीप झल्कने किसिमको क्रियापद प्रयोग गरिएको हुनु पर्दछ।

### २. शैक्षिक सामग्री संकलनः-

तालिम सत्र शुरू हुनु भन्दा ७ दिन अगावै प्रत्येक सहभागीहरूलाई पुग्ने गरी कैंची, रूलर, पेन्सील, मार्कर पेन, चित्रका नमुना, पुराना समाचार पत्रका कटिङ तथा तस्विर, कार्डबोर्ड पेपर, कार्वन, ट्रेसिङ पेपर, फुलस्केप कागज, ठूलो खाम, नेपालको नक्सा, विभिन्न महादेश र विश्वको रेखा नक्सा, विभिन्न दलका पर्चा, भाषण, पोस्टर, चार्टहरू।

### ३. विषयवस्तु सुधारः-

यहाँ उल्लेख गरिएका विषयवस्तु नमुनाको रूपमा रहेका, कुनै कुनै बुँदागत रूपमा रहेका छन्। त्यसलाई तपाईंको ज्ञान र अनुभवको आधारमा विस्तृत गरेर लेख्नुहोस्।

### ४. शिक्षण विधिको प्रयोगः-

पुस्तकमा भएका कुरा कण्ठ गर्न लगाएर, अर्थ भनेर वा शिक्षकले व्याख्या गरेर राम्रोसँग सम्झाउँदैमा विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको विकास हुन सक्दैन। व्याख्यान विधिको प्रयोग अन्य विधिको प्रयोग गर्ने शिलशिलामा मात्र गर्न सकिन्छ। कक्षाको बनौट, विद्यार्थीहरूको सङ्ख्या र विषयवस्तुको आधारमा निम्नलिखित शिक्षण विधिहरूको छनोट गर्न सकिन्छ। एउटै घण्टीमा पनि समयअनुसार दुई तीनओटा विधिहरूको प्रयोग पनि हुन सक्छ।

शिक्षण विधिहरूः-

क) शैक्षिक भ्रमणः- (कक्षा भन्दा बाहिर निकालेर २० मिनेटमा कुनै कुरा अवलोकन गर्न लगाएर पनि शैक्षिक भ्रमणको प्रयोग गर्न सकिन्छ)
ख) मौलिक स्रोतको प्रयोगः- (पर्चा, पुराना लेखोट, चिट्ठीपत्र, भाषण इत्यादि)
ग) नाटकीयकरण विधिः- (छोटो भूमिका गर्न लगाउने)
घ) खेल खेल्नः- (यस निर्देशिकामा उल्लेख गरिए जस्तै कुनै खेल)
ङ) समूहकार्यः- (समूहमा मिलेर नक्सा, चार्ट, चित्र इत्यादि बनाउन छलफल प्रस्तुत गर्ने)
च) स्थानीय वातावरणको प्रयोग
छ) कथा लेख्ने
ज) पाठसँग सम्बन्धीत कविता वाचन
झ) सम्वाद लेखन
ञ) पत्रलेखन (स्वदेशी र विदेशी मित्रलाई)
ट) स्रोत व्यक्तिको प्रयोग (कक्षामा स्रोत व्यक्ति ल्याएर)
ठ) संभव भएमा स्रोत दृश्य सामग्रीको प्रयोग
ड) सेमिनार र वर्कसप आयोजना गर्ने

५. प्रत्येक पाठमा लैङ्गिक, क्षेत्रीय र संस्कृति समानतालाई विचार गर्ने।
६. हरेक सत्र १:३० घण्टाको हुनेछ। दोश्रो सत्र समाप्त भएपछि ३० मिनेटको मध्यान्तर गर्न पर्नेछ।
७. विषयवस्तु स्याडोमा राखिएको छ।

# विषयसुचि तथा सत्र विभाजन


| खण्ड | एकाई | दिन | कक्षा | सत्र | विषयवस्तु | पेज |
|---|---|---|---|---|---|---|
| (क) | – | १ | – | १ | पाठ्यक्रम पाठ्यपुस्तक | १ |
| | | | | २ | सामाजिक शिक्षा शिक्षण विधिहरु र मूल्यांकन | ३ |
| | | | | ३ | शैक्षिक योजना | ५ |
| | | | | ४ | सामाजिक अध्ययनको स्वरुप | ७ |
| (ख) | १. आफु आफ्नो समुदाय र राष्ट्र | २ | ९ | १ | विकासको परिचय | १० |
| | | | | २ | विकसित र विकासशील राष्ट्रको पहिचान | १३ |
| | | | | ३ | विकास सम्वन्धी पाठको अनुगमन | १४ |
| | | | | ४ | अध्यापन अभ्यासको परिचय | १५ |
| | | ३ | १० | १ | नेपालका पाँच विकास क्षेत्रहरु | १६ |
| | | | | २ | पाँच विकास क्षेत्रमा विद्युत शिक्षा र जनस्वास्थ सम्बन्धी तुलनात्मक अध्ययन | १९ |
| | | | | ३ | विकास क्षेत्र सम्वन्धी पाठको अनुगमन | २० |
| | | | | ४ | सूक्ष्म शिक्षण | २२ |
| | २. हाम्रा विकासका पूर्वाधारहरु | ४ | ९ | १ | शिक्षा र स्वास्थ | २३ |
| | | | | २ | यातायत र संचार | २९ |
| | | | | ३ | विद्युत र खानेपानी | ३४ |
| | | | | ४ | सूक्ष्म शिक्षण | ३७ |
| | | ५ | १० | १ | दक्ष जनशक्तिको अर्थ र बर्गिकरण | ३८ |
| | | | | २ | दक्ष जनशक्तिको आवश्यकता | ४० |
| | | | | ३ | दक्ष जनशक्ति सम्वन्धी अघिल्ला पाठहरुको अनुगमन | ४२ |
| | | | | ४ | सूक्ष्म शिक्षण | ४३ |
| | ३. हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता | ६ | ९ | १ | धार्मिक सहिष्णुता, धर्म र विश्वासमा एकता | ४४ |
| | | | | २ | श्रम प्रति आस्था | ४७ |
| | | | | ३ | हाम्रो रितिरिवाज र कलाको परिचय (चित्रकला) | ५१ |
| | | | | ४ | सूक्ष्म शिक्षण | ५४ |
| | | ७ | १० | १ | निस्वार्थ सेवा र नेत्रृत्वको महत्व | ५५ |
| | | | | २ | हाम्रा राष्ट्रिय दिवसहरु | ५७ |
| | | | | ३ | हाम्रा राष्ट्रिय व्याक्तित्वहरु | ५९ |
| | | | | ४ | सूक्ष्म शिक्षण | ६३ |

| खण्ड | एकाई | दिन | कक्षा | सत्र | विषयवस्तु | पेज |
|---|---|---|---|---|---|---|
| | ४. नागरिक चेतना | ८ | ९ | १ | संविधानको परिचय | ६४ |
| | | | | २ | नेपाल अधिराजयको संविधान २०४७ का विशेषताहरु र संविधानले प्रदान गरेका मौलिक हक र कर्तव्यहरु | ६७ |
| | | | | ३ | अधिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरु | ७३ |
| | | | | ४ | सत्र ३ का क्रियाकलापहरुको प्रस्तुतिकरण | ७४ |
| | | ९ | १० | १ | संविधानका अंगहरुको परिचय, नेपालका प्रमुख राजनैतिक संगठनको परिचय र भूमिका | ७५ |
| | | | | २ | निर्वाचन र निर्वाचनमा नागरिकले खेल्नु पर्ने भूमिका | ७९ |
| | | | | ३ | अधिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरु | ८२ |
| | | | | ४ | सत्र ३ का त्रियाकलापहरुको प्रस्तुतिकरण | ८३ |
| | ५. सामाजीक समस्या र विकृति | १० | | १ | नेपालमा सामाजिक सेवा सम्वन्धी राष्ट्रिय र अन्तरार्ष्ट्रिय संस्थाहरुको योगदान र सामाजीक समस्या निराकरणमा तिनीहरुले खेलेको भूमिका | ८४ |
| | | | | २ | नेपालमा सामाजिक सेवा सम्वन्धी राष्ट्रिय र अन्तरार्ष्ट्रिय संस्थाहरुको योगदान र सामाजिक समस्या निराकरण तिनीहरुले खेलेको भूमिका | ८६ |
| | | | | ३ | अधिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरु | ८८ |
| | | | | ४ | सत्र तिनका क्रियाकलापहरुको प्रस्तुतिकरण | ९० |
| | | ११ | | १ | सामाजिक संघ र सामाजिक समस्या निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरुको भूमिका | ९१ |
| | | | | २ | सामाजिक संघ र सामाजिक समस्या निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरुको भूमिका | ९४ |
| | | | | ३ | अधिल्ला दुई पाठ संग सम्बन्धित क्रियाकलापहरु | ९६ |
| | | | | ४ | सत्र तिनका क्रियाकलापहरुको प्रस्तुतिकरण | ९८ |

| खण्ड | एकाई | दिन | कक्षा | सत्र | विषयवस्तु | पेज |
|---|---|---|---|---|---|---|
| | ६. भौगोलिक अध्ययन | १२ | ९ | १ | पृथ्वीको तापमण्डल, वायुको प्रकार, वायुको चाप, चापपेटी, वर्षा र मौसम | ९९ |
| | | | | २ | नेपालको हावापानीमा प्रभाव पार्ने तत्वहरु तथा भौगोलिक वातावरणवाट जनजीवनमा पर्ने असर | १०१ |
| | | | | ३ | अघिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरु | १०३ |
| | | | | ४ | सत्र ३ का क्रियाकलापहरुको प्रस्तुतिकरण | १०५ |
| | | १३ | ९ | १ | एसीया, यूरोप र अष्ट्रेलिया महादेशको प्राकृतिक वातावरण, प्राकृतिक साधन आर्थिक क्रियाकलाप र जनसंख्या | १०७ |
| | | | | २ | नक्सा कार्य | १०९ |
| | | | | ३ | अघिल्ला दुई पाठ संग सम्बन्धित क्रियाकलाप | १११ |
| | | | | ४ | सत्र ३ का क्रियाकलापहरुको प्रस्तुतिकरण | ११३ |
| | | १४ | १० | १ | हावापानिको प्रकार तथा हावापानी र धरातलिय विविधतावाट जनजीवनमा पर्ने असर | ११५ |
| | | | | २ | हावापानिको प्रकार तथा हावापानी र धरातलिय विविधतावाट जनजीवनमा पर्ने असर | ११७ |
| | | | | ३ | अघिल्ला दुई सत्रका पाठहरु संग सम्बन्धित क्रियाकलापहरु | ११९ |
| | | | | ४ | सामसहिक प्रस्तुतिकरण | १२१ |
| | | १५ | १० | १ | उत्तर र दक्षिण अमेरीका महादेशहरुको आर्थिक क्रियाकलाप र जनसंख्या | १२३ |
| | | | | २ | नेपालको जनसंख्या, जनसंख्याको वितरण तथा घनत्वको स्वरुप वसाई सराइ,तिनमा पर्ने समस्या र समाधानका उपायहरु | १२५ |
| | | | | ३ | अघिल्ला दुई पाठसंग क्रियाकलापहरुको प्रस्तुतिकरण | १२७ |
| | | | | ४ | सामूहिक प्रस्ततिकरण | १२९ |
| | | १६ | १० | १ | नक्सा कार्य (परिचय) | १३१ |
| | | | | २ | नक्सा कार्य (निर्माण) | १३२ |
| | | | | ३ | अघिल्ला दुई पाठसंग सम्बन्धीत क्रियाकलापहरु | १३४ |
| | | | | ४ | सामूहिक प्रस्तुतिकरण | १३६ |

| खण्ड | एकाई | दिन | कक्षा | सत्र | विषयवस्तु | पेज |
|---|---|---|---|---|---|---|
| | ७. ऐतिहासिक अध्ययन | १७ | ९ | १ | एकीकरण आरम्भ, अभियान र यसका वाधाहरु | १३८ |
| | | | | २ | अंग्रेजसंगको यूध्दमा नेपाली वीरहरुको भूमिका | १४२ |
| | | | | ३ | अघिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरु | १४५ |
| | | | | ४ | सत्र ३ का क्रियाकलापहरुको प्रस्तुतिकरण | १४७ |
| | | १८ | ९ | १ | राणा शासनको स्थापनामा जंगवहादुरको भूमिका | १४८ |
| | | | | २ | फ्रान्सको राज्यक्रान्ति, अमेरीकाको स्वतन्त्रता संग्राम र भारतको स्वतन्त्रता संग्रामको तुलनात्मक अध्ययन | १५१ |
| | | | | ३ | अघिल्ला दुई पाठसंग सम्बन्धीत क्रियाकलापहरु | १६३ |
| | | | | ४ | सत्र ३ का क्रियाकलापहरुको प्रस्तुतिकरण | १६५ |
| | | १९ | १० | १ | राणाकालिन नेपालको आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक अवस्था २००७ सालदेखि २०१७ साल सम्मको आर्थिक सामाजिक राजनैतिक गतिविधिहरु २०१७ को पार्टी प्रतिवन्ध र पंचायतको शुरुवात | १६६ |
| | | | | २ | २०३६ को जनमत संग्रह, २०४६ को जनआन्दोलन र वहुदलिय ब्यबस्थाको पुनर्स्थापना श्री ५ महेन्द्र तथा श्री ५ वीरेन्द्रका शासनकालमा भएको विकास । | १७२ |
| | | | | ३ | अघिल्ला दुई पाठसंग सम्वन्धित क्रियाकलापहरु | १७८ |
| | | | | ४ | सत्र ३ का क्रियाकलापहरुको प्रस्तुतिकरण | १८० |
| | | २० | १० | १ | प्रथम र दोश्रो विश्वयुद्धको तुलनात्मक अध्ययन | १८१ |
| | | | | २ | संयूक्त राष्ट्र संघको स्थापना | १८८ |
| | | | | ३ | अघिल्ला दुई पाठसंग सम्वनधित क्रियाकलापहरु | १९२ |
| | | | | ४ | सत्र ३ का क्रियाकलापहरुको प्रस्तुतिकरण | १९४ |

| खण्ड | एकाई | दिन | कक्षा | सत्र | विषयवस्तु | पेज |
|---|---|---|---|---|---|---|
| | ८. आर्थिक एवं वातावरणीय अध्ययन | २१ | ९ | १ | आर्थिक विकासमा ब्यापारको महत्व | १९५ |
| | | | | २ | कृषि, उद्योग र ब्यापारमा आपसी सम्बन्ध | १९९ |
| | | | | ३ | आर्थिक योजनाको परिचय र त्यसवाट भएका उपलब्धिहरु | २०२ |
| | | | | ४ | सूक्ष्म शिक्षण | २०५ |
| | | २२ | १० | १ | नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्व | २०६ |
| | | | | २ | पर्यटन उद्योग विकासको लागी आवश्यक कुराहरु | २१० |
| | | | | ३ | पर्यटन उद्योगको प्रबर्द्धनमा बाधा पुऱ्याउने तत्वहरु | २१३ |
| | | | | ४ | सूक्ष्म शिक्षण | २१६ |
| | ९. अन्तराष्ट्रिय समभदारी शान्ति र सहयोग | २३ | ९ | १ | नेपालको मित्रराष्ट्र जर्मनी क्यानडा र इटलीसंगको सम्वन्ध र सहयोग | २१७ |
| | | | | २ | सार्क राष्ट्रहरु वीचको आपसी सहयोग र सदभावना | २१९ |
| | | | | ३ | अन्तर्राष्ट्रिय शान्ति स्थापनाको लागी नेपालले पु-याउदै आएको सहयोग | २२४ |
| | | | | ४ | सूक्ष्म शिक्षण | २२६ |
| | | २४ | १० | १ | संयूक्त राष्ट्र संघको सदस्यको रुपमा नेपाल | २२७ |
| | | | | २ | सार्क संगठनको आर्थिक ब्यबस्था पक्ष र यसका मुख्य मुख्य उपलब्धिहरु | २२९ |
| | | | | ३ | संयूक्त राष्ट्र संघका विभिन्न एजेन्सीहरु | २३२ |
| | | | | ४ | जेन्डर कार्यक्रम | २३५ |

## यस निर्देशिकालाई प्रयोग गर्दा ध्यान दिनु पर्ने मुख्य–मुख्य कुराहरू

१. **उद्देश्य निर्माण:**

उद्देश्य निर्माण गराउँदा संज्ञानी, प्रभावी र सीप झल्कने किसिमको क्रियापद प्रयोग गरिएको हुनु पर्दछ।

२. **शैक्षिक सामग्री संकलन:**

तालिम सत्र शुरू हुनु भन्दा ७ दिन अगावै प्रत्येक सहभागीहरूलाई पुग्ने गरी कैंची, रूलर, पेन्सील, मार्कर पेन, चित्रका नमूना, पुराना समाचार पत्रका कटिङ तथा तस्वीर, कार्डबोर्ड पेपर, कार्वन, ट्रेसिङ पेपर, फुलस्केप कागज, ठूलो खाम, नेपालको नक्सा, विभिन्न महादेशर विश्वको रेखा नक्सा, विभिन्न दलका पर्चा, भाषण, पोष्टर, चार्टहरू ।

३. **विषयवस्तु सुधार:**

यहाँ उल्लेख गरिएका विषयवस्तु नमूनाको रूपमा रहेका, कुनै कुनै बुँदागत रूपमा रहेका छन् । त्यसलाई तपाईको ज्ञान र अनुभवको आधारमा विस्तृत गरेर लेख्नुहोस् ।

४. **शिक्षण विधिको प्रयोग:**

पुस्तकमा भएका कुरा कण्ठ गर्न लगाएर, अर्थ भनेर वा शिक्षकले व्याख्या गरेर राम्रोसँग सम्झाउँदैमा विद्यार्थीहरूको श्रृजनात्मक प्रतिभाको विकास हुन सक्दैन । व्याख्यान विधिको प्रयोग अन्य विधिको प्रयोग गर्ने शिलशिलामा मात्र गर्न सकिन्छ । कक्षाको बनौट, विद्यार्थीहरूको संख्या र विषयवस्तुको आधारमा निम्नलिखित शिक्षण विधिहरूको छनौट गर्न सकिन्छ । एउटै घण्टीमा पनि समयअनुसार दुई तीनवटा विधिहरूको प्रयोग पनि हुन सक्छ ।

<u>शिक्षण विधिहरू</u>

क) शैक्षिक भ्रमण: (कक्षा भन्दा बाहिर निकालेर २० मिनेटमा कुनै कुरा अवलोकन गर्न लगाएर पनि शैक्षिक भ्रमणको प्रयोग गर्न सकिन्छ )
ख) मौलिक स्रोतको प्रयोग: (पर्चा, पुराना लेखोट, चिठ्ठीपत्र, भाषण इत्यादि)
ग) नाटकियकरण विधि: (छोटो भूमिका गर्न लगाउने)
घ) खेल खेल्न: (यस निर्देशिकामा उल्लेख गरिए जस्तै कुनै खेल)
ङ) समूहकार्य: (समूहमा मिलेर नक्सा, चार्ट, चित्र इत्यादि बनाउन छलफल प्रस्तुत गर्ने)
च) स्थानिय वातावरणको प्रयोग
छ) कथा लेख्ने
ज) पाठसँग सम्बन्धित कविता वाचन
झ) सम्वाद लेखन
ञ) पत्रलेखन (स्वदेशी र विदेशी मित्रलाई)
ट) स्रोत व्यक्तिको प्रयोग (कक्षामा स्रोत व्यक्ति ल्याएर)
ठ) संभव भएमा स्रोत दृष्य सामग्रीको प्रयोग
ड) सेमिनार र वर्कसप आयोजना गर्ने

५. प्रत्येक पाठमा लैङ्गिक, क्षेत्रिय र सांस्कृति समानतालाई विचार गर्ने ।

पाठ्यक्रमका विशेषताहरू यस प्रकार छन :

१) यो पाठ्यक्रमले सामाजिक शिक्षालाई कक्षा १ देखि कक्षा १० सम्म १०० पूर्णाङ्कको अनिवार्य विषयका रूपमा राखिएको छ ।

२) यो पाठ्यक्रमको क्षेत्र छनौटमा प्राथमिक कक्षा १ देखि १० सम्म एकरूपता ल्याई पाठ्यवस्तुहरूको ज्ञानलाई विस्तृत गरिदै लगिएको छ ।

३) पाठ्यक्रमको उद्देश्य तयार गर्नुभन्दा अगाडि सामाजिक शिक्षा के हो र यस अन्तर्गत कुन कुन कुराहरू अध्ययन गराउनुपर्ला भन्ने कुराको धारणा चिन्तन-मनन र पुस्तक अध्ययनद्वारा स्पष्ट पारिएको थियो । अन्तमा एक व्यक्तिलाई समाजमा एक सफल सदस्य भई बाच्नको लागि हालको परिप्रेक्ष्यमा सामाजिक शिक्षाले कुन-कुन कुराहरू अध्ययन गराउने र कुन कुन सीपहरू दिनुपर्ला भन्ने विचार गरी यसका क्षेत्रहरू तोकिएका छन् ।

४) प्रचलित पाठ्यक्रममा सामाजिक शिक्षालाई केवल ४ विषयमा सीमित गरिएकोमा हालको प्रस्तावित पाठ्यक्रमले उक्त सामाजिक शिक्षाको नपुग क्षेत्रलाई समेत समेटी क्रमबद्धरुपले कक्षा १ देखि १० सम्मका ज्ञान सीपलाई क्रमिकता दिन खोजिएको छ ।

५) यो पाठ्यक्रमले सैद्धान्तिक पक्षलाईभन्दा व्यावहारिक पक्षलाई बढी महत्त्वपूर्ण स्थान दिएको छ ।

# सामाजिक शिक्षा

## माध्यमिक तहको साधारण उद्देश्य

माध्यमिक शिक्षा (कक्षा ९ र १०) को अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कुराहरू गर्न सक्षम हुनेछन् :

१. अञ्चल र विकास क्षेत्रमा संचालित आयोजनाहरूको विवरण दिन र ती क्षेत्रहरूको तुलनात्मक अध्ययन गर्न ।

२. विकास क्षेत्रको कठिनाईहरू पत्ता लगाई समाधानका उपायहरू बताउन ।

३. नेपालमा शिक्षा, स्वास्थ्य, यातायात, संचार, विद्युत र खानेपानीको क्षेत्रमा भएका प्रमुख उपलब्धिहरू वर्णन गर्न ।

४. नेपालको विकासका निम्ति आवश्यक पूर्वाधारहरू खडा गर्न दक्ष जनशक्तिको भूमिका बारे छलफल गर्न ।

५. हाम्रो परम्परा अनुकूल मानिआएको ईश्वरीय सत्ताको वर्णन गर्न र ईश्वरीय शक्तिलाई प्राकृतिक नियमसँग तुलना गरी आफ्नो विचार व्यक्त गर्न ।

६. हाम्रा साहित्य, कला र संस्कृतिको महत्त्व बताउन र तिनीहरूको संरक्षण कार्यमा सहयोग पुऱ्याउन ।
७. नेपालको संविधान र संवैधानिक अङ्गहरूको संक्षिप्त परिचय दिन र नागरिक अधिकार र कर्तव्यको सही प्रयोग गर्न ।
८. सामाजिक समस्या निराकरणमा अन्तरराष्ट्रिय संघहरूको भूमिका उल्लेख गर्न ।
९. पृथ्वीमा धरातलीय स्वरूपहरूको वर्णन गर्न ।
१०. नेपालको धरातलीय स्वरूपमा भू-क्षयबाट पर्दै गएको असर बताउन र नियन्त्रण कार्यमा सहभागी बन्न ।
११. हावापानीको अवस्था र यसमा प्रभाव पार्ने तत्त्वहरूको व्याख्या गर्न ।
१२. नेपालको नक्सा कोरी भौगोलिक तथ्यहरू भर्न ।
१३. ग्लोवको सामान्य प्रयोग गर्न ।
१४. महाद्वीपहरूको भौगोलिक आर्थिक क्रियाकलापबारे संक्षिप्त परिचय दिन ।
१५. अन्तरराष्ट्रिय सामाजिक संस्थाहरूद्वारा नेपालको विकासमा खेलेको भूमिका बारे वर्णन गर्न ।
१६. नेपालको भौगोलिक भिन्नताका आधारमा कृषि उत्पादनको सूची तयार गर्न ।
१७. नेपालको जनसंख्या वितरणमा प्रभाव पार्ने तत्वहरूको वर्णन गर्न ।
१८. जनसंख्या वृद्धि र बसाई-सराइबाट उत्पन्न समस्या र समाधानका उपायहरू पहिल्याई समाधानमा सहभागी बन्न ।
१९. नेपालको एकीकरण कार्यमा नेपाली वीरहरूले खेलेको भूमिकाको वर्णन गर्न तिनीहरूको सराहना गर्न ।
२०. राणाशासनको उदयपश्चात् आजसम्मका प्रमुख ऐतिहासिक घटनाहरूको क्रमिक रूपले बयान गर्न ।
२१. विश्वको राज्यक्रान्ति तथा स्वतन्त्रता संग्रामबारे संक्षिप्त वर्णन गर्न ।
२२. नेपालको आर्थिक विकासमा व्यापार र पर्यटन उद्योगको महत्त्व बताउन ।
२३. आर्थिक योजनाको पचिय र महत्त्व बताउन ।
२४. वातावरणमा प्रतिकूल असर पार्ने योजनारहित विभिन्न क्रियाकलापहरूको छलफल गर्न ।
२५. सार्क देशहरू बीचको आपसी सहयोग सद्भावना र आर्थिक व्ययभार बारे बताउन ।
२६. नेपालको अरू मित्र राष्ट्रसँगको सम्बन्ध र सहयोगबारे बयान गर्न ।
२७. संयुक्त राष्ट्र संघको परिचय दिन र नेपाल तथा संयुक्त राष्ट्र संघबीचको आपसी सहयोग वर्णन गर्न ।
२८. विश्वमा विज्ञान र प्रविधिको विकासबाट मानव-समाजमा परेको प्रभाव बारे बताउन ।

# कक्षा- ९

**कक्षा ९ को अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :**

१. आफ्नो विकास क्षेत्रमा संचालित आयोजनाहरूको विवरण दिन र ती आयोजनाबाट देश विकासमा खेलेको भूमिका बयान गर्न ।
२. श्रमको महत्त्व बुझी राम्रो कामको लागि परिश्रम गर्न ।
३. विभिन्न धर्मका धार्मिक सहिष्णुताको आशय बुझी तद्नुरूप व्यवहार गर्न ।
४. राष्ट्रिय मर्यादाहरू पालन गर्न ।
५. नेपाली कलाको पृष्ठभूमिमा हस्तकला, चित्रकला, वस्तुकला र मूर्तिकलाको परिचय दिन ।
६. हाम्रा राष्ट्रिय विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरूको वर्णन गर्न ।
७. नेपालको विकास कार्यमा शिक्षा, स्वास्थ्य, यातायात, संचार विद्युत र खानेपानीले खेलेको भूमिका वर्णन गर्न ।
८. संविधानको परिचय दिई नेपालको संविधान २०४७ को विशेषताहरू बताउन ।
९. वर्तमान संविधानले प्रदान गरेको मौलिक हक र कर्तव्यहरू उल्लेख गर्न ।
१०. नेपालमा सामाजिक सेवासँग सम्बन्धित राष्ट्रिय र अन्तरराष्ट्रिय संस्थाहरूको योगदान र सामाजिक समस्या निराकरणमा तिनीहरूले खेलेको भूमिका वर्णन गर्न ।
११. पृथ्वीको तापमण्डल, वायुको चाप, चापपेटी, वर्षा र मौसमको चित्रसहित वर्णन गर्न ।
१२. नेपालको हावापानीमा प्रभाव पार्ने तत्त्वहरू उल्लेख गरी भौगोलिक विविधताबाट जनजीवनमा पर्ने असर बताउन ।
१३. एसिया, युरोप र अष्ट्रेलिया महाद्वीपको प्राकृतिक वातावरण एवं आर्थिक क्रियाकलापको संक्षिप्त परिचय दिन ।
१४. नेपालको हावापानी र भौगोलिक स्थितिअनुसार कृषि उत्पादनको सम्भाव्यता पहिचान गरी तद्नुरूप गर्न ।
१५. नेपालको नक्सा कोरी प्रमुख औद्योगिक केन्द्र तथा राजमार्गहरू संकेत गर्न ।
१६. श्री ५ पृथ्वीनारायण शाहबाट नेपाल एकीकरणको लागि भएका प्रयास र त्यसमा पर्न आएका बाधाहरू प्रस्तुत गर्न ।
१७. नेपाल अंग्रेजबीचको युद्धका प्रमुख नेपाली वीरहरू अमरसिंह थापा, बम शाह, रणवीर सिंह थापा, भक्ति थापा, बलभद्र कुँवर, उजि सिंह थापाको संक्षिप्त परिचय दिन र त्यसताकाको आर्थिक सामाजिक र राजनीतिक अवस्थाको संक्षिप्त वर्णन गर्न ।
१८. नेपालमा राणा शासनको उदय राणाकालिक प्रमुख उपलब्धिहरूबारे वर्णन गर्न ।
१९. फ्रान्स राज्य क्रान्ति, अमेरिका र भारतको स्वतन्त्रता संग्रामबारे संक्षिप्त वर्णन गर्न ।

२०. नेपालको आर्थिक विकासमा व्यापारको महत्त्व वर्णन गर्न ।
२१. कृषि, उद्योग र व्यापारबीचको आपसी सम्बन्ध बताउन ।
२२. आर्थिक योजनाको परिचय दिन र नेपालका आर्थिक योजनाहरूबाट भएका प्रमुख उपलब्धिहरूको सूची तयार पार्न ।
२३. योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्ने दूषित असरहरू पत्ता लगाउन र त्यसका रोकथामका प्रयासमा सहभागी बन्न ।
२४. सार्क राष्ट्रहरूको आपसी सहयोग र सद्भावनाबारे वर्णन गर्न ।
२५. नेपालको अरू मित्र राष्ट्रहरू, जर्मन, क्यानाडा र इटालीसँग सम्बन्ध र सहयोगबारे बयान गर्न ।
२६. नेपाल संयुक्त राष्ट्र संघको सदस्यको रूपमा चिन्न र अन्तर्राष्ट्रिय शान्ति स्थापनाको लागि नेपालले संयुक्त राष्ट्र संघमा खेलेको भूमिका वर्णन गर्न ।
२७. विश्वमा भइरहने आविष्कार र परिवर्तनबारे जानकारी राखी टिपोट गर्न ।

**विषयवस्तु :**

१. आफ्नू आफ्नो समुदाय र राष्ट्र
क) विकास क्षेत्रमा संचालित आयोजनाहरू ।

२. हाम्रा विकासका पूर्वाधारहरू :
क) योगदान- नेपालको विकास कार्यमा शिक्षा, स्वास्थ्य, यातायात, संचार, विद्युत र खानेपानी ।

३. हाम्रो परम्परा सामाजिक मूल्य र मान्यताहरू
क) धार्मिक सहिष्णुता, धर्म र विश्वासमा एकता ।
ख) श्रमप्रति आस्था ।
ग) शासन तथा सत्ताको मर्यादा ।
घ) हाम्रा राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्वहरू ।
ङ) हाम्रो रीतिरिवाज र कलाको परिचय-हस्तकला, चित्रकला मूर्तिकला ।
च) हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएको योगदान ।

४. नागरिक चेतना
क) संविधानको परिचय ।
ख) नेपालको संविधान २०४७ का विशेषताहरू ।
ग) वर्तमान संविधानले प्रदान गरेका मौलिक हक र कर्तव्य ।

५. सामाजिक समस्या र विकृति
क) सामाजिक सेवासँग सम्बन्धित संस्थाहरूको योगदान ।
ख) सामाजिक समस्या निराकरणमा अन्तरराष्ट्रिय संस्थाहरूको भूमिका
१. स्काउट २. रेडक्रस ३. लियोक्लब ४. लायन्स क्लब
ग) नेपालको विकास कार्यमा विभिन्न पञ्चवले खेलेको भूमिका ।

६. <u>भौगोलिक अध्ययन:</u>

१. भौतिक भूगोल-हावापानी

क) तापमण्डल, वायुको चाप तथा चापपेटी, वर्षा ।

ख) वायुको परिचय, स्थायी, आवधिक र अनिश्चित वायु ।

२. नेपालको भूगोल :

क) नेपालको भौगोलिक वा वातावरणअनुसार कृषि उत्पादन, खाद्यान्न बाली, नगदे बाली, बागवानी, पशुपालन ।

३. विश्वको भूगोल

एसिया, युरोप र अष्ट्रेलियाको प्राकृतिक साधन, आर्थिक क्रियाकलाप र जनसंख्याको संक्षिप्त परिचय ।

४. नक्सा कार्य

नेपालको नक्सा कोरेर त्यसमा हवाई-मार्ग, सडक-मार्ग औद्योगिक क्षेत्र, धार्मिक स्थल, प्रमुख हिम शिखर, कुण्डहरू, प्रमुख खाद्यान्न बालीहरू र पशुपालनका क्षेत्र भर्न ।

७. <u>ऐतिहासिक अध्ययन-</u>

१. नेपालको इतिहास

क) एकीकरण आरम्भ, अभियान र यसका बाधाहरू ।

ख) अंग्रेजसँगको युद्धमा नेपाली वीरहरूको भूमिका ।

ग) अंग्रेज-नेपाल युद्ध पूर्व आर्थिक, सामाजिक अवस्था ।

घ) एकीकरण कार्य ।

ङ) राणाशासनको स्थापनामा जंगबहादुरको भूमिका ।

च) १०४ वर्षको राणाकालीन प्रमुख उपलब्धिहरू ।

२. विश्वको इतिहास

फ्रान्सको राज्य क्रान्ति, अमेरिका र भारतको स्वतन्त्रता संग्राम (संक्षिप्तमा)

८. <u>आर्थिक एवं वातावरण अध्ययन-</u>

क) आर्थिक विकासमा व्यापारको महत्त्व (आन्तरिक र बाह्य) ।

ख) कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध ।

ग) आर्थिक योजनाको परिचय र त्यसबाट भएका उपलब्धिहरू ।

घ) योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्ने असर ।

९. <u>अन्तरराष्ट्रिय समझदारी, शान्ति र सहयोग-</u>

क) नेपालको अरू मित्रराष्ट्रहरू जर्मन, क्यानाडा र इटालीसँगको सम्बन्ध र सहयोग ।

ख) सार्क राष्ट्रहरूबीचको आपसी सहयोग र सद्भावना ।

ग) अन्तरराष्ट्रिय शान्ति स्थापनाको लागि नेपालले पुऱ्याउँदै आएको सहयोग ।

## कक्षा- १०

कक्षा १० को अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

१. पाँचै विकासक्षेत्रको परिचय दिई तिनको भौगोलिक, सांस्कृतिक, सामाजिक, आर्थिक पक्षको तुलनात्मक विवरण दिन ।
२. विकास क्षेत्रको कठिनाइहरू र यसका समाधानका उपायहरू बताउन ।
३. नेपालको विकासका लागि पूर्वाधारहरूको रूपमा दक्ष जनशक्तिको आवश्यकता बताउन ।
४. सामूहिक भलाइको महत्त्व बुझी त्यस्ता कार्यमा सहयोग पुऱ्याउन ।
५. हाम्रा राष्ट्रिय व्यक्तित्वको परिचय दिन ।
६. हाम्रा लोक नृत्य, लोक गीत, लोक बाद्यको महत्त्व वर्णन गर्न ।
७. हाम्रा राष्ट्रिय दिवसहरूको महत्त्व वर्णन गर्न ।
८. हाम्रो संविधानका अङ्गहरूको संक्षिप्त परिचय दिन ।
९. बहुदलीय शासन प्रणालीमा प्रमुख राजनीतिक संगठनहरूको भूमिका वर्णन गर्न ।
१०. निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिकाबारे बयान गर्न ।
११. सामाजिक समस्या (लागू पदार्थ दुर्व्यसन, एड्स, अवैध व्यापार) निराकरणमा अन्तरराष्ट्रिय संस्थाहरूले खेलेको भूमिकाबारे बयान गर्न ।
१२. विभिन्न प्रकारका हावापानीको परिचय दिन ।
१३. हावापानी र भौतिक विविधताबाट जनजीवनमा पर्ने असर बारे उदाहरण दिई वर्णन गर्न ।
१४. उत्तर र दक्षिण अमेरिका महाद्वीपको प्राकृतिक वातावरण र आर्थिक क्रियाकलाप बारे वर्णन गर्न ।
१५. नेपालको जनसंख्या स्थिति बताउन र यसको असमान वितरणका कारणहरू उल्लेख गर्न ।
१६. नेपालमा अनियमित तथा अव्यवस्थित बसाइ-सराईको कारण पत्ता लगाई अनियमित तथा अव्यवस्थित बसाइ-सराइको कारणबाट उत्पन्न हुने समस्याहरू र त्यसका समाधानका उपायहरू वर्णन गर्न ।
१७. नेपालको नक्सा कोरी प्रमुख बाली, शहर, हवाई मार्ग र धार्मिक तथा ऐतिहासिक स्थलहरू भर्न ।
१८. राणाकालिन नेपालको आर्थिक, सामाजिक, राजनीतिक अवस्थाबारे वर्णन गर्न ।
१९. वि.सं. २००७ सालदेखि २०१७ सालसम्मको प्रमुख राजनीतिक गतिविधिहरू वर्णन गर्न ।
२०. वि.सं. २०१७ देखि २०४६ सालसम्म भएका प्रमुख राजनीतिक गतिविधिहरू वर्णन गर्न ।
२१. श्री ५ महेन्द्रको शासनकालमा भएका विकास कार्यहरूको वर्णन गर्न ।
२२. श्री ५ वीरेन्द्रबाट नेपालको विकासका लागि गरिएका प्रयासहरूको वर्णन गर्न ।

२३. विश्वका प्रजातान्त्रिक मुलुकहरूसँग नेपालको (भारत, जापान, बेलायत, अमेरिका, फ्रान्स, जर्मन) राजनीतिक र आर्थिक पक्षहरूको संक्षिप्त तुलना गर्न ।

२४. पर्यटन उद्योगको परिचय दिई यसका विकासका लागि आवश्यक पूर्वाधारहरूको बयान गर्न र (वातावरण, यातायात, खाने-बस्ने व्यवस्था, प्राकृतिक तथा मनोरम स्थलहरू, पथ प्रदर्शक, आतिथ्य व्यवहार) सूचि तयार पार्न ।

२५. पर्यटकहरूसँगको विचार आदान-प्रदानबाट विकासमा पर्नसक्ने प्रभावबारे छलफल गर्न ।

२६. सार्क संगठनको उपलब्धि र आर्थिक व्ययभारको वर्णन गर्न ।

२७. संयुक्त राष्ट्र संघका विभिन्न अंगहरू (WHO, FAO, UNICEF, UNESCO, UNFPA, UNDP, IUCN) आदिबाट नेपालले पाएको सहयोगको क्षेत्रहरू पहिल्याई बयान गर्न ।

२८. विश्व शान्ति र सुव्यवस्थाको लागि संयुक्त राष्ट्र संघको विशेष भूमिकाबारे वर्णन गर्न ।

२९. विश्व परिस्थितिमा देखापरेका नयाँ मोड (आविष्कार परिवर्तनहरूबारे टिपोट राख्न र अरूलाई बताउन ।)

**विषयवस्तु :**

१. आफू, आफ्नो समुदाय र राष्ट्र :

- क) पाँच विकास क्षेत्रको तुलनात्मक अध्ययन (भौगोलिक सांस्कृतिक, आर्थिक)
- ख) विकास क्षेत्रको कठिनाइहरू र समाधानका उपायहरू ।

२. हाम्रा विकासका पूर्वाधाहरू

- क) नेपालको विकासका निमित्त पूर्वाधारहरू खडा गर्न दक्ष जनशक्तिको आवश्यकता ।

३. हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू :

- क) नि:स्वार्थ सेवा र नेतृत्वको महत्त्व ।
- ख) आत्म-विश्वास, आत्म-नियन्त्रण, संयम (दृढता, नियन्त्रण, लगनशीलता, संयम)
- ग) हाम्रो रीतिरिवाज, लोक तथा शास्त्रीय कला (नृत्य, गीत र वाद्य) ।
- घ) हाम्रा राष्ट्रिय दिवसहरू ।
- ङ) हाम्रा राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्वहरू ।

४. नागरिक चेतना:

- क) संविधानका अङ्गहरूको परिचय ।
- ख) नेपालका प्रमुख राजनीतिक संगठनको परिचय र भूमिका ।
- ग) निर्वाचन र निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिका ।

५. सामाजिक समस्या र विकृति-

क) सामाजिक संघ र सामाजिक समस्या निराकरणमा अन्तरराष्ट्रिय संस्थाहरूको भूमिका ।

१) एस.ओ.एस. २) अन्ध अपाङ्ग ३) शरणार्थी सहयोग संगठन

४) पुनर्वास योजना ५) लागू पदार्थ दुर्व्यसन निवारण आयोग ।

६) अवैध व्यापार ७) एड्स रोग नियन्त्रण

ख) यी संस्थाहरूले नेपालको विकासमा खेलेको भूमिका ।

६. भौगोलिक अध्ययन-

क) भौतिक भूगोल

१) हावापानीको प्रकार, सामान्य परिचय ।

२) हावापानी र धरातलीय विविधताबाट विश्वको जनजीवनमा पर्ने असर ।

ख) नेपालको भूगोल-

१) नेपालको जनसंख्या, जनसंख्याको वितरण तथा घनत्वको स्वरूप, बसाइ-सराई तिनमा पर्ने समस्या र समाधानका उपायहरू ।

ग) विश्वको भूगोल :

१) उत्तर र दक्षिण अमेरिका, अफ्रिका, महाद्वीपहरूको प्राकृतिक वातावरण, प्राकृतिक साधन, आर्थिक क्रियाकलाप र जनसंख्याबारे संक्षिप्त परिचय ।

घ) नक्सा कार्य :

१) नेपालको नक्सा कोरेर तिनमा प्रमुख नगदेबाली, प्रमुख शहरहरू, धार्मिक एवं ऐतिहासिक स्थलहरू, हिमशिखरहरू र प्रमुख उद्योग केन्द्रहरू ।

ऐतिहासिक अध्ययन-

क) नेपालको इतिहास :

१) राणाकालिन नेपालमा आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक अवस्था ।

२) वि.सं. २००७ सालदेखि २०१७ सालसम्मको आर्थिक, सामाजिक गतिविधिहरू ।

३) वि.सं. २०१७ सालको पार्टी प्रतिबन्ध र पंचायतको शुरुवात ।

४) वि.सं. २०३६ सालको जनमत संग्रह ।

५) वि.सं. २०४६ सालको जन-आन्दोलन र बहुदलीय व्यवस्थाको पुनर्स्थापना ।

६) श्री ५ महेन्द्रको शासनकालमा भएका विकासका कार्यहरू (अथवा नेपालमा २०१७ सालदेखि २०४६ सालसम्म भएका उपलब्धिहरू)

७) श्री ५ वीरेन्द्र र विकासप्रतिको प्रतिबद्धता ।

ख) विश्वको इतिहास :

क) पहिलो र दोस्रो विश्वयुद्ध सं. रा. संघको स्थापना

आर्थिक एवं वातावरणीय अध्ययन-

क) नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्त्व ।

ख) पर्यटन उद्योग विकासका लागि आवश्यक कुराहरू (भौगोलिक, सांस्कृतिक, ऐतिहासिक, कलाकृति र हावापानी)

ग) पर्यटन उद्योगको प्रवर्द्धनमा बाधा पुऱ्याउने तत्त्वहरू ।

अन्तरराष्ट्रिय समझदारी, शान्ति र सहयोग

क) संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपाल र त्यसका विभिन्न अङ्गहरूबाट नेपाललाई प्राप्त सहयोग ।

ख) सार्क संगठनको आर्थिक व्यवस्थापन पक्ष र यसका मुख्य-मुख्य उपलब्धिहरू ।

**समाजिक शिक्षा पाठ्यक्रममा क्षेत्र अनुसारको पाठ्यभार विभाजन यस प्रकार गरिएको छ-**

| क्र.सं | पाठ्यवस्तु | प्रतिशत | संशोधित |
|---|---|---|---|
| १. | आफू, आफ्नो समुदाय र राष्ट्र- | ५ प्रतिशत | ५ प्रतिशत |
| २. | हाम्रा विकासका पूर्वाधारहरू- | ५ प्रतिशत | ५ प्रतिशत |
| ३. | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | १० प्रशित | ५ प्रतिशत |
| ४. | नागरिक चेतना- | १० प्रतिशत | १० प्रतिशत |
| ५. | सामाजिक समस्या र विकृति- | १० प्रतिशत | १० प्रतिशत |
| ६. | भौगोलिक अध्ययन- (प्रयोगात्मक पक्षसमेत भएको हुँदा) | २० प्रतिशत | २५ प्रतिशत |
| ७. | ऐतिहासिक अध्ययन- | २० प्रतिशत | २० प्रतिशत |
| ८. | आर्थिक तथा वातावरणीय अध्ययन | १५ प्रतिशत | १५ प्रतिशत |
| ९. | अन्तरराष्ट्रिय समझदारी शान्ति र सहयोग- | ५ प्रतिशत | ५ प्रतिशत |

खण्ड 'क'

दिनः- १ सत्रः- १

# पाठः- पाठ्यक्रम तथा पाठ्यपुस्तक ।

## १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलापमा सरिक भइसकेपछि तपाइँ तलका कार्यहरू गर्न सक्नुहुने छ ।

क) पाठ्यक्रमको अर्थ र महत्व बताई यसका प्रमुख अङ्गहरूको चिनारी दिन ।
ख) पाठ्यक्रमको सामान्य मूल्याङ्कन गर्न र पाठ्यपुस्तकको उपादेयताको उल्लेख गर्न ।

## २. शैक्षिक सामग्रीः-

सामाजिक शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक, मार्कर पेन, चार्ट पेपर, पेन्सिल, इरेजर ।

## ३. क्रियाकलापः-

क) पाठ्यक्रमबारे तपाइँको पूर्व अवधारणा के छ ? तिनका विषयमा बुँदा टिपोट गर्नुहोस् । तल दिइएको 'पाठ्यक्रम' बारेको लेखन पढ्नुहोस् र त्यसबाट मुख्य मुख्य बुँदा टिपोट गरि पूर्व अवधारणाका बुँदाहरुसँग तुलना गर्नुहोस् । आपसी छलफल गरि पाठ्यक्रमको सही र व्यावहारिक अर्थ निकाल्नुहोस् र सोको टिपोट गर्नुहोस् ।

ख) सामाजिक शिक्षा पाठ्यक्रमका विभिन्न अङ्गहरू चिन्ने कोसिस गर्नुहोस् । पाठ्यक्रमका आवश्यक ४ अङ्गहरू कुन कुन हुन् ? तलको चित्रबाट केलाउनुहोस् । पाठ्यक्रममा केही अपूर्ण जस्तो लागेमा के के कुरामा अपूर्णता देख्नुभयो ? छलफल गरि निष्कर्षमा पुग्नुहोस् ।


ग) सामाजिक शिक्षा पाठ्यक्रमको औचित्य केलाउनुहोस् र आपसमा छलफल गरि सो औचित्यबारे भन्नुहोस् । पाठ्यक्रममा सङ्ज्ञान (knowledge), सीप (skill) र अभिवृत्ति (attitude) कुन कुन कुरा उल्लेख छन् ? केमा जोड दिइएको देखिन्छ ? तपाइँको यसबारेको दृष्टिकोण के छ ? छलफल गर्नुहोस् र बुँदा टिपोट गरि निष्कर्ष निकाल्नुहोस् ।

घ) पाठ्यपुस्तक के हो ? पाठ्यपुस्तकको महत्व के छ ? पाठ्यपुस्तक कस्तो हुनुपर्छ ? किन ? छलफल गर्नुहोस् र सामूहिक राय निकाल्नुहोस् । छलफलको यो क्रममा पाठ्यपुस्तक लेखकको योग्यता, अनुभव, विषयवस्तुको प्रस्तुतीकरणको भाषा, शैली, स्पष्टता, चित्र, ग्राफ, कार्टुन आदिको प्रयोग, पाठको समायोजन, मूल्याङ्कनको लागि दिइएका अभ्यासहरू, पुस्तकको बाहिरी आवरण, छपाइ आदि विभिन्न पक्षमा ध्यान पुऱ्याउनुहोस् । यही अनुसारको सामाजिक शिक्षाको नयाँपुस्तक कस्तो हुनुपर्ला ? सुझाव तयार गर्नुहोस् ।

*पाठ्यक्रम तथा पाठ्यपुस्तकः-*

*पाठ्यक्रमको अर्थका वारेमा विभिन्न विचारहरू देखिएका छन् । अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन शिक्षक तथा प्रशिक्षार्थी दुबैलाई पाठ्यक्रमको सही अर्थको बोध हुनु अति आवश्यक छ । यहाँ सैद्धान्तिक र व्यावहारिक सन्तुलन कायम राखी पाठ्यक्रमको अर्थ प्रष्टयाउन खोजिएको छ । पाठ्यक्रम भनेको खास खास शैक्षिक उद्देश्यहरू प्रष्टरूपमा उल्लेख गरि ती उद्देश्यहरू प्राप्तिको निम्ति सुव्यवस्थित रूपमा मिलाइएका विषयवस्तुहरू र तिनको अध्ययन अध्यापनको निम्ति तय गरिएका सबै शैक्षिक क्रियाकलापहरू र तथा त्यस्ता अध्यापनको प्रभावकारिताको जानकारी लिन तय गरिएका मूल्याङ्कनका सबै तौरतरिकाहरू सवैलाई संयोजन गरिएको समष्टिगत शैक्षिक दस्तावेज हो । यो दस्तावेज लिखित रूपमा हुनु राम्रो हुन्छ । यसले कुनै एक निश्चित शैक्षिक दर्शनलाई आधार बनाएको पाइन्छ । पाठ्यक्रमलाई चित्रात्मक रूपमा निम्नानुसार पनि देखाउन सकिन्छ ।*

*पाठ्यक्रमका अङ्हरू-*




४. उपलब्धिः-

क) सामाजिक शिक्षा पाठ्यक्रमको समूहगत रूपमा मूल्याङ्कन गर्नुहोस् र आ–आफ्नो समूहको प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

ख) पाठ्यक्रमका ४ प्रमुख अङ्गहरू के के हुन्? के तपाईं प्रत्येकको सङ्क्षिप्त परिचयात्मक विवरण दिनसक्नुहुन्छ ?

ग) यो सत्रपछि तपाईंले पाठ्यक्रम र पाठ्यपुस्तकको बारेमो नयाँ अवधारणा केके ग्रहण गर्न सक्नु भयो ? के यो सत्र उपयोगी बन्यो ? बन्यो भने किन ? यसमा अन्य थप केही कार्य गर्न सकिन्छ कि ? प्रशिक्षकसंग छलफल गरि लेख्नुहोस् ।

दिन:- १ सत्र:- २

# पाठ:- सामाजिक शिक्षाका शिक्षण विधिहरू र मूल्याङ्कन ।

## १. उद्देश्यहरू:-

यस सत्रको क्रियाकलापमा सरिक भइसकेपछि तपाईं तलका कार्यहरू गर्न सक्नुहुनेछ ।

क) शिक्षण विधिहरूको अर्थ र महत्व बताउन ।
ख) शिक्षण विधिहरूको सूची तयार पारी सामाजिक शिक्षामा उपयोगी हुने विधिको चयन गर्न ।
ग) मूल्याङ्कनको अर्थ, महत्व र तरिकाहरू उल्लेख गरि सामाजिक शिक्षा शिक्षणमा तिनको आवश्यकता बताउन ।

## २. शैक्षिक सामग्री:-

सामाजिक शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक, केही सान्दर्भिक पुस्तकहरू, चार्टपेपर र मार्कर ।

## ३. क्रियाकलाप:-

क) शिक्षण विधि भनेको के हो ? शिक्षण विधिको महत्वबारे निष्कर्ष लेख्नुहोस् । तल दिइएको पाठ पनि पढ्नुहोस् ।

ख) आपसी छलफलद्वारा प्रशिक्षकको सहयोग र आफ्नो पूर्व ज्ञानको समेत आधार लिई विभिन्न शिक्षण विधिहरूको सूची वनाउनुहोस् । परम्परागत विधि र आधुनिक विधिहरू के के हुन सक्छन् , वर्गीकरण गर्नुहोस् । तलको लेख पढ्नुहोस् र सामाजिक शिक्षा शिक्षणमा उपयोग हुने प्रभावकारी विधिहरूको छुट्टै सूची बनाउनुहोस् । त्यसमा पुन: एक पटक विचारविमर्श गरि तिनको उपयोग र प्रभावकारिताको आधारमा प्राथमिकताक्रम निर्धारण गरि अन्तिम सूची बनाउनुहोस् ।

ग) उपयुक्त विधिको चयन गरि शिक्षणकार्य गरेपछि निश्चित शैक्षिक उद्देश्य हासिल भयो भएन भन्नेकुरा यकिन गर्न मूल्याङ्कनको तरिका अपनाइनु अति आवश्यक छ । मूल्याङ्कन (Evaluation) भनेको के हो ? यो किन आवश्यक छ ? जस्ता विषयमा आपसमा छलफल गरि निष्कर्ष निकाल्नुहोस् । मूल्याङ्कनपछि प्राप्त नतिजाबाट अध्ययन अध्यापनमा के कस्तो सहयोग पुग्न सक्ला ? मूल्याङ्कन नतिजाबाट विद्यार्थी र अभिभावकहरूलाई के फाइदा पुग्छ ? छलफलद्वारा निष्कर्ष निकाल्नुहोस् ।

घ) सामाजिक शिक्षामा उपयोगी हुने मूल्याङ्कनका तरिकाहरू के के हुन् सक्लान् ? यसका केही नमुनाहरू तयार पार्नुहोस् । वर्तमान अवस्थामा नेपालमा प्रयोग भइरहेको मूल्याङ्कन तरिका के कस्तो छ ? र किन सुधार गर्नुपर्छ ? यसको कसरी गर्न सकिन्छ ? एस.एल.सी.परीक्षा बोर्डको मूल्याङ्कन तरिकाको पनि यसमा लेखाजोखा गरि आफ्नो राय व्यक्त गर्नुहोस् ।

*सामाजिक शिक्षा शिक्षण विधि र मूल्याङ्कनः-*

*जीवनमा हरेका कुरा राम्ररी सम्पादन गर्ने निश्चित तरिकाहरू हुन्छन् र शिक्षाका पुनित उद्देश्यहरू प्रभावकारी रूपमा प्राप्त गर्न पनि उपयुक्त शिक्षण विधि अपरिहार्य हुन्छन् । पाठ्यवस्तुमा आधारित भएर शिक्षक र विद्यार्थीका बीचमा प्रभावकारी ढङ्गबाट विचारको आदानप्रदान गराई अध्ययन-अध्यापनलाई उद्देश्यमूलक र प्रभावकरी बनाउन उपयुक्त शिक्षण विधिको सार्थकता रहन्छ र यसमा शिक्षकले नै महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । छलफल, प्रश्नोत्तर, चित्र वर्णन, प्रदर्शन, व्याख्यान जस्ता विधिहरूद्वारा शिक्षक र विद्यार्थी अन्तर्क्रिया (Interaction) प्रभावकारी बनाई विद्यार्थीमा आवश्यक सङ्ज्ञान, सीप र दृष्टिकोणको विकास गराउन शिक्षण विधि उपयोगी हुन्छ ।*

*शिक्षामा विविध शिक्षण विधिहरूको प्रयोग गरिएको पाइन्छ । सामाजिक शिक्षाको विषयवस्तु व्यापक भएकोले पनि यसका शिक्षण विधिहरू अनेक हुन सक्छन् । कुन विषयवस्तुका लागि कुन विधिको चयन उपयुक्त हुन्छ ? त्यसको राम्ररी छनोट गर्नुपर्छ र त्यसका लागि शिक्षकले विद्यार्थीको उमेर, रूचि, कक्षा तथा पाठ्यविषयको प्रकृतिवारे विचार गर्नुपर्छ । विद्यार्थीलाई निष्कृय स्रोताको रुपमा हेर्ने विषयवस्तुलाई घोक्ने, कण्ठ पार्ने कुरामा जोड दिने, वादविवाद नगरि शिक्षकले भनेका कुरालाई तुरून्तै स्वीकार्ने जस्ता कुरा पूराना शिक्षण विधिहरूमा पाइन्छन् भने आधुनिक विधिहरूले प्रशिक्षार्थीहरूलाई सक्रिय कर्ता र अन्वेषकको रूपमा हेर्ने गर्दछ । पाठ्यपुस्तक विधि, व्याख्यान विधि, प्रश्नोत्तर विधि, विचारविमर्श/छलफल विधि, प्रोजेक्ट विधि, तुलनात्मक विधि, तार्किक विधि, अवलोकन विधि, भ्रमणात्मक विधि, प्रयोगात्मक विधि, नमुना अध्ययन विधि आदि विभिन्न विधिहरू हुन्छन् । छलफल विधिमा पनि प्यानल छलफल, संगोष्ठी, ब्रेन स्टोर्मिङ् (Brain Storming), वादविवाद, अन्तर्वार्ता आदिलाई उपयोगमा ल्याउन सकिन्छ ।*

## ४. उपलब्धिः-

क) शिक्षण विधिको महत्व दर्शाई त्यस्ता विधिहरूको सूची वनाउनुहोस् ।

ख) कुनै ५ प्रकारका मूल्याङ्कनका तरिकाहरूको नमुना उपयोगि निर्माण गरि देखाउनुहोस् ।

ग) मूल्याङ्कनसम्वन्धी वर्तमान समस्याहरू के के हुन् ? एस.एल.सी. मूल्याङ्कन परिपाटीमा केके सुधार गर्नु पर्ला ?आफ्नो विचार दिनुहोस् ।

घ) यस सत्रवाट शिक्षण विधिहरू तथा शैक्षिक मूल्याङ्कनको सैद्धान्तिक आधार वारेमा प्रष्टता आई शिक्षण सिकाइ कार्यमा अझ बढी प्रभावकारिता ल्याउन सक्ने गरि तपाईंमा आत्मविश्वास वढयो कि वढेन भन्नुहोस् । आफ्नो कार्य दक्षता वढाउन के गर्नु पर्ला ? लेख्नुहोस् र प्रशिक्षकलाई वताउनुहोस् ।

दिनः- १ सत्रः- ३

# पाठः- शैक्षिक योजना ।

## १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलापमा सरिक भइसकेपछि तपाईं तलका कार्यहरू गर्न सक्नुहुने छ ।

क) शैक्षिक योजनाको अर्थ वताई यसको आवश्यकताको वर्णन गर्न ।

ख) योजनाहरूको सङ्क्षिप्त परिचयात्मक विवरण दिई योजना वनाउँदा ध्यान दिनुपर्ने कुराहरूको निर्क्योल गर्न ।

ग) पाठयोजनाको महत्व दर्शाई यसका अङ्गहरू चिन्न र नमुना पाठयोजना वनाई अभ्यास शिक्षण गर्न ।

## २. शैक्षिक सामग्रीः-

सामाजिक शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक, सान्दर्भिक पुस्तकहरू, चार्टपेपर, मार्कर ।

## ३. क्रियाकलापः-

क) शैक्षिक योजनावारेमा तपाईंको पूर्व ज्ञान के छ ? वुँदा टिप्नुहोस् । तल दिइएको लेखन पनि पढ्नुहोस् र त्यसवाट मुख्य-मुख्य बुँदा टिपोट गरि पहिलेको बुँदाहरुसँग तुलना गर्नुहोस् । अन्तर्क्रियामा सहभागी भइ शैक्षिक योजनाको अर्थ र महत्वको बारेमा बारे निचोड निकाल्नुहोस् र टिपोट तयार गर्नुहोस् ।

ख) योजना वनाउँदा के के कुरामा विचार पुऱ्याउनु पर्दछ ? आपसमा छलफल गरि निष्कर्ष निकाल्नुहोस् । स्कुलको वार्षिक क्यालेण्डरमा उल्लेख भए अनुसार कक्षा सञ्चालन हुने दिनहरू, विदा हुने दिन, स्थानीय पर्व, विद्यालयको अतिरिक्त क्रियाकलाप, परीक्षाको समय आदि ख्याल गरि योजना वनाउनु पर्छ । विषयवस्तुको प्रकृति त्यसको गहिराइ, प्रशिक्षार्थीको विभिन्न विषयमा भएको पूर्वज्ञान आदिको विचार गरि वार्षिक योजना र त्यसमा मिल्ने गरि एकाइ योजना र एकाइ योजना अनुसार पाठ योजनाहरू वनाइ शिक्षण गर्नुपर्छ । योजना निर्माण सम्वन्धमा आइपर्ने समस्याहरू र योजनाहरूलाई प्रभावकारी पार्न के गर्नु पर्ला, छलफलद्वारा अन्तिम निष्कर्ष निकाल्नुहोस् ।

ग) आपसी छलफलद्वारा वार्षिक योजना, एकाइ योजना र पाठ योजनाको परिचयवारेको छोटो टिपोट पश्चात् गरि योजनाको महत्ववारे आपसमा अन्तर्क्रिया गरि पाठयोजनाका प्रमुख अङ्गहरूको चिनारी दिनुहोस् र तलको कुरा पनि पढ्नुहोस् ।

घ) पाठ योजनालाई अझै प्रभावकारी र छरितो पार्न तपाईंले के के सुझाव दिन सक्नुहुन्छ ? आफ्नो राय सहित अन्तिम रूपमा पाठ योजनाको खाका तयार पार्नुहोस् ।

ङ) नमुना पाठ योजना तयार पारी अभ्यास शिक्षणमा संलग्न हुनुहोस् ।

*शैक्षिक योजना:-*

*सामाजिक शिक्षा शिक्षणलाई उद्देश्यमूलक र प्रभावकारी पार्न योजनाहरूको तर्जुमा गर्नु आवश्यक छ । पाठ्यक्रमको कुन विषय वस्तु कहिँले पढाउने ? भ्रमण अवलोकन गराउनु छ भने कहिँले गर्ने ? परीक्षा कहिँले लिने ? आदि कुराको पहिलेनै तर्जुमा गरि योजना बनाएमा समय भित्र पाठ्यक्रम शिक्षण सम्पन्न गर्न सकिन्छ । राम्रो योजनाले शैक्षिक उद्देश्यहरू सफलता पूर्वक हासिल गर्न समेत मद्धत पुर्‍याउँछ ।*

*१. पाठ शीर्षक*
*२. विशिष्ट उद्देश्यहरू*
*३. आवश्यक शैक्षक सामग्री*
*४. मिश्रण सिकाइ क्रियाकलापहरू*
*५. मूल्याङ्कन*

*पाठलाई प्रभावकारी प्रासङ्गिक र सङ्गठित बनाउन शैक्षिक योजना चाहिन्छ । पाठ कसरी सुरू गर्ने के के गर्ने ? कसरी टुङ्ग्याउने ? मूल्याङ्कन कसरी गर्ने ? आदि कुरामा ध्यान दिई पाठलाई सुव्यवस्थित योजना चाहिन्छ पाठ योजनाले मद्धत शिक्षक एवम् विद्यार्थी दुवैलाई पुर्‍याउँछ । पूर्व पाठमा आधारित गरि विद्यार्थी केन्द्रित र कार्यकलापमूलक ढङ्ले पाठ योजना तर्जुमा गर्नु पर्छ । पाठयोजना वनाउँदा चाहिने आवश्यक तत्वहरू यसप्रकार छन् ।*

## ४. उपलब्धि:-

तपाईं तलका प्रश्नहरूको उत्तर दिनसक्नुहुन्छ ?

क) शैक्षिक योजनाको अर्थ के हो ?
ख) शैक्षिक योजनाको आवश्यकता किन पर्छ ?
ग) योजना वनाउदा कुनकुन कुरामा ध्यान दिनुपर्छ ?
घ) पाठ योजनाका अङ्गहरू के के हुन् ?
यस सत्रका उपलब्धिहरू के के हुन् ? सोको समीक्षा गर्नुहोस् ।

दिनः- १ सत्रः- ४

## पाठः- सामाजिक अध्ययनको स्वरुप ।

### १. उद्देश्यः-

यस सत्रको अन्त्यमा तपाईंहरू निम्न कार्यहरूमा सक्षम हुनसक्नुहुनेछ ।

क) सामाजिक अध्ययनको अर्थ वताउन ।
ख) सामाजिक अध्ययनको क्षेत्र वताउन ।
ग) सामाजिक अध्ययनको महत्व वताउन ।
घ) सामाजिक अध्ययनको क्षेत्रबाट सामाजिक विषयवस्तु छनोट गरि सामाजिक अध्ययनको अध्यापन गराउन ।
ङ) सामाजिक अध्ययनको अरु विषयसंगको सम्वन्ध वताउन ।


### २. शैक्षिक समाग्रीः-

### ३. शैक्षिक क्रियाकलापः-


क) प्रशिक्षकको निर्देशन अनुसार ५ समूहमा विभाजित हुनुहोस् र विषयवस्तु रोज्नुहोस् ।

ख) आफ्नो समूहलाई परेको तलको विषयबस्तुमाथि गहिरिएर सोच्नुहोस् र छलफल गरि खाली कोठा भर्ने, वुदाँ टिपोट गर्न कार्य गर्नुहोस् ।

समूह क, सामाजिक अध्ययनको अर्थसँग सम्वन्धित तलको चार्ट भर्नुहोस् । ( सामाजिक अध्ययनको सामाजिक विज्ञानसँग सम्वन्ध )



समूह ख, सामाजिक अध्ययनको क्षेत्र के के हुन सक्छन् समूहमा छलफल गरि खाली ठाउँ भर्नुहोस् ।



समूह ग, सामाजिक अध्ययन अध्यापन गर्नुका कारण केके हुन सक्छन् छलफल गरि लेख्नुहोस् ।

.....................................................................................................


.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

समूह घ, सामाजिक अध्ययन अध्यापन गराउन सामाजिक विज्ञानका क्षेत्रबाट दिइएको विषयवस्तुमा गहन विचार गरि एकाई तयार गर्न खाली ठाउँ भर्नुहोस् ।




समूह ङ, सामाजिक अध्ययनको अन्य कुन-कुन विषयसँग सम्वन्ध हुनसक्छ छलफल गरि लेख्नुहोस् ।

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

ग) माथिको क्रियाकलाप समाप्त भएपछि समूहका १/१ जनाले प्रस्तुत गर्नुहोस् । समूह छलफल गर्नुहोस् र प्रशिक्षकको निर्देशन अनुसार आफूले गरेको क्रियाकलापमा सच्याउँदै जानुहोस् ।

४. उपलब्धि:-

यस सत्रमा तपाईंले केके नयाँ कुरा थाहा पाउनुभयो उपलब्धिहरू लेख्नुहोस् ।

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

## खण्ड 'ख'

एकाइः- १ कक्षाः- ९

दिनः- २ सत्रः- १

## पाठः- विकासको परिचय ।

### १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलापमा सरिक भइसकेपछि तपाइँ तलका कार्यहरू गर्न सक्नुहुनेछ ।

क) विकासको अर्थ बताउन ।
ख) विकासमा पूर्वाधारहरूको सामान्य परिचय दिन ।
ग) विकसित र विकासशील देशका बारेमा चिनाउन ।

### २. शैक्षिक सामग्रीः-

विश्वको नक्सा ।

### ३. क्रियाकलापः-

क) प्रशिक्षकद्वारा गरिएका विभिन्न अपनाएका क्रियाकलापमा सामेल हुनुहोस् ।

ख) तलका बाकसमा दिइएका शब्दहरूको अर्थ बताउनुहोस् । यसको निम्ति प्रशिक्षकको सहयोग लिनुहोस् । शब्दको अर्थसँग मिल्दाजुल्दा शब्दहरू पत्ता लगाई लेख्नुहोस् ।

| |
|---|
| *विकास, विकास गर्नु, प्रगति गर्नु, प्राप्त गर्नु, उन्नति गर्नु, अल्प विकसित अर्थतन्त्र, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्तिआय, समान अवसर र नैतिक रूपमा विकसित ।* |

ग) तलको विकाससम्बन्धी विवरण पढनुहोस् र यसबारे आफ्नो धारणा बताउनुहोस् नबुझेका कुराहरू आफ्नो प्रशिक्षकसंग सोध्नुहोस् ।

घ) निम्नलिखित प्रश्नहरूको उत्तर खोज्नुहोस् ।

१. तपाइँको सहर वा गाउँमा भएको एउटा विकास कार्यको उदाहरण दिनुहोस् ।
२. तपाइँको समुदायमा ढल निकासको विकास कसरी गर्नुहुन्छ ?
३. तपाइँले विकासको कुनै कामको थालनी गर्नुभएको छ भने के तपाइँले त्यसलाई अगाडि बढाउँदै हुनुहुन्छ ?
४. तपाइँले विकास भएपछि के कुरा पाउनुहुन्छ ?
५. विश्वको अल्पविकसित अर्थतन्त्रको उदाहरण दिनुहोस् ?
६. तपाइँको विचारमा कुलग्राहस्र्थ उत्पादन भनेको के हो ?

७. कुल ग्राहस्र्थ अर्थ नेपालमा प्रतिब्यक्ति आय २१० डलर छ भनेको हो ? हो भने किन ? होईन भने किन ?

८. के तपाईं नेपालमा नारीहरूलाई समान अवसर छ भन्ने ठान्नु हुन्छ ? तपाईंको जवाफलाई प्रमाणिक गर्न उदाहरण दिनुहोस् ?

९. संयुक्त राष्ट्रसघं सुरक्षा परिषदका स्थायि सदस्य राष्ट्रहरूको नाम भन्नुहोस् ?

१०. सुरक्षा परिषदले के गर्ने उद्देश्य राखेको छ ?

११. तपाईं सशस्त्रीकरण भन्नाले के बुझ्नुहुन्छ ?

१२. आर्थिक र नैतिक उन्नतिमा के फरक छ ?

१३. विकासका पूर्वाधारहरू के के हुन् ?

ङ) (क) प्रशिक्षकले तपाईंलाई विभिन्न किसिमका क्रियाकलापहरूमा संलग्न गराउनु हुनेछ। तपाईंले ती सबै क्रियाकलापहरूको एकएक गरि सूची तयार गर्नुहोस्।

(ख) पाँच विकास क्षेत्र किन भनिएको हो ? समूहमा छलफल गरि प्रशिक्षकलाई निष्कर्ष दिनुहोस्।

च) "नेपाललाई किन विकासशील राष्ट्र भनेको हो ?" समूहगत छलफल गरि निष्कर्ष निकाल्नुहोस् र प्रशिक्षकलाई बताउनुहोस्।

*विकासको परिचयः-*

*विकासको अर्थ भनेको के हो ? तपाईंहरूले यो शब्द संभवत सुन्नु भएको छ यसको वास्तविक अर्थ के हो त ? सर्वप्रथम विकास शब्दको ब्युत्पत्तिका बारेमा सोचौं जस्तै विकास गर्नु यस्तै अन्य शब्दहरूको खोजी गर्नुहोस् जसबाट यस शब्दको व्याख्या गर्न सकियोस्। प्रगति गर्नु यस्तै क्रियापद हो। प्राप्त गर्नु उन्नति गर्नु अन्य शब्दहरू हुन्। त्यसैले विकास भनेको मुख्य रूपमा प्रगति गरिरहनु, प्राप्त गरिरहनु, उन्नति गरिरहनु भन्ने बुझिन्छ, जब यस शब्दको प्रयोग देशका निम्ति गरिन्छ त्यसवखत देशले आर्थिक क्षेत्रमा कति प्रगति गऱ्यो भन्ने बुझ्नुपर्दछ। नेपाललाई विश्वको अल्पविकसित अर्थतन्त्र भएको राष्ट्र मानिन्छ। यसको कुल राष्ट्रिय उत्पादन (Gross National Product) बाट प्रतिव्यक्ति आय २१० अमेरिकी डलर पर्दछ। देशको आधा जनसङ्ख्या गरिबीको रेखामुनि बाँच्न बाध्य भएको छ। यसका अनेक कारणहरू छन्। तर तिनीहरूलाई सारांशमा यसरी उल्लेख गर्न सकिन्छ- शिक्षालाई व्यापक रूपमा विस्तार गर्न नसक्नु, सबै देशबासीहरूलाई स्वास्थ्यको सुविधा पुऱ्याउन नसक्नु, देशभरि संचार र यातायातका सुविधा नपुग्नु, विद्युत् आपूर्तिमा कमी हुनु, तालिम प्राप्त जनशक्तिको अभाव हुनु, सफा र शुद्ध पानीको अभाव हुनु आदि। यीबाहेक अन्य अनेक कारणहरू पनि छन्। भौगोलिक अवस्थालाई पनि अल्पविकसित हुनको कम महत्वपूर्ण कारण भन्न सकिँदैन्। यसले गर्दा नै विकासका कामहरू कठिन बनेका छन्। तैपनि यदि देशको विकास गर्नु छ र कुल ग्राहस्थ्र्य उत्पादन र प्रतिव्यक्ति आयमा वृद्धि गर्नु छ भने माथि उल्लेख गरिएका क्षेत्रमा लगानी गर्नु विकासको आधारभूत आवश्यकतानै हुन आउछ। यसका निम्ति महिलाहरूलाई पनि समान रूपबाट सहभागी बनाउनु अति।*

*विकासका पूर्वाधारहरूको विषयमा विस्तृत रूपमा कुरा गर्दा यसलाई आर्थिक दृष्टिकोणले मात्र हेर्न सकिँदैन । दक्षिण एसियाका राष्ट्रहरू जति नेपाल, पाकिस्तान, भारत, बङ्गलादेश र श्रीलङ्का अविकसित राष्ट्रहरू हुन् । यसैगरि संयुक्त राज्य अमेरिका, बेलाईत र फ्रान्स जस्ता संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदका तीन स्थायी सदस्य राष्ट्रहरूलाई संसारको सबभन्दा धनी राष्ट्रहरू भनिन्छन् किनभने यी राष्ट्रहरूका कुल ग्राहस्थ्य उत्पादन प्रतिव्यक्ति आय सबैभन्दा बढी छ तैपनि यी देशहरूले नै संसारका नब्बे प्रतिशत हातहतियार उत्पादन र निर्यात गर्दछन् जसले ठूलो नरसंहार निम्त्याउँछ । यी कुराहरूबाट विकासको वास्तविक अर्थ लगाउन गाह्रो पर्दछ, उदाहरणको निम्ति नेपालको अर्थतन्त्र उन्नत नभएतापनि यसले नरसंहारकारी हातहतियार नबनाउने हुनाले के ती विकसित राष्ट्रहरूभन्दा नैतिक रूपमा नेपाल विकसित छैनन् ?*

*नेपालले आर्थिक रूपमा विकास गर्न किन सकेको छैन भनी विचार गर्दा आन्तरिक र वाह्यकारण देखा पर्दछ । पहिले नै उल्लेख गरिएको एउटा आन्तरिक कारणमा भौगोलीक अवस्था पर्दछ भने अर्कोमा राजनैतिक परिस्थिति जसमा शक्तिको होडवाजीले गर्दा लामो समयसम्म विकासको पूर्वाधार खडा गर्न गाह्रो परिरहेको छ । विकास नहुने वाह्य कारणमा विश्वको अर्थ व्यवस्थालाई मान्न सकिन्छ । धनी देशहरूले आफ्नो भलाइको निम्ति विकासशील देशको प्राकृतिक स्रोतको प्रयोग गर्नाले र तिनलाई अत्मनिर्भर हुन यथेष्ठ सहयोग नर्गनाले गाह्रो परेको छ ।*

## ४. उपलब्धिः-

(यस सत्रबाट तपाईंले कुन कुरा प्राप्त गर्नु भयो ? ) यस सत्रबाट तपाईंले विकासको अर्थ र पाठ्यपुस्तकलाई कसरी राम्रोसँग प्रयोग गर्न सकिन्छ भन्ने थाहा पाउनु भयो आफूले सिकेका कुराहरू तल लेख्नुहोस् र यस सत्रको उपलब्धिको सूची बनाउनुहोस् ।

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

एकाइ:- १ 
दिन:- २

कक्षा:- ९ 
सत्र:- २

# पाठ:- विकसित र विकासशील राष्ट्रको पहिचान ।

## १. उद्देश्यहरू:-

यस पाठ अध्ययन गरि सकेपछि तपाईंहरू निम्नलिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) विकसित र विकासशील राष्ट्रको पहिचान गर्न ।
ख) शिक्षणको निम्ति खेल खेल विधिको प्रयोग गर्न ।

## २. शैक्षिक सामग्री:-

कागज, प्रोटेक्टर, रुलर, कैंची, कम्पास, पेन्सिल ।

## ३. क्रियाकलाप:-

क) प्रशिक्षकले तपाईंलाई शैक्षिक सामग्रीहरू उपलव्ध गराउनु हुनेछ, यदि तपाईंलाई यस्तो खेल सञ्चालन गर्न कुनै अन्य सामग्रीहरू चाहिने भए प्रशिक्षकलाई भन्नुहोस् ।

ख) तपाईंलाई प्रशिक्षकले खाममा केही शैक्षिक सामग्री हालेर दिनु हुनेछ । प्रशिक्षकको निर्देशनमा खेलमा सक्रिय सहभागी बन्नुहोस् यस्तै प्रकारका अन्य कुनै खेलहरू खेलाई निश्चित शैक्षिक उद्देश्य प्राप्त गर्न सकिने भए सोची समूहमा छलफल गरि खेलको नियमहरू र प्रक्रियाहरूको टिपोट गर्नुहोस् ।

.............................................................................................................
.............................................................................................................
.............................................................................................................
.............................................................................................................

## ४. उपलब्धि:-

तपाईंले विकसित र विकासशीलको पहिचान खेलको माध्यमबाट गर्नुभयो, तपाईंलाई यस विषयको ज्ञान प्राप्त गर्न अरू के गर्नुपर्ला लेख्नुहोस् ।

एकाइ:- १ कक्षा:- ९

दिन:- २ सत्र:- ३

# पाठ:- विकाससम्बन्धी पाठको अनुगमन ।

## १. उद्देश्यहरू:-

यस सत्रपछि तपाइँ निम्नलिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) दुई सत्रमा गरिएको कामको सार निकाल्न ।
ख) विकाससम्बन्धी निबन्ध लेख्न ।

## २. शैक्षिक सामग्री:-

अघिल्लो सत्रका पाठहरू ।

## ३. क्रियाकलाप:-

क) अघिल्लो सत्रमा तपाईंले आफूले खेलेको खेलको विवरण लेख्नुहोस् । तर त्यसो गर्दा तलको प्रश्नको जवाफ आयो-आएन भनि हेर्नुहोस् ।

१. त्यस खेललाई व्यापारिक खेल किन भनिएको हो ?
२. यस खेलले के कुरा देखाउँछ ?
३. यस खेलले तपाईंलाई विकासको निम्ति कुन कुन समस्याको जानकारी गराउँछ ?
४. समानता र असमानताको विषयमा खेलले तपाईंलाई के वताउँछ ?

उपरोक्त प्रश्नहरूको जवाफ तल खाली ठाउँमा लेख्नुहोस् ।

ख) तलको प्रश्नको जवाफ हुने गरि निबन्ध तयार गर्नुहोस् । जसलाई तपाईंको प्रशिक्षकले सच्चाउनु हुनेछ ।

विकास के हो र यो कसरी प्राप्त हुन्छ ?

लेख लेख्नु अघि कुन कुन कुरामा विचार गर्नुपर्ने हो योजना बनाउनुहोस् ।

- विषयवस्तुको प्रवेश कसरी गर्ने ?
- कति परिच्छेदमा वुँदा पूरा गर्न सकिन्छ ?
- निष्कर्ष कसरी लेख्न सकिन्छ ?

## ४. उपलब्धि:-

यस सत्रको खास उपलब्धि के हो ? निष्कर्ष निकाल्नुहोस् ।

एकाइः- १ कक्षाः- ९
दिनः- २ सत्रः- ४

# पाठः- अध्यापन अभ्यासको परिचय ।

## १. उद्देश्यहरूः-

यस सत्र पश्चात् तपाइँ तलका कार्यहरू गर्न सक्नुहुनेछ ।

क) पाठ योजनाको नमुना वनाउन ।
ख) पाठ योजना अनुसारको सूक्ष्म शिक्षण कार्यमा सरिक हुन ।

## २. शैक्षिक सामग्रीः-

पाठ योजनाको नमुना ।

## ३. क्रियाकलापः-

क) प्रशिक्षकले सूक्ष्म शिक्षण गर्नुहुनेछ । तपाइँ राम्ररी सुन्नुहोस र प्रशिक्षकको क्रियाकलापमा सरिक हुनुहोस् ।

ख) कक्षामा तपाइँ पनि एउटा विद्यार्थीको रूपमा रहनुहुनेछ । प्रशिक्षकले पढाइसकेपछि समूहमा त्यस पाठको सम्वन्धमा छलफल गर्नुहोस् । छलफलपछि सुधारको निम्ति सुभाव दिनुहोस् ।

(ग) प्रशिक्षकको निर्देशन अनुसार सूक्ष्म शिक्षणको लागी पाठ योजना वनाउन अभ्यास गर्नुहोस् । तल दिइएको नमूना राम्ररी हेर्नुहोस्

## ४. उपलब्धिः-

सत्रको अन्त्यमा तपाईंले सूक्ष्म शिक्षण गर्ने आधार पहिल्याउन सक्नुभयो भएन ? तपाइँ सो कार्यका निम्ति सवल हुनुभयो ?

...........................................................................................................
...........................................................................................................
...........................................................................................................
...........................................................................................................

एकाइ:- १ कक्षा:- १०
दिन:- ३ सत्र:- १

# पाठः- नेपालका पाँच विकास क्षेत्रहरू ।

## १. उद्देश्यहरू:-

यस पाठको प्रशिक्षणपछि तपाईंहरू निम्न कार्यहरू गर्न सक्नुहुनेछ ।

क) विकासको अर्थ बताई नेपालका पाँच विकास क्षेत्रको परिचय दिन ।
ख) देशलाई पाँच विकास क्षेत्रमा बाँड्नुको औचित्य बताउन ।
ग) पाँच विकास क्षेत्रका विभिन्न पक्षहरूको तुलनात्मक विवरण दिन ।

## २. शैक्षिक सामग्री:-

ग्राफ, तालिका, विकसित र अविकसित देखाउने तस्विर, विकास क्षेत्रहरू देखाइएको नेपालको नक्सा, पाँच विकास क्षेत्रका विकाससम्बन्धी कार्यहरू देखाइएको नेपालको नक्सा ।

## ३. क्रियाकलाप:-

क) प्रशिक्षकले तपाईंलाई विभिन्न क्रियाकलापमा संलग्न गराउनुहुनेछ । ती क्रियाकलापमा संलग्न हुनुहोस् र ती सबै कार्यहरूको टिपोट गरि राख्नुहोस् ।
यस पाठको प्रारम्भमा प्रशिक्षकले विकासको अर्थ तथा विकसित र विकासशीलमा फरक छुट्याउने प्रश्नोत्तर विधिको प्रयोग गरेर शिक्षणलाई अगाडि बढाउनुहुनेछ । त्यसपछि तपाईंहरूलाई नेपालको नक्सालाई ट्रेस गरेर आ-आफ्ना विकास क्षेत्रहरूमा भइरहेका विकासका कार्यहरू नक्सामाा भरी देखाउनुहोस् ।

ख) विकास क्षेत्रको विभाजनको औचित्यमाथि प्रशिक्षकको निर्देशनमा आपसी छलफल गरि राय दिनुहोस् र प्रशिक्षकले भनेका अन्य कार्यहरू गर्नुहोस् ।

ग) तलको नेपालसम्वन्धी छोटो लेख पढ्नुहोस् । प्रशिक्षकले सोधेका प्रश्नहरूको जवाफ दिनुहोस् ।

घ) नेपालको नक्सावाट आ–आफ्नो विकास क्षेत्र ट्रेस गरेर निकाल्नुहोस् ।

ङ) तल दिइएका विषयवस्तुहरू पढ्नुहोस् र क्रियाकलापमा संलग्न हुनुहोस् ।

च) नेपालको नक्सा ट्रेस गरि त्यसमा विकास क्षेत्र र अन्चलको नामहरू नेपालीमा लेख्नुहोस् । केहि व्यापारिक केन्द्रहरू तथा ठूला उद्योगहरू चलेका ठाउँहरू पनि देखाउनुहोस् ? भौगोलिक क्षेत्रको हिसावले कुन क्षेत्र सवभन्दा अविकसित छ ? तुलना गर्नुहोस् ।

*नेपालको परिचयः-*

*विश्वको एक मात्र हिन्दू राष्ट्र नेपाल उत्तरमा चीन र दक्षिणमा भारतसँग जोडिएको भूपरिवेष्ठित राष्ट्र हो । हाम्रो देशको क्षेत्रफल १४७१८१ वर्ग कि.मि. छ । विश्वको मानचित्रमा नेपाल २६.२२' उत्तरदेखि ३०.२७' उत्तर अक्षांश र ८०.४' देखि ८८.१२' पूर्व देशान्तरसम्ममा फैलिएको छ । यसको सालाखाला लम्वाइ पूर्वदेखि पश्चिमसम्म ५५० मीलसम्म फैलिएको छ । सम्पूर्ण नेपालको भू–आकृति वीचमा सुकेको र पूर्वीभन्दा पश्चिम निकै फैलिई पूर्व पश्चिम लाम्चिएको छ । भौगोलिक दृष्टिकोणवाट नेपाल चीनभन्दा ६५ गुना र भारतभन्दा २२ गुना सानो छ । तर विश्वमा नेपालभन्दा पनि साना मुलुकहरू छन् । नेपाल श्रीलंङ्काभन्दा दोव्वर र स्विटजरलैण्डभन्दा तेव्वर ठूलो छ । संसारको सवभन्दा सानो राष्ट्र दक्षिणी युरोपमा अवस्थिति भटिकन नगर राज्य हो । यसको कुल क्षेत्रफल ०.४४ वर्ग किलोमिटर रहेको छ ।*

*क्षेत्रीय विकासमा सन्तुलन ल्याउन नेपाल अधिराज्यलाई २०२९ सालमा ४ विकास क्षेत्रमा विभाजित गरियो, त्यसपछि २०३७ सालमा महाकाली र सेती अञ्चललाई जोडेर सुदुर पश्चिमाञ्चल नामको एउटा छुट्टै विकास क्षेत्रको स्थापना गरेपछि विकास क्षेत्रको सङ्ख्या पाँच हुन गयो । यी पाँच विकास क्षेत्रहरूलाई अञ्चल र जिल्लाहरूमा निम्न प्रकारले विभाजन गरिएको छ ।*

क) पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत मेची, कोसी र सगरमाथा गरि तीनओटा अञ्चल र सोह्र जिल्लाहरू पर्दछन् । यस विकास क्षेत्रको सदरमुकाम धनकुटा हो ।

ख) मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर, नारायणी र वागमती गरि तीनओटा अञ्चल र उन्नाईसओटा जिल्लाहरू पर्दछन् । यसको सदरमुकाम राजधानी काठमाडौं हो ।

ग) पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्विनी, धवलागिरि र गण्डकी गरि तीन अञ्चल सोह्र जिल्लाहरू पर्दछन् । यसको सदरमुकाम पोखरा (कास्की ) हो ।

घ) मध्य–पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत राप्ती, कर्णाली र भेरी गरि तीन अञ्चल र पन्ध्र जिल्लाहरू पर्दछन् । यसको सदरमुकाम वीरेन्द्रनगर (सुर्खेत) हो ।

ङ) सुदुर–पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली र सेती गरि दुई अञ्चल र नौ जिल्लाहरू पर्दछन् । यसको सदरमुकाम दिपायल (डोटी) हो ।

देशको सन्तुलित र समानुपातिक विकास गर्न विकास क्षेत्रको अवधारणा विकास गरिएको हो । यसको ठोस कार्यान्वयनको निम्ति प्रत्येक विकास क्षेत्रहरूमा एक–एक ओटा विकास सम्वन्धित क्षेत्रीय निर्देशनालय स्थापना गरिएको छ ।

## ४. उपलब्धिः-

क) तपाईंले यस सत्रवाट प्राप्त गरेका ज्ञान र सीप लेख्नुहोस् । आउँदो सत्रमा के सुधार गर्न सकिन्छ त्यो पनि लेख्नुहोस् र प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) नेपालको विकास क्षेत्रहरू वारेमा तपाईंले के के अवधारणा राख्नुभयो ?विभाजनको उपयुक्तताका वारेमा तपाईंलाई चित्त वुझ्यो वुझेन सत्रको अन्तमा मूल्याङ्कन गर्नुहोस् ।

ग) तपाईंलाई कुनै चित्त नवुझ्ने कुराहरू भएमा वा केही नवुझेका कुरा भएमा प्रशिक्षकलाई सोधी प्रष्ट हुनुहोस् ।

एकाइः-१ कक्षाः- १०

दिनः- ३ सत्रः- २

# पाठः- पाँच विकास क्षेत्रमा विद्युत्, शिक्षा र जनस्वास्थ्यसम्बन्धी तुलनात्मक अध्ययन ।

## १. उद्देश्यहरूः-

यस सत्रपछि तपाइँहरू निम्न कार्य गर्न सक्नुहनेछ ।

क) पाँच विकास क्षेत्रहरूमा विद्युत, शिक्षा र जनस्वास्थ्य सम्वन्धमा भएको प्रगतिको तुलना गर्न ।
ख) पाठसम्वन्धी तालिकाहरूको प्रदर्शन गरि शिक्षण गर्न ।

## २. शैक्षिक सामग्रीः-

पाँच विकास क्षेत्र देखाइएको नेपालको नक्सा, विद्युत, शिक्षा र जनस्वास्थ्यका क्षेत्रहरूमा भएका प्रगतिसम्वन्धी तालिका, विद्युत् केन्द्र, शिक्षण संस्था र जनस्वास्थ्यसम्वन्धी तथ्याङ्कहरू ।

## ३. क्रियाकलापः-

क) दिइएको नेपालको नक्सा ट्रेस गरि प्रमुख विद्युत् केन्द्रहरू (१०००कि.वाभन्दा वढी विद्युत् उत्पादन गर्ने केन्द्रहरू) शिक्षण संस्थाहरू युनिभर्सिटी तथा डिप्लोमा तहदेखि माथि पढाइ हुने केही संस्थाहरू जनस्वास्थ्य केन्द्रहरू हस्पिटलहरू भर्नुहोस् ।

......................................................................................................................................

......................................................................................................................................

......................................................................................................................................

......................................................................................................................................

ख) नेपालमा जलविद्युत् शक्तिको उत्पादन वारे के कस्ता तथ्याङ्कहरू सङ्कलन गर्न सकियो त्यसको समीक्षा गरि नेपालमा जलविद्युत् उत्पादनको महत्व, उत्पादन गरेका संभावनाहरू, उत्पादनका समस्या आदिवारे समूहगत रूपमा विस्तृत छलफल गरि आआफ्नो निचोड दिनुहोस् ।

......................................................................................................................................

......................................................................................................................................

......................................................................................................................................

......................................................................................................................................

ग) विद्युत् विकासतर्फ कुन् विकास क्षेत्रले वढी प्रगति गरेको देखिन्छ ? यसका कारणहरू के के होलान् ? पत्ता लगाई लेख्नुहोस् ।

घ) विद्युत्को क्षेत्रमा सबैभन्दा कम प्रगति गर्ने विकास क्षेत्र कुन हो र किन ? प्रशिक्षकको एउटा निर्देशन अनुसार जलस्रोत मंत्रीलाई एउटा निबेदन लेख्नुहोस् । निवेदनको विषयवस्तुले माननीय मंत्रीको ध्यानाकर्षक राम्रोसंग गर्न सकोस् भन्ने कुरा पनि ख्याल गर्नुहोस् ।

ङ) नेपालको शिक्षा क्षेत्रमा भएका विकासका गतिविधि बारेको क्रियाकलापहरूमा सक्रिय भई सहभागी बन्नुहोस् ।

च) प्रशिक्षकले अह्राएका क्रियाकलापमा संलग्न भई नेपालको स्वास्थसम्बन्धी विकासबारे अध्ययन र विश्लेषण गर्नुहोस् ।

४. उपलब्धि:-

यस सत्रको खास उपलब्धि के भयो ? समीक्षा गर्नुहोस् ।

........................................................................................................................................
........................................................................................................................................
........................................................................................................................................
........................................................................................................................................
........................................................................................................................................

एकाइः- १ कक्षाः- ९
दिनः- ३ सत्रः- ३

# पाठः- विकास क्षेत्रसम्बन्धी पाठको अनुगमन ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाइँ तलका कार्यहरू गर्न सक्नुहुनेछ ।

क) विकास क्षेत्रसम्वन्धी अघिल्ला दुई पाठहरूको अनुगमन गर्न ।

## २. शैक्षिक सामग्रीः-

अघिल्ला दुई सत्रमा प्रस्तुत शैक्षिक सामग्रीहरू ।

## ३. क्रियाकलापः-

क) प्रशिक्षकको निर्देशन अनुसार अघिल्ला दुई सत्रहरूमा प्रस्तुत शैक्षिक सामग्रीहरूलाई समूह वनाई सुधार गर्नुहोस् ।

ख) सुधार गर्नु भएका कुराहरू तल लेख्नुहोस् ।
१. ...............................................................................................
२. ...............................................................................................
३. ...............................................................................................
४ ...............................................................................................
५. ...............................................................................................

ग) आफ्नो समूहले बनाएका शैक्षिक सामग्रीमा आआफ्नो नाम तथा समूहको नाम लेखी अर्को समूहद्वारा समीक्षा गर्न लगाउनुहोस् ।

घ) आफूले वनाएका सम्पूर्ण शैक्षिक सामग्रीलाई कसरी प्रयोग गर्न सकिन्छ प्रस्तुत गर्नुहोस् ।

ङ) अर्को समूहवाट प्रस्तुतीकरणमा भएका राम्रा र नराम्रा पक्षहरू एकएक गरि टिप्नुहोस् ।

समूहः-

| क्रमसङ्ख्या | राम्रा पक्ष | नराम्रा पक्ष |
|---|---|---|
| १. | | १. |
| २. | | २. |
| ३. | | ३. |
| ४. | | ४. |
| ५. | | ५. |
| ६. | | ६. |
| ७. | | ७. |
| ८. | | ८. |

च) आफूले टिपेका राम्रा र नराम्रा पक्ष प्रस्तुत गर्नुहोस् र प्रस्तुतकर्ताबाट पाएका जवाफहरू टिप्नुहोस् ।

१. ..........................................................................................................................

२. ..........................................................................................................................

३. ..........................................................................................................................

छ) यसरी टिपिएका कुराहरूलाई आआफ्नो समूहमा छलफल गर्नुहोस् र निष्कर्ष लेख्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

## ४. उपलब्धिः-

शैक्षिक सामग्रीको निर्माण र प्रस्तुतीकरणमा सुधार आयो आएन समीक्षा गर्नुहोस् ।

# सूक्ष्म शिक्षण

दिनः- ३ सत्रः- ४

पाठः-

१. उद्देश्यहरूः-

२. शैक्षिक सामग्रीः-

३. क्रियाकलापः-

४. मूल्याङ्कनः-

कक्षा, अवलोकन

| | राम्रो पक्ष | कमजोर पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|---|
| १<br>२<br>३<br>४ | | १<br>२<br>३<br>४ | १<br>२<br>३<br>४ |

५. उपलब्धिः-

एकाइः- २ कक्षाः- ९
दिनः- ४ सत्रः- १

# पाठः- शिक्षा र स्वास्थ्य ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाइँहरू निम्न कार्य गर्न सवल हुनुहुनेछ ।

क) शिक्षा र स्वास्थको महत्व वताउन ।
ख) शिक्षा र स्वास्थ्यको क्षेत्रमा भएको वर्तमान अवस्था तथा प्रगतिको विवरण दिन ।
ग) शिक्षा र स्वास्थ्यसम्वन्धी प्रगतिका झलक प्रस्तुत गरि सफलतापूर्वक शिक्षण गर्न ।

## २. शैक्षिक सामग्रीः-

शिक्षा र स्वास्थ्यमा भएका केही प्रगतिका झलक देखाउने फोटो, प्रगति देखाउने ग्राफ, तालिका, डटपेन, पेन्सिल, टेप, हार्ड पेपर, कार्वन ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशनअनुसार निम्न क्रियाकलापमा संलग्न हुनुहोस् ।

क) माथिका उद्देश्यहरूलाई विभिन्न विधा (संज्ञान, सीप र अभिवृत्ति अन्तर्गत विभाजन गरि शिक्षा स्वस्थ्य, यातायात, सन्चार, विद्युत, खानेपानी) आदिको राष्ट्रोत्थानमा के कस्तो भूमिका हुन्छ ? आपसी छलफल गरि निष्कर्ष निकाल्नुहोस ।

ख) साधारण र विशिष्ट उद्देश्यसम्वन्धी अभ्यास कार्यमा सरिक हुनुहोस् ।

ग) तल दिइएको शिक्षा र स्वास्थ्यबारेको विवरण राम्ररी पढ्नुहोस् र यसवारे आफ्नो अवधारणा वनाई लेख्नुहोस् ।

घ) विषयवस्तुहरू (कक्षा ९ मा) शिक्षण गर्न आवश्यक पर्ने शैक्षिक सामग्रीहरू सम्भव भएसम्म वाक्लो कागजमा निर्माण गर्नुहोस् र ती सामग्री पाठ शिक्षणमा कहाँ कहाँ प्रयोग गर्न सकिन्छ भन्नुहोस् र त्यसमा संशोधन गर्नुपर्ने भएमा प्रशिक्षकको सहयोगले संशोधन परिमार्जन, गर्नुहोस् ।

ङ) माथिको विषयवस्तु शिक्षणका लागि आवश्यक पर्ने घण्टी विषयवस्तुको संरचनाका आधारमा विभाजन गर्नुहोस् । ती घण्टी सङ्ख्या आवश्यक हुनाका कारणहरू समेत छलफल गर्नुहोस् ।

| विषयवस्तु | आवश्यक घण्टी |
|---|---|
| | |

च) कक्षा ९ मा समावेश भएका यी विषयवस्तुहरू शिक्षण गर्न के कस्ता क्रियाकलापहरू अपनाउन सकिन्छ छलफलद्वारा प्रशिक्षकले दिएका विकल्पहरूको मूल्याङ्कन गरि छनोट गर्नुहोस् ।

तपाईं स्वयंले अध्ययन गरेको विद्यालय वा स्वास्थ्य उपचारको लागि स्वास्थ्य केन्द्रहरूमा जादाँको अनुभवका आधारमा विभिन्न प्रश्नहरू सोध्न सकिन्छ जस्तैः- यो विद्यालयमा कति जना विद्यार्थीहरू छन् ? यो विद्यालय नजिकै अर्को विद्यालय पनि छ त ? हाम्रो जिल्लामा कतिओटा स्वास्थ्य केन्द्रहरू छन् ? सवै जिल्लावासीलाई ती स्वास्थ्य केन्द्रहरूले पूर्ण सहयोग पुऱ्याएका छन् ? जस्ता विभिन्न प्रश्नहरू गरि प्राप्त उत्तरका आधारमा पाठमा प्रवेश गर्न सकिन्छ ।

शिक्षकद्वारा तयार गरिएको नेपालको शैक्षिक स्थिति झल्काउने तालिका हेरी सो तालिकाबाट के बुझिन्छ ? किन तालिकामा मानविकि तथा समाजशास्त्र सङ्काय अन्तर्गत विद्यार्थी सङ्ख्या वढी देखिन गएको र वन चिकित्सा तथा विज्ञान र प्रविधि संकाय अन्तर्गत चाहिं विद्यार्थी सङ्ख्या कम देखिएको ? जस्ता प्रश्न सोधी प्राप्त उत्तरका आधारमा विषयवस्तुलाई शिक्षकले व्याख्या गर्ने र पुनरावृत्ति होस् भन्ने हेतुले वीच वीचमा थप प्रश्न सोध्ने र आएका उत्तरमा पृष्ठपोषण समेत गर्ने ।

तपाईंहरू सवैले आफ्नो जिल्ला वा क्षेत्रमा स्वास्थ्य सेवासम्वन्धी उपलब्ध सुविधाका बारेमा छलफल गर्न र छलफलकै आधारवाट निचोडमा आफ्नो देशको स्वास्थ्य स्थितिका वारेमा विचार विमर्श गर्ने । अन्तमा प्रशिक्षकले देशको वास्तविक स्वास्थ्य स्थितिका बारेमा निष्कर्ष लिने ।
पाठको अन्तमा प्रशिक्षकले पाठको सारांश दिने छन् र सोको टिपोट तपाईंहरूले गर्नुपर्ने छ ।

छ) प्रशिक्षकले दिएका क्रियाकलापहरूको मूल्याङ्कन र छनोट गर्न लगाई सकेपछि पाठको अन्त्यमा प्रशिक्षकले सोधेका प्रश्नहरूको जवाफ दिनुहोस् । प्रशिक्षकले अह्राए अनुसार सङ्क्षिप्त उत्तरात्मक नमुना प्रश्नहरू वनाई देखाउनुहोस् । छलफल गरि सवै विषयवस्तु समेटी मूल्याङ्कन गर्न सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू उपयोगी हुने कुराको जानकारी लिई सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गरि प्रशिक्षकलाई देखाउने ।

| |
|---|
| नमुनाः १. नेपालमा सर्वप्रथम अङ्ग्रेजी शिक्षाको सुरूआत कहिँलेदेखि भएको हो ?<br>२. जनसङ्ख्या वृद्धिदरलाई कमी गर्ने उपायहरू वताउनुहोस् । |

ज) <u>मूल्याङ्कनः</u> तलका प्रश्नहरूको जवाफ दिनुहोस् ।

१. यस विषयवस्तुको अध्ययन पश्चात् कक्षा ९ का प्रशिक्षार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन वताउनुहोस् ।
२. उक्त परिवर्तन कुन विधा अन्तर्गत पर्छ ।
३. विशिष्ट/व्यावहारिक उद्देश्यको सङ्क्षिप्त परिचय दिनुहोस् ।
४. शिक्षा र स्वास्थ्य क्षेत्रमा भएका प्रगतिको विवरण दिनुहोस् ।
५. प्रगतिसम्वन्धी विवरण तालिका तयार गर्नुहोस् ।
६. यी पाठहरूको सफल शिक्षणको निम्ति शैक्षिक सामग्री वा उपयुक्त शिक्षण विधिको सूची तयार गर्नुहोस् ।

शिक्षा:- यातायात, संचार, विद्युत्, खानेपानी, स्वास्थ्य, उद्योगधन्दा, आदि विकासका प्रमुख पूर्वाधारहरू हुन र यी पूर्वाधारहरू विना देश विकास र निर्माणको काम हुनसक्दैन । यिनमा पनि पूर्वाधारहरूको विकास शिक्षा विना संभव छैन । शिक्षा नै अन्य सम्पूर्ण पूर्वाधारहरूको कारक तत्व हो । शिक्षाले मानिसमा चेतना जगाउँछ र चेतनाले मानिसमा कार्य गर्ने क्षमता सृजना गर्छ । शिक्षाबाट नै व्यक्तिमा ज्ञान र सीप हासिल हुन्छ र त्यो ज्ञान सीपबाट नै राष्ट्रले आफूलाई आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्न सक्छ । प्राविधिक सक्षम जनशक्ति विना, बाटोघाटो, खानेपानी, विद्युत्, संचार, स्वास्थ्य, शिक्षा उद्योगधन्दा आदिको विकास हुन सक्दैन । संसारमा जति पनि सभ्य उन्नतशील मुलुकहरू छन् ती त्यो स्थितिमा पुग्नुको प्रमुख कारण पनि तिनीहरूमा रहेको प्रचुर वैज्ञानिक तथा प्राविधिक ज्ञान नै हो । संसारका कयौं मुलुकहरू चन्द्रमामा पुग्दा, कम्प्युटर युगमा प्रवेश गर्दा, ठूला ठूला भू-उपग्रहहरूको स्थापना गर्ने स्थितिमा पुग्दा हामी चाँहि स्वास्थ्य खानेपानीको खोजीमा रहनु, साधारण रोगहरूको कारण पनि मृत्युको मुखमा पुग्नु, अझै पनि एक ठाउँबाट अर्को ठाउँमा हिंडेरै जानुपर्ने स्थितिमा रहनु, एक ठाउँबाट अर्को ठाउँमा पठाइएको खवर पुग्न महिनौं दिन लाग्नु, दियालो बालेर अध्यारोसंग जुट्नुपर्ने बाध्यता रहनु राष्ट्रकै विकासको लागि गंभीर चुनौती हुन । हाम्रो देशको स्थिति यस्तो रहनुको प्रमुख कारण शिक्षाको अभाव नै हो ।

विकासक्रम :- प्राचीन समयमा हाम्रो मुलुकमा शिक्षाको सुरुआत गुरुकुल प्रणालीबाट भएको छ । त्यतिवेला मठ र गुम्बाहरूमा पनि शिक्षा-दीक्षा दिइन्थ्यो । मानिसहरू धर्म, कर्म र वेद पूराणका कुराहरू सिक्थे । शिक्षाको माध्यम संस्कृत थियो ।

वि.सं. १९१० मा नेपालमा सर्वप्रथम अङ्ग्रेजी स्कुलको स्थापना भयो ।
वि.सं. १९७५ मा उच्च शिक्षाको लागि त्रिचन्द्र कलेजको स्थापना भयो ।
वि.सं. २००७ को क्रान्तिपछि शिक्षाको विकासमा केही द्रुतता आयो ।
वि.सं. २०१६मा त्रिभुवन विश्वविद्यालय खुल्यो ।
वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भयो ।
वि.सं. २०३१ देखि प्राथमिक शिक्षा निःशुल्क भयो ।

हाल माध्यमिक शिक्षासम्म निःशुल्क गरिएको छ भने श्री ५ को सरकारले वि.सं. २०५७ सालसम्म विद्यालय जान सक्ने सम्पूर्ण बाल बालिकाका लागि प्राथमिक शिक्षा सुलभ गर्ने नीति लिएको छ । त्यसै अनुरूप दूर्गम पहाडी भेगका १८ जिल्लाका छात्रछात्रा दुबैलाई कक्षा ५ सम्म र अन्यत्र कक्षा ३ सम्मका प्रशिक्षार्थीहरूलाई पाठ्यपुस्तकसमेत निःशुल्क प्रदान गरेको छ । अभियानको रूपमा महिला शिक्षा, प्रौढशिक्षा, बालशिक्षा, चेलीवेटी कार्यक्रम लागु गरिएका छन् । त्यसै गरि अन्धा अपाङ्ग, सुस्त मनस्थितिका बालक बालिकाहरूलाई शिक्षा प्रदान गर्न विशेष शिक्षामा जोड दिइएको छ ।
हालसम्म पनि ४९% मात्र साक्षर रहेको हाम्रो देशको जनसङ्ख्यालाई २०५७ सम्ममा ६७ % साक्षर बनाउने लक्ष्य राखिएको छ ।

नवौं पंचवर्षीय योजनाले किटान गरेको उद्देश्य, नीति, लक्ष तथा कार्यक्रम अनुसार शैक्षिक क्षेत्रको विकासमा श्री ५ को सरकार प्रतिवद्ध छ । जस अनुसार माध्यामिक शिक्षामा सुधार, उच्च माध्यमिक शिक्षाको विकास वहुविश्वविद्यालयको अवधारणा, प्राविधिक शिक्षातर्फ जोड दिंदै जाने नीति आदि उल्लेख छन् ।

नेपालको शिक्षाको स्थिति:

| शिक्षाको स्तर | विद्यालय सङ्ख्या | | | प्रशिक्षार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| वर्ष→ | २००७ | २०१८ | २०२७ | २००७ | २०१८ | २०२७ |
| प्राथमिक | ३२१ | ४००१ | ७२५६ | ८५०५ | १८२५३३ | ४४९१४१ |
| माध्यमिक | ११ | १५६ | १०६१ | १६८० | २१,११५ | १,०२,७०४ |
| उच्च माध्यमिक | २ | ३३ | ४९ | २५० | ५१४३ | १७२०० |

| शिक्षाको स्तर | १९९३/९४ | | | १९९४/९५ | | |
|---|---|---|---|---|---|---|
| | विद्यालय | शिक्षक | प्रशिक्षार्थी | विद्यालय | शिक्षक | प्रशिक्षार्थी |
| प्राथमिक | २११०२ | ८१५४४ | ३१९१६१४ | २०७१५ | ८११८९ | ३२३४५२५ |
| निम्न माध्यमिक | ४७३९ | १५६८३ | ६७०१८२ | ४९४७ | १६४७६ | ७२२४४० |
| माध्यमिक | २४८२ | १३८२० | २७४३२७ | २६१३ | १३८८३ | २८८८४५ |
| कुल | २८३२३ | ११०७२२ | ४१३६१२३ | २८२७५ | १११५४८ | ४२४५८१० |

<u>प्रशिक्षार्थी सङ्ख्या</u>

| उच्च शिक्षाहरू | वर्ष | | |
|---|---|---|---|
| | १९९३/९४ | १९९४/९५ | १९९५/९६ |
| शिक्षा | १२१५६ | १२०९८ | ११६२३ |
| मेडिसिन | १०९८ | ११३६ | १०३६ |
| बन | ५४१ | ४८९ | ४०४ |
| कृषि र पशु | ६१५ | ५६५ | ५२० |
| इन्जिनियरिङ | २०२९ | २०५२ | १९७४ |
| विज्ञान र प्रविधि | १४१०९ | ११०२८ | १११८२ |
| मानविकी र सामाजिकशास्त्र | ३८२४३ | ३४६२ | ६३८८९५ |
| व्यवस्थापन | २७०५४ | २९४९१ | २८९७८ |
| कानुन | ६११७ | ६३८० | ४८२६ |
| संस्कृत | ८६४ | ८६२ | (N.A.) |

<u>नवौं योजनाको आधारपत्र:</u>

<u>उद्देश्य:</u> नेपालमा गरिवी उन्मूलन गर्न र आर्थिक सामाजिक उत्थान मार्फत जीवनस्तरमा प्रभावकारी सुधार ल्याउन, मानवीय स्रोत र साधनको उचित विकासद्वारा राष्ट्रिय विकास हासिल गर्न शिक्षालाई मूल माध्यमको रूपमा विकास गर्ने, प्रजातन्त्रप्रति सचेत समर्पित सक्षम, उत्पादनशील, अनुशासित तथा मानव अधिकार र सामाजिक दायित्वबारे जिम्मेवार, देशभक्त नागरिक उत्पादन गर्ने, प्राथमिक शिक्षा अनिवार्य गर्ने र साक्षरतालाई अभियानका रूपमा सञ्चालन गर्ने, माध्यमिक शिक्षाको विस्तार गर्ने, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सुविधाहरू व्यापक रूपमा विस्तार गरि देशमा कमी भएको आधारभूत तथा मध्यमस्तरीय

सीपयुक्त प्राविधिक जनशक्ति आपूर्ति गर्ने , दक्ष जनशक्ति आपूर्ति गर्न उच्च प्राविधिक शिक्षाको विस्तार गर्ने, शैक्षिक गुणस्तर वृद्धि गर्ने र शिक्षामा महिला सहभागिता वृद्धि गर्न महिला शिक्षाको पहुँच तथा विस्तारका साथै अपाङ्ग र पिछडिएका एवम् विपन्न वर्गलाई शिक्षाको अवसर प्रदान गरि राष्ट्रियमुल प्रवाहमा ल्याउन प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने उद्देश्य नै नेपालले राखेको शैक्षिक उद्देश्य हो ।

स्वास्थ्य:- अझै पनि हाम्रो देशको सबै स्थानमा आधारभूत स्वास्थ्य सेवासम्म पनि पुग्न सकेको छैन । स्वास्थ्य सेवाकै कमीको कारण हाम्रो देशमा वाल मृत्युदर अन्य विकसित मुलुकको तुलनामा उच्च छ । साधारण किसिमका खोपहरू (डी.पी.टी. पोलियो) बाट पनि हाम्रा वालकबालिका वँचित छन् भने हैजा, टाइफाइड, औलो, इन्सेफलाईटिस, कुष्टरोग, कण्ठरोग जस्ता सामान्य रोगहरूबाट पनि वर्षेनी हजारौ मानिसको अकालमा ज्यान गइरहेछ ।

विकासक्रम:- २००७ साल अघिसम्म हाम्रो मुलुकमा त्यति मात्रामा रोगको विस्तार पनि थिएन र जडिवुटीबाट बनेका औषधीहरू कुशल वैद्यहरूले देशका जनतामा स्वास्थ्य सेवा पुऱ्याइ आएका थिए । काठमाडौँको वीर अस्पताल र केही आयुर्वेदिक चिकित्सालयबाट मात्र संस्थागत रूपमा स्वास्थ्य सेवाका कार्य सञ्चालन हुन्थे । योजनागत विकासका कार्यहरू अगाडि वढ्दै जाँदा पञ्चवर्षीय योजनाकाल देखि व्यवस्थित एवम् योजनाबद्ध तरिकाले स्वास्थ्य सेवाको विकास गर्ने उद्देश्यले १५ वर्षे दीर्घकालीन स्वास्थ्य योजना (२०३३-४७) तर्जुमा गरि यसै पाँचौं योजना अवधिभित्र स्वास्थ्य सेवा विकासका क्षेत्रमा अपनाउनु पर्ने नीति तथा कार्यक्रमहरूको दीर्घकालीन स्वरूप प्रस्तुत गऱ्यो । अनि त्यसैलाई आधार मानी सन् २००० सम्ममा सबैलाई स्वास्थ्य सेवा उपलव्ध गराउने नीति अनुरूप स्थानीय तहमा नै स्वास्थ्य सेवालाई प्रभाकारी बनाउन 'राष्ट्रिय स्वास्थ्य सेवा नीति' सरकारले अवलम्बन गरेको छ ।

नेपालको स्वास्थ्य स्थिति:-

| वर्ष | १९९४/९५ | ९५/९६ |
|---|---|---|
| अस्पताल | ७४ | ७४ |
| अस्पताल शैया | ३१८८ | N.A. |
| स्वास्थ्य चौकी | ७७५ | ७६५ |
| स्वास्थ्य केन्द्र | १७ | १७ |
| आयुर्वेदिक केन्द्र | १७० | १७५ |
| डाक्टर | ८५२ | ८७३ |
| कविराज /वैद्य | ४२९ | ४४९ |
| नर्स | ४६०८ | N.A. |

आठौं योजनाको लक्षित स्वास्थ्य सूचकहरू:-

| | | हालको स्थिति:- | आठौं योजनाको अन्त्यसम्म:- |
|---|---|---|---|
| १. | शिशु मृत्युदर (हजारमा) | १०२ | ८० |
| २. | बाल मृत्युदर (हजारमा) | १६५ | १३० |
| ३. | औषत आयु(वर्षमा) | ५४ | ६१ |
| ४. | कुल प्रजनन दर | ५.८ | ४.५ |

| ५. | मातृ मृत्युदर (प्रतिलाख जन्ममा) | ८५० | ७५० |
|---|---|---|---|

*नवौं योजनाको आधारपत्र:-*

*उद्देश्य: जनताको स्वास्थ्यसम्बन्धी अधिकारलाई मानव अधिकारको अति महत्वपूर्ण अङ्गका रूपमा स्वीकार्दै प्रतीकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुन: स्थापन तथा परिवार नियोजनसम्बन्धी सेवाहरूको विद्यमान पूर्वाधारलाई सबल बनाई जनताको स्वास्थ्य स्थितिमा बोधगम्य सुधार ल्याइनेछ । स्वास्थ्य सेवाको विकास र विस्तारबाट जनसाधारणको स्वास्थ्य स्वरमा सुधार ल्याउने स्वास्थ्यसम्बन्धी सेवा तथा परिवार नियोजन सेवाको माध्यमबाट सानो परिवारको अवधारणालाई व्यापक बनाई जनसङ्ख्या वृद्धिदरमा कमी ल्याउने तथा श्रम बजारमा जाने ।*

*जनताको क्षमतामा अभिवृद्धि गर्न स्वास्थ्य श्रमशक्ति तयार गरि आय आर्जनको वृद्धिबाट गरिवी निवारण गर्न सहयोग पुर्‍याउने उद्देश्य रहेको छ ।*

*नीति तथा कार्यक्रम:- सन् २००० सम्म सबैलाई स्वास्थ्य सेवा पुर्‍याउने, भइरहेका स्वास्थ्य केन्द्रहरूको विस्तार गर्ने र प्रभावकारी बनाउने, मातृ मृत्युदर तथा शिशु मृत्युदरमा कमी ल्याउने, स्वास्थ्य जनशक्तिको विकास गर्ने, स्वास्थ्य क्षेत्रको विकासमा सरकारी तथा गैरसरकारी निकायलाई सक्रिय पार्ने, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, आयुर्वेद औषधोपचार प्रणालीलाई स्वास्थ्य सेवाकै अभिन्न अङ्गको रूपमा विकास गर्ने, स्थानीय निकायलाई परिचालन गर्ने, वातावरणीय, स्वास्थ्य तथा व्यावसायिक स्वास्थ्यलाई स्वास्थ सेवासँग आवद्ध गर्ने ।*

४. उपलब्धि:-

शिक्षा र स्वास्थ्य राष्ट्रको प्रगतिको मूल आधार हो भन्ने अवधारणाको विकास भयो भएन ? मूल्याङ्कन गर्नुहोस् । प्रवाभावकारी शिक्षण गर्न आत्मविश्वास बढाउनु भयो, लेख्नुहोस् ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

एकाइ:- २ | कक्षा:- ९
दिन:- ४ | सत्र:- २

# पाठ:- यातायात र संचार ।

१. उद्देश्यहरू:-

यस सत्रपछि तपाईंहरू निम्नवमोजिम कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) यातायात र संचारको महत्व वताउन ।
ख) यातायात र सञ्चारको क्षेत्रमा भएको प्रगतिको विवरण दिन ।
ग) चार्ट तथा चित्रात्मक विधिको प्रयोग गरि प्रभावकारी रुपमा विषयवस्तुको शिक्षण गर्न ।

२. शैक्षिक सामग्री:-

यातायात र सञ्चारमा भएको प्रगतिसम्वन्धी तस्विर र तालिका बनाउने ।

३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशनअनुसार निम्न क्रियाकलापमा संलग्न हुनुहोस् ।

क) प्रशिक्षकले सोधेका प्रश्नको जवाफ दिँदै सक्रिय रूपमा छलफलमा भाग लिनुहोस् र यातायात र सञ्चार पनि देशको प्रगतिको मूल आधारहरू हुन् भनी पुष्टि गर्दै उचित निष्कर्ष निकाल्नुहोस् ।

ख) सङ्कलित नक्सामा देखाइएको नेपालको सडक यातायात तथा अन्य यातायातका माध्यमहरू वारेमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् । नेपालमा यातायातको वर्तमान स्थितिको वारेमा आफ्नो राय दिनुहोस् ।

ग) तल दिइएको पाठ्यांश पढनुहोस् र यसको सारांश निकाल्नुहोस् ।

घ) प्रशिक्षकको निर्देशनमा यस विषयसंग सम्वन्धित केही शैक्षिक सामग्रीहरू बनाउनुहोस् ।

ङ) विषयवस्तु शिक्षणका लागि आवश्यक पर्ने पाठ घण्टी विभाजन गरि देखाउनुहोस् ।

| विषयवस्तु | आवश्यक घण्टी |
|---|---|
| | |

च) साधारण र विशिष्ट उद्देश्यहरूको निर्माण गरि प्रशिक्षकलाई देखाउनुहोस् ।

छ) कक्षा ९ मा समावेश भएका यी विषयवस्तुहरू शिक्षण गर्न के कस्ता क्रियाकलापहरू अपनाउन सकिन्छ छलफलद्वारा तपसिलका क्रियाकलापहरू छनोट गर्न लगाउनुहोस् ।

तपाइँहरू आफैंले आफ्नो क्षेत्र, जिल्ला वा गाउँमा देखेका र अनुभव गरेका कुराहरूका आधारमा प्रशिक्षकका विभिन्न प्रश्नहरूको उत्तर पाउन सक्नुहुन्छ जस्तैः के तपाईंको जिल्ला वा गाउँमा पनि हुलाक कार्यालयहरू छन् , के कस्ता सुविधा प्रदान गरेका छन् ? तपाईंको घरबाट हुलाक अफिस पुग्न कति समय लाग्छ ? त्यसैगरि तपाईंको गाउँमा टेलिफोन अफिस पनि छ ? छैन भने किन नभएको होला ? के तपाईंले टेलिभिजन हेर्नु भएको छ ? जस्ता विभिन्न प्रश्नहरूवाट प्राप्त उत्तरहरूलाई पाठ्यवस्तुमा समावेश गर्न सकिन्छ ।

नेपालको यातायात स्थिति झल्कने चार्ट वा तालिका प्रदर्शन गरि तालिका वा चार्टवाट के देखिन्छ ?नेपालमा किन यातायातको विकास द्रुतगतिमा हुनसकेको छैन र सडकमार्ग वा राजमार्गहरू अझै पनि किन सीमित मात्र छन् र किन जिल्लाहरूमा अझै पनि सडक यातायात पुग्न सकेको छैन जस्ता कुरामाथि क्रमशः छलफल गरि छलफलकै आधारमा देशको यातायात स्थितिमाथि विचार विमर्श गर्नुहोस् ।

नेपालको हवाइ यातायात वा दूरसञ्चारले अझै पनि आवश्यकता अनुसारको गति लिन नसक्नाको कारण के हो भन्नुहोस् विषयवस्तुको व्याख्यान सुन्नुहोस् र पाठको निचोड निकाल्नुहोस् ।

*महत्वः- चौतर्फी विकास, पूर्वाधार निर्माण, क्षेत्रिय निकटता, औद्योगिक विकास, रोजगारी, अर्थतन्त्रको विकास, ब्यापार, वाणिज्य र उद्योगको विकास, प्राकृतिक स्रोत र साधनको परिचालन गर्न, पर्यटन उद्योगलाई विकास गर्न यातायात नभइ नहुने कुरा हो ।*

*यातायातः यातायात विकासको प्रमुख पूर्वाधार हो । नेपाल जस्तो जटिल भौगोलिक परिस्थिति भएको मुलुकको लागि यातायातको विकास गर्नु नितान्त आवश्यक छ । यातायातको विकासले एक क्षेत्रका मानिसको अर्को क्षेत्रका मानिससंग पारस्परिक सम्वन्ध, लेनदेन, विभिन्न कारोवार, आयात, निर्यात, निकटताको मात्र विकास नगरि देश देशान्तरकै विकास, राष्ट्रियताको जगेर्ना, आवागमनमा छरितोपना, राष्ट्रिय अर्थतन्त्रमा सुदृढीकरण गर्नमा जोड दिन्छ । राष्ट्रिय परिप्रेक्ष्यमा यातायातका विकास गर्न सके देश विकासमा अक्षुण योगदान पुग्ने छ । आज विश्वमा प्रचलित यातायातका प्रमुख साधनमा स्थल यातायात (सडक रेल) जल यातायात र हवाइ यातायात हुन ।*

*१. स्थल यातायातः सडक राष्ट्र विकासको लागि शरीररूपी देशको धमनी हो, जसबाट परिवहन रूपी रगतको सञ्चार हुन्छ । भौतिक सभ्यता विकासको मूल आधार हो सडक । वितेका चार दशक देखि नै सडक र पुलको निर्माणमा हाम्रो देशमा थुप्रै प्रयासहरू भएका छन् । वि.सं. २००७ साल सम्ममा देशमा कुल ३७६ कि.मि. मात्र सडक यातायात सुविधा प्राप्त भएकोमा आठौं पञ्चवर्षीय योजना सुरू हुने वर्ष ०४८/४९ सम्ममा करिव ८,९०९ कि. मि. सडक निर्माण भएको छ । अझै पनि कयौं जिल्ला सडक यातायातबाट जोडिन सकेका छैनन् भने गाउँ र वजारहरू जोड्ने सडकहरू वनाउन त धेरै नै वाँकी छ ।*

*२. आठौं योजना अवधिमा केन्द्रीय स्तरवाट १७७८ कि.मि. र जिल्ला स्तरवाट १,२०० कि.मि. गरि कुल २९७८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको थियो । यसको अतिरिक्त १०८३*

कि.मि. राजमार्ग तथा मार्ग सुदृढीकरण र १४७५ कि.मि.अन्य सडकहरूको आवश्यक खण्डहरूको आवश्यक मर्मत संभार गरिनेछ । घोडेटो तथा चक्रेटोतर्फ क्रमश ८३० कि.मि. र १२५ कि.मि. निर्माण गरिने र ५०० ओटा झोलङ्गे पुलहरू र २५ ओटा मोटर चल्ने पुलहरूको निर्माण पूरा गरिने छ । योजना अवधिमा थप १४ जिल्ला सदरमुकामहरूमा सडक यातायात सुविधा पुऱ्याउने लक्ष्य राखिएको थियो ।

केही प्रमुख राजमार्गहरू:-

| | | कि.मि. |
|---|---|---|
| १. | त्रिभुवन राजपथ | १९१ |
| २. | सिद्धार्थ राजमार्ग | १८४ |
| ३. | पृथ्वी राजमार्ग | १७६ |
| ४. | धनगढी डडेलधुरा | १४० |
| ५. | कोदारी राजमार्ग | ११४ |
| ६. | गोरखा नारायणघाट | ६१ |
| ७. | धरान विराटनगर | ४० |
| ८. | धरान धनकुटा | ५२ |
| ९. | नेपालगञ्ज सुर्खेत | ९१ |
| १०. | त्रिशुली सोमदाङ | १०५ |
| ११. | काठमाण्डौं त्रिशुली | ६८ |
| १२. | लामुसाँगु जिरी | ११० |
| १३. | महेन्द्र राजमार्ग | १०३० |

आर्थिक वर्ष २०५३ चैत्र मसान्त सम्म उपलब्ध सडक सुविधा

यातायात (कि.मि.)

| क्र.सं. | सडकको किसिम | लम्बाई (कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १. | कालोपत्रे | ३६१३ | ३१.५४ |
| २. | ग्राभल | २९२९ | २५.५७ |
| ३. | कच्ची | ४९१४ | ४२.८९ |
| ४. | कुल | ११४५६ | १००.० |

हवाइ यातायात: हाल अधिराज्यमा ४४ ओटा विमानस्थल र ९७ ओटा हेलिप्याडहरू छन् । अन्तराष्ट्रिय हवाई सेवा विस्तार गर्ने क्रममा नेपालले भारत, म्यानमार, मकाउ, बङ्गलादेश तथा ब्रुनाईसँग हवाई सम्झौता गरिसकेको छ ।

रेल यातायात: आज सञ्चालित एक मात्र रेल सेवा (एन.जे.जे.आर जनकपुर जयनगर) ५२ कि.मि. मध्ये ५१ कि.मि. मात्र सञ्चालित छ ।

रज्जुमार्ग: वि.सं. २०२१ सालमा स्थापित काठमाडौंदेखि हेटौडासम्म ४२ कि.मि. लामो रज्जुमार्गको वार्षिक ढुवानी क्षमता २५ मेट्रिक टन भएतापनि मर्मत तथा संभारको अभावमा यो रोपवे सेवा पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन ।

जलमार्ग: आजसम्म खास जलमार्गको विकास भएको छैन । जलमार्गको संभाव्यता अध्ययन जारी रहेको छ ।

नवौं योजनाको आधारपत्रमा यातायातको उद्देश्य:

यातायात खर्च न्यूनतम हुने गरि सन्तुलित रूपमा यातायात प्रणालीको विकास गर्ने, जल विद्युत, कृषि र पर्यटन क्षेत्रको पूर्वाधारको रूपमा टेवा पुग्ने गरि समन्वयात्मक ढंगले यातायात प्रणालीको विस्तार गर्ने, वातावरणीय र पर्यावरणीय ह्रास तथा वातावरण प्रदूषणलाई न्यून गर्न प्रभावकारी उपायहरू अपनाउने र निश्चित आधारहरू तयार गरि तदनुरूप प्राथमिकता क्रम छुट्याई मर्मत संभारको कार्य गर्दै जाने उद्देश्यहरूको रूपरेखा नवौं योजनामा लिइनेछ ।

सञ्चार:- हाम्रो देशमा सञ्चारको विकास अन्य मुलुकको तुलनामा धेरैपछि मात्र भएको हो । सञ्चारका साधनहरूमा हुलाक, रेडियो, आकाशवाणी, टेलिफोन, टेलिभिजन, पत्रपत्रिका, सिनेमा आदि पर्छन् ।

हुलाक सेवा:- वि.सं. १९३५ देखि नेपालमा हुलाक सेवाको सुरूआत भएको हो र १९३८ देखि सर्वसाधारण जनताले पनि यस सेवाको उपयोग गर्न पाए । प्रथम पञ्चवर्षीय योजनासम्म जम्मा ४३ ओटा हुलाक कार्यालयहरू नेपाल अधिराज्यमा थिए । जसमा प्रमुख कार्यालयका रूपमा गोश्वरा हुलाकको नाममा काठमाडौंमा एउटा हुलाक कार्यालय र अन्य स्थानमा अतिरिक्त हुलाक कार्यालयहरू थिए । हाल नेपाल अधिराज्यमा हुलाकहरूको सङ्ख्या निम्नानुसार छ ।

गोश्वारा हुलाक

| | |
|---|---|
| क्षेत्रीय हुलाक | ५ |
| जिल्ला हुलाक | ७० |
| इलाका हुलाक | ७४७ |
| अतिरिक्त हुलाक | २,४१० |
| स्थानीय हुलाक | ४०० |
| कुल | ३,६३३ |

उपर्युक्त हुलाकहरूमध्ये ३९४ हुलाहरूबाट धनादेश सेवा र ११६ हुलाकबाट बचत बैंक सेवा सञ्चालन भैरहेको छ । हुलाक सेवा विभागले करिब १२ हजार पत्र मञ्जुषा (पोष्ट बक्स) को स्थापना गरि सेवा प्रदान गर्दै आएको छ । अधिराज्यका नगरपालिकाहरूमध्ये २६ स्थानमा आन्तरिक द्रुत डेलिभरी सेवा चालु भएको छ भने २० ओटा राष्ट्रहरूमा वैदेशिक द्रुतडाँक सेवा प्रारम्भ भएको छ ।

रेडियो सेवा : रेडियो संचारको सबभन्दा सशक्त र प्रवल साधन हो । रेडियो नेपालको स्थापना २००७ सालमा भएको हो । आज झण्डै देशका ९०% जनता यस सेवावाट लाभान्वित छन् । काठमाडौंको केन्द्रीय प्रशारण सेवाका अतिरिक्त क्षेत्रीय प्रसारण सेवा धनकुटा, महोत्तरी, पोखरा, सुर्खेतर दीपायलमा पनि सुरूआत भइसकेको छ ।

*दूरसञ्चार* : नेपालमा वि.सं. २००६सालमा आकाशवाणी सेवाको सुरूआत भएको हो । हाल अधिराज्यका कुल ६२ ओटा टेलिफोन एक्सचेञ्जहरूका १ लाख ८० हजार टेलिफोन लाइन क्षमता रहेको छ । तीमध्ये ७८ प्रतिशत प्रयोग भई करिब १ लाख ४० हजार टेलिफोन लाइन मात्र वितरण भएको छ ।
*टेलिभिजन:* नेपालमा टेलिभिजनको सुरूआत वि.सं. २०४२ बाट मात्र भएको हो । नेपाल टेलिभिजनको प्रशारणलाई विस्तार गरि केन्द्रीय स्टुडियो स्थापना र सुदृढीकरण गरि भरपर्दो विद्युत् आपूर्ति भएका अधिराज्यका सबै स्थानमा टेलिभिजनको प्रशारण पुऱ्याउने लक्ष लिइएको छ ।आज आम सञ्चारको विकासमा चलचित्र विकास कम्पनी र असङ्ख्य दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, अर्धवार्षिक आदि गरि विभिन्न पत्र पत्रिकाले पनि उल्लेख्य भूमिका खेलेका छन् ।

४. उपलब्धि:-

तलका प्रश्नहरूको उत्तर दिनुहोस् । प्रशिक्षकले गृहकार्य ठिक भएको काम समेत गर्नुहोस ।

नमुना:

१. सञ्चारका प्रमुख साधनहरूको नाम लेख्नुहोस् ।
२. नेपालका प्रमुख सडक (राजमार्गहरू) हरूको नाम बताउनुहोस् ।
३. यस विषयवस्तुको अध्ययन पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा प्रशिक्षार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन बताउनुहोस् ।
४. उक्त परिवर्तन कुन विधा अन्तर्गत पर्छ ?
५. विशिष्ट/ब्यावहारिक उद्देश्यको सङ्क्षिप्त परिचय दिनुहोस् ।
६. यस विषयवस्तुमा उपयोगी हुने शैक्षिक सामग्रीहरूको सूची तयार गर्नुहोस् र तिनीहरूको निर्माण गरि ल्याउनुहोस् ।
७. माथिको विषयवस्तु शिक्षण गर्न उपयोगी हुने चारओटा विधिको विषय उल्लेख गर्नुहोस् ।
८. नेपालका प्रमुख राजमार्गहरूको सूची तयार गरि ल्याउनुहोस् ।
९. विषयवस्तु अन्तर्गत प्रशिक्षार्थी मूल्याङ्कन गर्न २० ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गर्नुहोस् ।
१०. माथि प्रस्तुत गरिएका शिक्षण सिकाइ क्रियाकलापहरूपछि तपाईंहरूले के के वस्तुको प्रभावकारी शिक्षण गर्नपर्ने कामको लागि के के उपलब्धि कुन रूपमा भएको छ भन्ने ठान्नुहुन्छ ? बताउनुहोस् ।

# पाठ:- विद्युत् र खानेपानी ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तपछि तपाईंले निम्नलिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) विद्युत् र खानेपानीको महत्व वताउन ।
ख) चार्ट वा ग्राफको सहयोगबाट विद्युत् र खानेपानी क्षेत्रमा भएका प्रगतिको विवरण दिन ।
ग) उपयुक्त शैक्षिक सामग्री र शिक्षण विधिको प्रयोग गर्न ।

## २. शैक्षिक सामग्री:-

विद्युत् र खानेपानीको क्षेत्रमा भएका प्रगति देखाउने तस्विर, तालिका र ग्राफको नमुना ।

## ३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशन अनुसार निम्न क्रियाकलापमा संलग्न हुनुहोस् ।

क) प्रशिक्षकले सोधेका प्रश्नहरूको जवाफ दिँदै सक्रिय रूपमा छलफलमा भाग लिनुहोस् र विद्युत् र खानेपानी विकासका महत्वपूर्ण पूर्वाधारहरू हुन् भन्ने कुरामा आपसी छलफलद्वारा निष्कर्षमा पुग्नुहोस् ।

ख) शैक्षिक सामग्री निर्माण कार्यमा सरिक हुनुहोस् ।

ग) तलको पाठ पढ्नुहोस र समीक्षात्मक टिप्पणी गर्दै प्रमुख बुँदाहरू टिपोट गर्नुहोस ।

घ) तलको विषयवस्तु शिक्षणको निम्ति आवश्यक पर्ने घण्टी विभाजन गरि देखाउनुहोस् ।

| विषयवस्तु | आवश्यक घण्टी |
|---|---|
| | |

ङ) प्रशिक्षकले सोधेका प्रश्नहरू पनि जवाफ दिदै सक्रिय रूपमा छलफलमा सचेत भाग लिई सम्वन्धित विषयवस्तुको राम्रो ज्ञान हासिल गर्नुहोस् र सोको शिक्षणलाई प्रभावकारी वनाउन सकिने तरिकाहरू अवलम्बन गर्नुहोस् ।

नवौं योजनाको आधारपत्र: किफायती लागतमा जलविद्युत्को विकास गरि कृषि, उद्योग, ग्राहस्थ, एवम् अन्य विविध क्षेत्रको आवश्यकतालाई परिपूर्ति गर्ने, ग्रामीण अर्थतन्त्रको विकास गर्न ग्रामीण विद्युतीकरणलाई ग्रामीण आर्थिक क्रियाकलापहरुसंग आवद्ध गर्ने र विद्युत् आपूर्तिमा ग्रामीण सहरी असन्तुलनसमेत कम गर्ने गरि क्षेत्रीय सन्तुलन कायम गर्ने उद्देश्य नवौं योजनामा लिइने छ ।

विद्युत् शक्ति: शक्तिका विभिन्न साधनहरूमध्ये जलविद्युत् पनि एक प्रमुख साधन हो । जल साधन कहिँले नसकिने हुँदा यसबाट दीर्घकालिक रूपमा विद्युत्शक्ति उत्पादन गर्न सकिन्छ । जुन अति सस्तो एवम् टिकाउ शक्तिको स्रोत पनि हो । नेपालमा जलसाधनको असिम स्रोत छ । यहाँको भौगोलिक वातावरणको कारण जलविद्युत्को संभावना पनि उच्च छ । नेपाल ब्राजिलपछि विश्वको दोस्रो तथा एशियाको प्रथम जलसंपदाको धनी मुलुक हो । विद्युत्को उत्पादन सर्वप्रथम वि.सं. १९६८ मा भएको हो । प्रथम पञ्चवर्षीय योजनाको सुरूआतसम्म हाम्रो मुलुकमा जम्मा ६२८० किलोवाट विद्युत्शक्ति उत्पादन भएको देखिन्छ ।

सौर्यशक्ति, वाष्पशक्ति, गोवरग्यास, र डिजेलबाट पनि विद्युत् उत्पादन गर्न सकिन्छ । कुल ८३.००० मेघावाट जलविद्युत् शक्ति र सौर्यउर्जाको संभाव्यता करिव ३ करोड ६६ लाख मेघावाट भए तापनि त्यसको उपयोग भएको छैन । हालसम्म गमगढी, सिमीकोट, कोदारी तातोपानी र तनहुँको रिस्ती, पुलिङ, याङ्गमा सौर्यविद्युत् केन्द्रहरू स्थापना भई उत्पादन तथा वितरण कार्य भइरहेको छ । वायुशक्तिबाट विद्युत् उत्पादन मुस्ताङ्गको कागवेनीमा २० कि.वा. क्षमतामा चलाईएको छ ।

नेपालका पूराना जलविद्युत् आयोजनाहरू

| क्र.सं. स्थान | कि.वा. |
|---|---|
| १) फर्पिङ | ५०० |
| २) पनौती | २४०० |
| ३) सुन्दरीजल | ६४० |
| ४) त्रिशुली | २१०० |
| ५) पोखरा | १०८८ |
| ६) सुनकोसी | १०,०५० |
| ७) गण्डक | १५,००० |
| ८) कुलेखानी | ९२.००० |
| ९) मर्स्याङ्गी | ६९००० |
| १०) आँधीखोला | ५१०० |
| ११) देवीघाट | १४,१०० |
| १२) सेती | १५,०० |
| १३) तिनाउ | १०२४. |

हाल सञ्चालित जलविद्युत् आयोजनाहरूमा १२ मेघावाटको झिमरूक, १०० मेघावाटको कालीगण्डकी, त्यसैगरि ४८ मेघावाटको खिम्ती, १० मेघावाटको मोदीखोला, पुवाखोला, भोटेकोशी, चिलीमे, आदि पर्दछन् । साना जलविद्युत् आयोजनाहरूमा लाम्चे (६०० कि.वा.) अछाम (४ सय कि.वा.) तातोपानी दोस्रो चरण (१,००० कि.वा.) खोटाङ (५०० कि.वा.)

कालिकोट (६०० कि.वा.) डोल्पा (१६० कि.वा.) आदि पर्छन्।
<u>खानेपानी</u> शुद्ध, सफा र स्वच्छ खानेपानीबाट मात्र स्वस्थ्य जीवनको संभावना रहन्छ। खानेपानी नै जीवन हो।

हाम्रो मुलुकमा सर्वप्रथम पाइपद्वारा खानेपानीको वितरण श्री ३ वीरशमशेरको पालामा भएको हो। काठमाडौँको उत्तर शिवपुरी क्षेत्रबाट पानी ल्याई महाराजगञ्जमा पानीपोखरी (रिजर्भ्वायर) बनाएर काठमाडौं उपत्यकामा खानेपानी वितरण व्यवस्था गरिएको थियो। वि.सं. २०२२ मा सुन्दरीजल खानेपानी योजना तयार भइ पानी वितरण भएपछि काठमाडौं उपत्यकामा खानेपानीको सुविधा प्राप्त भएको हो।

आर्थिक वर्ष २०५२।५३ सम्म खानेपानी तथा ढलनिकास विभाग, नेपाल खानेपानी संस्थान तथा यस क्षेत्रमा संलग्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूबाट सम्पन्न गरिएका आयोजनाहरू समेतबाट करीब १ करोड २१ लाख ८० हजार जनतालाई खानेपानी उपलब्ध छ।

| क्षेत्र | लाभान्वित जनसङ्ख्या (हजारमा) | लाभान्वित प्रतिशत |
|---|---|---|
| ग्रामीण क्षेत्र | १०८०९ | ५९ |
| सहरी क्षेत्र | १३७१ | ६१ |
| कुल जम्मा | १२१८० | ५९ |

४. उपलब्धिः-

तलका प्रश्नहरूको जवाफ पहिल्याई प्रशिक्षकलाई बताउनुहोस्।

क) यस विषयवस्तुको अध्ययन पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवतन के हो?
ख) विषयवस्तु अन्तर्गत १० ओटा विशिष्ट/व्यावहारिक उद्देश्यहरू बनाई ल्याउनुहोस्।
ग) विषयवस्तु अन्तर्गत उपयोगी हुने शैक्षिक सामग्रीहरूको सूची तयार गर्नुहोस्।
घ) "नेपालको खानेपानी स्थिति" विषयमा सानो टिप्पणी लेखेर ल्याउनुहोस्।
ङ) विषयवस्तु शिक्षण गर्न उपयोगी हुने चारओटा तरिका उल्लेख गर्नुहोस्।
च) विषयवस्तु अन्तर्गत विद्यार्थी मूल्याङ्कन गर्न १०/१० ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गरि ल्याउनुहोस्।
छ) माथि प्रस्तुत गरिएका शिक्षण सिकाइ क्रियाकलापहरू विद्यार्थीहरूमा उपलब्धि प्राप्त गर्न उपयुक्त छन् वा छैनन्, समूहमा छलफल गरि निष्कर्ष निकाल्नुहोस्।

# सूक्ष्म शिक्षण

दिन:- ४ सत्र:- ४

पाठ:-

१. उद्देश्यहरू:-

२. शैक्षिक सामग्री:-

३. क्रियाकलाप:-

४. मूल्याङ्कन:-

विकासको पूर्वाधारको रुपमा शिक्षा

| | राम्रो पक्ष | कमजोर पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|---|
| १<br>२<br>३<br>४ | | १<br>२<br>३<br>४ | १<br>२<br>३<br>४ |

५. उपलब्धि:-

एकाइः- २ कक्षाः- १०
दिनः- ५ सत्रः- १

# पाठः- दक्ष जनशक्तिको अर्थ र वर्गीकरण ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्त्यमा तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ ।

क) दक्ष जनशक्तिको अर्थ बताउन र दक्षताको स्तरअनुसार यसको वर्गीकरण गर्न ।
ख) आवश्यक सामग्री सङ्कलन गरि दक्ष जनशक्तिको गतिविधिहरू प्रस्तुत गर्न ।

## २. शैक्षिक सामग्रीः-

शिक्षा, स्वास्थ्य, खानेपानी, जलविद्युत्, सञ्चार तथा यातायातको क्षेत्रमा संलग्न व्यक्तिका तस्विरहरू ।

## ३. क्रियाकलापः-

तलको पाठ्यवस्तु अध्ययन गरि त्यसका मुख्य मुख्य बुँदा टिप्नुहोस् र आपसी छलफलद्वारा विषयवस्तुको बोध गर्नुहोस् ।

क) पाठयवस्तुमा उल्लेख गरिएको तथ्याङ्कहरूलाई वृतग्राफ, बारग्राफ र रेखाग्राफ बनाई प्रस्तुत गर्नुहोस् । प्रशिक्षकबाट आवश्यक सहयोग लिनुहोस् ।

ख) आफ्नो अनुभवको आधारमा देश निर्माणको निम्ति चाहिने जनशक्तिको बारेमा समूहगत रुपमा विस्तृत छलफल गरि समूहको निचोड दिनुहोस् । अन्य देशसंग नेपालको स्थिति पनि तुलना गर्नुहोस् ।।

*दक्ष जनशक्ति भन्नाले कुनै विशेष किसिमको सीपमा निपुर्ण व्यक्ति भन्ने बुझिन्छ । यस्ता व्यक्तिहरूले कुनै नकुनै किसिमका प्राविधिक विषयमा तालिम प्राप्त गरेका हुन्छन् । यस्ता प्राविधिक विषयहरू शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, कृषि, उद्योग, कम्प्युटर इत्यादि हुन सक्छ ।*
*दक्ष जनशक्तिलाई उच्चस्तरीय, मध्यम स्तरीय र आधारभूत गरि तीन भागमा बाँडिएको छ । उच्चस्तरीय जनशक्ति अन्तर्गत विज्ञान विशेषज्ञ तथा प्राविधिज्ञ, कृषि विशेषज्ञ, वन विशेषज्ञ, सिमित र मेकेनिकल इन्जिनियर तथा अन्य विषयका इन्जिनियरहरू, मेडिकल डाक्टर इत्यादि पर्दछन् । मध्यम स्तरको जनशक्ति अन्तर्गत विज्ञान विशेषज्ञ र प्राविधिज्ञ, रेन्जर, स्वास्थ्य र सि.एम.ए. इत्यादि पर्दछन् । आधारभूत जनशक्ति अन्तर्गत ओभरसियर , जे.टि.ए., फरेस्टर, तल्लोस्तरका स्वास्थ्य कार्यकर्ता इत्यादि पर्दछन् । त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थान, संकाय तथा विभागहरूले यस्ता जनशक्ति उत्पादन गर्दछन् । यस बाहेक अन्य प्राविधिक शिक्षालय तथा अन्य सकारी, अर्ध सरकारी तथा गैर सरकारी संस्थाहरूले पनि दक्ष जनशक्तिहरू उत्पादन गर्दै आएका छन् ।*

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थान, संकाय तथा विभागहरूले उत्पादन गर्ने दक्ष जनशक्तिलाई प्राविधिक, व्यावसायिक , साधारण गरि तीन वर्गमा वर्गीकरण गरिएको छ । प्राविधिक उच्च शिक्षा अन्तर्गत कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, चिकित्सा शास्त्र अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान, वनविज्ञान अध्ययन संस्थान, विज्ञान तथा प्रविधि अध्ययन संस्थान गरि पाँच अध्ययन संस्थान, व्यावसायिक उच्च शिक्षा अन्तर्गत कानुन संकाय, शिक्षा संकाय, व्यवस्थापन संकाय, साधारण उच्च शिक्षा अन्तर्गत मानविकी तथा सामाजिकशास्त्र संकाय र संस्कृत विश्वविद्यालय पर्दछन् । यस सम्बन्धमा शिक्षा विकास तथा अनुसन्धान केन्द्रमा अनुसन्धानरत हेमन्तराज जोशीले निम्नलिखित तालिका प्रस्तुत गरेर सातौ पंचवर्षीय योजनाको भर्नासम्बन्धी लक्ष्य र उत्पादनको लक्ष्य प्रस्तुत गर्नु भएको छ ।

| प्राविधिक उच्च शिक्षाका क्षेत्रहरू | भर्ना लक्ष % | उत्पादन % |
|---|---|---|
| १) कृषि र पशुविज्ञान | ११.२८ | २२.४८ |
| २) चिकित्सा शास्त्र | १०.०७ | १४.०० |
| ३) इन्जिनियरिङ | १४.७१ | १७.०१ |
| ४) वन विज्ञान | ३.७६ | ६६.५१ |
| ५) विज्ञान र प्रविधि | ६०.१८ | ४०.०० |

४. उपलब्धिः-

यो सत्रमा संलग्न भएर तपाईंले के के ज्ञान र सीप आर्जन गर्नुभयो लेखी प्रशिक्षकलाई देखाउनुहोस् ।

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

एकाइः-२ कक्षा: १०
दिनः- ५ सत्रः- २

# पाठः- दक्ष जनशक्तिको आवश्यकता ।

## १. उद्देश्यहरू :

यो सत्रको अन्तमा तपाईं निम्न कार्यहरू गर्न सवल हुनुहुनेछ ।

क) दक्ष जनशक्तिको आवश्यकता दर्शाउन ।
ख) दक्ष जनशक्तिको आवश्यकताको क्षेत्र पहिचान गर्न ।
ग) दक्ष जनशक्तिको आवश्यकता देखाउने शैक्षिक सामग्रीको निर्माण र सङ्कलन गर्न ।
घ) दक्ष जनशक्तिको आवश्यकतासम्बन्धी उपयुक्त शिक्षण विधिको प्रयोग गर्न ।

## २. शैक्षिक सामग्रीः-

उपलब्ध जनशक्ति र आवश्यक जनशक्तिसम्वन्धी दुई छुट्टाछुट्टै तालिका, जनशक्ति गतिविधि झल्कने तस्विर, तालिका वनाउन कागज, मार्कर पेन, सिसाकलम, कैंची, टेप ।

## ३. क्रियाकलापः-

क) आर्थिक सर्वेक्षण २०५४/५५ मा दिइएको दक्ष जनशक्तिको आवश्यकतासम्वन्धी तथ्य तथा तथ्याङ्कको अध्ययन गरि यसवारेमा मुख्य मुख्य वुँदा टिपोट गरि प्रशिक्षकसंग पृष्ठ पोषण लिई विषयवस्तुको वोध गर्नुहोस् ।

ख) हाम्रो देशको कुल जनसङ्ख्याको अनुपातमा अस्पताल सेवा, अस्पताल शैंया र दक्ष जनशक्ति कति कति पर्न आउँछ तालिका वनाई प्रस्तुत गर्नुहोस् ।

ग) हाम्रो उपलव्ध स्वास्थ्य सेवा, अस्पताल शैया र दक्ष जनशक्तिको आधारमा आवश्यकतासम्वन्धी काल्पनिक तथ्याङ्क निर्माण गर्दा वारग्राफमा प्रस्तुत गर्नुहोस् ।

घ) देश विकासको निम्ति दक्ष जनशक्तिको आवश्यकता विषयमा नेताको अभिनय गरि सवैले पाँच-पाँच मिनेट वोल्नुहोस् ।

*<u>दक्ष जनशक्तिको आवश्यकताः-</u>*
*उच्च शिक्षा अन्तर्गत नेपालमा हाल त्रिभुवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय र निजी क्षेत्रको काठमाडौं विश्वविद्यालय गरि तीनओटा विश्वविद्यालयहरू सञ्चालन छन् ।*

*त्रिभुवन विश्वविद्यालय अन्तर्गत प्राविधिक उच्चशिक्षातर्फ अध्ययनरत प्रशिक्षार्थीहरूको सङ्ख्या अघिल्लो आर्थिक वर्षको तुलनामा २०५४/५५ मा ६.३ प्रतिशतले वृद्धि भई १६हजार ६० पुगेको छ ।*

यो सङ्ख्या गतवर्षको तुलनामा इन्जिनियरिङतर्फ (४१७) १२.४ प्रतिशतले कम, कृषि र पशुविज्ञानतर्फ (२२) १३.९ प्रतिशतले बढी, चिकित्सा शास्त्रतर्फ (२९५) ४४.३ प्रतिशतले कम र वन विज्ञानतर्फ (२३३) २.९ प्रतिशतले कम भएको छ ।

निजी क्षेत्रको काठमाडौं विश्वविद्यालयतर्फ अघिल्लो आर्थिक वर्षको तुलनामा २)५३/५४ मा ४८.९ प्रतिशतले वृद्धि भइ १ हजार ३४२ पुगेको छ । यो सङ्ख्या गतवर्षको तुलनामा इन्जिनियरिङतर्फ (२८८) प्रतिशतले, चिकित्साशास्त्रतर्फ (३९२) १०४.२ प्रतिशतले विज्ञान तथा प्रविधि तर्फ (४७३) ६.५ प्रतिशत, व्यवस्थापनतर्फ (१३३) ८४.७ प्रतिशतले र शिक्षाशास्त्र तर्फ (२४) ८४.६प्रतिशतले वृद्धि भएको छ ।

महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत आङ्गिक र सम्बन्धन प्राप्त दश विद्यापीठहरूमा आर्थिक वर्ष २०५२/५३ मा ८३३ जना प्रशिक्षार्थी भर्ना भई अध्ययन गरेका थिए भने सो सङ्ख्यामा २२.१ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०५३/५४ मा १ हजार १७ जना प्रशिक्षार्थीहरूले उच्च शिक्षा हासिल गरेका थिए ।

स्वास्थ्य सेवाको विस्तार तालिका

| १) सेवा विस्तार | २०५२/५३ | २०५३/५४ | वृद्धि |
|---|---|---|---|
| क) अस्पताल | ८२ | ८२ | x |
| ख) स्वास्थ्य केन्द्र | १७ | १७ | x |
| ग) स्वास्थ्य चौकी | ७७५ | ७७५ | x |
| घ) आयुर्वेदिक चिकित्सालय | १७२ | १७७ | ५ |
| ङ) सव हेल्थपोष्ट | २,५९७ | ३,१९७ | ६०० |
| च) प्राइमरी हेल्थ सेन्टर | ५९ | ७९ | २० |
| २) अस्पताल शैया | ३,६०४ | ३,९०४ | ३०० |
| ३) दक्ष जनशक्ति | २९,६४८ | ३३,३३७ | ३६८९ |
| क) डाक्टर | ८७२ | २,२०० | १३२८ |
| ख) परिचारिका | ४६०६ | ४७०६ | १०० |
| ग) कविराज | २४९ | ८५० | ६०१ |
| घ) वैद्य | १९७ | ९२५ | ७२८ |
| ङ) स्वास्थ्य हेल्थ अ., अ.हे.व. | ५०९२ | ५१५२ | ६० |
| च) स्वास्थ्य कार्यकर्ता | २४०० | २४०० | x |
| छ) स्थानीय स्वास्थ्य कार्यकर्ता | ४०१५ | ४०१५ | x |
| ज) अन्य कार्यकर्ता | १३०८९ | १३०८९ | x |

## ४. उपलब्धि:-

के तपाईंले दक्ष जनशक्तिको अर्थ यसको महत्व र नेपालमा यसको स्थितिको बारेमा ज्ञान आर्जन गर्नुभयो ? प्रभावकारी रूपमा विद्यार्थीलाई यस बारे सिकाउन सक्नुहुन्छ ? आत्म मूल्याङ्कन गर्नुहोस् ।

एकाइः-२ कक्षाः- १०
दिनः- ५ सत्रः- ३

## पाठः- दक्ष जनशक्तिसम्बन्धी अघिल्ला पाठहरूको अनुगमन ।

### १. उद्देश्यहरूः-

यो सत्रको अन्तमा तपाईं निम्न कार्यहरू गर्न सवल हुनुहुनेछ ।

क) दक्ष जनशक्तिसम्वन्धी अघिल्ला दुई पाठहरूको सार संक्षेप निकाल्न ।
ख) अघिल्ला दुई पाठहरूमा प्रयोग भएका शैक्षिक सामग्री र शिक्षण विधिको औचित्य तथा प्रभावकारिताको मूल्याङ्कन गर्न ।
ग) उपर्युक्त विषयवस्तुहरूलाई प्रभावकारी ढङ्गबाट कसरी सिकाउन सकिन्छ भन्ने विषयमा जानकारी दिन ।

### २. शैक्षिक सामग्रीः-

उपरोक्त उद्देश्यहरू पूरा गर्न के कस्ता शैक्षिक सामग्रीहरूको निर्माण तथा सङ्कलन गर्न सकिन्छ त्यसको नाम तथा सूची तयार पार्नुहोस् । र स्थानीय साधन र स्रोतको कुन हदसम्म उपयोग गर्न सकिएला ? त्यसको पनि मूल्याङ्कन गर्नुहोस् ।

### ३. क्रियाकलापः-

यस सत्रमा प्रशिक्षकले सूक्ष्म अभ्यासको (Micro teaching) को रूपमा शिक्षण गर्नु हुनेछ जसलाईपछि तपाईंले पनि सूक्ष्म अभ्यासको निम्ति आउँदा दिनहरूमा प्रयोग गर्दै जानुपर्ने छ ।

सूक्ष्म अभ्यास शिक्षणमा निम्नलिखित क्रियाकलापहरू गर्दै जानुहोस् ।

क) कालोपाटीमा पाठका उद्देश्यहरू लेख्नुहोस् ।

ख) उद्देश्य ठीकसँग लेखिएको छ कि छैन प्रशिक्षकवाट पृष्ठ पोषण लिनुहोस् ।

ग) पाठ सुरू गर्नुहोस् ।

घ) पाठ सकिएपछि चार समूहमा विभाजित हुनुहोस् र पाठमाथि छलफल गरेर त्यसमा सुधार गर्ने सुझाव प्रस्तुत गनुहोस् ।

ङ) प्रत्येक समूहका एकजनाले शिक्षण गर्नुहोस् ।

### ४. उपलब्धिः-

सूक्ष्म अभ्यास शिक्षणको फाइदा केलाउनुहोस् । साथै आफ्नो सूक्ष्म अभ्यास शिक्षण कतिको प्रभावकारी भयो भनि थाहा पाउन प्रशिक्षकबाट पृष्ठपोषण लिनुहोस् ।

# सूक्ष्म शिक्षण

दिनः- ५ सत्रः- ४

पाठः-

१. उद्देश्यहरूः-

२. शैक्षिक सामग्रीः-

३. क्रियाकलापः-

४. मूल्याङ्कनः-

<u>दक्ष जनशक्ति</u>

| | राम्रो पक्ष | कमजोर पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|---|
| १<br>२<br>३<br>४ | | १<br>२<br>३<br>४ | १<br>२<br>३<br>४ |

५. उपलब्धिः-

एकाइ:- ३
दिन:- ६

कक्षा:- ९
सत्र:- १

# पाठ:- धार्मिक सहिष्णुता, धर्म र विश्वासमा एकता ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईं निम्न कार्यहरू गर्न सवल हुनुहुनेछ ।

क) धार्मिक सहिष्णुताको अर्थ भन्न ।
ख) विषय शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीको सूची तयार गर्न, सङ्कलन गर्न र निर्माण गर्न ।
ग) विषयवस्तु शिक्षणका तरिकाहरू पत्ता लगाउन ।
घ) मूल्याङ्कनका उपयोगी तरिका पत्ता लगाउन ।

## २. शैक्षिक सामग्री:-

वौद्ध स्तुप र मन्दिरहरूका तस्विर, धार्मिक स्थल, पूजापाठ गरेको दृश्य, नेपाल टेलिभिजनको लोगो ।

## ३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशन अनुसार क्रियाकलापमा संलग्न हुनुहोस् ।

क) प्रशिक्षकले भने अनुसार तल दिइएको पाठ्यवस्तुको अध्ययन गरि मुख्य मुख्य बुँदाको टिपोट गर्नुहोस् ।

ख) प्रशिक्षकले निर्देश गरे अनुरूपका उद्देश्यहरूको वर्गीकरणसम्बन्धी छलफल र अन्य सान्दर्भिक कार्यमा सक्रिय रूपमा सहभागी हुनुहोस् ।

धार्मिक सहिष्णुता: धर्म र विश्वासमा एकता:

- आफ्नो समुदायमा अनुभव गरेका विभिन्न धार्मिक क्रियाकलापको आधारमा र उनीहरूको परिवारभित्र गरिने धार्मिक क्रियाकलापको आधारमा परिवारका सदस्यले कुनकुन धर्म मान्छन् । हिन्दू धर्मका प्रमुख तिर्थस्थल कुनकुन हुन् ? वौद्ध धर्मका तिर्थस्थल कुन–कुन हुन् ? तपाईंको घर वरपर कुनकुन धर्म मान्ने मानिसहरू छन् । इस्लाम धर्मका मानिसहरू कुन देवता मान्छन् ? जिसस क्राइस्टको नाम सुन्नुभएको छ ? आदि जस्ता कुरामा समूह छलफल गर्नुहोस् ।
- विभिन्न धर्मका चार्ट तथा चित्रहरूले के देखाउन खोजेका छन् । चित्र अध्ययन गरि चित्रले के देखाउन खोजेको हो समूह छलफल गरि नेपालमा विविध धर्मावलम्वी रहेको र तिनीहरू एक आपसमा समन्वय तथा सहिष्णुता छन् भनि निष्कर्ष निकाल्नुहोस् ।

ग) विषयवस्तु अध्ययन गरि शैक्षिक सामग्रीको सूची तयार गर्नुहोस् ।

घ) विषयवस्तु कुन कुन तरिकावाट अध्ययापन गराउन सकिन्छ समूहमा छलफल गरि लेख्नुहोस् ।

पाठ्यवस्तु:

नेपालमा धर्म र धार्मिक सामाञ्जश्यता रहेको छ । नेपालीहरू धर्म प्रति आस्थावान छन् । परमात्मा प्रति विश्वास, पाप र पूण्यमा विश्वास राख्छन । मूलत: नेपाल हिन्दु अधिराज्य कहलिएको छ । यहाँ धार्मिक विश्वासमा ठूलो विश्वास राखिन्छ ।

१. नेपालमा प्रचलनमा रहेका विभिन्न धर्महरूको परिचय:

क) हिन्दु: हिन्दूधर्मावलम्वीहरूको सङ्ख्या नेपालमा अन्य धर्मावलम्वीहरूकोभन्दा वढी रहेको छ । यस धर्मावलम्वीहरूमा पनि विभिन्न सम्प्रदायहरू छन् (क) शैव (ख) शाक (ग) वैष्णव

ख) वौद्ध: नेपाल पुत्र गौतम वुद्धवाट प्रतिपादित यस धर्ममा पनि हिनयान, माहायान र वज्रयान जस्ता सम्प्रदाय पाइन्छ । गौतम वुद्ध यस धर्मका प्रथम व्यक्ति वा आस्था हुन् ।

ग) इस्लाम: नेपालमा इस्लाम धर्मले पनि महत्वपूर्ण स्थान पाएको छ । इस्लाम धर्ममा पनि मूलत: २ सम्प्रदाय छन् (क) सिया (ख) सून्नी

घ) इसाई: नेपालमा इसाई धर्मावलम्वीहरू पनि प्रशस्त रहेका छन् । यिनमा पनि पूरानो कट्टरतावाद हटाई सुधार गर्ने र वाइवलको (New Testament) नयाँ टेष्टामेन्ट मान्ने सम्प्रदाय (क) प्रोटेस्टेण्ट र (ख) वाइवलमा सुधार गर्न नचाहने क्याथोलिक छन् ।

ङ) माहावीरका अनुयायी जैनहरू पनि नेपालमा रहेका छन् ।

च) शिख: शिख धर्मावलम्वीको पनि केही सङ्ख्या यहाँ पाइन्छ र गुरू नानकलाई यी धर्मावलम्वीहरूले आफ्नो मूल देवता मान्छन् ।

यसरी नेपालमा उपयुर्क्त अनुसार विभिन्न धर्म र सम्प्रदाय रहेका छन् । तर सवै धर्म प्रति नेपालीहरूमा एक अर्कामा सहिष्णुता रहेको पाइन्छन् । यहाँका हिन्दूहरू स्वयंभू र बौद्ध विहार जान्छन् भने बौद्धहरू पशुपतिनाथको मन्दिर जान्छन् । मन्जुश्रीलाई हिन्दू र बौद्ध दुबैले पूजा गर्छन । वौद्ध शाक्य कुलवाट छानिने कुमारीलाई हिन्दू राजा र अन्य हिन्दूहरूले शक्तिको रूपमा पूजा गर्छन ।

१. सहिष्णुताका कारण:

क) यहाँका आदिवासी किराँतहरू अनार्य थिए तर हिन्दू मत मन पराउथे । आर्य, मंगोल र अस्ट्रोइड परिवार सवैको समिश्रण नेपालमा रहेका कारण सहिष्णुता आवश्यकनै रहयो ।

ख) लिच्छवी तथा मल्ल वंशहरूको राजधर्म हिन्दू थियो । अर्कातिर जनताले मान्ने धर्म वौद्ध थियो । त्यसैले जनताको हितका लागि वौद्ध धर्मको संरक्षण गर्दै गए । एउटै परिवारमा वौद्ध (राजाले वृषदेव) र हिन्दू (जयदेव) मान्ने राजा पनि थिए ।

ग) नेपाल तिब्वत र भारतका लागि व्यापारिक केन्द्र भएकाले पनि व्यापारीसँग सवै धर्मावलम्वीको समान व्यवहार गर्ने प्रचलनको विकास भयो ।

घ) नेपालीहरूको सवैसँग मिल्ने व्यवहार पनि अर्को कारण वन्यो । नेपालीहरू साहित्य, संस्कृति, कला सवै क्षेत्रमा सहिष्णुतामा आधारित छन् । हिन्दू राजाको दरवार नजिक इस्लामहरूको मस्जिद छ । नेपालका राजा मन्दिर, मस्जिद, गुम्वा, चर्च सवैतिर समान व्यवहार गर्छन । नेपाली माटोमा आइसकेपछि सवै धर्मले अतिवादलाई त्यागेर सहिष्णुता अङ्गालेको पाइन्छ । नेपाल सवै धर्म र जातीको संरक्षित स्थल र धार्मिक सहिष्णुताको अनुपम उदारहणको रूपमा सधैं गौरवमय रहेको छ । धर्ममा सवै विश्वास राख्छन् । तर एकले अर्को धर्म प्रति आदर गर्छन र हामी नेपाली जाती हौं भन्ने विश्वास गर्छन । पहिला नेपाली र त्यसपछि आ–आफ्ना धार्मिक आस्थामा विश्वास गर्छन् ।

| | |
|---|---|
| ग) | *यो नियमसंग सम्बन्धित शैक्षिक सामग्रीहरू कार्डबोर्ड बाक्लो कागजमा सूची वनाउनुहोस् र शिक्षणमा कहाँ प्रयोग गर्न सकिन्छ भन्नुहोस् । प्रशिक्षकको राय अनुसार संसोधन गर्नु पर्ने भएमा संसोधन गर्नुहोस् ।* |
| घ) | *विषयवस्तुको संरचनाको आधारमा तिनीहरूलाई शिक्षण गर्न आवश्यक पिरियड ( घण्टी) हरूमा निम्न बमोजिम विभाजन गर्न लगाउनुहोस् । ती घण्टी सङ्ख्या र आवश्यक हुनमा कारणहरू समेत छलफल गर्न लगाउनुहोस् ।* |

| *विषयवस्तु* | *आवश्यक घण्टी* |
|---|---|
| *धार्मिक सहिष्णुता धर्म र* | *१* |
| *विश्वासमा एकता* | *१* |

| | |
|---|---|
| ङ) | *प्रस्तुत विषयवस्तुहरू शिक्षण गर्न के कस्ता क्रियाकलापहरू अपनाउन सकिन्छ सहभागी शिक्षकहरुसँग छलफल गरि छनोट गर्न लगाउनुहोस् ।* |

## ४. उपलब्धिः-

- नेपालमा विविध धर्मावलम्वीहरू भए तापनि धार्मिक सहिष्णुता रहेको कुरा जानकारी गर्न र सोही अनुरूपको व्यवहार गर्न यस विषयवस्तुको अध्ययन अध्यापन समावेश गरिएको भन्ने कुराको अवधारणा तपाईंले वनाउनु भयो भएन ?
- आपसी छलफल बाट यस सत्रको उपलब्धि के भयो निचोडमा पुग्नुहोस् ।

क) यस विषयवस्तुको अध्ययन पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन बताउनुहोस् ।

ख) उक्त परिवर्तनको विधा (संज्ञानी, प्रभावी, सीप) कुन हो ।

ग) यस विषयवस्तु अध्यापन गर्न तिनीहरूलाई आवश्यक शिक्षण घण्टीमा विभाजंन गर्नुहोस् ।

ङ) विद्यार्थी मूल्याङ्कनका उपायहरू के/के हुन पत्ता लगाउनुहोस् ।

एकाइः- ३ कक्षाः- ९
दिनः- ६ सत्रः- २

# पाठः- श्रमप्रति आस्था ।

१. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईंहरू निम्न कार्य गर्नु सक्नुहुनेछ ।

क) श्रमको अर्थ र महत्व वताउन ।
ख) श्रमको अर्थ र महत्व वारेमा प्रभावकारी शिक्षण गर्न आवश्यक शैक्षिक सामग्री र शिक्षण विधिको छनोट र प्रयोग गर्न ।

२. शैक्षिक सामग्रीः-

क) श्रमको महत्व बुझेर श्रम गरेर महान भएका व्यक्तिहरूको तस्विर
– महात्मा गान्धी, पृथ्वीनारायण शाह, फ्लोरेन्स नाइटिङ्गल, जर्ज वासिङ्गटन, वी./पी कोइराला, राजेन्द्रलक्ष्मी, वहादुर शाह, भीमसेन थापा, पुष्पलाल आदिको तस्विर ।
ख) श्रमको परिभाषा लेखिएको कार्डवोर्ड ।
ग) कार्डवोर्ड, विभिन्न रङ्ग भएका साइनपेन ।

३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशनअनुसार क्रियाकलापमा संलग्न हुनुहोस् ।

क) तल दिइएको "श्रमप्रति आस्था" सँग सम्बन्धित विषयवस्तु पढ्नुहोस् र मुख्य मुख्य बुँदा टिपोट गरि प्रशिक्षकले भने जस्तै आपसी छलफलमा भाग लिई विषयवस्तुबारे प्रष्ट हुनुहोस् ।

ख) यो विषयवस्तुको शिक्षण गर्न आवश्यक शैक्षिक सामग्रीहरू संभव भएसम्म निर्माण र सङ्कलन गर्नुहोस् । यिनीहरूको प्रयोग कहाँ कहाँ गर्न सकिन्छ । प्रभावकारी शिक्षणको निम्ति शैक्षिक सामग्रीहरूको महत्व के छ ? आपसमा छलफल गर्नुहोस् ।

ग) माथिका क्रियाकलापपश्चात् यो विषयवस्तुको शिक्षणको निम्ति आवश्यक पर्ने घण्टी छुट्ट्याउनुहोस र यस प्रकार तपाईंको योजनाको पुष्टि पनि गर्नुहोस् ।

| विषयवस्तु | आवश्यक घण्टी |
|---|---|
| श्रमप्रति आस्था | १ |

घ) के कस्ता प्रभावकारी क्रियाकलापहरू सञ्चालन गरि यो विषयवस्तुको शिक्षण गर्न सकिन्छ यससम्बन्धी प्रशिक्षकले अह्राएका कुरामा सक्रिय भई भाग लिनहोस् ।

आपसी छलफल गरि क्रियाकलापको मूल्यांकन गरि के कस्तो गर्न सकिन्छ ।

१. दिइएको पाठ्यवस्तु सहभागीहरूलाई राम्ररी अध्ययन गर्न लगाउनुहोस् र छलफल गरि निम्न शव्दहरूको व्याख्या गर्नुहोस् ।
   - कर्मयोगी, कर्मभिरू, श्रम, परिश्रम, अकर्मण्य, स्वाभिमान, आत्मनिर्भरता
   - पुरूषार्थहीन, आलस्य, अथक परिश्रम, लगनशीलता, दृढ विश्वासी, सत्कर्म, महापुरूष, 'God helps those who helps themselves'
२. विषयवस्तु प्रशिक्षण गर्न दिइएका शव्दहरूको अर्थ कार्डवोर्डमा लेखि सहभागीहरूकै सहयोगमा संवैले देख्ने ठाँउमा राख्न लगाउनुहोस् र सहभागीहरूलाई टिप्न समेत लगाउनुहोस् ।
३. सहभागीहरूमा श्रमको अर्थका वारेमा छलफल गर्न लगाउनुहोस् र प्रशिक्षकको "निचोडमा व्यक्तिको अथक परिश्रम र निरन्तरको मिहेनत नै श्रम हो" भन्ने कुरा स्पष्ट पारिदिने ।
४. आफ्नो परिश्रम र कडा मिहेनतवाट महान वनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिहरूको नामावलीको सूची कार्डवोर्डमा लेखि सबैले देख्ने ठाँउमा टास्न लगाउनुहोस् र तिनीहरूको परिचय आवश्यक भए छलफलपश्चात् निचोड दिनुहोस् ।
५. वीच/वीचमा पृष्ठपोषणका लागि सहभागीहरूलाई केही प्रश्नहरू पनि सोध्नुहोस् र आवश्यक भएमा प्रशिक्षकले पुन दोहोर्‍याइ दिनुहोस् ।
६. पाठको अन्त्यमा शिक्षकले पाठको सारांश दिने र सो को टिपोट गर्न लगाउने । यसलाई प्रशिक्षक पुस्तिकाको पेज ५२ मा लग्ने ।

ङ) तल दिइएका प्रश्नको जवाफ दिनुहोस् ।

१. श्रमप्रति आस्था राखी महान भएका १० जना राष्ट्रिय व्यक्तित्वको नाम लेख्नुहोस् ।
२. परिश्रमवाट हुने फाइदाहरू के के हुन सक्छन् ? छोटकरीमा बताउनुहोस् ।

*श्रमप्रति आस्थाः–*

*विश्वका सम्पूर्ण मानव समुदायलाई कर्मयोगी र कर्मभिरू गरि २ भागमा बाँडन सक्छौं । आफ्नो निश्चित उद्देश्य प्राप्त गर्न जुनसुकै समस्याहरुसँग जुध्ने प्रवृति भएका व्यक्तिहरू कर्मयोगी पुरूषार्थी हुन् । यिनीहरू आफ्नो जीवनको बाजी लगाएर उद्देश्य प्राप्त गर्न तल्लिन रहन्छन् । यसको ठीक विपरीत कर्मभिरू व्यक्तिहरूको न कुनै लक्ष्य हुन्छ न मनमा साहस र श्रमप्रति सुभावना । स्वाभिमान र आत्मनिर्भरता भन्ने कुरा कायर व्यक्तिमा हुँदैन । यस्ता व्यक्ति आफ्नो जीविकाकालागि अरूमा निर्भर गर्दछन् । अकर्मण्य व्यक्तिहरू स्वाभावैले अल्छी प्रवृतिका हुन्छन् । यी दुगुर्णहरूले उनीहरूमा पुरूषार्थहीनता, अकर्मण्यता, निरासा कुण्ठा, जस्ता विकारहरू आउनुका साथै उनीहरूको जीवन निरस हुन्छ । आलस्यले मानवका सिर्जनात्मक क्षमतालाई समाप्त गरि व्यक्तिलाई जड बनाइदिन्छ । वास्तवमा आलस्य जीवनको ठूलो शत्रु हो भने श्रम असल मित्र हो ।*

*जीवनमा श्रमको महत्व सर्वाधिक छ । परिश्रमको माध्यमले व्यक्तिले जटिलभन्दा जटिल समस्याहरूको समाधान निकाल्न सक्छ । ठूलाठूला नदीहरूमा नहर बनाई सिंचाइ, खानेपानी,*

जलयातायातको सुविधा बढाउने, साना-ठूला नदीमा पुल बनाइ आगमन सरल र सुगम बनाउने, ठूला-ठूला पहाडहरू काटेर सडक बनाउने जस्ता जटिल कामहरू मानिसले आफ्नो अथक परिश्रमले संभव बनाउँछ । एउटा सानो कमिलाले आफ्नो श्रमको वलले ठूला-ठूला पर्खालहरू र पहाडहरू नाग्दछ । सानो चिप्ले किरोले अथक र निरन्तर परिश्रमका आधारमा लामो दूरी तय गर्दछ । वुद्धि, विवेक र पाखुरामा अपारशक्ति भएको मानवले यहाँ गर्न नसक्ने कुरा के छ र ? नेपोलियन वोनापार्टको डायरीमा असंभव भन्ने शब्द नै थिएन । सफलता त्यस व्यक्तिले प्राप्त गर्दछ जसले कठोर परिश्रम गरेको हुन्छ । स-साना समस्याहरू त परिश्रमी व्यक्तिहरूका अगाडि टिक्न पनि सक्दैन । वर्षभरि कठोर श्रम गर्ने प्रशिक्षार्थी राम्रो श्रेणीमा उत्तीर्ण हुन्छन् । साधारण ब्यापारी आफ्नो लगनशीलता तथा अथक श्रमले पूँजिपति तथा उधोगपति वन्दछ । कलकारखानामा काम गर्ने ज्यामी आफ्नो कठोर परिश्रमलेपछि कारखानाको मालिक वन्दछन् । भाग्यले दिन्छ भन्ने कुरा कायर अल्छी व्यक्तिको बोली हो । परिश्रम गर्नु पुरूषार्थीहरूको काम हो । यदि परिश्रम गर्दा गर्दै पनि त्यसबाट सफलता प्राप्त भएन भने कदापी निरास हुनु हुँदैन । उसले यो वुझ्नु पर्दछ कि आफूले गर्नु पर्ने कर्तव्य पूरा नगरेको पो हो कि । सफलता एक दुई पटकमा नमिल्दा हिम्मत नहारी निरन्तर आफ्नो परिश्रम गर्दै गएमा एकचोटि त आवश्यनै सफलता प्राप्त हुन्छ । कठोर मेहेनत गरेर प्राप्त सफलता स्थायी हुनुका साथै दूरगामी प्रभाव पार्ने हुन्छ । त्यस्तो व्यक्तिको जीवननै सार्थक हुन्छ जसले आफ्नो कठोर परिश्रमद्वारा समाज र राष्ट्को उन्नति गर्दछ ।

'God helps those who helps themselves' परिश्रमवाट मानिसलाई अनेकौ लाभहरू प्राप्त हुन्छ । परिश्रमि व्यक्तिहरू दृढविश्वासी हुन्छन् र उनीहरूको हृदय पनि पवित्र हुन्छ । परिश्रमी व्यक्ति स्वाभिमानी हुन्छ, अहङ्कारी हुँदैन । उसले कहींल्यै अर्काको अगाडि उभिएर भिख माग्दैन । कलुषित भावना त्यस्ता व्यक्तिहरूमा हुन्छ जसमा नराम्रा विचारहरू हुन्छन् । वास्तवमा "An empty mind is a devils workshop" भन्ने भनाइ नै छ । परिश्रम गर्नाले मानिसलाई धन र कीर्ति दुबै प्राप्त हुन्छ । परिश्रमको भरमा गरिव व्यक्ति पनि अपार धन सम्पतिको स्वामी बन्न सक्छ । परिश्रमी व्यक्तिले आफ्ना सत्कर्मद्वारा समाजमा उच्च पद र प्रतिष्ठा प्राप्त गर्दछ । मृत्यु पश्चात् पनि त्यस्ता व्यक्तिको सम्झना अन्य व्यक्तिहरू गर्दछन, यसवाट अनेकौं प्रेरणा प्राप्त गर्दछन् । सत्कर्ममा लीन परिश्रमी व्यक्तिको गणना महापुरूषहरूको श्रेणीमा हुन्छ । महापुरूषहरूले श्रमलाई अत्यधिक महत्व दिएका छन् । परिश्रमवाट व्यक्तिको मौलिक उन्नतिका साथै आध्यात्मिक उन्नति पनि हुन्छ । राजकुमार सिद्धार्थ तमाम राजकीय भोगविलास, सुख सुविधाहरू त्यागी जङ्गलमा अनेकौं दुःख कष्ट सही कठोर तपस्या गरेर भगवान बुद्ध बनेका थिए । पृथ्वीनारायण शाहको अथक परिश्रमले नेपालको एकीकरण भयो । महात्मा कवीरले कपडा सिउने, रैदासले जुत्ता सिउने, त्यस्तै गुरुनानकले श्रम नगर्ने व्यक्तिले छोएको पानी नखाने गरेका थिए । गुरुनानक परिश्रम नगर्ने व्यक्ति भ्रष्ट र पापी हुन्छन् भन्ने विश्वास गर्दथे । महात्मा गाँधी आफूलाई आवश्यक सामग्री आफै तयार गर्दथे । विश्वविख्यात नारी जोन अफ आर्क भेडा चराउँथिन । फ्लोरेन्स नाइटिङ्गेल रोगीहरूको सेवा गर्दथिन । जर्ज वासिङ्गटन, लालबहादुर शास्त्री अत्यन्त निर्धन परिवारका थिए । वी.पी. कोइराला, पुष्पलाल जस्ता परिश्रमि नेतापछि महान बने । वास्तवमा महापुरूषहरूको जीवन परिश्रमको गाथाले भरिएको हुन्छ । उनीहरूको जीवनी पढेर हामीले परिश्रम गर्ने प्रेरणा प्राप्त गर्दछौं ।

हामीले आफ्नो समाजको र राष्ट्रको विकास गर्न चाहन्छौ भने सर्वप्रथम परिश्रमको पाठ पढ्नु आवश्यक छ । आफ्नो काम कर्तब्य र उत्तरदायित्व सम्यक निर्वाह गर्न तत्पर रही त्यसमा सक्रिय भइरहनुमा नै हाम्रो कल्याण हुन्छ । परिश्रम जीवन हो र आलस्य मरण हो भन्ने भावनालाई हामीले आत्मासात गर्नु परेको छ ।

४. उपलब्धिः-

यो सत्रपछि तपाईंले के के उपलब्धि हासिल गर्नुभयो ? लेख्नुहोस् र तलका प्रश्नको पनि जवाफ दिनुहोस् ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

क) उल्लेखित विषयवस्तुको अध्ययनपश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन वताउनुहोस् ।

ख) उक्त विषयवस्तु शिक्षण गर्न उपयोगी हुने शैक्षिक सामग्रीहरूको सूची तयार गर्नुहोस् र तिनीहरूको निर्माण गरि ल्याउनुहोस् ।

ग) श्रमको महत्वमाथि प्रकाश पार्नुहोस् ।

घ) उक्त विषयवस्तु शिक्षण गर्न उपयोगी हुने ४ ओटा तरिकाहरू उल्लेख गर्नुहोस् ।

ङ) यो विषयवस्तुलाई प्रभावकारी रूपमा शिक्षण गर्न उपयोगी हुने क्रियाकलापहरूको सूची वनाउन सक्नुहुन्छ ?

च) यस सत्रमा प्रयोग भएका वाहेक उपर्युक्त अन्य क्रियाकलाप पहिल्याउन सक्नहुन्छ ? छनोट गर्नुहोस् ।

एकाइः-३ कक्षाः- ९
दिनः- ६ सत्रः- ३

# पाठः- हाम्रो रीतिरिवाज र कलाको परिचय – (चित्रकला) ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईं निम्न कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) चित्रकलाको अर्थ र यसको ऐतिहासिक स्रोत तथा पृष्ठभूमि वर्णन गर्न ।
ख) विषयवस्तुहरूको शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीहरूको सूची तयार सङ्कलन र निर्माण गर्न ।
ग) विषयवस्तु शिक्षणका तरिकाहरू पत्ता लगाउन ।
घ) विषयवस्तु अन्तरगत उपयोगी हुने प्रशिक्षार्थी मूल्याङ्कनका उपायहरू एकिन गर्न ।

## २. शैक्षिक सामग्रीः-

ऐतिहासिक चित्रहरू, चित्र वनाउने सामग्रीहरू ।

## ३. क्रियाकलापः-

क) तलका विषयवस्तु पढ्नुहोस् अध्ययनपछि प्रशिक्षकले भने अनुसारका क्रियाकलापमा संलग्न हुनुहोस् ।

ख) तलका विषयवस्तुका सम्बन्धमा (Additional infO{rmation) थप जानकारी आवश्यक भएमा नेपाली समाज र संस्कृतिसम्वन्धी किताव र नेपाल परिचयका पुस्तकहरू खोजी गरि अध्ययन गर्नुहोस् । आवश्यक भएमा पुस्तकहरूको नाम र लेखकहरूको नाम प्रशिक्षकवाट टिप्नुहोस ।

ग) प्रस्तुत विषयवस्तुहरू अध्ययन गरि कक्षा ९ मा शिक्षण गर्न के के शैक्षिक सामग्रीहरू आवश्यक पर्छन ? छलफल गरि शैक्षिक सामग्रीको सूची टिप्दै जानुहोस् । निम्न सामग्रीहरू आवश्यक पर्ने भए ती सामग्रीहरूको सङ्क्षिप्त परिचय दिनुहोस् ।

१. विभिन्न मन्दिर, गुम्वा तथा घरका भित्तामा कुँदिएका प्राचीन तथा आधुनिक चित्रहरू झल्काउने तस्विर (फोटोहरू) ।
२. प्राप्त भएसम्म विभिन्न समयका विविध चित्र अङ्कित मुद्राहरू ।
३. विभिन्न प्राचीन ग्रन्थहरूका प्राप्त भएसम्मका जिल्ला (गाता) ।
४. ताडपत्रमा लेखिएका चित्र, पटचित्रहरू, पौभा चित्र ।
५. थाङ्का, जन्मपत्रिका ।
६. जीवजन्तुका चित्र ।
७. सिकार खेलेको /गरेको चित्र ।
८. नेपालका प्रख्यात चित्रकारको परिचय उल्लेख भएको चार्ट ।

घ) माथि उल्लेख भएका शैक्षिक सामग्रीहरू संभव भए जति कार्डवोर्ड या बाक्लो कागजमा निर्माण गरि पाठ शिक्षणमा कहाँ कहाँ प्रयोग गर्न सकिन्छ छलफल गर्नुहोस् र आवश्यक संशोधन गर्नुपर्ने भएमा गर्नुहोस् ।

ङ) माथिका क्रियाकलापपश्चात् विषयवस्तुको शिक्षणका लागि आवश्यक पर्ने घण्टीहरू विषयवस्तुको संरचनाका आधारमा निम्न बमोजिम विभाजन गर्नुहोस् । ती घण्टी आवश्यक हुनाका कारण समेत छलफल गर्नुहोस् ।

| विषयवस्तु | आवश्यक घण्टी |
|---|---|
| | |

च) कक्षा ९ मा समावेश भएका विषयवस्तुहरू शिक्षण गर्न के कस्ता क्रियाकलापहरू अपनाउन सकिन्छ ? छलफलद्वारा तपसिलका क्रियाकलापहरू बारेको जानकारी लिनुहोस् ।

छ) पाठको अन्त्यमा तपाईंले पाठको सारांश दिने र सोको टिपोट प्रशिक्षार्थीलाई गर्न लगाउने ।

*हाम्रा रीतिरिवाज र कलाको परिचय:-*

*विश्वका अनेक सभ्यताहरूको अध्ययनले के देखाउँछ भने आदिम युगदेखि नै मानिसले कुनै न कुनै रूपमा कलाको सिर्जना गरिआएको छ । आजभन्दा हजारौं वर्ष पहिलेदेखि नै मानिस सौन्दर्यको उपासक थियो र आफ्नो अनुभूतिलाई अनेक माध्यमद्वारा अभिव्यक्त गर्न जान्दथ्यो । रुस, फ्रान्स, जर्मनी, हङ्गेरी, युगोस्लाभिया र भारतका कतिपय गुफाहरूमा पाइएका अनेक मूर्ति र चित्रहरू प्रागऐतिहासिक मानवको सौन्दर्य प्रेम र कलात्मक प्रतिभाका परिचायक हुन् । हाम्रो देशको प्रमाणिक र लिखित इतिहास सुरू हुनासाथ नेपाली कलाका प्रथम प्रमाणिक कृतिहरू पनि उपलब्ध हुन थाले । चित्रकलावारे भने ऐतिहासिककाल सुरू भइसक्दा पनि स्पष्ट तथ्यहरू प्रकटमा आउदैनन् तापनि नेपाली चित्रकलाको इतिहास पनि अन्य विधा सरह पूरानो छ भन्नेमा कुनै शङ्का छैन ।*

*नेपाली चित्रकलाको विश्वमा आफ्नै विशिष्ट स्थान छ । प्राचीनकालमा गुफा आदिहरूमा समेत लिपि सृष्टि हुनु अगाडिदेखि मानव स्वभावका कारणले नै चित्रहरूको अङ्कित गर्ने परम्परा सर्वत्र देखिएको थियो । लिच्छवीकालमा घरका भित्ताहरूमा चित्र लेख्ने चलन थियो । लिच्छवीकालीन घरहरू भत्केकाले त्यसबेलाको ठोस प्रमाण फेला नपरे तापनि दशौं शताब्दीमा लेखिएका 'प्रज्ञापारमिता' ग्रन्थको काठका जिल्लाहरूमा १८ देवदेवीका चित्रहरूमा विविध रङ्गको प्रयोग भएको थाहा हुन्छ । मन्दिरका ध्वजाहरूमा रङ्गीचङ्गीपना पनि उल्लेखनीय छ । शिलापत्रहरूको शिरो–भागमा साँढे, मृग देवदेवताहरूको चक्र, घण्टा, बन्चरो, त्रिशूल आदिका चित्रहरू अङ्कित हुन्थे । वज्रयोगिनी, जयवागेश्वरी, रातो मच्छेन्द्रनाथ आदि देवदेवीहरूको मूर्तिमाथि वर्ष वर्षमा रङ्गीन चित्रण गर्ने कार्यले पनि चित्रकारितालाई निरन्तरता प्रदान गरेको छ । मल्लकालमा बच्चाको जन्मको बेला देवदेवी बूढा र बूढीहरूको चित्र लेख्ने चलन, व्रत होम आदि मङ्गलसूचक वस्तुहरू र गणेश आदि चित्र लेख्ने, तान्त्रिकहरूको आँगनभित्र अनेक प्रेरक चित्रणहरू गर्ने, ग्रन्थहरूमा परिचयात्मक जिल्ला (गाता) राख्ने घरको ढोका मन्दिरहरूमा*

मङ्गलसूचक देवदेवी र प्रतीकहरू लेख्ने, पौभा चित्रहरू र भित्ते चित्रहरूमा पूराण आदि महिमा अङ्कित गर्ने प्रचलनले गर्दा चित्रकलाको निकै विकास भएको थियो । त्यसबेला ग्रन्थ चित्र, ताडपत्रमा लेखिएका चित्रहरू, पटचित्रहरू, भित्तेचित्र र जन्मपत्रिका चित्रहरू, थाङ्का र पौभाहरू विकसित भएको पाइन्छ ।

राणाकालमा विकसित ढाँचाबाट आ–आफ्नो प्रतिभा देखाउने चलन थियो । थापाथली दरवारमा राणाकालीन भित्ते चित्रहरू छँदै छन् । श्री ५· राजेन्द्रविक्रम शाहको समयमा फोटोग्राफीको प्रारम्भ भई परम्परागत कलाकारिताको तेजोवध भयो । श्री ५ पृथ्वी वीरविक्रम कालिक चित्रकारहरूमा राजमान सिंह (जीवजन्तुको तस्बिर सङ्ग्रहालय) भीमनारायण सिंह (सत्तलको चित्र कोर्ने) र पूर्णमान, बखतमान, दीर्घमान आदि चित्रकार प्रसिद्ध थिए । सिकार चित्रको नमुना संसद भवनमा छ । नेपालमा सर्वप्रथम प्रशिक्षित तेजबहादुर र चन्द्रमान मास्के सिकार चित्र लेख्न खप्पिस थिए । चन्द्र शमशेरको समयमा यी दुबैलाई अध्ययन गर्न पठाइएको थियो । आर्ट स्कुल स्थापना गर्नमा चतुररत्न उदास नेपाली कलाशिक्षा विकासका दृष्टिले अग्रिम पंक्तिका मानिन्छन् । सात देखि सत्रको दशकमा (कलामण्डल) ललितपुर र आर्ट सोसाइटी (काठमाण्डौ) द्वारा केही प्रयास भए । प्रजातन्त्रका अनेकन प्रयत्न पश्चात् नेपाली चित्रकला मौलाउन खोज्दै छ । आधुनिक नेपाली चित्रकारहरूमा वालकृष्ण सम, लैनसिंह वाङदेल, अमर चित्रकार, शशि विक्रम शाह, टेकवीर मुखिया, दुर्गा बराल, वत्सगोपाल वैद्य, मनुजवाबु मिश्र, गोपाल कलाप्रेमी, कर्ण मास्के, वीरेन्द्र प्रताप, किरण मानन्धर निकै सशक्त र विधागत कलाको उत्थानमा सरिक भएको पाइन्छ

४. उपलब्धि:-

प्राचीन, मध्यकालीन तथा आधुनिक नेपाली चित्रकलाको विशेषता बताउन र नेपाली संस्कृतिको रीतिरिवाज रहनसहनका बारेमा परिचय दिन सक्षम हुनुभयो ? आत्म मूल्याङ्कन गर्नुहोस् ।

तलका प्रश्नको उत्तर दिनुहोस् ।

क) यस विषयवस्तुको अध्ययनपश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन वताउनुहोस् ।
ख) प्रस्तुत विषयवस्तुमा ३ ओटा विशिष्ट/व्यावहारिक उद्देश्यहरू बनाउनुहोस् ।
ग) उक्त विषयवस्तुमा उपयोगी शैक्षिक सामग्रीहरूको सूची तयार गर्नुहोस् र तिनीहरूको निर्माण गर्नुहोस् ।
घ) उक्त विषयवस्तुहरू शिक्षण गर्न उपयोगी हुने ४ ओटा तरिकाहरू उल्लेख गर्नुहोस् ।
ङ) यक्त विषयवस्तु अन्तरगत विद्यार्थी मूल्याङ्कन गर्न ३ ओटा लामो उत्तरात्मक प्रश्नहरू निर्माण गर्नुहोस् ।

# सूक्ष्म शिक्षण

दिनः- ६ सत्रः- ४

पाठः-

१. उद्देश्यहरूः-

२. शैक्षिक सामग्रीः-

३. क्रियाकलापः-

४. मूल्याङ्कनः-

कक्षा, अवलोकन

| | राम्रो पक्ष | कमजोर पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|---|
| १<br>२<br>३<br>४ | | १<br>२<br>३<br>४ | १<br>२<br>३<br>४ |

५. उपलब्धिः-

एकाइ:- ३ कक्षा:- १०
दिन:- ७ सत्र:- १

# पाठ:- निस्वार्थ सेवा र नेतृत्वको महत्व ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईं निम्न कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) निस्वार्थ सेवाको अर्थ भन्न ।
ख) निस्वार्थ सेवा गर्ने व्यक्तिहरूको वर्णन गर्न ।
ग) कुशल नेतृत्वको महत्व वताउन ।
घ) निस्वार्थ सेवा र कुशल नेतृत्वसम्वन्धी शिक्षण सामग्री र शिक्षण विधिको प्रयोग गर्न ।

## २. शैक्षिक सामग्री:-

चन्द्रकला देवी, दयावीरसिंह कंसकार, सन्त ज्ञानदिलदास, जयपृथ्वीवहादुर सिंह, खप्तड वावा स्वामी सच्चिदानन्द सरस्वती, वालागुरू षडानन्द अधिकारी इत्यादि सामजसेवीको साथै २००७ सालको आन्दोलनमा भाग लिएर देशलाई राणा शासनवाट मुक्ति दिलाउन राष्ट्रको नेतृत्व लिने श्री ५ त्रिभुवन, गंगालाल, धर्मभक्त, शुक्रराज शास्त्री, दशरथचन्द, विश्वेश्वरप्रसाद कोइराला, पुष्पलाल श्रेष्ठ, गणेशमान सिंह, मङ्गलादेवी, साहना प्रधान र २०४७ सालको आन्दोलनमा भाग लिएका नेताहरूको तस्विर ।

## ३. क्रियाकलाप:-

क) अन्तमा दिइएको विषयवस्तुको अध्ययन गरि मुख्य मुख्य वुँदाहरूको टिपोट गर्नुहोस र आपसी छलफलद्वारा विषयवस्तुको वोध गर्नुहोस् ।

ख) निस्वार्थ सेवा भन्नाले आफूलाई कुनै पनि किसिमवाट व्यक्तिगत फाइदा नपुऱ्याई मानवमात्रको सेवा गर्नु हो । यसरी निस्वार्थ सेवा गर्ने व्यक्ति समाजमा पूज्य मानिन्छन् भन्ने कुरालाई पुष्टी गर्न आफूले थाहा पाएका समाजसेवी व्यक्ति तथा नेताहरूको विषयमा व्यक्तिगत विचार एक–एक गरि दिनुहोस् ।

ग) निस्वार्थ सेवावाट समाजलाई हुनसक्ने फाइदा र स्वार्थी व्यक्तिहरूवाट समाजलाई हुनसक्ने हानि शीर्षकमा छोटो वादविवादको आयोजना गर्नुहोस् ।

घ) दुर्धटनामा परेका कुनै व्यक्तिको उद्धार गरेको भूमिका अभिनय गर्नुहोस् ।

ङ) राष्ट्रको कुनै जल्दो वल्दो समस्या (महङ्गी, भ्रष्टाचार, वेरोजगार इत्यादि) माथि नेताको अभिनय गरि भाषण गर्नुहोस् ।

निस्वार्थ सेवा र नेतृत्वको महत्व:-

हाम्रो समाजमा अनेक किसिमका मानिसहरू वस्दछन् तिनीहरू कोही गरिव, कोही धनी, कोही निरोगी, कोही रोगी, कोही सुखी, कोही दुःखी छन् । धनी भएर पनि कोही दुःखी र रोगी छन् । धनीले गरिबको, निरोगीले रोगीको सेवा गर्नु नै मानव सेवा हो । समाजमा रहेका यस्ता असहाय मानिसहरूको सेवा गर्नु नै समाज सेवा हो । छरछिमेकमा एक अर्कालाई सहयोग गर्ने, सङ्कटको समयमा उद्धार गर्ने कामलाई पनि समाज सेवा भनिन्छ । यस्तो समाजसेवा निस्वार्थ हुन्छन् । समाजमा कसैको घरमा आगलागी वा कुनै किसिमको दुर्घटना भयो भने सबै मिलेर आगो निभाउन वा दुर्घटनावाट रक्षा गर्ने प्रयास गर्छन । यसरी अरूको घरको आगो निभाए वा दुर्घटनावाट वचाए वापत कसैले पनि केही कुराको आशा गरेको हुँदैन मानवीय आधारमा सबै काम गरिएको हुन्छ । यसैलाई समाज सेवा भनिन्छ । हाम्रो देशमा अन्य देशहरूमा जस्तै निस्वार्थ भाववाट समाज सेवा गर्ने अनेक संघसंस्था र व्यक्तिहरू छन् । यी संघसंस्थाहरूले शिक्षा, स्वास्थ्य, खानेपानी इत्यादि क्षेत्रमा कुनै न कुनै रूपमा निस्वार्थ भावनाबाट समाजलाई सेवा पुऱ्याईरहेका हुन्छन् । हाम्रो देशमा निस्वार्थ भाववाट समाज सेवामा लाग्ने समाजसेवीहरूको पनि अभाव रहेको छैन । यस्ता समाजसेवीहरूमा सहिद शुक्रराज शास्त्रीकी वहिनी चन्द्रकला देवी, दयावीरसिंह कंसाकार, सन्त ज्ञानदिलदास, जयपृथ्वीवहादुर सिंह, खप्तड वावा (स्वामी सच्चिदानन्द सरस्वती), वालागुरू षडानन्द अधिकारी इत्यादिको नाम वडो गर्व तथा सम्मानका साथ लिइन्छ । नेपालको इतिहासमा चीरकालसम्म निस्वार्थ सेवाको निम्ति यिनीहरूको नाम अजरअमर रहने छ । समाज सेवा जस्तै नेतृत्व दिने व्यक्तिको पनि राष्ट्रलाई निकै खाँचो परेको हुन्छ । यस्ता नेतृत्व पङ्क्तिका व्यक्तिहरू राष्ट्रप्रति सदा जिम्मेवार र सजग रहन्छन् । राष्ट्रलाई कुनै सङ्कट परेको खण्डमा आफ्नो ज्यान अपर्ण गर्न यी सदा तयार रहन्छन् । हाम्रा सहिद गङ्गालाल, धर्मभक्त, दशरथचन्द, शुक्रराज शास्त्री जस्ता नेताहरूले राष्ट्रलाई निरङ्कुश राणा शासनवाट मुक्ति दिलाउने प्रयासमा आफ्नो प्राण उत्सर्ग गरे । २००७ साल र त्यसपछिको आन्दोलनमा नेतृत्व प्रदान गर्ने श्री ५ त्रिभुवन, विश्वेश्वरप्रसाद कोइराला, पुष्पलाल श्रेष्ठ, गणेशमान सिंह, मङ्गलादेवी, सहना प्रधानले दिइएको नेतृत्व सदास्मरणीय रहने छ ।

राष्ट्रको प्रगतिको निम्ति कुशल नेतृत्वको महत्व निकै हुन्छ । सवल नेतृत्वमा राष्ट्र समृद्ध र सुखी हुन्छ भने कमजोर नेतृत्ववाट राष्ट्र दुर्वल र धुमिल वन्दछ । आज युरोप र अमेरिकी राष्ट्रहरूको सम्मुन्नति ती देशहरूकै देशभक्तहरूका कुशल नेतृत्वका कठोर परिणति हुन् । तिनीहरूले पनि सत्ता र शक्तिको निम्ति मात्र लडाइँ झगडा गर्ने गरेको भए तिनीहरूका राष्ट्र उन्नतिको शिखरमा पुग्ने थिएनन् ।

## ४. उपलब्धि:-

यस सत्रपछि निस्वार्थ सेवा र कुशल नेतृत्वको महत्व बुझेर आफ्नो त्यससम्वन्धी सकारात्मक धारणाको विकासको निर्माण आवश्यक सामग्री र शिक्षण विधिको प्रयोग गर्न सक्नुहुनेछ सो को विकास भयो भएन ? आत्ममूल्याङ्कन गर्नुहोस् । के तपाईं उपर्युक्त शैक्षिक सामग्रीको प्रयोग गरि प्रभावकारी शिक्षण गर्न सक्ने कार्यमा विश्वस्त हुनुहुन्छ ?

एकाइ:- ३ कक्षा:- १०

दिन:- ७ सत्र:- २

# पाठ:- हाम्रा राष्ट्रिय दिवसहरू।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईं निम्न कार्यहरू गर्न सक्षम हुनुहुनेछ।

क) हाम्रा महत्वपूर्ण राष्ट्रिय दिवसहरूको चिनारी दिन।

ख) राष्ट्रिय दिवसको महत्व बताउन।

ग) राष्ट्रिय दिवस झल्कने शैक्षिक सामग्री प्रयोग गरि शिक्षण गर्न।

## २. शैक्षिक सामग्री:-

पृथ्वीजयन्ती, प्रजातन्त्र दिवस, सहिद दिवस, संविधान दिवस, श्री ५ को जन्मोत्सव झल्कने कार्ड, तस्विर।

## ३. क्रियाकलाप:-

क) तल दिइएको विषयवस्तुको अध्ययन गरि प्रशिक्षकको निर्देशनमा प्रत्येक समूहले एक-एक ओटा दिवसको बारेमा आफ्नो राय व्यक्त गर्नुहोस्।

ख) प्रशिक्षकको निर्देशन अनुसार राष्ट्रिय दिवस मनाउनुको सहत्वबारे टिप्पणी तयार गरी समूहगत रूपमा प्रस्तुती गर्नुहोस्।

ग) स्रोताहरूले पनि छुटपुट भएको कुराहरू टिपी प्रस्तोतालाई सहयोग गर्नुहोस्।

घ) तलको विषयवस्तु अध्ययन गरि कक्षा शिक्षणको लागि आवश्यक पर्ने शैक्षिक सामग्री छनोट गर्नुहोस्।

ङ) आ-आफ्नो क्षेत्रमा मनाइने राष्ट्रिय दिवसको कार्यक्रम तयार पार्नुहोस्।

*श्री ५ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस:*

*श्री ५ पृथ्वीनारायण शाहवाट स-साना राज्यहरूमा विभाजित नेपाललाई एकीकरण गरेर एउटा सिंगो राष्ट्रमा परिणत गरेकोले नै नेपाल आजको अवस्थामा आइपुगेको हो। नेपालको एकीकरणको थालनी त्यस बखत नभएको भए यस देशको स्थिति आज के हुने थियो? कसैले भन्न सक्दैन। श्री ५ पृथ्वीनारायण शाहवाट "यो राष्ट्र सबैको साझा फूलवारी हो" भनी एकताको सन्देश व्यक्त भएवाट मौसुफको जन्मजयन्तीलाई राष्ट्रिय एकता दिवसको रूपमा मनाइन्छ।*

*श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवस:*

*विश्वका प्रत्येक स्वतन्त्र राष्ट्रले आफ्नो राष्ट्रिय पर्वको रूपमा प्रजातन्त्र दिवस मनाउने गर्दछन्। तर यी सबैका प्रजातन्त्र दिवस मनाउने तरिका र समय भने फरक-फरक हुन्छन्। नेपालले प्रत्येक वर्ष फाल्गुन ७ गते प्रजातन्त्र दिवस मनाउने गर्दछ। निरंकुश राणा शासनवाट देश मुक्त भएको दिनको स्मरण स्वरूप नेपालमा प्रजातन्त्र दिवस मनाइन्छ। साथै यस दिन प्रजातान्त्रिक आन्दोलनमा नेपालीलाई साथ दिने राष्ट्रपिता श्री ५ त्रिभुवनको पनि सस्मरण गरिन्छ।*

सहिद दिवसः-

देशमा स्वतन्त्रता तथा प्रजातन्त्र ल्याउन प्रत्येक राष्ट्रका सपुतहरूले आफ्नो ज्यान सहर्ष समपर्ण गरेका हुन्छन् । यस्ता सपुतहरूमाथि प्रत्येक राष्ट्रले गर्व गर्दछ । राष्ट्रले यी सपुतहरूप्रति सधैं सम्मान व्यक्त गर्ने गर्दछ । त्यसै गरि हामीले पनि प्रत्येक वर्षको माघ महिनाको १६ गते सहिद दिवस मनाउँछौं । यस दिनमा सर्वसाधारण नागरिकदेखि राष्ट्रका सम्मानित व्यक्तिहरू समेतले शहिदहरूलाई माल्यापर्ण र फूलको गुच्छा चढाएर सम्मान व्यक्त गर्दछन् । यस दिनमा 'अमर सहिद जिन्दावाद' को नारा घन्काएर नगर र गाउँको परिक्रमा पनि गरिन्छ ।

संविधान दिवसः-

२००७ सालमा प्राप्त प्रजातन्त्र २०१७ सालमा खोसियो र नेपालीहरूले प्रजातन्त्रको प्राप्तिको निम्ति पुनः सङ्घर्ष गर्नु पर्‍यो । यो सङ्घर्ष तीस वर्षसम्म चल्यो । त्यसपछि सङ्घर्षले पराकाष्टा छोयो । २०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाको संयुक्त नेतृत्वमा जनआन्दोलन भयो । यो जनआन्दोलन सफल भयो, देशमा प्रजातन्त्रको पुनःस्थापना भयो । २०४७ जेष्ठ १६ गते सर्वोच्च अदालतका न्यायाधीश श्री विश्वनाथ उपाध्यायको अध्यक्षतामा ९ सदस्यीय संविधान सुधार सुझाव आयोगको गठन भयो । यस आयोगमा नेपाली काङ्ग्रेसको तर्फबाट दमननाथ ढुङ्गाना, मुकुन्द रेग्मी र लक्ष्मण अर्याल, वाममोर्चाको तर्फबाट माधवकुमार नेपाल, निर्मल लामा र भरतमोहन अधिकारी, श्री ५ को तर्फबाट रामानन्दप्रसाद सिंह र पद्युम्नलाल राजभण्डारी तथा सदस्य सचिवको रूपमा सूर्यनाथ उपाध्याय सामेल भएका थिए । २०४७ भाद्र २५ गते यस आयोगले संविधानको मस्यौदा तयार गरि राजदरवारमा बुझायो र कार्तिक २३ गते श्री ५ वाट 'नेपाल अधिराज्यको संविधान २०४७' घोषणा भयो । यस संविधानको प्रस्तावनाको पहिलो पङ्तिमा नै "स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै हो ।" भन्ने वाक्य लेखिएको छ । यस संविधानको मुख्य अपरीर्वतीनय विशेषता बहुदलीय व्यवस्था, संवैधानिक राजतन्त्र र सार्वभौमसत्ता जनतामा रहेको छ । यसरी जनताको त्याग र बलिदानबाट आएको संविधान हुनाले यस संविधान घोषणा भएको कार्तिक २३ गतेलाई राष्ट्रले संविधान दिवसको रूपमा मनाउँदै आएको छ ।

श्री ५ को शुभजन्मोत्सवः

नेपाल अधिराज्यको संविधानले संवैधानिक राजतन्त्रलाई अपरिहार्य रूपमा स्वीकार गरेको हुनाले राष्ट्रले प्रत्येक वर्ष पौष १४ गते लाई श्री ५ को शुभ जन्मोत्सवको रूपमा मनाउदै आएको छ ।

अन्य दिवसहरूः

उपरोक्त दिवसहरू बाहेक प्रत्येक वर्ष राष्ट्रले विभिन्न अन्य दिवसहरू पनि मनाउदै आएको छ । यस्ता दिवसहरूमा कार्तिक २६ गते क्रान्ति दिवस, भाद्र १ गते मुक्ति दिवस, भाद्र ४ गते वाल दिवस, फागुन १२ शिक्षा दिवस, फागुन कार्तिक २४ नारी दिवस आदि मुख्य हुन् । यी दिवसहरू राष्ट्रले विभिन्न किसिमले मनाउँदै पनि आएको छ ।

## ४. उपलब्धिः-

राष्ट्रिय दिवसको महत्व र कार्यक्रम बनाई त्यससम्बन्धी शैक्षिक सामग्री सङ्कलन र शिक्षण विधिको प्रयोग गरि प्रभावकारी शिक्षण गर्न सक्ने हुनुभयो ?आत्म मूल्याङ्कन गर्नुहोस् । सत्रका सबै उपलब्धि बताउनुहोस । यसमा ५०% समय विषयवस्तु अध्ययन र प्रस्तुति, २५% शैक्षिक सामग्री निर्माणमा र २५% विषयवस्तुको प्रस्तुतिमा गर्नुपर्ने सुधारमाथि छलफल गर्ने ।

एकाइः- ३ कक्षाः- १०
दिनः- ७ सत्रः- ३

# पाठः- हाम्रा राष्ट्रिय व्यक्तित्वहरू ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईं निम्न कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) हाम्रा राष्ट्रिय व्यक्तित्वहरूको योगदानको वर्णन गर्न ।
ख) राष्ट्रिय व्यक्तित्वसम्बन्धी सामग्रीको सङ्कलन, निर्माण तथा प्रयोग गर्न ।

## २. शैक्षिक सामग्रीः-

राष्ट्रिय व्यक्तित्वहरूको तस्विर, तस्विर बनाउने कागज, कैंची, टेप, मार्कर

## ३. क्रियाकलापः-

क) प्रशिक्षकको निर्देशन अनुसार अन्तमा दिइएको पाठ्यांश पढी मुख्य २ बुँदा टिपोट गरि प्रशिक्षकले अह्राए अनुसारका विभिन्न क्रियाकलापमा संलग्न हुनुहोस् ।

ख) कुन महापुरूषले के गरेर ख्याति प्राप्त भएको हो त्यसको सूची तयार पार्नुहोस् र उदाहरणस्वरूप केही नमुना समेत बनाउनुहोस् ।

| क.सं | राष्ट्रिय व्यक्तित्व | राष्ट्रकालागि दिइएको योगदान |
|---|---|---|
| १. | | |
| २. | | |

ग) नेपालको नक्सामा सगरमाथा कहाँ पर्दछ देखाउनुहोस् र विश्वको सर्वोच्च शिखर भएको बताई पहिलोपटक नेपाली महिला पासाङ ल्हामु शेर्पाले सगरमाथा आरोहण गरि विजय प्राप्त गरेको उल्लेख गर्नुहोस् ।

घ) पाठको अन्त्यमा प्रशिक्षकले पाठको सारांश दिनुहुन्छ र सोको टिपोट गर्नुहोस् ।

ङ) मूल्याङ्कन उपायबारे छलफल गरि कस्ता खालका प्रश्नहरू बढी उपयोगी हुन्छन् निष्कर्ष निकाली पाठसंग संम्बन्धित प्रश्नहरूको निर्माण गरि प्रशिक्षकलाई देखाउनुहोस् र तलका नमुना प्रश्न पनि हेर्नुहोस् ।

नमुना:

क) सहिदहरूको नामको सूची बनाउनुहोस् ।

ख) भगवान बुद्धले दिएका मानवताका संदेश सङ्क्षिप्त रूपमा बताउनुहोस् ।

च) तलका प्रश्नहरूको उत्तर खोज्नुहोस् ।

क) यस विषयवस्तुको अध्ययनपश्चात् कक्षा ९ का प्रशिक्षार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन के हो ?

ख) उक्त परिवर्तन कुन विधा अन्तरगत पर्दछ ?

ग) यस विषयवस्तुमा ५ ओटा विशिष्ट/व्यावहारिक उद्देश्यहरू बनाउनुहोस् ।

घ) यस विषयवस्तुमा उपयोगी हुने शैक्षिक सामग्रीहरूको सूची तयार गर्नुहोस् र तिनीहरू निर्माण गरि ल्याउनुहोस् । तीनको संरक्षण गर्नेवारे पनि दिनुहोस् ।

ङ) हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको योगदानको वर्णन गर्नुहोस् ।

च) उपरोक्त विषयवस्तु शिक्षण गर्न उपयोगी हुने कुनै ५/५ ओटा तरीकाहरू उल्लेख गर्नुहोस् ।

हाम्रा राष्ट्रिय व्यक्तित्व:-

प्राचीन समयदेखि नै नेपालको अस्मिता र नेपाली पहिचानलाई कायम राख्न देशका वीर सपुतहरूले सक्दो योगदान पुऱ्याएका छन् । नेपालको एकीकरण, प्रजातान्त्रिकरण, साहित्य, कला, संस्कृति, आर्थिकविकास, सामाजिक सुधारका कार्यमा अग्रणी भूमिका निर्वाह गर्ने थुप्रै महान सपुतले आफूलाई समर्पण गरेको पाइन्छ ।

देशको राष्ट्रिय अस्मिता, स्वतन्त्रता, सार्वभौमसत्ता, प्रजातन्त्र, समानता, न्याय, मानवअधिकार, कला, संस्कृति, साहित्य, धर्म, सभ्यता, मानवता, विकास तथा उन्नति र दासताबाट मुक्त गर्न, जनतालाई प्रजाबाट नागरिक बनाउन सङ्घर्ष गर्ने त्यस्ता महान राष्ट्रिय व्यक्तित्वहरूको अहम भूमिका रहेको पाइन्छ ।

पृथ्वीनारायण शाह:

पृथ्वीनारायण शाह नेपालको इतिहासका एक महापुरूष हुन् । महान् राजनीतिज्ञ र कूटनीतिज्ञ यी महामानवले नै विशाल नेपाल निर्माणमा जग हालेका हुन् । उनको उदयले आधुनिक नेपालको जन्म भएको हो । पृथ्वीनारायण शाहले छरिएर रहेका विभिन्न बाईसी, चौविसी राज्यहरूलाई एक सूत्रमा बाँधी नयाँ नेपालको निर्माण गरेका हुन् । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ पौष २७ गते राजा नरभूपाल शाहकी माहिली रानी कौशल्यावतीको गर्भबाट भएको थियो । उनले जेठीरानी चन्द्रप्रभावतीबाट शिक्षा पाएका थिए । उनले दरवार भएको सानो पहाडी राज्य गोरखाबाट ठूलो परिश्रम गरेर नेपाली जातिको साँघुरो घेरालाई फराकिलो पार्ने पाइला चाले । १७९९ वि.सं मा राजा भएका पृथ्वीनारायण शाहले नेपाललाई एउटै झण्डामा ल्याउन साम, दाम, दण्ड, भेदका नीतिगत उपायहरू अपनाएका थिए । १८०१ वि.सं. मा नुवाकोट विजयबाट सुरू भएको अभियान उनको जीवनपर्यन्त चलिरह्यो । उनको विजय अभियान नुवाकोट, वेलकोट, मकवानपुर, कीर्तिपुर हुँदै वि.सं. १८२५ मा कान्तिपुर र ललितपुर, १८२६ मा उपत्यका विजय गरे । त्यसपछि पश्चिमका केही राज्य र पूर्वतर्फ एकीकरणमा लागे । एकीकरणको दोस्रो चरणमा वहादुर शाह र तेस्रो चरण भीमसेन थापाको समयमा भएको थियो ।

भीमसेन थापा:

काजी अमरसिंह थापाका सुपुत्र भीमसेन थापा इ.सं. १७७५ मा गोरखाको बोर्लाङमा जन्मेका थिए । उनले नेपाललाई आधुनिकीकरण गर्न योगदान गरेका छन् । दरवारी षडयन्त्रमा परी १८३९ इ.सं. मा आत्महत्या गर्नु पर्‍यो । नेपालको एकीकरण अभियान उनैको समयमा टुङ्गियो । भीमसेन थापाको मुख्तियारीका समयमा पाल्पा र यसको प्रभाव क्षेत्र नेपालमा गाभियो र उनै समयमा यमुना (पश्चिम) सम्म नेपाल फैलियो । अन्त्यमा वि.सं. १८७३ को सुगौली सन्धि भई हालको नेपालको स्वरूप कायम भयो । नेपालको सामाजिक सुधारको इतिहासमा भीमसेन थापाको स्थान अत्यन्त उच्च छ । उनले गरेका सामाजिक सुधारहरू यस प्रकार छन् ।

दास प्रथा: उनले अन्त्य गर्ने प्रयास गरेका थिए र मगर जातिको छोराछोरी बेच्ने प्रथा बन्द गरेका थिए ।

विवाह प्रथामा सुधार: तत्कालीन समाजमा रहेको भाउजू व्यहोर्ने, सानीआमा व्यहोर्ने, मामाकी छोरीसित विवाह गर्ने, हाडनातामा सुधार गर्ने निश्चित मापदण्ड बनाए । सानीआमा राख्ने चलन यिनकै पालामा बन्द भयो ।

नेवार जातिको रीतिरिवाजमा सुधार: जन्म, मृत्यु, भोज, भतेर, जात्रा आदिमा गरिने फजुल खर्च रोक्न लालमोहर जारी गरि खर्च गर्न पाउने सीमा तोके ।

बेठ वेगरमा प्रतिवन्ध, मोही प्रथामा सुधार जस्ता महत्वपूर्ण सुधारहरू समेत गरेका थिए । ऐतिहासिक भीमसेनस्तम्भ (धरहरा) उनकै समयमा निर्माण भएको थियो ।

अमरसिंह थापा:

अल्मोडा लगाईत पश्चिमी क्षेत्रको सुरक्षार्थ नेपाल- अङ्ग्रेज युद्धमा खटिएका सेनापति अमरसिंह थापाको राष्ट्रप्रेमले अक्टरलोनी (अङ्ग्रेज सेनाका कमाण्डर) समेत ज्यादै प्रभावित भएका थिए । स्वाभिमानका प्रतिक अमरसिंहलाई अङ्ग्रेजले नाना प्रलोभन दिएपनि उनले इन्कार गरे । अमरसिंह थापाले भीमसेन थापालाई यो युद्ध नगर्न सल्लाह दिएका थिए । राष्ट्र, राष्ट्रियता र अखण्डताकालागि कसैसँग यिनले सम्झौता गरेनन् ।

वीर बलभद्र कुँवर: नेपाल अङ्ग्रेज युद्धको समयमा (वि.सं. १८७१) पश्चिम नेपालको कलङ्गा र नालापानीको किल्लाको रक्षार्थ खटिएका वीर बलभद्र कुँवरले ३-४ सय जति आइमाई, केटाकेटी र परम्परागत हातहतियारको भरमा आधुनिक हातहतियार युक्त अङ्ग्रेजका डफ्फामा सेनापति जिलेस्पी र उनका धेरै अङ्ग्रेजी सेनालाई समाप्त पारेका थिए । अङ्ग्रेजले किल्लाभित्र जाने पानीको मुहान नै बन्द गरेपछि ६०/७० जना जीवित सेनाहरूको नेतृत्व गर्दै वीर बलभद्र कुँवर किल्लाबाट वाहिर निस्के । अङ्ग्रेजहरूले यस लडाइको कदर गर्दै "हाम्रा वीर शत्रु बलभद्रकुँवर र उनका वीर गोर्खालीहरूको स्मृतिमा सम्मानोपहार" भन्ने शिलालेख लेखेर छोडेर गए ।

भक्ति थापा:

नेपाल अङ्ग्रेज युद्धमा देउथल किल्लाको सुरक्षार्थ खटिएका ७० वर्षीय भक्ति थापाले युद्धमानै वीरगति प्राप्त गरेका थिए । मुलुककोलागि त्यस उमेरमा त्यस्तो बहादुरी देखाउने भक्ति थापाको शवलाई अङ्ग्रेजहरूले दोसल्ला ओढाई सम्मान साथ नेपाली सेनालाई बुझाएको थियो ।

अमर शहिद धर्मभक्त, शुक्रराज शास्त्री, दशरथ चन्द, गङ्गालालले अन्धकारबाट गुज्रिरहेको एकतन्त्रीय जाहानियातन्त्रका विरूद्ध सङ्घर्ष गरेर नेपाली जनतालाई अधिकार दिलाउन आफ्नो ज्यान उत्सर्ग गरे ।

पासाङ ल्हामु शेर्पा:

सोलुखुम्बु जस्तो दूर्गम जिल्लाको गरिब परिवारमा जन्मिएकी पासाङ ल्हामु शेर्पा विश्वको

*सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने प्रथम नेपाली महिला र महिलाहरूमा १७ औं विश्वकी सगरमाथा आरोही हुन । उनी २०५० वैशाख १० गते दिउँसो सगरमाथा चढेकी थिइन । आरोहणपछि तल झर्दा बाटोमा हिउँपहिरो र हिमआँधीमा परी उनको मृत्यु भयो । उनले नेपालीको उच्च नाम राखी जीवन न्यौछावर गरिन् ।*

## ४. उपलब्धिः-

तलको कुरामा के तपाईंहरू सवल हुनुभयो ? आत्म मूल्याङ्कन गर्नुहोस् ।
यस सत्रलाई अझै सुधार गर्न सकिने केही अवस्था छ कि ? छ भने कसरी सुधार्न सकिन्छ स्वयं योजना वनाउनुहोस् ।

क) हाम्रा राष्ट्रिय व्यक्तित्वहरूको सूची तयार गरि तिनीहरूको परिचय दिन र योगदान बताउन ।
ख) हाम्रा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको सूची तयार गरि तिनीहरूको परिचय दिन र योगदान बताउन ।
ग) हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरू शिक्षण गर्न आवश्यक क्रियाकलापको छनोट, तरिका, शैक्षिक सामग्रीहरूको सूची तयार गर्न, निर्माण गर्न र मूल्याङ्कनका साधन पत्ता लगाउन ।

# सूक्ष्म शिक्षण

दिनः- ७ सत्रः- ४

पाठः-

१. उद्देश्यहरूः-

२. शैक्षिक सामग्रीः-

३. क्रियाकलापः-

४. मूल्याङ्कनः-

<u>कक्षा, अवलोकन</u>

| | राम्रो पक्ष | कमजोर पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|---|
| १ | | १ | १ |
| २ | | २ | २ |
| ३ | | ३ | ३ |
| ४ | | ४ | ४ |

५. उपलब्धिः-

एकाइः- ४
दिनः- ८

कक्षाः- ९
सत्रः- १

# पाठः- संविधानको परिचय ।

## १. उद्देश्यहरूः-

यस पाठको प्रशिक्षणपछि तपाईं निम्न कार्यमा सक्षम हुनुहुनेछ ।

क) कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ख) कक्षा शिक्षणकालागि विशिष्ट एवम् व्यावहारिक उद्देश्यहरू चयन गर्न ।
ग) संविधानको परिचय शिक्षण गर्न आवश्यक हुने शैक्षिक सामग्रीहरू छनोट गर्न ।
घ) शिक्षणका तरिकाहरू पत्ता लगाउन ।
ङ) नेपालको संविधानको विकास क्रमबारे प्रवचन दिन र प्रवचनका बुँदाहरू टिपोट गर्न ।
च) प्रवचन विधिको फाइदा वेफाईदा छुट्टयाउनु ।

## २. शैक्षिक सामग्रीः-

क) सामाजिक शिक्षाको पाठ्यक्रम, नेपालको अधिराज्यको संविधान २०४७
ख) नेपालको संविधानका खास बुँदाहरू लेखिएको चार्ट

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार क्रियाकलापमा संलग्न हुनुहोस् ।

क) संविधान भनेको के हो ?

..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................

ख) पाठ्यक्रम अध्ययन गरि संविधानको परिचय अध्ययनबाट कक्षा ९ का छात्रछात्रामा ल्याउन खोजिएको परिवर्तनहरू, विषयवस्तु, सहायक विषयवस्तु टिपोट गर्नुहोस् ।

..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................

ग) विषयवस्तु अध्ययन गरि विषयवस्तु अध्यापन गराउन आवश्यक पर्ने शैक्षिक सामग्रीहरू टिप्नुहोस् ।

..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..................................................................................................................

घ) संविधानको परिचय ' कक्षा ' शिक्षणको लागि उपयुक्त विधि छनोट गर्नुहोस् ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

ङ) नेपालको संविधानको विकासक्रमको प्रवचन दिन वुँदा टिपोट गर्नुहोस् ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

च) प्रवचन विधिका फाईदा वेफाईदावारे छलफल गर्नुहोस् । र सारंश लेख्नुहोस् ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

संविधानको सामान्य परिचयः-

संविधान देशको मूल कानुन हो । यसै अर्न्तगत देशका अन्य कानुनहरूको निर्माण गरिएको हुन्छ । र यसको पालना गर्नु सबै नागरिकहरूको कर्तव्य हुन्छ ।

संविधान विभिन्न प्रकारका हुन्छन् जस्तै :-

१) विकसित तथा निर्मित संविधान

२) लिखित तथा अलिखित संविधान

३) परिवर्तनशील र अपरिवर्तनशील संविधान

माथिको वर्गीकरणमा नेपालको वर्तमान संविधानलाई लिखित संविधानको रूपमा मान्न सकिन्छ । संविधानले शासन व्यवस्थालाई सुचारू रूपले सञ्चालन गर्न मद्दत गर्दछ । नेपालमा राणा शासनकालमा संविधान थिएन । त्यतिवेला राणा प्रधानमन्त्रीले वोलेकै कुरा संविधान तथा कानुन हुने गर्दथ्यो । त्यसो त २००४ सालमा राणा प्रधानमन्त्री पद्मशमशेरले संविधानको घोषणा गरेका थिए तर त्यो संविधान व्यवहारमा आउन सकेन र घोषित रूपमा मात्र रहन गएको थियो ।

२००७ सालमा राणा शासनको समाप्ति र प्रजातन्त्रको स्थापनापश्चात् "अन्तरिम शासन विधान २००७" लागु गरिएको थियो ।

२०१५ सालमा भएको आम निर्वाचनपछि नेपालमा पहिलो निर्वाचित सरकारको गठन भएको थियो र संसदीय शासन प्रणाली अनुरूपको संविधान "नेपाल अधिराज्यको संविधान २०१५" आएको थियो । २०१७ सालमा भएको राजनीतिक परिवर्तनपश्चात् नेपालमा पञ्चायती शासन व्यवस्था लागु भयो र सबै राजनीतिक दलहरू प्रतिवन्धित पनि भए । नयाँ व्यवस्था लागु भएपछि यसै अनुरूपको संविधान " नेपालको संविधान २०१९" लागु गरियो । पञ्चायती संविधानलाई समय सापेक्ष र प्रजातान्त्रिक बनाउने उद्देश्यले २०२३ सालमा यसमा पहिलो संशोधन गरियो । जसले पञ्चायती व्यवस्थालाई निर्दलीयताको रूप दियो । २०३२ सालमा भएको दोस्रो संशोधनले

गाउँफर्क राष्ट्रिय अभियानलाई संवैधानिक अङ्गको रूपमा स्थापना गरेर यसलाई राजनीति परिचालन गर्ने अभिभारा दिईयो । २०३७ सालमा भएको जनमत सङ्ग्रहमा पञ्चायत पक्ष विजयी भएपछि नयाँ रूप बोकेर आएको पञ्चायती व्यवस्थालाई अझ बढी प्रजातान्त्रिक बनाउने उद्देश्यले संविधानमा तेस्रो सशोधन भयो ।

२०४६ सालमा भएको जन आन्दोलनले पुनः नेपालमा संसदीय शासन व्यवस्थाकै स्थापना गरेपछि २०४७ सालमा "नेपाल अधिराज्यको संविधान २०४७" लागु भएको पाइन्छ । यो संविधान २०४७ साल कार्तिक २३ गते देखि लागु भएको थियो । यस संविधानमा २३ भाग १३३ धाराहरू र ३ अनूसूची रहेका छन् ।

४. उपलब्धिः-

क) यस पाठको प्रस्तुतीकरणमा अपनाएको क्रियाकलापहरूको सूची बनाउनुहोस् ।
ख) यस पाठको अध्ययनबाट प्राप्त नौलो ज्ञान सीप र धारणासमेत को सूची बनाउने ।

एकाइः- ४ कक्षाः- ९
दिनः- ८ सत्रः- २

# पाठः- नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू र संविधानले प्रदान गरेका मौलिक हक र कर्तब्यहरू ।

## १. उद्देश्यहरूः-

यस पाठको प्रशिक्षणपछि तपाईं निम्नलिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) संविधानको विशेषता र संविधानले प्रदान गरेका मौलिक हक र कर्तब्यहरू बताउन ।
ख) कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ग) नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू, संविधान प्रदत्त मौलिक हक र कर्तब्यहरूको परिचय दिन ।
घ) पाठ शिक्षण गर्न आवश्यक हुने शैक्षिक सामग्रीहरू र शिक्षण क्रियाकलापहरू छनोट गर्न ।
ङ) पाठ अध्यापनपछि विद्यार्थी मूल्याङ्कनका लागि उपयुक्त ज्ञानात्मक पक्ष को बहुवैकल्पिक प्रश्नहरू निर्माण गर्न ।

## २. शैक्षिक सामग्रीः-

क) सामाजिक शिक्षाको पाठ्यक्रम ।
ख) नेपाल अधिराज्यको संविधान २०४७ ।
ग) संविधानका विशेषताहरू लेखिएको चार्ट ।
घ) संविधानले प्रदान गरेका मौलिक हकहरूको चार्ट ।

## ३. क्रियाकलापः-

समूह क) नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू र संविधानले प्रदान गरेका मौलिक हकहरू के के हुन् टिपोट गर्नुहोस् ।

.....................................................................................................
.....................................................................................................
.....................................................................................................
.....................................................................................................

समूह ख) समूहमा बस्नुहोस् र प्रशिक्षकको निर्देशानुसार क्रियाकलापमा संलग्न हुनुहोस् ।

.....................................................................................................
.....................................................................................................
.....................................................................................................
.....................................................................................................

समूह ग) पाठ्यक्रम अध्ययन गर्नुहोस् । कक्षा ९ का विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तनहरू टिपोट गर्नुहोस् र ती उद्देश्य पूर्ति गर्न तोकिएको विषयवस्तु, सहायक विषयवस्तुहरूबाट संभव छ छैन, समूह छलफल गर्नुहोस् ।

.....................................................................................................
.....................................................................................................
.....................................................................................................

*गाउँफर्क राष्ट्रिय अभियानलाई संवैधानिक अङ्गको रूपमा स्थापना गरेर यसलाई राजनीति परिचालन गर्ने अभिभारा दिईयो । २०३७ सालमा भएको जनमत सङ्ग्रहमा पञ्चायत पक्ष विजयी भएपछि नयाँ रूप बोकेर आएको पञ्चायती व्यवस्थालाई अझ बढी प्रजातान्त्रिक बनाउने उद्देश्यले संविधानमा तेस्रो सशोधन भयो ।*

*२०४६ सालमा भएको जन आन्दोलनले पुनः नेपालमा संसदीय शासन व्यवस्थाकै स्थापना गरेपछि २०४७ सालमा "नेपाल अधिराज्यको संविधान २०४७" लागु भएको पाइन्छ । यो संविधान २०४७ साल कार्तिक २३ गते देखि लागु भएको थियो । यस संविधानमा २३ भाग १३३ धाराहरू र ३ अनूसूची रहेका छन् ।*

४. उपलब्धि:-

क) यस पाठको प्रस्तुतीकरणमा अपनाएको क्रियाकलापहरूको सूची बनाउनुहोस् ।
ख) यस पाठको अध्ययनबाट प्राप्त नौलो ज्ञान सीप र धारणासमेत को सूची बनाउने ।

एकाइ:- ४.　　　　　　　　　　　　　　　　　　　　　　　　कक्षा:- ९
दिन:- ८　　　　　　　　　　　　　　　　　　　　　　　　　सत्र:- २

# पाठ:- नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू र संविधानले प्रदान गरेका मौलिक हक र कर्तब्यहरू ।

## १. उद्देश्यहरू:-

यस पाठको प्रशिक्षणपछि तपाईं निम्नलिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) संविधानको विशेषता र संविधानले प्रदान गरेका मौलिक हक र कर्तब्यहरू बताउन ।
ख) कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ग) नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू, संविधान प्रदत्त मौलिक हक र कर्तब्यहरूको परिचय दिन ।
घ) पाठ शिक्षण गर्न आवश्यक हुने शैक्षिक सामग्रीहरू र शिक्षण क्रियाकलापहरू छनोट गर्न ।
ङ) पाठ अध्यापनपछि विद्यार्थी मूल्याङ्कनका लागि उपयुक्त ज्ञानात्मक पक्ष को बहुवैकल्पिक प्रश्नहरू निर्माण गर्न ।

## २. शैक्षिक सामग्री:-

क) सामाजिक शिक्षाको पाठ्यक्रम ।
ख) नेपाल अधिराज्यको संविधान २०४७ ।
ग) संविधानका विशेषताहरू लेखिएको चार्ट ।
घ) संविधानले प्रदान गरेका मौलिक हकहरूको चार्ट ।

## ३. क्रियाकलाप:-

समूह क) नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू र संविधानले प्रदान गरेका मौलिक हकहरू के के हुन् टिपोट गर्नुहोस् ।

........................................................................................................
........................................................................................................
........................................................................................................
........................................................................................................

समूह ख) समूहमा बस्नुहोस् र प्रशिक्षकको निर्देशानुसार क्रियाकलापमा संलग्न हुनुहोस् ।

........................................................................................................
........................................................................................................
........................................................................................................
........................................................................................................

समूह ग) पाठ्यक्रम अध्ययन गर्नुहोस् । कक्षा ९ का विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तनहरू टिपोट गर्नुहोस् र ती उद्देश्य पूर्ति गर्न तोकिएको विषयवस्तु, सहायक विषयवस्तुहरूबाट संभव छ छैन, समूह छलफल गर्नुहोस् ।

........................................................................................................
........................................................................................................
........................................................................................................

समूह घ) विषयवस्तु अध्ययन गरि नेपाल अधिराज्य संविधानका विशेषता, संविधानले प्रदान गरेका मौलिक हक र कर्तव्यको सूची टिपोट गरि पाठशिक्षण गर्न उपयुक्त हुने विधि छनोट गरि त्यसको फाइदा वेफाइदाका बारेमा समूहमा छलफल गर्नुहोस् ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

समूह ङ) विषयवस्तु अध्ययन गरि पाठशिक्षण गर्न आवश्यक पर्ने शैक्षिक सामग्री शिक्षण क्रियाकलाप समूहमा बसी टिपोट गर्नुहोस् ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

समूह च) विषयवस्तु अध्ययन गरि विद्यार्थी मूल्याङ्कनका लागि उपयुक्त कुन कुन पक्षको प्रश्नहरू निर्माण गर्न सकिन्छ , समूहमा छलफल गर्नुहोस् र ज्ञानात्मक पक्षको वहु-वैकल्पिक प्रश्नहरू बारे छलफल गरि टिप्नुहोस् ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

*नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू:–*

*संविधान देशको मूल कानुन हो र यसैको आधारमा अन्य कानुनहरूको निर्माण पनि गरिएको हुन्छ । भिन्न भिन्न देशको संविधानको आफ्नै किसिमका विशेषताहरू हुन्छन् । नेपाल अधिराज्यको संविधानका विशेषताहरू निम्नलिखित छन् ।*

*१. संवैधानिक राजतन्त्र:*

*नेपाल अधिराज्यको संविधानले राजतन्त्रलाई संवैधानिक राजतन्त्र बनाएको छ । यो कुरा संविधानमा उल्लेखित "श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक व्यवस्थापिका हुनेछ जसलाई संसद भनिनेछ " भन्ने वाक्यांशवाट स्पष्ट हुन्छ ।*

*२. संसदीय शासन प्रणाली:*

*नेपाल अधिराज्यको संविधानको अर्को प्रमुख विशेषता संसदीय शासन प्रणाली हो । राजा देशको प्रमुख भएता पनि शासन सञ्चालन गर्ने पूर्ण शक्ति मन्त्रिपरिषद्बाट प्रयोग हुन्छ । नेपालको मन्त्रिपरिषद् प्रतिनिधि-सभा प्रती उत्तरदायी हुन्छ । प्रतिनिधि सभाले प्रधानमन्त्री माथि विश्वास नरहेको भनि अविश्वासको प्रस्ताव पास गरि हटाउन सक्छ । यसैगरि मन्त्रिपरिषद्को गठन पनि त्यस दलबाट गरिन्छ जसले प्रतिनिधि सभामा वहुमत प्राप्त गर्दछ ।*

३.  वहुदलीय प्रजातन्त्र:

संसदीय शासन प्रणालीमा राजनीतिक दलहरूको भूमिका अति महत्वपूर्ण हुन्छ । दलहरू विनाको बहुदलीय शासन व्यवस्थाको कल्पना पनि गर्न सकिदैन । नेपालमा २०१७ सालमा प्रतिवन्धित भएका दलहरूले २०४६ सालको जन आन्दोलनपश्चात् मात्र खुला हुने मौका पाए । वहुदलीय शासन व्यवस्थामा जुन दलको संसदमा वहुमत हुन्छ त्यसै दलले सरकारको गठन पनि गर्न सक्छ । यसैगरि अल्पमतमा भएको दलले विपक्षी दलको भूमिका निर्वाह गर्दछ ।

४.  सार्वभौमसत्ता नेपाली जनतामा:

वहुदलीय शासन व्यवस्थाभन्दा अगाडि नेपालको सार्वभौम सत्ता राजामा निहित रहेको थियो । वर्तमान संविधानमा "नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ जसको प्रयोग यस संविधानमा व्यवस्था भए वमोजिम हुनेछ" भन्ने उल्लेख भएबाट नेपालको सार्वभौमसत्ता नेपाली जनतामा रहेको स्पष्ट हुन्छ ।

५.  कानुनी राज:

वर्तमान संविधानले कानुनी राजको सिद्धान्तलाई अपनाएको छ । नेपालमा एउटा स्वतन्त्र न्यायपालिका रहने व्यवस्था गरिएको छ । प्रधान न्यायधीशको नियुक्तिमा सिफारिस गर्न संवैधानिक परिषद्को व्यवस्था गरिएको छ । यसैगरि नागरिकलाई प्रदान गरिएको मौलिक हक माथि अनुचित वन्देज लगाउने कुनै पनि कानुनलाई सुरूभएको मितिदेखि वा लागु भएको मितिदेखि बदर घोषित गर्ने असाधारण अधिकार समेत सर्वोच्च अदालतलाई प्रदान गरिएको छ । यसैगरि कुनैपनि जटिल कानुनी प्रश्नमा सल्लाह दिने एवम् टुङ्गो लगाउने अधिकार पनि सर्वोच्च अदालतलाई प्रदान गरिएबाट पनि वर्तमान संविधानले कानुनी राजको सिद्धान्तलाई अङ्गालेको छ भन्न सकिन्छ ।

६.  राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू:

नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय र विशेष गरि छिमेकी मित्रराष्ट्रहरूको मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले लिएको छ । उपर्युक्त उद्देश्य र नीतिहरू राज्य सञ्चालनमा जुनसुकै दल वा व्यक्तिलाई एउटै मार्गमा निर्देशित गर्न, मुलुकमा स्थायित्व कायम गर्न, आर्थिक, सामाजिक र मानव अधिकारको संरक्षण गर्न, लोक कल्याणकारी राज्यको धारणालाई अभिवृद्धि गर्न एवम् परराष्ट्र नीति सम्वन्धमा देशको सार्वभौमसत्ता, स्वतन्त्रता र अखण्डतालाई कायम राख्न राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको व्यवस्था गरिएको छ ।

७  लिखित संविधान:

नेपालको संविधान लिखित रूपमा रहेकोछ । तसर्थ यो पनि संविधानको अर्को विशेषता हो । वर्तमान संविधानमा २३ भाग, १३३ धाराहरू र ३ अनुसूची रहेका छन् । यसैगरि कानुनलाई समय सापेक्ष बनाउन यसमा बेला वखतमा आवश्यकतानुसार संशोधन गर्न सकिने प्रावधान पनि रहेकोछ । नेपालको संविधानको कुनै धारालाई संशोधन गर्न सकिने उल्लेख संविधानमा छ तर यसको लागि संसदको २/३ बहुमत आवश्यक हुन्छ ।

## वर्तमान संविधानले प्रदान गरेको मौलिक हक र कर्तव्यहरू :-

सामाजिक जीवन सुखमय वनाउनकोलागि अधिकारको महत्वपूर्ण स्थान हुन्छ । मानव सभ्यताको प्राचीन कालदेखि आजसम्म जुन विकास संभव भयो त्यो अधिकारको उचित प्रयोगवाट मात्र संभव भएको छ । व्यक्तिले आफ्नो व्यक्तित्वको सर्वाङ्गीण विकास गर्नको लागि समाजवाट अधिकार प्राप्त गर्दछ र त्यसको सट्टामा ऊ समाजप्रतिका केही कर्तव्यहरूलाई पूरा गर्दछ । अधिकार र कर्तव्य बीच नङ र मासुको जस्तै सम्वन्ध हुन्छ । यी दुवै एक अर्काका पूरक हुन्छन् । एकको अभावमा अर्कोको अस्तित्व संभव हुँदैन । एउटा मानिसको अधिकार अर्को मानिसको कर्तव्य हुन्छ । यसरी कर्तव्यलाई अधिकारको स्रोत मानिन्छ । कर्तव्यवाट समाज उँभो लाग्दछ भने यसबाट देशको समेत विकास हुन्छ । कर्तव्यको क्षेत्र व्यापक हुन्छ ।

नेपालको संविधान २०४७ को भाग ३ को धारा ११ देखि २३ सम्म नागरिकलाई दिइएको मौलिक हकहरूको व्यवस्था गरिएको छ । मौलिक हकहरूको सूची यसप्रकारले रहेको छ ।

### १. समानताको हक:

कानुनको नजरमा सबै नागरिक समान हुन्छन् । कसैलाई पनि धर्म, जात, वर्ण, लिङ्ग आदिको आधारमा भेदभाव नगरि सबैलाई समान व्यवहार गर्नु समानताको हक हो ।

### २. स्वतन्त्रताको हक:

कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको अपहरण गर्न पाइदैन । नागरिकलाई आफ्नो व्यक्तित्व विकासको लागि स्वतन्त्रताको अधिकार प्रदान गरिएको छ । यसैगरि वर्तमान संविधानले मृत्युदण्ड सजाय हुनेगरि कुनै कानुन नबनाउने पनि उल्लेख गरेको छ ।

### ३. प्रकाशनको हक:

संविधानले नागरिकलाई कुनै लेख, रचना, समाचार, पत्रपत्रिका वा अन्य कुनै पाठ्यसामग्रीहरू प्रकाशित गर्न अधिकार प्रदान गरेको छ र यो अधिकारमा पूर्ण प्रतिवन्ध लगाईने छैन भन्ने पनि उल्लेख गरेको छ ।

### ४. फौजदारी न्यायसम्बन्धी हक:

कुनै पनि व्यक्तिलाई कानुनले सजाय नहुने कुनै काम गरे वापत सजाय दिन पाइँदैन साथै सजाय हुने कुनै काम गरेतापनि कानुनमा तोकिएकोभन्दा वढी सजाय गर्न नपाउने व्यवस्था छ ।

### ५. निवारक नजरवन्दको विरूद्धको हक:

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राख्न पाईदैन ।

६. सूचनाको हक:

प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्वको विषयमा सूचना माग्ने र पाउने अधिकार प्रदान गरिएको छ ।

७. सम्पत्तिको हक:

सबै नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचबिखन गर्न पाउने र सम्पत्तिको अन्य कारोबार गर्न पाउने हक प्रदान गरिएको छ ।

८. संस्कृति तथा शिक्षासम्वन्धी हक:

नेपालमा वसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न संस्कृति तथा शिक्षासम्वन्धी हक दिइएको छ ।

९. धर्मसम्वन्धी हक:

प्रत्येक व्यक्तिलाई सनातनदेखि चलिआएको आआफ्नो धर्म र परंपरालाई मान्ने स्वतन्त्रता दिइएको छ ।

१०. शोषणविरूद्धको हक:

कुनै पनि मानिसलाई बेचबिखन गर्न, दास बनाउन वा उसको इच्छाविरूद्ध कुनै काम गराउन पाइन्न । यदि कसैले यस्तो कार्य गरेमा कानुनले सजाय दिन सक्छ ।

११. देश निकाला विरूद्धको हक:

नेपालको नागरिक नेपालमै बस्न पाउँछ र कुनै पनि नेपाली नागरिकलाई देश निकाला गर्न पाइन्न ।

१२. गोपनीयताको हक:

कुनै पनि व्यक्तिको जीउ, धन सम्पत्ति, आवास, लिखत पत्राचार वा सूचनालाई कानुनद्वारा तोकिएको अवस्थामा बाहेक गोप्य राखिनेछ ।

१३. संवैधानिक उपचारको हक:

कुनै पनि नागरिकको मौलिक हकको हनन भएमा वा मौलिक हकको उपयोगमा बन्देज लगाउने कुनै कानुन भएमा सर्वोच्च अदालतमा रिट निवेदन दिन पाइने व्यवस्था गरिएको छ ।

## वर्तमान संविधानले प्रदान गरेको मौलिक हक र कर्तव्यहरू :–

सामाजिक जीवन सुखमय वनाउनकोलागि अधिकारको महत्वपूर्ण स्थान हुन्छ । मानव सभ्यताको प्राचीन कालदेखि आजसम्म जुन विकास संभव भयो त्यो अधिकारको उचित प्रयोगवाट मात्र संभव भएको छ । व्यक्तिले आफ्नो व्यक्तित्वको सर्वाङ्गीण विकास गर्नको लागि समाजबाट अधिकार प्राप्त गर्दछ र त्यसको सट्टामा ऊ समाजप्रतिका केही कर्तव्यहरूलाई पूरा गर्दछ । अधिकार र कर्तव्य वीच नङ र मासुको जस्तै सम्वन्ध हुन्छ । यी दुवै एक अर्काका पूरक हुन्छन् । एकको अभावमा अर्कोको अस्तित्व संभव हुँदैन । एउटा मानिसको अधिकार अर्को मानिसको कर्तव्य हुन्छ । यसरी कर्तव्यलाई अधिकारको स्रोत मानिन्छ । कर्तव्यवाट समाज उँभो लाग्दछ भने यसबाट देशको समेत विकास हुन्छ । कर्तव्यको क्षेत्र व्यापक हुन्छ ।

नेपालको संविधान २०४७ को भाग ३ को धारा ११ देखि २३ सम्म नागरिकलाई दिइएको मौलिक हकहरूको व्यवस्था गरिएको छ । मौलिक हकहरूको सूची यसप्रकारले रहेको छ ।

### १. समानताको हक:

कानुनको नजरमा सबै नागरिक समान हुन्छन् । कसैलाई पनि धर्म, जात, वर्ण, लिङ्ग आदिको आधारमा भेदभाव नगरि सबैलाई समान व्यवहार गर्नु समानताको हक हो ।

### २. स्वतन्त्रताको हक:

कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको अपहरण गर्न पाइदैन । नागरिकलाई आफ्नो व्यक्तित्व विकासको लागि स्वतन्त्रताको अधिकार प्रदान गरिएको छ । यसैगरि वर्तमान संविधानले मृत्युदण्ड सजाय हुनेगरि कुनै कानुन नबनाउने पनि उल्लेख गरेको छ ।

### ३. प्रकाशनको हक:

संविधानले नागरिकलाई कुनै लेख, रचना, समाचार, पत्रपत्रिका वा अन्य कुनै पाठ्यसामग्रीहरू प्रकाशित गर्न अधिकार प्रदान गरेको छ र यो अधिकारमा पूर्ण प्रतिबन्ध लगाईने छैन भन्ने पनि उल्लेख गरेको छ ।

### ४. फौजदारी न्यायसम्बन्धी हक:

कुनै पनि व्यक्तिलाई कानुनले सजाय नहुने कुनै काम गरे वापत सजाय दिन पाइँदैन साथै सजाय हुने कुनै काम गरेतापनि कानुनमा तोकिएकोभन्दा वढी सजाय गर्न नपाउने व्यवस्था छ ।

### ५. निवारक नजरवन्दको विरूद्धको हक:

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राख्न पाईदैन ।

६. सूचनाको हक:

प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्वको विषयमा सूचना माग्ने र पाउने अधिकार प्रदान गरिएको छ ।

७. सम्पत्तिको हक:

सबै नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचबिखन गर्न पाउने र सम्पत्तिको अन्य कारोबार गर्न पाउने हक प्रदान गरिएको छ ।

८. संस्कृति तथा शिक्षासम्वन्धी हक:

नेपालमा वसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न संस्कृति तथा शिक्षासम्वन्धी हक दिइएको छ ।

९. धर्मसम्बन्धी हक:

प्रत्येक व्यक्तिलाई सनातनदेखि चलिआएको आआफ्नो धर्म र परंपरालाई मान्ने स्वतन्त्रता दिइएको छ ।

१०. शोषणविरूद्धको हक:

कुनै पनि मानिसलाई बेचबिखन गर्न, दास बनाउन वा उसको इच्छाविरूद्ध कुनै काम गराउन पाइन्न । यदि कसैले यस्तो कार्य गरेमा कानुनले सजाय दिन सक्छ ।

११. देश निकाला विरूद्धको हक:

नेपालको नागरिक नेपालमै बस्न पाउँछ र कुनै पनि नेपाली नागरिकलाई देश निकाला गर्न पाइन्न ।

१२. गोपनीयताको हक:

कुनै पनि व्यक्तिको जीउ, धन सम्पत्ति, आवास, लिखत पत्राचार वा सूचनालाई कानुनद्वारा तोकिएको अवस्थामा बाहेक गोप्य राखिनेछ ।

१३. संवैधानिक उपचारको हक:

कुनै पनि नागरिकको मौलिक हकको हनन भएमा वा मौलिक हकको उपयोगमा बन्देज लगाउने कुनै कानुन भएमा सर्वोच्च अदालतमा रिट निवेदन दिन पाइने व्यवस्था गरिएको छ ।

*कर्तव्यहरू:-*

*राज्यले तोकेका केही कर्तव्यहरूको पालना नगर्दा राज्यले व्यक्तिलाई दण्ड पनि दिन सक्छ । त्यस्ता कर्तव्यहरू निम्न छन् । जस्तै-*

*१. राज्यप्रति आस्था र वफादारी:*

*राज्य प्रति आस्था र वफादारी नागरिकको पहिलो कर्तव्य हुन्छ । कुनै पनि देशको नागरिक त्यो देशको सैनिक पनि हुन्छ । तसर्थ युद्ध वा संकटको बेला देशको रक्षाकोलागि तत्पर रहनु नागरिकको कर्तव्य हुन्छ ।*

*२. कानुनको पालना:*

*समाजको हितको लागि राज्यले विभिन्न कानुनहरूको निर्माण गरेको हुन्छ । तसर्थ त्यस्ता कानुनहरूको पालना गर्नु नागरिकको कर्तव्य हो भने यो एउटा आदर्श नागरिकको गुण पनि हो ।*

*३. कर तिर्नु:*

*शासन चलाउन वा विभिन्न विकास कार्यक्रमहरू सञ्चालन गर्न राज्यलाई धनको आवश्यकता पर्दछ । राज्यका विभिन्न आयस्रोतहरू मध्ये कर मुख्य स्रोत हो । तसर्थ राज्यले निर्धारण गरेको कर समयमा तिर्नु पनि नागरिकको कर्तव्य हो । राज्यले लगाएको कर छल्नु राज्यप्रति धोका गर्नु हो ।*

*नेपाल अधिराज्यको संविधान २०४७ को पालन गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ (नेपाल अधिराज्यको संविधान २०४७ बाट)*

## उपलब्धि:

सत्र १ मा गर्नु भएको क्रियाकलाप र सेसन २ मा गर्नु भएको क्रियाकलापमा तपाईंलाई कुन उपयुक्त लाग्यो र किन ? लेख्नुहोस् ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

एकाइ:- ४ कक्षा:- ९
दिन:- ८ सत्र:- ३

## पाठ:- अघिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरू ।

१. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाइँहरू निम्न कार्यहरू गर्न सक्नुहुनेछ ।

क) सत्र १ र २ मा कक्षा शिक्षणमा प्रयोग गर्न आवश्यक शैक्षिक सामग्री, शिक्षण विधि, शिक्षण क्रियाकलाप, उद्देश्य, चार्ट, सूची, प्रवचन तयार गर्न ।

२. शैक्षिक सामग्री:-

कार्डवोर्ड, पेन्सिल, इरेजर, स्केल, साइनपेन, कैंची ।

३. क्रियाकलाप:-

क) प्रशिक्षकको निर्देशन अनुसार समूहमा वस्नुहोस् ।
ख) समूह वा व्यक्तिगत रुपमा सत्र १ र २ का व्यक्तिगत वा समूहमा सत्र १ र २ मा टिपोट अनुसार निर्माण कार्यमा संलग्न हुनुहोस् ।

४. उपलब्धि:-

यस सत्रमा तपाइंले सिकेका नयाँ कुराहरू लेख्नुहोस् ।

........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................

एकाइः-४ कक्षाः-९
दिनः- ८ सत्रः- ४

# पाठः- सत्र तीनका क्रियाकलापहरूको प्रस्तुतीकरण ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्त्यमा तपाइँहरू निम्न कार्यहरू गर्न सक्नुहुनेछ ।

क) सत्र ३ मा निर्माण गरेका सामग्रीहरूको प्रस्तुत गर्न ।
ख) प्रस्तुत सामग्रीहरूका राम्रा नराम्रा पक्षमा छलफल गरि राम्रा कुराहरू कक्षा शिक्षणमा प्रयोग गरि टिपोट गर्न ।

## २. शैक्षिक सामग्रीः-

तेश्रो सत्रमा निर्माण गरिएको सामग्रीहरू

## ३. क्रियाकलापः-

क) प्रशिक्षकको निर्देशन अनुसार आफू र आफ्नो समूहले निर्माण गरेका सामग्रीहरू प्रस्तुत गर्नुहोस् ।

ख) समूहमा छलफल गरि प्रत्येक व्यक्ति समूहबाट प्राप्त पाठ अध्यापनमा गर्नुपर्ने नयाँनयाँ कुराहरूको निचोड तल टिपोट गर्नुहोस् ।

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

## ४. उपलब्धिः-

आजको चारै सत्रमा प्राप्त उपलब्धि लेख्नुहोस् ।

एकाइ:- ४ कक्षा:- १०

दिन:- ९ सत्र:- १

## पाठ:-(क) संविधानका अङ्गहरूको परिचय ।
## (ख) नेपालका प्रमुख राजनैतिक सङ्गठनको परिचय र भूमिका ।

१. उद्देश्यहरू:-

क) कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ख) नेपालको संविधानको अङ्गहरूको परिचय दिन ।
ग) नेपालका प्रमुख राजनैतिक सङ्गठनहरूको परिचय र भूमिका वताउन ।
घ) उद्देश्य पूर्ति गर्न समावेश विषयवस्तु, सहायक विषयवस्तुहरू पाठ्यक्रमबाट पत्ता लगाई स्रोतहरू छनोट गर्न ।
ङ) शिक्षणका तरिकाहरू पत्ता लगाउन ।

२. शैक्षिक सामग्री:-

क) कक्षा १० को सामाजिक शिक्षाको पाठ्यक्रम
ख) नेपाल अधिराज्यको संविधान २०४७

३. क्रियाकलाप:-

क) पाठ्यक्रम अध्ययन गरि कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तनहरू टिपोट गर्नुहोस् ।

....................................................................................................
....................................................................................................
....................................................................................................
....................................................................................................

ख) कक्षा १० का विद्यार्थीमा ल्याउन खोजिएका परिवर्तनहरू पूरा गर्न के कस्ता विषयवस्तु सहायक विषयवस्तुहरू समावेस गरिएको छ र ती विषयवस्तु अध्यापन गराउन के कस्ता स्रोतहरूको आवश्यक पर्ला ।

....................................................................................................
....................................................................................................
....................................................................................................
....................................................................................................

ग) नेपाल अधिराज्यको संविधानका अङ्गहरू के के हुन्, छलफल गरि टिपोट गर्नुहोस् ।

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

घ) नेपालका प्रमुख राजनैतिक सङ्गठनहरू कुन कुन हुन् तिनीहरूको परिचय र भूमिकाका वारेमा समूहमा छलफल गरि बुँदा टिपोट गर्नुहोस् ।

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

ङ) विषयवस्तु अध्ययन गरि तोकिएको विषयवस्तु कक्षामा अध्यापन गराउन के कस्ता शैक्षिक सामग्री छनोट गर्नुपर्ला टिपोट गर्नुहोस् ।

*संविधानका अङ्गहरू:*

संविधानका अङ्गहरूको परिचय:- श्री ५, राजपरिषद्, कार्यपालिका, व्यवस्थापिका, आर्थिक कार्यप्रणाली, न्यायपालिका, संवैधानिक अङ्गहरू र राजनैतिक सङ्गठनहरू

*नेपालका प्रमुख राजनैतिक सङ्गठनहरूको परिचय र भूमिका*

बहुदलीय शासन प्रणालीमा राजनीतिक दलहरूको महत्वपूर्ण स्थान हुन्छ । राजनीतिक दलहरू विनाको प्रजातान्त्रिक व्यवस्थाको कल्पना गर्न सकिन्न । राष्ट्र निर्माणमा राजनीतिक दलहरूको ठूलो हात वा भूमिका हुन्छ । राजनैतिक दललाई प्रजातन्त्रको आधारशिला एवम् प्राण मानिन्छ । यसलाई सरकारको चौथो अङ्गको रूपमा मानिन्छ । यसरी दलहरू विना संसदीय शासन व्यवस्था चल्न सक्दैन । राजनैतिक दलले नै जनतालाई सङ्गठन र टेवा प्रदान गर्दछ । राजनैतिक दल प्रजातन्त्रको मेरूदण्ड हो । राजनीतिक दलहरूले निम्नलिखित कार्यहरू गरेर आफ्नो भूमिका निर्वाह गर्दछ ।

१. जनतामा राजनैतिक चेतनाको प्रचार ।
२. सार्वजनिक नीतिहरूको निर्माणमा जनताको नेतृत्व ।
३. शासन सञ्चालन गर्नु तथा आलोचना गर्नु ।
४. सरकार र जनताबीच कडीको काम गर्नु ।

राजनीतिक दलहरूले समय समयमा सार्वजनिक आमसभा आदि गरेर आ-आफ्नो दलको विचारहरू जनता समक्ष राख्दछन् । विभिन्न राजनीतिक दलहरूबाट प्रकाशित पत्रपत्रिकाहरूले जनतामा राजनीतिक चेतनाको प्रचार एवम् विकास गर्दछ ।

सर्वसाधारण जनताले शासन सञ्चालनमा देखिएका जटिल समस्याहरूलाई राम्ररी बुझ्न सकेका हुँदैनन् । राजनीतिक दलहरूले त्यस्ता समस्याहरूलाई आमसभा, समाचारपत्र आदिको माध्यमबाट जनता समक्ष राख्ने गर्दछ ।

आम निर्वाचनमा जुन दलले बहुमत प्राप्त गर्दछ सोही दलले सरकारको गठन गर्दछ । यसरी शासन सञ्चालनसम्बन्धी सम्पूर्ण अधिकार त्यही दलमाथि हुन्छ र जुन दलको बहुमत हुँदैन त्यो दलले विपक्षीको भूमिका निर्वाह गर्दछ र सत्तारूढ दल र सरकारको आलोचना गरि सरकारको स्वेच्छाचारितामाथि नियन्त्रण राख्दछ ।

राजनीतिक दलले जनता र सरकारको बीच कडीको काम गर्दछ । राजनीतिक दलले नै सरकारको नीति, कार्यक्रम, आदिको सूचना जनतालाई दिने एवम् जनताको विचार, चाहना एवम् आवश्यकताहरूलाई सरकार समक्ष पुऱ्याउने काम गर्दछ ।

नेपालका प्रमुख राजनैतिक पार्टीहरू निम्न बमोजिम छन् ।

१. नेपाली काङ्ग्रेस:

२००७ सालभन्दा अगाडि जुन बेला नेपालमा जहाँनिया राणा शासन थियो र जनतालाई कुनै पनि राजनैतिक वा अन्य संघसंस्था खोल्ने अधिकार थिएन । २००३ साल कार्तिक १५ गते बनारसमा "अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस" को स्थापना भएको थियो । कलकत्तामा भएको यस संस्थाको सम्मेलनले यसको नाम परिवर्तन गरेर "नेपाली राष्ट्रिय काङ्ग्रेस" राख्यो । २००५ सालमा "नेपाल प्रजातान्त्रिक काङ्ग्रेस" को स्थापना भयो । २००६साल चैत्रमा कलकत्तामा नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातान्त्रिक काङ्ग्रेस मिलेर नेपाली काङ्ग्रेस पार्टी बन्यो ।
यो पार्टीको मुख्य उद्देश्य राष्ट्रियता, प्रजातन्त्र र समाजवादको प्राप्ति र रक्षा गर्नु हो । यो पार्टीको झण्डा सेतो भुईमा ४ वटा राता ताराहरु अङ्कित रहेको हुन्छ । यस पार्टीको चुनाव चिन्ह "रूख" हो ।

२. नेपाल कम्युनिष्ट पार्टी: (एमाले)

कम्युनिष्ट पार्टीको स्थापना २००६साल बैशाख ८ गते स्वर्गीय पुष्पलालद्वारा कलकत्तामा भएको थियो ।
यो पार्टीको अधिकत्तम लक्ष्य समाजवाद र साम्यवादको स्थापना गर्नु हो भने न्यूनत्तम लक्ष्य बहुदलीय प्रतिस्पर्धामा आधारित नयाँ जनवादको स्थापना गर्नु हो । यो पार्टीको झण्डा रातो भुईंमा माथि बाँयापट्टिको कुनामा सेतो रङ्गको हँसिया हथौडा खप्टिएको चिन्ह अङ्कित हुन्छ । यो पार्टीको चुनाव चिन्ह "सूर्य" हो । हाल यो पार्टी नेपाल कम्युनिष्ट पार्टी एमाले र नेपाल कम्युनिष्ट पार्टी मालेमा विभाजन भएको छ ।

३. नेपाल सदभावना पार्टी:

नेपाल सदभावना पार्टीको जन्म २०४७ साल बैशाखमा भएको हो ।
यस पार्टीको मुख्य उद्देश्य आर्थिक, राजनैतिक, सामाजिक, भाषा, सांस्कृतिक शोषण र भेदभावलाई समाप्त गरि एक सुदृढ जनतान्त्रिक समतावादी समाजको स्थापना गर्नु हो । यो पार्टीको झण्डामा सबैभन्दा माथि रातो धर्को त्यसपछि क्रमश: सेतो र हरियो गरि तीन रङ्गको हुन्छ र सेतो धर्कोमा रातो रङ्गको हलोको चिन्ह अङ्कित हुन्छ । यस पार्टीको चुनाव चिन्ह "पंजा" हो ।

४. *राष्ट्रिय प्रजातन्त्र पार्टीः*

*राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना पनि २०४७ सालपछि भएको हो । यो पार्टीको उद्देश्य राष्ट्रियता र प्रजातन्त्रको रक्षा गर्नु रहेको छभने पार्टीको झण्डा नीलो भुईंको बीचमा सेतो चक्का र चक्कामाथि हलोको चिन्ह अङ्कित रहेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीको चुनाव चिन्ह हलो हो । हाल यो पार्टी आपसमा कलहले थापा र चन्दमा विभाजन भएको छ ।*

४. उपलब्धिः-

सत्रको उपलब्धि लेख्नुहोस् ।

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

एकाइ:- ४ कक्षा:- १०
दिन:- ९ सत्र:- २

# पाठ:- निर्वाचन र निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिका ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाइँहरू निम्न कार्य गर्न सक्नुहुनेछ ।

क) यस विषयवस्तुको अध्ययनपश्चात् कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ख) कक्षा शिक्षणको लागि विशिष्ट/व्यावहारिक उद्देश्यहरू चयन गर्न ।
ग) निर्वाचनमा नागरिकले खेल्नु पर्ने भूमिकाका बारेमा कक्षा शिक्षणका लागी नाटकीय विधिद्वारा कक्षा शिक्षण गर्न नाटक रचना गर्न ।
घ) विषयवस्तु शिक्षणको लागि आवश्यक हुने शैक्षिक सामग्रीहरूको छनोट गर्न ।
ङ) विद्यार्थी मूल्याङ्कनका लागि Case analysis type का प्रश्नहरू तैयार गर्न ।

## २. शैक्षिक सामग्री:-

क) सामाजिक शिक्षाको पाठ्यक्रम
ख) नेपाल अधिराज्यको संविधान २०४७
ग) मतपत्रको नमुना वनाइएको फ्लास कार्ड
घ) निर्वाचनमा नागरिकहरूले मतदान गरिरहेको चित्र

## ३. क्रियाकलाप:-

क) पाठयक्रमबाट विषयवस्तु अध्ययनवाट कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन टिपोट गर्नुहोस् ।

........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................

ख) उद्देश्य प्राप्त गर्न समाविष्ट विषयवस्तु, सहायक विषयवस्तुहरू केके हुन् टिपोट गर्नुहोस् ।

........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................

ग) विषयवस्तु अध्ययन गरि कक्षा शिक्षणका लागि उद्देश्य पूरा गर्ने किसिमका व्यावहारिक उद्देश्य तयार गर्नुहोस् ।

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

घ) विषयवस्तु अध्ययन गरि निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिकाका वारेमा कक्षा शिक्षणमा नाटकीय विधिद्वारा पाठ अध्यापन गर्न नाटकको वुँदा टिपोट गर्नुहोस् ।

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

ङ) विषयवस्तु शिक्षणको लागि आवश्यक पर्ने शैक्षिक सामग्री टिपोट गर्नुहोस् ।

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

च) विद्यार्थी मूल्याङ्कनका लागि Long type question मा Case analysis प्रश्न का बारेमा छलफल गर्नुहोस् र टिपोट गर्नुहोस् ।

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

छ) क देखि च सम्मको क्रियाकलापमा संलग्न भई सकेपछि समूहमा प्रत्येकका बारेमा छलफल गरि निष्कर्ष दिनुहोस् ।

*निर्वाचन र निर्वाचनमा नागरिकले खेल्नु पर्ने भूमिका:-*

*प्रजातान्त्रिक शासन व्यवस्था भएका देशमा जनताले शासन व्यवस्था सञ्चालन गर्न जनप्रतिनिधिहरूको निर्वाचन गर्दछन् । यस्ता जनप्रतिनिधिहरू विशेष गरि संसदको तल्लो सदनको लागि निर्वाचित हुन्छन् । संसदको तल्लो सदनलाई प्रतिनिधि सभा भनिन्छ । प्रतिनिधि सभाका सदस्यहरू एउटा निश्चित अवधिको लागि निर्वाचित हुन्छन् । कानुनले तोकेको उमेर पुगेका नागरिकहरूले मात्र आफ्नो प्रतिनिधि छान्ने अधिकार पाएका हुन्छन् र यस्ता नागरिकलाई मतदाता भनिन्छ । नेपालमा १८ बर्ष उमेर पुगेका नागरिकलाई आफ्नो प्रतिनिधि छान्ने अधिकार दिइएको पाइन्छ । यसैगरि निर्वाचनमा उम्मेदवार हुन पनि कानुनले तोकेको योग्यताहरूलाई पूरा गरेको हुनुपर्दछ । नेपालको सन्दर्भमा संसद सदस्य हुनको लागि निम्नलिखित योग्यता हुनुपर्दछ ।*

*१. नेपालको नागरिक*
*२. प्रतिनिधि सभाको लागि २५ वर्ष र राष्ट्रिय सभाको लागि ३५ वर्ष उमेर पुगेको ।*
*३. कुनै लाभको पद धारणा नगरेको ।*
*४. कुनै कानुनले अयोग्य नभएको ।*

*नेपालमा निर्वाचन कार्य सम्पन्न गराउनको लागि एउटा निर्वाचन आयोगको व्यवस्था गरिएको छ । यसले मतदाताहरूको नामावली प्रकाशन गर्ने, विभिन्न निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतहरू खटाउने, निर्वाचन आयोगमा दर्ता भएका दलहरूलाई चुनाव चिन्ह दिने जस्ता कार्यहरू गर्दछ । निर्वाचन आयोगले निर्वाचनको मिति र समय तोकेपछि मतदाताहरूले आफूलाई मन परेको दलको चुनाव चिन्हको अगाडि छाप लगाएर आफ्नो मतपत्र मतपेटिकामा खसाल्ने काम गर्दछ ।*

*मतदानको कार्य सम्पन्न भइसकेपछि मतगणनाको कार्य सुरु हुन्छ र सबैभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित घोषित गरिन्छ । नेपालमा पनि प्रतिनिधि सभाको निर्वाचन यसै गरि गरिन्छ ।*

## ४. उपलब्धिः-

सत्रको उपलब्धि लेख्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

# पाठः- अघिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरू ।

## १. उद्देश्यहरूः-

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क) सत्र १ र २ मा टिपोट गरे बमोजिम विषयवस्तु कक्षा शिक्षणमा प्रयोग गर्न आवश्यक पर्ने व्यावहारिक उद्देश्य, क्रियाकलाप, पाठयोजना सूची, चार्ट, नाटक, तयार गर्न ।

## २. शैक्षिक सामग्रीः-

काडवोर्ड, पेन्सील, कैंची, साइनपेन, स्केल, गम, स्रोत सामग्री ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशानुसार व्यक्तिगत वा सामूहिक रुपमा सत्र १ र २ मा टिपोट गर्नु भए बमोजिम विषयवस्तु अध्यापन गराउन आवश्यक पर्ने क्रियाकलापहरूको निर्माण कार्यमा संलग्न हुनुहोस् ।

## ४. उपलब्धिः-

सत्रको उपलब्धि लेख्नुहोस् ।

............................................................................................................................

............................................................................................................................

............................................................................................................................

............................................................................................................................

एकाइः- ४ कक्षाः- १०
दिनः- ९ सत्रः- ४

# पाठः- सत्र तीनका क्रियाकलापहरूो प्रस्तुतीकरण ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाइँहरू निम्न कार्यगर्न सक्नुहुनेछ ।

(क) सत्र ३ मा निर्माण गरेका विषयवस्तु अध्यापनको लागि तयार पारेका सामग्रीहरू व्यक्तिगत वा समूहबाट प्रस्तूत गर्न ।

(ख) उद्देश्य नं 'क' अनुसार सामग्रीहरू व्यक्ति वा समूहबाट प्रस्तुत गरेपछि ती सामग्रीहरूबाट शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता/सरलता हुन सक्यो सकेन मूल्याङ्कन गर्न ।

## २. शैक्षिक सामग्रीः-

सत्र ३ मा निर्मित सामग्रीहरू ।

## ३. क्रियाकलापः-

क) प्रशिक्षकको निर्देशानुसार सत्र ३ मा निर्माण गरेका सामग्री प्रस्तुत गर्नुहोस् ।

ख) क्रियाकलाप नं क अनुसार सामग्री प्रस्तुत गरेपछि ती सामग्रीहरूबाट शिक्षण सिकाइ क्रियाकलापमा सुधार हुनसक्ने नसक्नेबारे समूह छलफल गर्नुहोस् र समूहबाट सुधारिए अनुसार आफूले तयार पारेका सामग्रीहरू सच्याउनुहोस् । छलफलबाट प्राप्त निष्कर्ष टिपोट गर्नुहोस् ।

## ४. उपलब्धिः-

आजको उपलब्धि लेख्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

एकाइः- ५ कक्षाः- ९
दिनः- १० सत्रः- १

# पाठः- नेपालमा सामाजिक सेवासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको योगदान र सामाजिक समस्या निराकरणमा तिनीहरूले खेलेको भूमिका ।

## १. उद्देश्यहरूः-

यो सेसनको क्रियाकलापमा सरिक भएपछि तपाईं निम्न कुराहरूमा सक्षम हुनुहुनेछ ।

१. यस विषयवस्तुको अध्ययनपश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
२. यस विषयवस्तु अर्न्तगत समावेश भएका सहायक विषयवस्तुहरू पत्ता लगाई तिनीहरूको सङ्क्षिप्त परिचय दिन ।

## २. शैक्षिक सामग्रीः-

पत्रपत्रिकाका तस्बिर, समाचार र समाचार कटिङ, चार्ट, लोगोहरू ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार निम्नलिखित क्रियाककलापहरूमा सरिक हुनुहोस् ।

क) पाठ्यक्रम पल्टाउनुहोस् र तलको पाठ अध्ययन गर्नुहोस ततपश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पत्ता लगाई टिपोट गरेर प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) यस पाठसँग सम्बन्धित यसको अन्तमा दिइएको विषयवस्तुको अध्ययन गर्नुहोस् र यस अर्न्तगत रहेका सहायक विषयवस्तु टिपोट गर्दै जानुहोस् अनि कक्षामा प्रशिक्षकले सोधेअनुसार सङ्क्षिप्त परिचय दिनुहोस् ।

ग) विभिन्न संस्थाहरूको बारेमा समूहगत छलफल गरि समूहगत रूपमै ती संस्थाहरूको बारेमा जानकारी प्रस्तुत गर्ने र प्रशिक्षकसँग सोधी प्रत्येक संस्थाको परिचयबारे अन्तिम निष्कर्ष निकाल्नुहोस् ।

*विषयवस्तुको परिचयः-*

*संसारमा विभिन्न उद्देश्य लिएर आफ्नै विधि, नियमका आधारमा चल्ने संस्थाहरू छन् यी विश्वव्यापी तथा राष्ट्रिय, क्षेत्रीय र स्थानीय रूपमा रहेका छन् । यी स्वतन्त्र अस्तित्वका हुन्छन् । यस्ता संस्था जहाँ भए पनि यिनीहरूको काम सामाजिक सेवा गर्नु हो ।*

यिनिहरू INGO र NGO का रुपमा पनि छन्, जस्तै- WHO, UNICEF, UNESCO, UNDP, स्काउट, रेडक्रस, लियो र लाईन्स क्लब आदि । यस्ता संस्थाहरूको वातावरणीय सुरक्षा, शैक्षिक सेवा, जनचेतना,विकास निर्माण, स्वास्थ सेवा, समाजकल्याण आदि क्षेत्रमा योगदान पुयाउँदै आएका छन् ।

सामाजिक समस्या निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका -

सामाजिक समस्या निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै: रेडक्रस, स्काउट, लियो, लाईन्स क्लब, आदिले महत्वपूर्ण भूमिका खेलेको छन् । यहाँ ती संस्थाहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको - रेडक्रस (Red cross ) - यो सामाजिक संस्था हो । यसको सूत्रपात गर्ने स्विस नागरिक जिन हेनरी डयुना (Jean Henry Dunant ) ले गरेका हुन् । उनले इटलीमा ब्यापारको कामले पुग्दा त्यहाँको दर्दनाक युद्धको भयावह परिस्थिति देखेर घाइतेहरूको सहयोगका लागि सन्, 1863 मा अन्तर्राष्ट्रिय समिति गठन गरेर सोही बर्ष स्विटजरल्याण्डको जेनेभामा यो संस्थाको स्थापना गरे । सन् 1864 मा रेडक्रस चिन्ह ✚ प्रकाशमा आयो । हाल १२६भन्दा वढि देशमा यसका साखा र राष्ट्रिय रेडक्रस समाज छ । यसले गर्ने सेवा - ड्रेसिङ, राहत, स्वास्थ्य सेवा, सामुदायीक विकास, रक्तसंचार, एम्बुलेन्स, परिवारनियोजन, पौष्टिक आहार, पुर्नवास, स्वास्थ्य, तालिम आदि कार्य गर्दछ -यसमा ५ प्रकारको सदस्य रहन्छन् जस्तै:- साधारण, आजीवन, विशिष्ट यसस्कर, मानार्थ । यसले हालसम्म विश्वमा जाति वर्ण, लिङ्ग, भेदभाव, नगरि सेवा प्रदान गर्दै आएको छ । नेपालमा पनि २०२० सालदेखि यो संस्था खोलिएको छ यसको कार्यालय कालिमाटी काठमाडौंमा छ । स्काउट (Scout )- स्काउटको अर्थ सत्य, एकतावद्ध, आज्ञाकारी, विनम्र हुनु हो । यो बेलाईतका वंडेन पावेलले सुरु गरेका हुन् । Boys Scout सन् 1907 र Girl Scout सन् 1910 मा स्थापना भएको हो । Scout को अर्थ Service, Courteous, Obedient , Unit, Truth हो । यसले युवाहरूको लागि स्वयंसेवी, धर्मको भेदभाव नराखी खुला कार्यक्रम सञ्चालन गर्दछ । यसका सिद्धान्तहरू-परमेश्वरप्रति कर्तब्य, अरुप्रति कर्तव्य, आफूप्रति कर्तब्य र प्रतिज्ञा तथा नियम प्रतिनिष्ठा हुन् । नेपालमा पनि वि.सं. २००९ सालमा नेपाल स्काउटको स्थापना भएको हो । यसको कार्यालय लैनचौर काठमाडौमा छ । स्काउटले सेवा कार्य, सामुदायिक विकास कार्य, शिक्षा, स्वास्थ आदि क्षेत्रमा कार्य गर्दछ । लाईन्स र लियो क्लव (Lions & Leo Club ) -यसका उद्देश्यहरू विभिन्न राष्ट्रका व्यक्ति बीच सम्बन्ध र समझदारी बढाउनु हो र यसको स्वस्थ्य, शिक्षा, अन्धा वालवालिकाहरूलाई सहयोग तथा UNO का कार्यक्रमहरूको प्रचार प्रसार गर्दछ । Leo Club मा युवायुवतीहरू समावेश हुन्छन् भने Lions Club मा अभिभावक, चन्दादाता, वृद्धहरू पनि रहन्छन् । यो क्लवको स्थापना सन् 1917 मा अमेरिकी मेलविन जोन्सनले गरेका हुन् । लाईन्स क्लवको आदर्श "हामी सेवा गरौं " हो । हाल विश्वमा १३०भन्दा वढी देशमा यस्ता क्लव खोलिएका छन् । यसले मासिक पत्रिका The Lion प्रकासन गर्दछ । यो क्लवमा धनाढ्यहरूले वढी सूल्क पनि दिन्छन् । सो रकम विभिन्न सामाजिक सेवामा लगाईन्छ । लाईन्स क्लवको प्रधान कार्यालय अमेरीकाको शिकागो सहरमा छ । यसले UNO को आर्थिक एवम् सामाजिक परिषदमा परामर्श दातृको रूपमा कार्य गरेको छ ।

४. उपलब्धि:-

माथिको विषयवस्तुको बोध के कत्तिको भएको महसुस गर्नु भएको छ । अन्तमा मूल्याङ्कन गर्नुहोस् आवश्यक भएमा प्रशिक्षार्थीको सहयोग लिनुहोस् ।

एकाइ:- ५ कक्षा:- ९
दिन:- १० सत्र:- २

# पाठ:- नेपालमा सामाजिक सेवासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको योगदान र सामाजिक समस्या निराकरणमा तिनीहरूले खेलेको भूमिका ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईं निम्नलिखित कुराहरू गर्न सक्षम हुनुहुनेछ ।

क) तलका सहायक विषयवस्तुहरूको परिचय दिन ।
  १) नेपालमा सामाजिक सेवासम्बन्धी संस्थाहरूको महत्व ।
  २) रेडक्रसले गर्ने कार्य ।
  ३) लियो क्लवको परिचय ।

ख) सहायक विषयवस्तु शिक्षणका सन्दर्भमा छलफलमा आउन सक्ने सम्भाव्य विषयवस्तुको निर्क्योल गर्न ।

ग) सहायक विषयवस्तुलाई आवश्यक शिक्षण घण्टीमा विभाजन गर्न ।

## २. शैक्षिक सामग्रीहरू:-

पत्रपत्रिकाको कटिङ, तस्बिरहरू, चार्ट, लोगो, आदि ।

## ३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशानुसार निम्नलिखित क्रियाकलापहरूमा सरिक हुनुहोस् ।

क) सत्र १ को विषयवस्तुको पुनरावृत्ति गर्नुहोस् र सोही अनुसार हाम्रो देशमा सामाजिक सेवासम्बन्धी संस्थाहरू के के छन् परिचय दिई महत्व पनि बताउनुहोस् । रेडक्रस र लियो क्लवले के कस्ता कार्यहरू गर्दछन् उदाहरण दिएर परिचय दिनुहोस् ।

ख) माथिका सहायक विषयवस्तु शिक्षणका सन्दर्भमा अन्य थप सम्भाव्य विषयवस्तुहरूको खोजी गर्नुहोस् र तलको तालिकामा भर्नुहोस् ।

| | |
|---|---|
| १. | |
| २. | |
| ३. | |

सम्भाव्य विषयवस्तुहरू प्रशिक्षकलाई देखाउनुहोस् र प्रशिक्षकले निर्देशन दिए अनुसार परिचय पनि दिनुहोस् ।

ग) सहायक विषयवस्तुलाई आवश्यक शिक्षण घण्टीमा तलको तालिकामा भर्नुहोस् ।

| सहायक विषयवस्तु | शिक्षण घण्टी |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

विभाजित शिक्षण घण्टीबारे तपाईंको समूहमा छलफल गर्नुहोस् र समूहको निष्कर्ष प्रशिक्षकलाई वताउनुहोस् ।

४. उपलब्धिः-

माथि गरेका क्रियाकलापले तपाईंको शिक्षण कार्यमा के परिवर्तन आउने अपेक्षा गर्नुभएको छ । छलफल गरि तर्कसहित बताउनुहोस् ।

एकाइः- ५ कक्षाः- ९
दिनः- १० सत्रः- ३

# पाठः- अघिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरू ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईं निम्न कुराहरू गर्न सक्षम हुनुहुनेछ ।

क) माथिको विषयवस्तुसंग सम्वन्धित विशिष्ठ उद्देश्यहरू चयन गर्न ।
ख) आवश्यक शैक्षिक सामग्रीहरूको छनोट गरि निर्माण गर्न ।
ग) शिक्षण सिकाइ क्रियाकलापहरू छनोट गर्न ।
घ) विद्यार्थी मूल्याङ्कनका उपायहरू निर्क्योल गर्न ।
ङ) सूक्ष्म शिक्षणका लागि तयारी गर्न ।

## २. शैक्षिक सामग्रीः-

रुलर, पेपर, सिसाकलम, तालिका, पोस्टर, समाचार कटिङ, लोगो ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशानुसार निम्नलिखित क्रियाकलापमा सरिक हुनुहोस् ।

क) माथिको विषयवस्तु शिक्षण गर्न के कस्ता विशिष्ट उद्देश्यहरू निर्माण गर्नुपर्दछ तीन चारओटा उद्देश्यहरू निर्माण गर्नुहोस् र निर्मित उद्देश्यहरू समूहमा प्रस्तुत गरेर निष्कर्ष प्रशिक्षकलाई देखाई आवश्यक पृष्ठपोषण लिनुहोस् ।

ख) उक्त विषयवस्तु प्रस्तुत गर्न के कस्ता शैक्षिक सामग्रीहरू आवश्यक पर्दछन् छनोट गर्नुहोस् र टिपोट गरि प्रशिक्षकलाई देखाउनुहोस् । प्रशिक्षकको निर्देशन अनुसार वाक्लो कागजमा एउटा सामग्री निर्माण गरि प्रदर्शन गर्नुहोस् ।

ग) शिक्षण गर्दा सिकाइ क्रियाकलाप सञ्चालन गर्न के कस्ता शिक्षण विधिहरू छान्नुहुन्छ । तलको तालिकामा भर्नुहोस् ।

| विषयवस्तु | शिक्षण विधि |
|---|---|
| १. | |
| २. | |
| ३. | |

घ) यस सत्रभन्दा पहिलेका सत्र १ र २ का उद्देश्यहरू पूरा भए नभएको मापन गर्न मूल्याङ्कनका उपायहरू रोज्नुहोस् र सङ्क्षिप्त उत्तरात्मक ५ ओटा र वस्तुगत ५ ओटा प्रश्नहरू निर्माण गर्नुहोस् । निर्माण गरेका प्रश्नहरू प्रशिक्षकलाई देखाई आवश्यक सुझावहरू लिनुहोस् ।

ङ) अव सूक्ष्म शिक्षणका लागि दैनिक पाठयोजना निर्माण गर्नुहोस् । निर्माण गरेको पाठयोजना बारे समूहमा छलफल गर्नुहोस् । उपयुक्त पाठ योजना तयार भए नभएको प्रशिक्षकलाई देखाउनुहोस् र प्रशिक्षकबाट केही सुधार र संशोधन गर्न भनेमा परिमार्जन गरि सूक्ष्म शिक्षणका लागी तयारी रहनुहोस् ।

४ उपलब्धि:-

के तपाईं निम्न कार्यमा सक्षम हुनुभयो ?

क) विषयवस्तु अनुसार नयाँ शिक्षण सिकाइ क्रियाकलाप छनोट गर्न ।
ख) पाठ्यवस्तु समेटने गरि आवश्यक शैक्षिक सामग्री छनोट गर्न ।

(सूक्ष्म शिक्षण सामूहिक प्रस्तुतीकरण)

एकाइ:-५ कक्षा:-९
दिन:- १० सत्र:- ४

## पाठ:- सत्र तीनका क्रियाकलापहरूको प्रस्तुतीकरण ।

प्रशिक्षकको निर्देशानुसार निम्नानुसार ४ समूहमा विभाजित हुनुहोस् ।

समूह A, यो एउटा समूहमा ८ जना प्रशिक्षार्थीहरू कालोपाटी अगाडि बस्नुहोस् । त्यस मध्ये एकजना सूक्ष्म शिक्षण गर्नका लागि शिक्षकको भूमिका निर्वाह गर्नुहोस् ३ जना अवलोकन कर्ता रहनुस् र ४ जना विद्यार्थीको भूमिका खेल्नुहोस् । अव शिक्षकले विद्यार्थीहरूलाई सूक्ष्म शिक्षण गर्नुहोस् अवलोकन कर्ताहरूले विषयवस्तु प्रवेस, प्रस्तुतीकरण, उदाहरण, विधि र सामग्री छनोट, मूल्याङ्कन र विसर्जन शिक्षकले गर्दै गरेको टिपोट गर्दै जानुहोस् । शिक्षकको सूक्ष्म शिक्षणबारे सवल पक्षहरू र अरु सुझावहरू सबै समूहलाई जानकारी दिन एकजना अवलोकन कर्तामध्येबाट समूह नेता छान्नुहोस ।

समूह B, समूह B मा ४जना छनोट भई प्रशिक्षकको निर्देशानुसार कक्षा कोठाको एक छेउमा बस्नुहोस् र विषयवस्तु शिक्षण गर्न के कस्ता शैक्षिक सामग्री चाहिन्छन् सबैको सूची वनाउनुहोस् सो मध्ये एउटा बाक्लो कागजमा तयार पार्नुहोस् सो तयार पारेको सामग्री निर्माण गरेको तरिका र प्रदर्शन गर्न एकजना समूह नेता छनोट हुनुहोस् ।

समूह C, यो समूहमा ५ जना सहभागीहरू प्रशिक्षकको निर्देशन अनुसार एक ठाउँमा रहनुहोस् र माथिको पाठ शिक्षण गर्न कस्ता शिक्षण सिकाइ क्रियाकलापहरू आवश्यक पर्दछन् छनोट गर्नुहोस् । विषयवस्तु शिक्षण गर्न उपयुक्त शिक्षण विधि छुट्टाछुट्टै टिपोट गर्नुहोस् । उक्त शिक्षण विधिहरूवारे अरु समूहलाई प्रस्तुत गर्न एकजना समूह नेता छनोट हुनुहोस् ।

समूह D, मा बाँकी सहभागी कक्षा कोठाको एक ठाँउमा गएर बस्नुहोस् र प्रशिक्षकको निर्देशन अनुसार विषयवस्तुका उद्देश्यहरू पूरा गर्ने खालका १० ओटा मूल्याङ्कनका साधन, प्रश्नहरू निर्माण गर्नुहोस् । प्रश्नहरू सङ्क्षिप्त उत्तरात्मक, विषयगत र वस्तुगत गरेर छुट्टाछुट्टै लेख्नुहोस् । निर्माण गरेका प्रश्न सामूहिक प्रस्तुतीकरण गर्न एकजना समूहनेता छनोट हुनुहोस् ।

अव ४ वटै समूहका सहभागीहरू कालोपाटी अगाडि एकतृत हुनुहोस् र सबै समूह नेताहरूले आफ्नो समूहले गरेका कार्यबारे प्रस्तुतीकरण गर्नुहोस् ।

समूह नेताहरूले गरेको प्रस्तुतीकरणबारे सामूहिक, व्यक्तिगत अन्तरक्रिया गर्नुहोस् र सुझावहरू पनि दिनुहोस् ।

माथिका सबै समूहले गरेका कार्यहरू र समूह नेताले गरेको प्रस्तुतीकरण बारे प्रशिक्षकबाट दिएको सुझव, सल्लाह बारेको पृष्ठपोषण लिनुहोस् । सबै मिली अन्तिम निष्कर्ष निकाल्नुहोस् ।

एकाइ:-५ कक्षा:- १०

दिन:- ११ सत्र:- १

# पाठ:- सामाजिक संघ र सामाजिक समस्या निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका ।

१. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईं निम्न कुराहरू गर्न सक्षम हुनुहुनेछ ।

क) यस विषयवस्तुको अध्ययनपश्चात् कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।

ख) यस विषयवस्तु अन्तरगत समावेश भएका सहायक विषयवस्तुहरू पत्ता लगाई तिनीहरूको परिचय दिन ।

२. शैक्षिक समग्री:-

समाचार पत्रका अंशहरू, पत्रपत्रिका, समाचार कटिङ, तस्बिरहरू, चार्ट, लोगो ।

३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशन अनुसार निम्नलिखित क्रियाकलापहरूमा सरिक रहनुहोस् ।

क) सामाजिक संघ र सामाजिक समस्या निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका विषयवस्तु अध्ययन पश्चात् कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउनुहोस् र प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) माथिको विषयवस्तुसंग संम्बन्धित पाठ्यवस्तुको अध्ययन गर्नुहोस् र सोसंग सम्बन्धित सहायक विषयवस्तुहरू कपीमा टिपोट गर्दै जानुहोस् । पाठ्य विषयवस्तु यसको अन्तमा दिइएको छ ।

*विषयवस्तुको परिचय:-*

*सामाजिक क्षेत्रमा रहेका विभिन्न समस्याहरू पहिचान गरि तिनीहरूको निराकरण गर्न संसारमा विभिन्न प्रकारका अन्तर्राष्ट्रिय संघसंस्था सकृय रहेका छन् जस्तै शरणार्थी सहयोग सङ्गठन, एस.ओ.एस, एड्स रोग नियन्त्रण संस्था, अवैध ब्यापार निराकरण, लागुपदार्थ दुर्व्यसन निवारण आयोग, पुनर्वासयोजना, अन्धाअपाङ्ग संघ आदि । यिनिहरू सबैले विश्वभर जातजाती, वर्ण लिङ्ग, देश, भेदभाव नगरि स्वतन्त्रपूर्वक सामाजिक सेवाहरू प्रदान गर्दै आएका छन् ।*

संघ संस्थाहरूको सङ्क्षिप्त परिचय यस प्रकार छ:-

शरणार्थी सहयोग सङ्गठन:- यसको प्रमुख उद्देश्य शरणार्थीहरूको सुरक्षा गर्नु र शरणार्थीहरूको समस्याको स्थायी समाधानका उपायहरूको खोजी गर्नु हो । यसका कार्यहरू शरणार्थीहरूलाई राजनैतीक शरण दिलाउनु, शरण दिएपछि निस्काशन गर्न नपाउने ब्यवस्था मिलाउनु, कानुनको संरक्षण र तत्कालै वसोवास र खानपानको व्यवस्था मिलाउनु आदि हुन् । यसको स्थापना सन् 1950 मा भएको हो । यसले २ पटक 1954 र 1981 मा नोवेल पुरस्कार प्राप्त गरिसकेको छ । ।

एस.ओ.एस.(SOS= Save our Soul )- SOS को अर्थ आफ्नो आत्मा वचाउँ हो । यसको परिकल्पना अस्ट्रियन नागरिक प्रा.हर्मन माइनरले गरेका हुन् । सर्वप्रथम सन् 1949 मा उनले अस्ट्रियामा S.O.S.Children Village को स्थापना गराए । यसले विश्वभरका असहाय, अनाथ वालवालिकाहरूलाई सहानुभूतिपूर्वक जीवनयापन गर्न समायोजन गर्दछ । घरवारविहीन परिवारिक स्नेह नभएकालाई स्वतन्त्र जीवन विताउन सहयोग पु-याउँदछ । S.O.S. को सुविधा हाल १२४भन्दा वढी मुलुकमा रहेको छ । यसको विस्तार संसारमा अन्य देशमा पनि विस्तार हुँदैछ । नेपालमा पनि SOS Children Village काठमाडौं, वनेपा, पोखरा, सुर्खेत, आदि ठाउँमा रहेका छन् । एड्स रोग नियन्त्रण- AIDS = Acquired Immune Deficiency Syndrome को अर्थ शरीरमा भएका विभिन्न रोगहरुसँग लड्न प्रतिरोध शक्ति नष्ट हुने रोग एड्स हो । यो रोग सार्ने सूक्ष्म भाइरसलाई (H.I.V) Human Immune Dificiency Virus भनिन्छ । यसको उपचार औषधी पत्ता लगाई सकिएको छैन । सर्वप्थम सन् 1981 मा यो रोगबारे थाहा भएको हो । विश्वमा हाल एक करोडभन्दा वढीलाई H.I.V.जीवाणु प्रवेश गरिसकेको छ । यो रोग H.I.V को सम्पर्क भएको ब्यक्तिसँग यौन सम्पर्क राख्नाले, रगत लिनाले, एउटै खोपको सुई प्रयोग गर्नाले र संक्रमण भएको आमाबाट जन्मेको वच्चा आदिमा सर्दछ ।
यसको लक्षण ज्वरो आइरहनु, पसिना आउनु, कमजोर हुनु, वजन घटनु, आदि हुन् ।

यसको वचाउ गर्ने तरिका:- धेरैसंग यौन सम्पर्क नराख्ने, सुइलाई निर्मलिकरण गरेर मात्र प्रयोग गर्ने, नसालु पदार्थ सेवन नगर्ने आदि छन् । यो रोग वढी अफ्रिका त्यसपछि एसीया, अमेरिका मुलुक, युरोप आदितिर प्रभावित हुदैछ । जनचेतना जगाउने उद्देश्यले December १ तारिखका दिन विश्व एड्स दिवस मनाईन्छ । नेपालमा पनि यो रोगबाट कैयौको मृत्यु भएको छ भने केही प्रभावित छन् यसैलाई निराकरण गर्न नेपालमा "सफलतम" कार्यक्रम संचालित छ ।

अवैध ब्यापार:- राष्ट्रले अपनाएको वाणिज्य नीतिभन्दा फरक किसिमको वन्द ब्यापार र ब्यावसायलाई अवैध ब्यापार भनिन्छ । यो ब्यापार गर्नेले समाज र राष्ट्रको कानुन उलङ्घन गरि प्रशासनको आँखा छलि ब्यक्तिगत स्वार्थका लागि देश, जनतालाई कंगाल बनाउँदछन् । यसमा अपराधी कुख्यात अपराधि गिरोह समावेश भएका हुन्छन् । यो चुनौतिलाई समाधान गर्न हामी सबैको कर्तब्य रहेको हुन्छ । निराकरणका लागि कडा कानुनी प्रतिवन्ध, चेतना वृद्धि, प्रचार प्रसार, सकृय प्रशासन, स्पष्ट वाणिज्य नीति हुनु पर्दछ ।

लागु पदार्थ दुर्ब्यसन निवारण आयोग:- विभिन्न देशहरूले लागु पदार्थ दुर्ब्यसनको कारोवार नियन्त्रण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै नियन्त्रण र रोकथाम गर्न सकृय भएको पाइन्छ । लागु पदार्थ अन्तर्गत गाँजा, चरेस, हेरोईन, व्राउन सुगर, कोकिन आदि पर्दछन् । विश्वमै यस्तो

कारोवार समस्याको रुपमा रहेको छ । त्यसैले यसको विरुद्ध हरेक वर्ष जुन २७ का दिन लागु पदार्थ ओसार पसार विरुद्ध अन्तर्राष्ट्रिय दिवस मनाइन्छ । यसको नियन्त्रणका लागि निम्न कार्यहरू गर्नुपर्दछ – कडा ऐन र कानुन वनाई कार्यान्वयन गराउने, दुर्व्यसनमा परेकालाई उपचार र पुन:स्थापना, जनचेतना, वृद्धि, संघ संस्थाको पहिचान आदि ।
यस सम्वन्धी नियम कार्यान्वन गराउन SAARC मुलुकहरू पनि प्रतिवद्ध भएका छन् ।

पुनर्वास योजना – घरवारविहीन तथा पिउने पानी, शौचालय आदिको सुविधावाट वंचित मानवलाई वसोवास सम्वन्धी कार्ययोजना वनाई वस्ने ठाउँ, अधारभूत सेवा, स्वास्थ र सुरक्षित वातावरण दिलाई रोजगारका कार्यहरू प्रदान गर्नु पुर्नवास योजनाको काम हो ।
नेपालमा आवास तथा भौतिक योजना मन्त्रालयले राष्ट्रिय नीति घोषणा गरि प्राकृतिक प्रकोप पिडित र घर जग्गा विहिनहरूलाई पुर्नवास गराउने प्रयास गरेको पाइन्छ । अक्टोवरको प्रथम सोमवारको दिन विश्व वसोवास दिवस मनाइन्छ । संयुक्त राष्ट्रसंघले सन् 1996 मा एक सम्मेलन (HABITAT) गरि विश्वका सरकारलाई वृहत कार्ययोजना वनाइ लागु गर्ने निर्णय गरेको छ । हाल हयावीटाटको प्रधान कार्यालय केन्याको नैरोविमा रहेको छ ।

अन्धा अपाङ्गसंघ: सुस्त मनस्थिति,लाटा, वहिरा, अन्धा आदि अपाङ्गहरू विश्वमा रहेका छन् । यो संस्थाले अपाङ्गहरूलाई शिक्षा, जनचेतना, उपचार र रोजगार प्रदान पुर्नस्थापना गर्दछ र समाजवाट घृणा, हेय, हुनवाट रोक्ने प्रयास गर्दछ । हरेक वर्षको डिसेम्बर 3 तारिखमा विश्व अपाङ्गदिवस मनाईन्छ । नेपालमा २०२१ साल देखि अपाङ्ग शिक्षावाट वंचित नहुन भनेर लेवोरीटरी मा.वि.बाट शिक्षा सुरु गऱ्यो हाल जोरपाटी, नक्साल, त्रिपुरेश्वर आदि ठाँउमा विभिन्न अपाङ्ग संघसंस्था रहेका छन् ।

माथिको परिचय अध्ययनपश्चात् आपसी छलफल गरि उक्त विषयवस्तु सम्वन्धी सहायक विषयवस्तुको टिपोट गर्नुहोस् र सो अनुसारका बुँदाहरूको सङ्क्षिप्त परिचय दिनुहोस् ।

४. उपलब्धि:-

यस सत्रको विषयवस्तु अध्ययनपछि त्यो सम्वन्धी तपाईंमा वसेका धारणाहरू छलफल गरि निष्कर्ष निकाल्नुहोस् ।

एकाइः- ५ कक्षाः- १०
दिनः- ११ सत्रः- २

# पाठः- सामाजिक सङ्घ र सामाजिक समस्या निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईं निम्न कुराहरू गर्न सक्षम हुनुहुनेछ ।

१. तलका सहायक विषयवस्तुहरूको परिचय दिन ।
   क) सामाजिक समस्या निराकरणमा विभिन्न संघ संस्थाहरूको महत्व
   ख) एड्स रोगवाट बच्ने उपायहरू ।
   ग) अवैध व्यापारको कारणले देशमा निस्कने परिणामहरू ।
   घ) स्थानीय तहमा पुर्नवास गरेका उदाहरणहरू ।
२. सहायक विषयवस्तुहरू शिक्षणका सन्दर्भमा छलफलमा आउन सक्ने संभाव्य विषयवस्तुहरूको निर्क्योल गर्न ।
३. सहायक विषयवस्तुहरूलाई आवश्यक शिक्षण घण्टीमा विभाजन गर्न ।

## २. शैक्षिक समग्रीः-

समाचारपत्रका अंश, पत्रपत्रिकाका कटिङ्ग, तस्विरहरू, चार्ट, लोगोहरू ।

## ३. क्रियाकलाप

प्रशिक्षकको निर्देशन अनुसार निम्नलिखित क्रियाकलापहरूमा सरिक हुनुहोस् ।

क) योभन्दा अगाडिको सत्रको विषयवस्तुको परिचय पुनरावृति गर्नुहोस् र सामाजिक समस्या निराकरणमा संघसंस्थाको महत्व, एड्स रोगको परिचय र रोगबाट बच्ने उपायहरू, अवैध व्यापारबाट देशलाई हुने वेफाइदा र आफ्नो क्षेत्रमा घरवार विहिन, सुकुम्बासीलाई जग्गा वितरण सम्वन्धी सहायक विषयवस्तुहरू सत्र १ को आधारमा परिचय दिनुहोस् ।

ख) सहायक विषयवस्तु शिक्षणका सन्दर्भमा छलफलमा आउन सक्ने थप संभाव्य विषयवस्तु निर्क्योल गर्नुहोस् र तलको तालिकामा भरेर प्रशिक्षकलाई देखाउनुहोस् ।

| |
|---|
| १. .................................... <br> २. .................................... <br> ३. .................................... <br> ४. .................................... |

ग) माथिको सहायक विषयवस्तु शिक्षण गर्न कुन कुन विषयवस्तुलाई कति घण्टीमा विभाजन गर्नु आवश्यक छ । तलको तालिकामा भर्नुहोस् ।

| सहायक विषयवस्तु | शिक्षण घण्टी |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

तालिका भरेर समूहमा छलफल गर्नुहोस् र प्रशिक्षकलाई देखाएर आवश्यक पृष्ठपोषण लिनुहोस् ।

४. उपलब्धिः-

यो सत्रको अन्त्यमा तपाइँमा महसुस भएका कुनै कमीकमजोरी भएमा पहिचान गर्नुहोस् र भोलिको सेसनमा कमजोरी हटाउने उपायको योजना तयार गर्नुहोस् ।

एकाइ:-५ कक्षा:- १०
दिन:- ११ सत्र:- ३

# पाठ:- अघिल्ला दुई पाठसंग सम्बन्धित क्रियाकलापहरू ।

१. उद्देश्यहरू:-

यो सत्रको अन्त्यमा तपाईं निम्न कुराहरू गर्न सक्षम हुनुहुनेछ ।

क) विषयवस्तुसँग सम्बन्धित विशिष्ट उद्देश्यहरू छनोट गर्न ।
ख) आवश्यक शैक्षिक सामग्रीको निर्माण गर्न ।
ग) विद्यार्थी मूल्याङ्कनका उपायहरू निर्क्योल गर्न
घ) सूक्ष्म शिक्षणका लागि तयार गर्न पाठयोजना बनाउन ।

२. शैक्षिक सामग्री:-

समाचार पत्रका अंश, पत्र पत्रिकाका संस्थागत गतिविधिको कटिङ, लोगो, तस्विर, चार्ट ।

३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशन अनुसार निम्न लिखित क्रियाकलापमा सरिक हुनुहोस् ।

क) माथिको पाठ शिक्षण गर्न कस्ता विशिष्ट उद्देश्यहरू निमार्ण गर्नुपर्दछ । कुनै ५ ओटा उद्देश्यहरू छनोट गरि टिपोट गर्नुहोस् र प्रशिक्षकलाई देखाइ आवश्यक निर्देशन लिनुहोस् ।

ख) उक्त विषयवस्तु शिक्षण गर्न कुन कुन शैक्षिक सामग्री आवश्यक पर्दछन् टिप्नुहोस् र तपाईंको विद्यालयमा भएका र नभएका सामग्रीको नाम छुट्टाछुट्टै सूची बनाइ प्रशिक्षकको निर्देशन अनुसार बाक्लो कागजमा २ ओटा उपयुक्त शैक्षिक सामग्रीहरू निर्माण गरेर प्रदर्शन गर्नुहोस् ।

ग) माथि पहिले भएका आजका २ ओटा सत्रका उद्देश्य पूरा भए नभएको मापन गर्ने तरिका टिपोट गर्नुहोस् र तलको तालिकामा प्रश्नहरू लेख्नुहोस् ।

| सङ्क्षिप्त उत्तरात्मक प्रश्न | वस्तुगत प्रश्न |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

निर्मित प्रश्नहरू प्रशिक्षकलाई देखाउनुहोस् ।

घ) अव सूक्ष्म शिक्षणका लागि एउटा पाठ योजना - सामाजिक संघ र सामाजिक समस्या निराकरणमा संघ र संस्थाको भूमिका पाठको आधारमा निर्माण गर्नुहोस् । पाठयोजनाका अङ्ग अनुसार उपयुक्त पाठयोजना वनाउनुहोस् र प्रशिक्षकलाई देखाउनुहोस् । प्रशिक्षकको निर्देशन अनुसार सुधार गर्नु परे गर्नुहोस् अनि सूक्ष्म शिक्षणका लागि पूर्णत तयार रहनुहोस् ।

## ४. उपलब्धि:-

माथिका शिक्षण क्रियाकलापहरूपछि तपाइँमा आएको परिवर्तन के के हुन् टिपोट गर्नुहोस् ।

(सूक्ष्म शिक्षण तथा सामूहिक प्रस्तुतीकरण )

एकाइ:- ५ कक्षा:- १०

दिन:- ११ सत्र:- ४

# पाठ:- सत्र तीनका क्रियाकलापहरूको प्रस्तुतीकरण ।

प्रशिक्षकको निर्देशन अनुसार तपाईंहरू निम्नानुसारका ४ ओटा समूहमा बाँडिनुहोस् र निर्देशन अनुसार कार्यहरू गर्नुहोस् ।

समूह A, समूह A मा ७ जना सहभागीहरू कालोपाटी नजिक रहनुहोस् र एकजना सूक्ष्म शिक्षण गर्न शिक्षक बन्नुहोस् ३ जना विद्यार्थी र ३ जना अवलोकन कर्ताको भूमिका निर्वाह गर्नुहोस् । शिक्षकले विद्यार्थीहरूलाई शिक्षण गर्नुहोस् र अवलोकन कर्ताहरूले शिक्षकले शिक्षण गरेको विषय प्रवेश, प्रस्तुति, उदाहरण, शिक्षण विधि, मूल्याङ्कन आदिको सवल पक्ष, दुर्वल पक्ष र सुधार गर्नुपर्ने क्षेत्रबारे कापीमा टिपोट र अवलोकन गर्दै जानुहोस् । शिक्षणपछि अवलोकन कर्ता मध्ये एकजनालाई सामूहिक प्रस्तुतीकरणका लागि समूह नेता छान्नुहोस् ।

समूह B, समूह B मा ४ जना कोठाको एक भागमा वस्नुहोस् र प्रशिक्षकले बनाउन लगाएका विशिष्ट उद्देश्यहरूको छनोट गर्नुहोस् । विशिष्ट उद्देश्य बनाउँदा उपयुक्त क्रियापदहरू राख्नुहोस् जुन मापनीय, दर्शनीय हुन् । बनाएका उद्देश्यहरू सुधार गर्नुपरे छलफल गरि निष्कर्षमा पुग्नुहोस् र एकजना सामूहीक प्रस्तुति गर्न छानिनुहोस् ।

समूह C, यो समूहमा ५ जना एक ठाउँमा रहनुहोस् र प्रशिक्षकले भने बमोजिम बाक्लो कागजमा माथिको पाठ शिक्षण गर्न आवश्यक उपयुक्त शैक्षिक सामग्री निर्माण गर्नुहोस् र निर्मित सामग्री प्रदर्शन गर्न एकजना नेता छानिनुहोस् ।

समूह D, यसमा बाँकी सबै एक ठाउँमा वस्नुहोस् र उक्त विषयवस्तुसंग सम्वन्धित १० ओटा मूल्याङ्कनका लागि प्रश्न तयार पार्नुहोस् । बनाएका प्रश्नहरू सजिला देखि अप्ठ्यारा छुट्ट्याउनुहोस् र समूहमा प्रस्तुत गर्न र एकजना समूहनेता छनोट हुनुहोस् । सबै समूहका कार्यहरू सकिएपछि सबैजना एकतृत हुनुहोस् अनि सबै समूहनेताले पालैपालो आफ्नो समूहको प्रयोगात्मक कार्यहरूको प्रस्तुतीकरण गर्नुहोस् ।

सामूहिक प्रस्तुतीकरणपछि उक्त विवरणबारे छलफल र अन्तरक्रिया गर्नुहोस् ।
माथिका ४ वटै समूहको कार्यहरूवारे अवश्यक पृष्ठपोषण प्रशिक्षकबाट लिनुहोस् । यो सत्रको उपयोगीताको मूल्याङ्कन गर्नुहोस् ।

एकाइः- ६ कक्षाः- ९
दिनः- १२ सत्रः- १

## पाठः- पृथ्वीको तापमण्डल, वायुको प्रकार, वायुको चाप, चापपेटी, वर्षा र मौसम ।

### १. उद्देश्यहरूः-

यो सत्रको क्रियाकलापमा सरिक भएपछि तपाइँ निम्न कुराहरूमा सक्षम हुनुहुनेछ ।

क) यस विषयवस्तुको अध्ययनपश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।

ख) यस विषयवस्तु अन्तर्गत समावेश भएका सहायक विषयवस्तुहरू पत्ता लगाउन ।

ग) सहायक विषयवस्तुहरू मध्ये तलका विषयवस्तुहरूको सङ्क्षिप्त परिचय दिन ।

- वायु (winds)
- ब्यारोमिटर (Barometer)
- रेन गज (Rain gauge )

### २. शैक्षिक सामग्रीः-

विश्वको नक्सा, रुलर, सिसाकलम, कागज, तापमण्डल र चापपेटीको चित्र, ग्लोव, रेनगज, एनोराइड ब्यारोमिटर ।

### ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार तलका क्रियाकलापहरूमा सरिक हुनुहोस् ।

क) पाठ्यक्रमबाट विषयवस्तुको अध्ययनपछि कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन के हो ? पत्ता लगाई टिपोट गर्नुहोस् र प्रशिक्षकलाई देखाउनुहोस् सोबारे प्रशिक्षकले दिएको पृष्ठपोषण ग्रहण गर्नुहोस् ।

ख) पाठ सम्बन्धि तलको विषयवस्तुको अध्ययन गर्नुहोस् ।

*- तापमण्डल → पृथ्वी गोलाकार भएकाले सूर्यको किरण पृथ्वीको सतहमा समान नपरि कहीं सिधा र कही छड्के पर्दछ । यही सूर्यबाट आउने तापले हावा पानीको स्वरुपलाई प्रभाव पार्दछ । अक्षांशको आधारमा पृथ्वीलाई ३ ओटा तापमण्डलमा बाडिएको छ । ती हुन्*

*१. उष्ण मण्डल (Tropical Zone) - $०^{\circ}$ देखि $२३\frac{१}{२}^{\circ}$ उत्तर दक्षिण अक्षांससम्म ।*
*२. समशीतोष्ण मण्डल (Temperate Zone) - $२३\frac{१}{२}^{\circ}$ – $६६\frac{१}{२}^{\circ}$ उत्तर दक्षिण अक्षांससम्म ।*
*३. शीतमण्डल (Frigid Zone) – $६६\frac{१}{२}^{\circ}$ -$९०^{\circ}$ उत्तर दक्षिण अक्षांससम्म ।*

**वायु (Wind):-** हावा स्थिर हुँदैन । हावा पृथ्वीको धरातलको एकठाउँबाट अर्को ठाउँमा बहन्छ भने यही गतिशील हावालाई वायु भनिन्छ । धरातलमा हावाको चाप घटबढ हुँदा वायुको उत्पत्ति हुन्छ । वायु ४ प्रकारका हुन्छन् । ती हुन्

क) स्थायी वायु (Constant Winds) - वर्षभरि नै नियमितरुपले निश्चित दिशातिर वहने वायु जस्तै - वाणिज्य वायु, पश्चिमी वायु, ध्रुवीय वायु आदि ।

ख) आवधिक वायु (Periodical Winds) - पृथ्वीको केहि क्षेत्रमा उत्पत्ति भई निश्चित अवधि भित्र वहने जस्तै - मौसमी वायु, समुद्री वायु, स्थलीय वायु आदि ।

ग) अनिश्चित वायु (Occasional Winds) - धरातलमा कहिँलेकाही आकस्मिक रुपमा उत्पत्ति भइ वेनियमसंग वहने जस्तै - चक्रवात, उल्टो चक्रवात ।

घ) स्थानिय वायु (Local Wind) - धरातलको निश्चित ठाँउमा मात्र उत्पत्ति भई निश्चित समयमा मात्र वहने वायु जस्तै - लु, सिरेटो आदि ।

धरातलमा पर्ने वायुको दवाव (Air pressure) लाई वायुको चाप भन्दछन् । चाप ब्यारोमिटर (Barometer) ले नापिन्छ ।

संसारमा निम्न अनुसारका चापपेटी छन् ।

क) भूमध्यरेखीय निम्नचापपेटी ⇒ ०° - ५° अक्षांश उत्तर दक्षिण

ख) अर्धोष्ण उच्चचापपेटी ⇒ २५° -३५° अक्षांश उत्तर दक्षिण

ग) उपध्रुवीय निम्नचापपेटी ⇒ ६०° - ७०° अक्षांश उत्तर दक्षिण

घ) ध्रुवीय उच्चचापपेटी ⇒ दुवै ध्रुवीय क्षेत्र

**वर्षा (Rainfall) :-** हावामा वढी जलवाष्प भई सो चिसिएपछि द्रविभूत भई वादल वन्दछ र वादलवाट पृथ्वीको सतहमा पानीको थोपाहरू झर्दछ । यही प्रक्रियालाई वर्षा भनिन्छ । वर्षा ३ किसिमका हुन्छन् ।

क) संवाहनिक वर्षा (Convectional Rainfall)- भूमध्यरेखीय क्षेत्रमा दिनहुँ हुने मुसलधारे वर्षा ।

ख) पर्वतीय वर्षा (Relief Rainfall)- पहाडको उपस्थितिको कारणले जलवाष्प माथि जाने हुन्छ र पछि द्रविभूत भई वर्षा हुन्छ । जस्तो: नेपालमा हुने वर्षा ।

ग) चक्रवर्ती वर्षा (Cyclonic Rainfall)- चक्रवर्तीको उत्पत्ति भई हुने वर्षा उष्ण चक्रवर्ती वर्षा र समशितोष्ण क्षेत्रमा हुने सिमसिमे प्रकारको प्राय; अर्धोष्ण क्षेत्रमा लामो समयसम्म हुने वर्षा ।

**मौसम (Weather)-** पृथ्वीको धरातलको कुनै ठाउँमा वारम्वार अदलवदल भइरहने वायुमण्डलीय अवस्थालाई मौसम भनिन्छ ।

माथिको विषयवस्तुको परिचय अध्ययन गरि यस अन्तर्गत भएका सहायक विषयवस्तु पत्ता लगाउनुहोस् र प्रशिक्षकलाई देखाउनुोस् ।

ग) अव तलका सहायक विषयवस्तु क्रियाकलाप २ को विषयवस्तुहरूका आधारमा सङ्क्षिप्त परिचय दिनुहोस् जस्तै: वायु कसरी उत्पन्न हुन्छ, चाप के ले नापिन्छ, कसरी, रेनगजबाट वर्षाको नाप कसरी र किन गर्नुपर्दछ आदिवारे परिचय दिनुहोस् । आवश्यक परे प्रशिक्षकको सहयोग र सल्लाह लिनुहोस् ।

## ४. उपलब्धि:-

क) माथिको पाठ शिक्षणपछि तपाईंमा के के परिवर्तन अनुभव गर्नुभयो ? समीक्षा गर्नुहोस् ।

ख) यो सत्रमा तपाईंले महसुस गर्नुभएका उपलब्धिहरूको सूची वनाउनुहोस् ।

# पाठः- नेपालको हावापानीमा प्रभाव पार्ने तत्वहरू तथा भौगोलिक वातावरणको विविधताबाट जनजीवनमा पर्ने असर ।

## १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलापमा सरिक भएपछि तपाईं निम्न कार्यहरू गर्न सक्नुहुनेछ ।

क) यस विषयवस्तुको अध्ययन पश्चात् कक्षा ९ का विद्यर्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ख) यस विषयवस्तु अन्तर्गत भएका सहायक विषयवस्तुहरू पत्ता लगाई सङ्क्षिप्त परिचय दिन ।

## २. शैक्षिक सामग्रीः-

नेपालका प्राकृतिक र सांस्कृतिक नक्साहरू, चार्ट तालिका, कागज, सिसाकलम ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार तलका क्रियाकलापहरूमा सरिक हुनुहोस् ।

क) पाठयक्रमबाट माथिको विषयवस्तु अध्ययन पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पत्ता लगाउनुहोस् र प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) तलको विषबस्तुको अध्ययन गर्नुहोस् ।

*विषयवस्तुः नेपालको हावापानीमा प्रभाव पार्ने तत्वहरू-नेपालको हावापानीलाई मौसमी वायु , अक्षांश, नेपालको भू-बनोट, सामूद्रिक दूरी, स्थानीय वातावरण, धरातल आदिले प्रभाव पार्दछ । अनि कहीँ गर्मी, कहीँ जाडो कहीँ न्यानो हावापानी पाइन्छ ।*

*भौगोलिक वातावरणको विविधताबाट जनजीवनमा पर्ने असर-नेपालमा विभिन्न प्रकारका हावापानी पाइने हुँदा यहाका मानिसहरूको जीवनचर्या, रहनसहन, लवाइ-खवाइ, आर्थिक क्रियाकलाप, जनसङ्ख्याको स्वरुप, फरक फरक छ । ठाउँ अनुसार वातावरण, माटो, वनस्पति फरक भएको हुँदा खाद्यवाली, नगदेवाली, वागवानी र पशुपालनको ब्यबस्था पनि फरक फरक छ । कृषि नेपालको आर्थिक जीवनको मुख्य आधार हो । जहाँ ८० %भन्दा बढी मानिस कृषिमा निर्भर छन् । प्रमुख खाद्यवस्तु कृषिबाटै प्राप्त हुने हुँदा आर्थिक ब्यबस्थाको मेरुदण्ड कृषि हो । माटोको प्रकृति अनुसार तराई प्रमुख कृषिक्षेत्र हो । नेपालको कृषिबाट जीवन निर्वाह गर्ने मुलुक (Subsitence) श्रमसुलक, मनसुनमा भर पर्ने,सिँचाइको कम सुविधा भएको र समग्र*

*रुपमा पूरानै तौर तरिकाकाहरू विद्यमान रहेको मुलुक हो । नेपालका जनताहरू भौगोलिक वातावरण अनुसार तलका कृषिवाली लगाउदछन् ।*

*क) खाद्यवाली (Food crops)- धान, मकै, गहुँ, कोदो, फापर, जौ, आलु, ।*

*ख) नगदे वाली (Cash crops)- सनपाट, चिया, उखु, सूर्ती, तेलहन ।*

*हावापानी अनुसार नेपालमा वागवानी (Horticulture) खेति पनि गरिन्छ । फलफूल पौष्टिक खाद्यवाली हुदा निर्यात गरि विदेशी मुद्रा आर्जन गर्न पनि सकिन्छ । नेपालमा २ प्रकारको वागवानी खेती गरिन्छ ।*

*क) उष्ण हावापानी क्षेत्रमा – आप, केरा, उखु, मेवा, लिची, आदि ।*

*ख) समशीतोष्ण हावापानी क्षेत्रमा – अनार, सुन्तला, कागती, स्याउ, अङ्गुर आदि ।*

*पशुपालन (live stock farming )- पशुपालन कृषिकै एक हाँगा हो । कृषिबाट उत्पादित फुटकर पदार्थ पशुआहारा हुन्छ र दूध, घ्यू, छाला, मल, पशुबाट प्राप्त हुन्छ । गाईभैसीको दूधबाट दुग्ध व्यवसाय (Dairy Farming ) सञ्चालन हुन्छ ।*

*माथिको विषयवस्तु अध्ययनपछि त्यस अतर्गत सहायक विषयवस्तुहरू टिप्नुहोस् र तिनीहरूको सङ्क्षिप्त परिचय दिनुहोस् ।*

## ४. उपलब्धिः-

यस सत्रको क्रियाकलापमा सरिक भएपछि नेपालको हावापानी तथा यसले यसको जनजीवनमा परेको असरबारे तपाईंमा आएका परिवर्तनहरूको टिपोट गरि समीक्षा गर्नुहोस् ।

एकाइः- ६ कक्षाः- ९
दिनः- १२ सत्रः- ३

# पाठः- अघिल्ला दुइ पाठसंग सम्बन्धित क्रियाकलापहरू ।

१. उद्देश्यहरूः-

यस सत्रको प्रयोगात्मक क्रियाकलापहरूमा सरिक भएपछि, तपाईं निम्न कार्यहरू गर्न सक्नुहुनेछ ।

क) विशिष्ट उद्देश्यहरूको चयन गर्न ।
ख) आवश्यक शैक्षिक सामग्रीको छनोट गरि निर्माण गर्न ।
ग) शिक्षण सिकाइ क्रियाकलापहरूको छनोट गर्न ।
घ) विद्यार्थी मूल्याङ्कनका उपायहरू निर्क्योल गर्न ।
ग) सूक्ष्म शिक्षणको तयारी गर्न ।

२. शैक्षिक समाग्रीः

नेपालको नक्सा, कागज, सिसाकलम, चार्ट, कैंची, गुँद आदि ।

३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार निम्न प्रयोगात्मक कार्यहरूमा सरिक हुनुहोस् ।

क) विषयवस्तुसम्वन्धी विशिष्ट उद्देश्यहरू निर्माण गर्नुहोस् त्यसपछि प्रशिक्षकलाई निष्कर्ष भन्नुहोस् र प्रशिक्षकबाट आवश्यक सुझाव र सल्लाह लिनुहोस् ।

ख) विषयवस्तु शिक्षण गर्न कस्ता शैक्षिक सामग्री आवश्यक पर्दछ सूची बनाई कुनै एउटा सामग्री निर्माणगरि प्रदर्शन गर्नुहोस् ।

ग) विषयवस्तु शिक्षण गर्न कस्ता शिक्षण विधिहरूको जरुरत पर्दछ शिक्षण विधिहरू छान्नुहोस् ।
जस्तैः- (क) छलफल विधि ( कृषिका समस्याहरू बारे )
(ख) ........
(ग) ........

घ) माथिका सत्र १, २, र ३ का उद्देश्यपूरा भए भएनन् मापन गर्न मूल्याङ्कनका उपायहरू निर्क्योल गर्नुहोस् र उद्देश्य अनुसारका २ ओटा सङ्क्षिप्त उत्तरात्मक र २ ओटा तालिका वा चार्टसंग सम्वन्धित प्रश्नहरू बनाउनुहोस् । बनाएका प्रश्नहरू समूहमा छलफल गर्नुहोस् र प्रशिक्षकलाई देखाई आवश्यक पृष्ठपोषण लिनुहोस् ।

ङ) सूक्ष्म शिक्षणका लागि पाठयोजना निर्माण गर्नुहोस् निर्मित पाठयोजना प्रशिक्षकलाई देखाउनुहोस् । प्रशिक्षकको निर्देशन अनुसार सुधार र संशोधन गर्नु परे सुधार गर्नुहोस् र सूक्ष्म शिक्षणका लागि तयार रहनुहोस् ।

४ उपलब्धिः-

माथिको पाठ शिक्षणपछि सहभागीहरूमा केके परिवर्तन भए स्वःमूल्याङ्कन गर्न ।

क) विषयवस्तुसम्बन्धी धारणा स्पष्ट भयो भएन ?
ख) विषयवस्तु शिक्षण गर्न विधि छान्न सकिने भयो भएन ?
ग) पाठयोजना निर्माण गर्न सिकियो/सिकिएन ?

सामूहिक प्रस्तुतीकरण (सूक्ष्म शिक्षण तथा प्रयोगात्मक कार्य)

एकाइः-६ कक्षाः- ९

दिनः- १२ सत्रः- ४

## पाठः- सत्र तीनका क्रियाकलापहरूको प्रस्तुतीकरण ।

१. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईंहरूले सत्र ३ मा गरेका प्रयोगात्मक कार्यहरूलाई सामूहिक प्रस्तुतीकरण गर्न सक्नुहुनेछ ।

२. शैक्षिक सामग्रीः-

आज सकिएका सत्रका आधारमा सामग्रीहरू छनोट गर्नुहोस् ।

३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार तपाईंहरू ४ समूहमा विभाजित हुनुहोस् । ४ वटै समूह हिजो वनेकाभन्दा फरक फरक समूहमा सहभागी हुनुहोस् र २० मिनेट समयभित्र आफ्ना कार्यहरू गरिसक्नुहोस् ।

समूह A, यो समूहमा ८ जना रहनुहोस् जसमध्ये एक जना भौगोलिक विविधतावाट नेपालको जनजीवनमा पर्ने असर पाठ सूक्ष्म शिक्षण गर्न शिक्षक वन्नुहोस् । ४ जना विद्यार्थी वन्नुहोस् र ३ जनाले अवलोकन कर्ताको भूमिका निभाउनहोस् । शिक्षकले विद्यार्थीहरूलाई शिक्षण गर्नुहोस् शिक्षकले गरेको विषय प्रवेश, प्रस्तुतीकरण, सामग्री प्रदर्शन आदि वारे सवल पक्ष, सुधार योग्य पक्ष र सुझवहरू टिप्दै जानुहोस् । सो वारे समूहमा छलफल गर्नुहोस् र ४ वटै समूहमापछि प्रस्तुत गर्न समूह नेता अवलोकन कर्तामध्ये छानिनुहोस् ।

समूह B, यस समूहमा ५ जना कक्षाकोठाको एक छेउमा गएर वस्नुहोस् र वाक्लो कागजमा, सिसाकलम, मार्कर पेनको सहायताले नेपालका प्रमुख खाद्यवाली, नगदेवाली, पशुपालनका क्षेत्रहरूको तालिका निर्माण गर्नुहोस् । किन ठाँउ अनुसार जनजीवनमा असर पर्दछ ? समूहमा छलफल गरि टिपोट गर्नुहोस् र समूहमा प्रदशन गर्न टोली नेता छानिनुहोस् ।

समूह C, यो समूहमा ५ जना एक कुनामा मिलेर वस्नुहोस् र नेपालको भौगोलिक विविधतावाट जनजीवनमा पर्ने असर, पाठ शिक्षण गर्ने क्रियाकलापहरूको छनोट गर्नुहोस् र कस्ता विषयवस्तुहरू कस्ता शिक्षण विधि लगाएर शिक्षण गर्नुपर्दछ शिक्षण विधि र सहायक विषयवस्तु टिप्नुहोस् र सवैलाई जानकारी दिन समूह नेता छानिनुहोस् ।

समूह D, यो समूहमा बाँकी सहभागीहरू एक ठाँउमा रहनुहोस् र नेपालको भौगोलिक वातावरणीय विविधतावाट जनजीवनमा पर्ने असर वारे ६/६ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न निर्माण गर्नुहोस् निर्मित प्रश्न तपाईंहरू बीच छलफल गरि समूहको निष्कर्ष प्रस्तुत गर्न एकजना समूहनेता छानिनुहोस् ।

माथिका ४वटै समूह नेताहरू कालोपाटी नजिक आउनुहोस् र अरु एकीकृत भएर वस्नुहोस् अनि पालैपालो अफ्नो समूहले गरेको कार्य र उपलब्धि वारे समूहमा प्रस्तुतीकरण गर्नुहोस् । करिब १५ मिनेट जति तपाईंहरू बीच पाठसँग सम्वन्धित अन्तरक्रिया गर्नुहोस् र अन्तमा प्रशिक्षकबाट आवश्यक पृष्ठपोषण लिनुहोस् ।

एकाइः- ६ कक्षाः- ९
दिनः- १३ सत्रः- १

# पाठः- एसिया, युरोप र अष्ट्रेलिया महादेशको प्रकृतिक वातावरण प्राकृतिक साधन, आर्थिक क्रियाकलाप र जनसङ्ख्या ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईं निम्न कुराहरूमा सक्षम हुनुहुनेछ ।

क) यस विषयवस्तुको अध्यापन पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ख) यस विषयवस्तु अन्तर्गत समावेश भएका सहायक विषयवस्तुहरू पत्ता लगाउन र तिनीहरूको सङ्क्षिप्त परिचय दिन ।
ग) सहायक बिषवस्तुहरूलाई आवश्यक शिक्षण घण्टीमा विभाजन गर्न ।

## २. शैक्षिक सामग्रीः-

विश्वको नक्सा, ग्लोव, एसिया, युरोप र अस्ट्रेलियाको प्राकृतिक र सांस्कृतिक नक्सा आदि ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार क्रियाकलापमा सरिक हुनुहोस् ।

क) विषयवस्तुको अध्यापन पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तनहरू के के हुन् पाठ्यक्रम तथा तल दिइएको विषयवस्तुको अध्ययन हेर्नुहोस् र पत्ता लगाई प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) तलका विषयवस्तुको अध्ययन गर्नुहोस् र मुख्य मुख्य बुंदाहरू टिपोट गरि समूहमा छलफल गर्नुहोस् ।

*<u>विषयवस्तु</u> – एसिया, युरोप र अस्ट्रेलियाको प्राकृतिक वातावरण, प्राकृतिक साधन, आर्थिक क्रियाकलाप र जनसङ्ख्या ।*

*<u>एशिया</u> – एशिया महादेश भूमध्यरेखादेखि ध्रुवसंग फैलिएकोले यहाँ धेरै प्रकारका हावापानी पाइन्छन् । यसको भूभाग विस्तृत भएकोले प्राकृतिक साधनहरू जस्तैः माटो, वन, जल, खनिज, (धातु, अधातु, इन्धन) हरू ठाँउअनुसार घटिबढी पाइन्छन् । यो महादेशको आर्थिक क्रियाकलापमा कृषि प्रमुख हो । यसमा वालि खेती पशुपालन पर्दछन् । अन्य क्रियाकलापमा उद्योग र ब्यापार ब्यबसाय पनि हो । एसिया विश्वमा सवैभन्दा वढी जनसङ्ख्या भएको महादेश हो । नदी किनार, राम्रो माटो क्षेत्र, औद्योगिक कलकारखाना भएका मुलुकमा घना जनसङ्ख्या छ र मरुस्थलीय तथा टुण्ड्रा क्षेत्रहरूमा जनसङ्ख्या पातलो छ ।*

*<u>युरोप</u> – युरोप महादेशमा प्राय समशीतोष्ण प्रकारको हावापानी र वनस्पति पाइन्छन् ।*

*प्राकृतिक साधनमध्ये खनिज साधनमा यो महादेश धनी छ । फलाम र कोइला प्रसस्तै पाइने हुँदा औद्योगिक क्रान्ति युरोपबाटै सुरु भएको हो । माटो, जलसाधन पनि राम्रो हुँदा उन्नत कृषि कार्य र जलविद्युत्को राम्रो विकास भएको छ । आर्थिक क्रियाकलापमा मानिसहरू उद्योग र व्यापारमा वढी र खेतीमा कम लागेका छन् । यो महादेशको मध्य भागमा जर्मन, फ्रान्स, हल्याण्ड, पोल्याण्ड, तथा समुद्री किनार भएका देशहरूमा वढी जनसङ्ख्या र टुण्ड्रा क्षेत्र आल्पस, ककेसस, स्कन्डेनेवियन क्षेत्रमा पातलो जनसङ्ख्या छ ।*

*अष्ट्रेलिया – सानो महादेश भएतापनि विभिन्नप्रकारका हावापानी र वनस्पति पाइन्छन् । प्राकृतिक साधन मध्ये ठाँउठाँउमा विभिन्न खनिज जस्तैः सुन, फलाम, कोईला, पाइंन्छन् । उपकुलि भागमा राम्रो माटो छ । पूर्वी भागमा जलसाधनको राम्रो विकास भएको छ । आर्थिक क्रियाकलापमा कृषि एक प्रमुख कार्य भएपनि कृषि भूमि कम छ । मरेडार्लिङ नदी वेसीमा उन्नत खेती गरिन्छ । त्यसवाहेक पशुपालन, मत्स्यपालन र व्यापार पनि गरिन्छ । यो महादेशको जनसङ्ख्या कम छ । ९०% मानिस उपकुलि भागमा बस्दछन् , मध्य र पशिचमी भाग शुष्क हुनाले मानिस कम बसोवास गर्दछन् ।*

माथिको विषयवस्तु अध्ययन गरि सहायक विषयवस्तुहरू पत्ता लगाई तिनीहरूको सङ्क्षिप्त परिचय दिनुहोस् ।

ग) माथिको विषयवस्तु शिक्षण गर्न तलको तालिकामा आवश्यक शिक्षण घण्टीमा विभाजन गर्नुहोस् ।

| विषयवस्तुहरू | आवश्यक घण्टी |
|---|---|
| १.<br>२.<br>३. | |

## ४. उपलब्धिः-

माथिको विषयवस्तुको शिक्षण क्रियाकलापमा सरिक भइसकेपछि तपाईंमा विषयवस्तु शिक्षण गर्न के कस्तो सीपको विकास हुने अपेक्षा गर्नुभएको छ ? निष्कर्ष निकाल्नुहोस् ।

एकाइ:-६ कक्षा:- ९
दिन:- १३ सत्र:- २

# पाठ:- नक्सा कार्य ।

## १. उद्देश्यहरू:-

यस सत्रका क्रियाकलापमा सरिक भएपछी तपाईं निम्न कार्यमा सक्षम हुनुहुनेछ ।

क) नक्सा कार्य अध्ययन पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ख) यस विषयवस्तु अन्तर्गत समावेश भएका सहायक विषयवस्तुहरू पत्ता लगाई तिनीहरूको सङ्क्षिप्त परिचय दिन ।
ग) सहायक विषयवस्तुहरूलाई शिक्षण घण्टीमा विभाजन गर्न ।

## २. शैक्षिक सामग्री:-

इलाका, सहर, बजारका नक्सा, एटलस, ग्लोव, रुलर सिसाकलम, कागज, चार्ट, तालिका, आदि ।

## ३. क्रियाकलाप:-

क) प्रशिक्षार्थी पुस्तकको पाठ्यक्रम हेर्नुहोस् र नक्साकार्य शिक्षण पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पत्ता लगाई प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) तलको विषयवस्तुको परिचय अध्ययन गर्नुहोस् ।

तलको विषयवस्तु अन्तर्गत समावेश भएका सहायक विषयवस्तुहरू पत्ता लगाई कापीमा टिप्नुहोस् र प्रशिक्षकको निर्देशन अनुसार १/२ ओटाको सङ्क्षिप्त परिचय दिनुहोस् ।

ग) तलका सहायक विषयवस्तुहरूलाई शिक्षण घण्टीमा विभाजन गर्नुहोस् र समूहमा छलफल गरि निष्कर्ष प्रशिक्षकलाई वताउनुहोस् ।

| विषयवस्तु | शिक्षण घण्टी |
|---|---|
| १. | |
| २. | |


विषयवस्तु: भूगोल विषयमा नक्सा कार्य महत्वपूर्ण क्रियाकलाप मानिन्छ यसले प्रगोगात्मक पक्ष अङ्गाल्दछ । विशेषगरि महादेशहरूका नक्सा खिच्नु पर्दैन खालि नक्सामा भौगोलिक तथ्य भरे हुन्छ तर नेपालको नक्सा खिचेर दिइएका भौगोलिक तथ्यहरू भर्न जान्नु पर्दछ ।

नेपालको नक्सा विभिन्न तरिकाले कोर्न सकिन्छ त्यसमध्ये छोटो तरिका अपनाई चतुर्भुज वनाइएको छ । त्यसलाई राम्ररी हेरी सोही अनुसार चतुर्भुज वनाउन सिक्नुहोस् । AB = २० से.मी. र AD = १० से.मी.वाट एउटा चतुर्भुज वनाउनहोस् । AB को बीचमा विन्दु E र CD को वीचमा F विन्दु राख्नुहोस् EF लाई विन्दु रेखाले जोडी दिनुहोस् यसवाट नेपाल करिव वरावर २ भागमा वाँडिन्छ । त्यस्तै AD को वीचमा विन्दु M र BC को वीचमा N राख्नुहोस् अनि AEको वीचमा R र CF को वीचमा I लेखी RN र MI लाई चिन्हबाट छिन्न रेखाले जोडनुहोस् । नेपालको नक्सा हुवहु RNर MI भित्र पर्दछ , अन्तमा अर्को नक्साहेर्दै कहाँ नक्सा फुकेको र भित्रिएको छ उस्तै गरि चतुर्भुजभित्रको प्रारुपमा भर्नुहोस् । यसरी धेरै पटक अभ्यास गरेमा नेपालको नक्सा कोर्न जानिन्छ ।

तयार भएको नक्सामा भौगोलिक तथ्य भर्दा निम्न लिखित नियमहरू अपनाउनुपर्दछ ।

क) नदी, ताल, टाकुरोको नाम, नक्साभित्र राख्ने
ख) ठाँउ नपुगे मात्र सङ्केत द्वारा नक्सावाहिर लेख्ने
ग) क्षेत्रीय रुपमा राख्नुपर्दा सङ्केत जनाई भर्ने ।

प्रचलित सङ्केतहरू

| विषय | सङ्केत | विषय | सङ्केत |
|---|---|---|---|
| पर्वत श्रेणी | ΔΔΔ | सडक मार्ग | ........... <br> ==== |
| टाकुरो | Δ | रेल मार्ग | +/+/+/+/ |
| भन्ज्याङ | ) ( | हवाई मार्ग | →→→ |
| नदी | ~~~~ | खनिज | ▱ ▱ ▱ |
| ताल |  | सहर क्षेत्र | ⊙ ⊙ |

४. उपलब्धि:-

नेपालको नक्सा कोर्न जान्नाले तपाईंलाई के फाइदा भयो समूहमा छलफल गरि निष्कर्ष लेख्नुहोस् । विद्यार्थीहरूमा नक्सा सम्वन्धी यस प्रकारको सीपको विकास गर्न के के गर्नु पर्दछ ।

एकाइ:-६ कक्षा:- ९
दिन:- १३ सत्र:- ३

# पाठ:- नक्सा कार्य (अघिल्ला दुई पाठ संग सम्बन्धीत क्रियाकलापहरू) ।

१. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईं निम्न प्रयोगात्मक कार्यहरू गर्न सक्नुहुनेछ ।

क) नक्सा कार्य पाठका विशिष्ट उद्देश्यहरू निमार्ण गर्न ।
ख) शैक्षिक सामग्री निर्माण गरेर प्रयोग गर्न
ग) शिक्षण सिकाइ क्रियाकलापको छनोट गर्न ।
घ) विद्यार्थी मूल्याङ्कनका तरिकाहरू निर्क्योल गर्न ।
ङ) सूक्ष्म शिक्षणका लागि पाठयोजना तयार पार्न ।
च) नक्साहरू सुरक्षा गर्ने तरिका वताउन ।

२. शैक्षिक सामग्री:-

रुलर, ड्रइङ पेपर, मार्कर पेन, कैंची, गम, नेपालका ठूला साना नक्साहरू, तालिका, चार्ट आदि ।

३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशनअनुसार निम्नलिखित प्रयोगात्मक कार्यहरूमा सरिक हुनुहोस् ।

क) नक्साकार्य पाठ शिक्षण गर्न विशिष्ट उद्देश्यहरू निर्माण गर्नुहोस् । वनाएका उद्देश्यहरू समूहमा छलफल गर्नुहोस् र प्रशिक्षकलाई देखाई आवश्यक पृष्ठपोषण लिनुहोस् ।
जस्तै:- १) नेपालको नक्सा कोरेर भौगोलिक तथ्य भर्न । यस्तै ३/४ ओटा उद्देश्यहरू निर्माण गर्नुहोस् ।

ख) नक्सा कार्य पाठ शिक्षण गर्न के कस्ता शैक्षिक सामग्रीहरू आवश्यक पर्दछन् नाम टिप्नुहोस् र सोमध्ये १/१ ओटा नक्सा निर्माण गर्नुहोस् । जस्तै: नेपालको नक्सा, कुनै एक सहर बजारको नक्सा, कुनै ब्यापारको चार्ट, तालिका ।

ग) नक्सा कार्य शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा के कस्ता शिक्षण विधिहरू अपनाउनुपर्दछ तलको उदाहरण जस्तै तपाईं पनि लेख्नुहोस् ।
जस्तै:- १. प्रदर्शन विधि – आफूले तयार पारेको नक्सा सवैलाई देखाएर
२. ................................
३. ................................

घ) माथिका उद्देश्यहरू पूरा भए नभएको तपाइं कसरी मूल्याङ्कन गर्नुहुन्छ ? विषयवस्तुसम्बन्धी कुनै ३ ओटा प्रश्नहरू तयार पार्नुहोस् र समूहमा छलफल गरि निष्कर्ष प्रशिक्षकलाई भन्नुहोस् र आवश्यक पृष्ठपोषण लिनुहोस् ।

प्रश्न – १

– २

–३

ङ) अव सूक्ष्म शिक्षण गर्नका लागि नक्सा कार्यसम्वन्धी दैनिक पाठ योजना निर्माण गर्न अभ्यास गर्नुहोस् । निर्माण गरेको पाठ योजना समूहमा छलफल गर्नुहोस् समूहको राय सुझावपछि प्रशिक्षकलाई देखाउनुहोस् र आवश्यक सुधार, संशोधन गर्नु परे प्रशिक्षकको निर्देशनअनुसार गर्नुहोस् ।

## ४. उपलब्धि:-

क) यो सत्र तपाईंका लागि कसरी उपयोगी सावित भयो ?

ख) तपाईंको कार्य दक्षता वृद्धि गर्न अझ के के क्रियाकलाप गरे राम्रो हुने थियो ? विचार गर्नुहोस् ।

## सामूहिक प्रस्तुतीकरण
## (सूक्ष्म शिक्षण तथा प्रयोगात्मक कार्य)

एकाइः-६ कक्षाः- ९
दिनः- १३ सत्रः- ४

# पाठः- सत्र तीनका क्रियाकलापहरूको प्रस्तुतीकरण ।

१. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाइंहरूले सत्र ३ मा गारेका प्रयोगात्मक कार्यहरूलाई सामूहिक प्रस्तुतीकरण गर्न सक्नुहुनेछ ।

२. शैक्षिक सामग्रीः-

आज सकिएका सत्रहरूका आधारमा उपयुक्त शैक्षिक सामग्रीहरूको छनोट गर्ने ।

३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार तपाईंहरू ४ समूहमा विभाजित हुनुहोस् । प्रत्येक समूहलाई प्रशिक्षकद्वारा दिईएको प्रयोगात्मक कार्य समूहका सबै सदस्य सहभागी भएर गर्नुहोस् ।

समूह A, यो समूहमा ७ जना सहभागीहरू कालोपाटीको नजिक बस्नुहोस् । तपाईंहरूमध्ये एकजना शिक्षक, ३ जना विद्यार्थी र ३ जना अवलोकनकर्ताको भूमिकामा रहनुहोस् । शिक्षकले हिजो पनि सूक्ष्म शिक्षण गरेको हुनुहुँदैन । नयाँ शिक्षक हुनुपर्दछ । शिक्षकले नक्सा कार्य विषबस्तुवारे सूक्ष्म शिक्षण गर्नुहोस् र अवलोकन कर्ताले उसको शिक्षण गर्दाको विषय प्रवेश, प्रस्तुतीकरण, मूल्याङ्कन गरेको वारे सवल, दुर्वल पक्षहरू र सुझावहरू टिपोट गर्नुहोस् सोबारे समूहमा छलफल गरि निष्कर्ष सबै समूहमा प्रस्तुत गर्न समूह नेता एकजना छानिनुहोस् ।

समूह B, समूह B मा ५ जना सहभागी कोठाको छुट्टै भागमा गएर बस्नुहोस् र नेपालको नक्सामा भौगोलिक तथ्यहरू भर्दा अपनाउनुपर्ने विधि तथा नियमहरूको सूची बनाउनुहोस् र रिक्त नक्सामा वाग्मती नदी, गौरीशंकर टाकुरो, विराटनगर, फलाम खानीको कुनै एक क्षेत्र, धान उत्पादन क्षेत्र आदि नियम अनुसार भर्नुहोस् । भरिसकेपछि सबै समूहलाई प्रस्तुत गर्न एकजना समूह नेता छानिनुहोस् ।

समूह C, यसमा ५ जना सहभागीहरू छानिएर कोठाको एक ठाँउमा गएर बस्नुहोस् र नेपालको नक्सा कोर्ने विभिन्न तरिकाहरूमध्ये कुनै एक तरिका अपनाएर नेपालको नक्सा कापीमा कोर्नुहोस् जुन तरिका भएपनि नक्सा समूहलाई प्रदर्शन गर्न एक जना छानिनुहोस् ।

समूह D, यो समूहमा बाँकी सबै सहभागीहरू रहनुहोस् र प्रशिक्षकले भनेअनुसार नक्सा कार्य शिक्षण क्रियाकलाप सञ्चालन गर्न विधिहरू छान्नुहोस् छानेका विधिवारे तपाईंहरूको समूहमा छलफल गर्नुहोस् र सबै विवरण अरू समूहलाई दिन एकजना नेता छानिनुहोस् ।

आ-आफ्ना समूहको प्रयोगात्मक कार्य सकिएपछि सवैजना एकीकृत हुनुहोस् र समूह नेताहरूले अगाडि आई पालैपालो आफूहरूले गरेका कार्यहरूको प्रस्तुतीकरणवारे सबै समूहमा छलफल गर्नुहोस् र आवश्यक प्रशिक्षकवाट पृष्ठपोषण लिनुहोस् ।

एकाइः- ६ कक्षाः- १०
दिनः- १४ सत्रः-१

# पाठः- हावापानीको प्रकार तथा हावापानी र धरातलीय विविधताबाट जनजीवनमा पर्ने असर ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईं निम्न लिखित कार्यहरूमा सक्षम हुनुहुनेछ ।

क) यस विषयवस्तुको अध्ययन पश्चात् कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ख) यस विषयवस्तु अन्तर्गत समावेश भएका सहायक विषयवस्तु पत्ता लगाई सङ्क्षिप्त परिचय दिन ।

## २. शैक्षिक सामग्रीः-

ग्लोव, विश्वको नक्सा, एटलस, तालिका, तथ्याङ्कहरू आदि ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशनअनुसार निम्न क्रियाकलापमा सरिक हुनुहोस् ।

क) प्रशिक्षार्थी पुस्तकको पाठ्यक्रम हेर्नुहोस् र कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पत्ता लगाउनुहोस् र प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) तलका विषयवस्तु अध्ययन गर्नुहोस् ।


*अक्षांशको आधारमा पृथ्वीलाई ३ ताप मण्डल र १२ ओटा हावापानी प्रदेशमा वर्गीकरण गरिएको छ । जुन निम्न प्रकार छ ।*


*१. उष्ण मण्डलमा (In Tropical Zone )*
*क) भूमध्यरेखीय हावापानी ( Equatorial Climate )*
*ख) उष्ण तृणभूमि हावापानी ( Tropical Grassland Climate )*
*ग) उष्ण मरुस्थलीय हावापानी (Tropical Desert Climate )*
*घ) उष्ण मौसमी हावापानी (Tropical Monsoon Climate )*

*२. समशीतोष्ण मण्डलमा (In Temperate Zone )*
*ङ) भूमध्यसागरिय हावापानी (Mediterramean Climate )*
*च) चिनिया प्रकारको हावापानी ( China Type Climate )*
*छ) समशीतोष्ण मरुस्थलीय हावापानी ( Temperate Desert Climate )*

ज) ठण्डा समशीतोष्ण समुद्री हावापानी ( Cool Temperate Oceanic Climate )
झ) सेन्टलरेन्स वा मंचुरियाको हावापानी ( ST. Lawrence or Manchurian Climate )
ञ) समशीतोष्ण तृणभूमि हावापानी ( Temperate Grassland Climate )
ट) जाडो समशीतोष्ण हावापानी ( Cold Temperate Grassland Climate )

३. शीत मण्डलमा ( In Frizid Zone )
ठ) टुण्ड्रा प्रदेशीय वा ध्रुवीय हावापानी ( Tundra or Polar Climate )
उच्च पर्वतमा (In High Mountain ):–
अल्पाइन वा उच्च पर्वतीय हावापानी ( Alpine or High Mountainous Climate )
अक्षांशको आधारमा उत्तरी गोलार्द्धको हावापानीको काल्पनिक स्थिति




उच्च पर्वतीय हावापानीको स्थिति ( माथिका १२ हावापानीका प्रकार )
माथिका हावापानीका प्रकारका छुट्टाछुट्टै क्षेत्र, विशेषता, प्रकृतिक वनस्पति र कृषि पैदावर रहेका छन् ।

संसारका विभिन्न हावापानीलाई प्रभाव पार्ने तत्वहरू अक्षांश, वनस्पति,माटो, उचाइ, समुद्री दूरी, पर्वतको उपस्थिति, जमिन, समुद्री धार आदि हुन् । यिनै कारणले संसारका विभिन्न भागमा भिन्नाभिन्नै कृषि पैदावर, वनस्पति देखा पर्दछन् । हावापानी र भौगोलिक स्वरुपले मानिसको जीवनमा विभिन्न प्रभाव पार्दछ । हावापानी कहीं गर्मी, कही जाडो, कहीं स्वस्थकर मधुर, कहीं शुष्क पाइने हुदाँ मानिसहरूको कार्यशैली, रीतिरिवाज, चालचलन आदि फरक हुन्छ । हावापानीकै कारण जनसङ्ख्या पनि घना, मझौला र पातलो हुन्छ । त्यस्तै विकासका पूर्वाधार, उद्योग, ब्यापार, प्रविधि, कलाकौशल, फरक फरक रुपमा विकास भएको पाईन्छ ।

माथिको विषयवस्तु अध्ययन गरि यसमा समावेश भएका सहायक विषयवस्तुहरूको टिपोट गर्नुहोस् र तिनीहरूको सङ्क्षिप्त परिचय दिनुहोस् ।

४. उपलब्धि:-

माथि उल्लेखित क्रियाकलापहरूवाट तपाईंको शिक्षण प्रक्रियामा कति उपलब्धि हुने अपेक्षा राख्नु भएको छ ? निष्कर्ष दिनुहोस् ।

एकाइः-६ कक्षाः- १०
दिनः- १४ सत्रः- २

# पाठः- हावापानीको प्रकार तथा हावापानी र धरातलीय विविधताबाट जनजीवनमा पर्ने असर ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईं निम्न लिखित कार्यहरूमा सक्षम हुनुहुनेछ ।

क) तलका सहायक विषयवस्तुहरूको परिचय दिन ।
- हावापानीमा प्रभाव पार्ने तत्वहरू
- तापमण्डल अनुसारका हावापानी पाइने एक एक क्षेत्र
- संसारको जनजीवनमा फरक आउने कारणहरू

ख) सहायक विषयवस्तु शिक्षणका सन्दर्भमा छलफलमा आउन सक्ने संभाब्य विषयवस्तुहरूको निर्क्योल गर्न ।

ग) सहायक विषयवस्तुहरूलाई शिक्षण घण्टीमा विभाजन गर्न ।

## २. शैक्षिक सामग्रीः-

ग्लोव, विश्वको नक्सा, एटलस, तालिका आदि ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार निम्न क्रियाकलापमा सरिक हुनुहोस् ।

क) योभन्दा अघिल्लो सत्र १ को पाठको पुनरावृति गर्नुहोस् र सो विषयवस्तु शिक्षण गर्नका लागि के कति थप विषयवस्तुहरू शिक्षण गर्न आवश्यक छ टिपोट गर्नुहोस् अनि हावापानीमा प्रभाव पार्ने तत्वहरू, तापमण्डल अनुसारका हावापानी पाइने १/२ क्षेत्र हावापानीले जनजीवनमा असर पार्ने आदि बुँदाहरूको सङ्क्षिप्त परिचय दिनुहोस् ।

ख) सहायक विषयवस्तु शिक्षणका सन्दर्भमा आउने सक्ने अन्य विषयवस्तुहरूको खोजी गर्नुहोस् र तलको तालिकामा भर्नुहोस् ।

| |
|---|
| १. |
| २. |
| ३ |

टिपेका सहायक विषयवस्तुको सङ्क्षिप्त परिचय दिनुहोस् ।

ग) माथिका सहायक विषयवस्तु शिक्षण गर्न कति शिक्षण घण्टीको आवश्यकता पर्ला टिप्नुहोस् र समूहमा छलफल गरेर निष्कर्ष प्रशिक्षकलाई वताउनुहोस् ।

| |
|---|
| १. |
| २.. |
| ३. |

४. उपलब्धिः-

माथिका क्रियाकलापहरूवाट तपाइँलाई शिक्षण गर्न कसरी सघाउ पुग्ला ? समूहमा छलफल गरेर तर्कसहित टिपोट गर्नुहोस् । के तपाइँलाई उल्लेखित विषयवस्तुहरूको प्रभावकारी शिक्षण कार्य गर्ने आत्मविश्वासको विकास भयो ?

# पाठः- अघिल्ला दुइ पाठसँग सम्बन्धित क्रियाकलापहरू ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईं निम्नानुसारका प्रयोगात्मक कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) विषयवस्तुसँग सम्बन्धित विशिष्ट उद्देश्यहरू चयन गर्न ।
ख) आवश्यक शैक्षिक सामग्री छनोट गरि निर्माण गर्न ।
ग) शिक्षण सिकाइ क्रियाकलापहरू छनोट गर्न ।
घ) विद्यार्थी मूल्याङ्कनका उपायहरू निर्क्योल गर्न ।
ङ) सूक्ष्म शिक्षणको तयारी गर्न ।

## २. शैक्षिक सामग्रीः-

रुलर, बाक्लो कागज, ग्लोव, विश्वको नक्सा, तालिका, चार्ट, कैंची आदि ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार निम्न कार्यहरूमा सरिक हुनुहोस् ।

क) विषयवस्तु शिक्षण गर्न कस्ता विशिष्ट उद्देश्यहरू निर्माण गर्नुपर्दछ ३-४ ओटा उद्देशहरू निर्माण गर्नुहोस् , प्रशिक्षकलाई देखाई आवश्यक पृष्ठपोषण लिनुहोस् ।

ख) उक्त विषयवस्तु शिक्षणको शिलसिलामा के कस्ता शैक्षिक सामग्री आवश्यक पर्दछन् छनोट गर्नुहोस् र प्रशिक्षकलाई देखाई प्रशिक्षकको निर्देशन अनुसार बाक्लो कागजमा एउटा सामग्री निर्माण गरि समूहमा प्रदर्शन गर्नुहोस् ।

ग) शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न के कस्ता विषयवस्तुहरूमा कुन कुन विधि प्रयोग गर्नुपर्दछ तलको तालिकामा भर्नुहोस् ।

| विषयवस्तु | शिक्षण विधि |
|---|---|
| १. | |
| २. | |
| ३. | |

घ) आजका ३ वटै सत्रका उद्देश्य पूरा भए भएनन् मापन गर्न मूल्याङ्कनका उपायहरू रोज्नुहोस् र केही प्रश्न पनि बनाउनुहोस् र यसवारे प्रशिक्षकसँग आवश्यक भए सल्लाह लिनुहोस् ।

ङ) अव सूक्ष्म शिक्षणकालागि दैनिक पाठ योजना निर्माण गर्नुहोस्, निर्मित योजनाबारे समूहमा छलफल गर्नुहोस् । योजना उपयुक्त भए नभएको प्रशिक्षकलाई देखाउनुहोस् र आवश्यक परे पृष्ठपोषण लिई सूक्ष्म शिक्षणका लागि तयारी रहनुहोस् ।

४. उपलब्धि:-

माथिका विषयवस्तुलाई शिक्षण सिकाइ अझ राम्रो पार्न थप कुराहरू के के गर्न सकिन्छ । पत्ता लगाई प्रशिक्षकलाई देखाउनुहोस् ।

सामूहिक प्रस्तुतीकरण (सूक्ष्म शिक्षण तथा प्रयोगात्मक कार्य)

एकाइः- ६ कक्षाः- १०

दिनः- १४ सत्रः-४

## पाठः- संसारको हावापानीको प्रकार ।

१. उद्देश्यहरूः-

यो सत्रको अन्तमा तपाइँहरूले सत्र ३ मा गरेका प्रयोगात्मक कार्यहरूलाई सामूहिक प्रस्तुतीकरण गर्न सक्नुहुनेछ ।

२. शैक्षिक सामग्रीः-

आज सकिएका सत्रहरूका आधारमा आवश्यक शैक्षिक सामग्री छनोट गर्न ।

३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार तपाइँहरू ३ समूहमा विभाजित हुनुहोस् । प्रशिक्षकले दिएका छुट्टाछुट्टै प्रयोगात्मक कार्यहरू समूहमा छलफल गर्नुहोस् ।

समूह A, यो समूहमा ९ जना सहभागीहरू कालोपाटीको नजिक वस्नुहोस् । उक्त समूहका सहभागीहरू मध्येवाट हिजो शिक्षक तथा समूह नेता नभएका मध्येबाट एक जना शिक्षक, ५ जना विद्यार्थी र ३ जना अवलोकन कर्ताको भूमिकामा ठीक पर्नुहोस् । शिक्षकले विद्यार्थीहरूलाई पाठ योजनाको आधारमा "संसारका हावापानीका प्रकार" शीर्षकको विषयवस्तु सूक्ष्म शिक्षण गर्नुहोस् । अवलोकन कर्ताहरूले पाठ शिक्षण गर्दाको विषय प्रवेश, कालोपाटिको प्रयोग, प्रस्तुतीकरण, सामग्री प्रदर्शन, मूल्याङ्कन, पाठको अन्त्य गरेको बारे यसका सवल पक्ष, दुर्वल पक्ष र सुझावहरू वुँदागत टिपोट गर्नुहास् । उक्त बुँदाहरूवारे छलफल गरेर अर्को समूहलाई विवरण दिनका लागि एक जना अवलोकन कर्ता मध्येबाट समूह नेता बन्नुहोस् र प्रशिक्षकलाई जानकारी दिनुहोस् ।

समूह B, यो समूहमा ७ जना सहभागीहरू कक्षाकोठाको एक छेउमा गएर वस्नुहोस् र प्रशिक्षकको निर्देशन अनुसार संसारका हावापानीलाई अक्षांशको आधारमा उत्तरी गोलार्द्धको हावापानीको काल्पनिक स्थिति र उच्च पर्वतीय हावापानीको चार्ट निर्माण गर्नुहोस् । चार्टसंगै हावापानीका प्रकारहरू पनि छोटकरीमा टिप्नुहोस् । टिपेका वुँदा र चार्टवारे आफ्नो समूहमा छलफल गर्नुहोस् र सबै समूहलाई आफ्नो समूहको प्रयोगात्मक कार्यवारे जानकारी दिन र चार्ट प्रदर्शन गर्न एकजना समूह नेता छानिनुहोस् ।

समूह C, यो समूहमा वाँकि सहभागीहरू कोठाको अर्कै स्थानमा भएर वस्नुहोस् र प्रशिक्षकको निर्देशन अनुसार संसारका हावापानीका प्रकारहरू शिक्षण क्रियाकलाप सञ्चालन गर्न के कस्ता विषयवस्तुहरूलाई के कस्ता शिक्षण विधिहरू लागु गरेर शिक्षण गरिन्छ। शिक्षण विधि र विषयवस्तु छुट्टाछुट्टै लिष्ट गर्नुहोस्। निर्माण गरेको लिष्ट तपाईंहरूको समूहमा छलफल गर्नुहोस् र सवै समूह बीच प्रस्तुत गर्न एकजना समूह नेता छानिनुहोस्।

अव सवै समूहका सहभागीहरू कालोपाटी अगाडि एकतृत हुनुहोस् र प्रशिक्षकको निर्देशन अनुसार पालैपालो आफ्नो समूहले गरेको प्रयोगात्मक कार्यवारे सवै सहभागीहरू बीच प्रस्तुतीकरण गर्नुहोस्। त्यसपछि समूह समूहले प्रयोगात्मक कार्यवारे अर्न्तक्रिया गर्नुहोस् र अन्तमा प्रशिक्षकको पृष्ठपोषण लिनुहोस्।

एकाइ:- ६ कक्षा:- १०

दिन:- १५ सत्र:- १

# पाठ:- उत्तर र दक्षिण अमेरिका र अफ्रिका महादेशहरूको आर्थिक क्रियाकलाप र जनसङ्ख्या ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईं निम्न कुराहरूमा सक्षम हुनुहुनेछ ।

क) यो विषयवस्तुको अध्ययन पश्चात् कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।

ख) यस विषयवस्तु अन्तर्गत समावेश भएका सहायक विषयवस्तु पत्ता लगाई सङ्क्षिप्त परिचय दिन ।

## २. शैक्षिक सामग्री:-

विश्वको नक्सा, ग्लोव, उत्तर - दक्षिण अमेरिका र अफ्रिकाको, छुट्टाछुट्टै नक्सा, कार्डबोर्ड आदि ।

## ३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशन अनुसार निम्न क्रियाकलापमा सरिक हुनुहोस् ।

क) पाठ्यक्रमवाट कक्षा ९ का विद्यार्थीहरूमा यो विषयवस्तु अध्ययन पश्चात् ल्याउन खोजिएको परिवर्तन पत्ता लगाउनुहोस् र प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) यो पाठसंग सम्बन्धित विषयवस्तुको परिचय अध्ययन गर्नुहोस् ।

*विषयवस्तु: –*

*उत्तर अमेरिका – आर्थिक क्रियाकलापमा उत्तर अमेरिका संसारमा अगाडि छ । यहाँ उन्नत कृषि वाली लगाई उत्पादन गरिन्छ जस्तै कपास, मकै, सुर्ती, गहुँ फलफूल आदि । खेतीमा उन्नत वैज्ञानिक तरिका छ । यहाका मानीस मुख्य रुपले उद्योग र ब्यवसायमा लागेका छन् । खानी आसपासका मानीस खानी उत्पादनमा लागेका छन् । यहाँ पशुपालन र मत्स्य ब्यवसाय पनि गरिन्छ ।*

*उत्तर अमेरिकाको जनसङ्ख्या करिव २६ करोड र जनघनत्व २४ जना प्रतिवर्ग किलोमिटर रहेको छ । भौगोलिक र हावापानी का कारणले जनसङ्ख्या क्षेत्र हेरी फरक छ । ताल क्षेत्र, उपकुलि भागमा जनसङ्ख्या वढी टुण्ड्रा र मरुस्थलीय क्षेत्रमा कम जनसङ्ख्या छ ।*

*उत्तर अमेरिकामा उद्योग, वाणिज्य, कलाकौशलको राम्रो विकास छ ।*

*दक्षिण अमेरिका –*
*दक्षिण अमेरिका कृषि प्रधान महादेश हो । यहाँ कफी, उखु, कोदो, मकै, कपास, गहुँ, रवर, फलफूल आदि उत्पादन गरिन्छ । कृषिको अलावा पशुपालन, काष्ठ ब्यबसाय, मत्स्यपालन पनि आर्थिक क्रियाकलापका रुपमा पर्दछन् । यहाँका मानिसहरू उद्योग व्यापार, कृषि उद्योग पनि सञ्चालन गर्दछन् ।*
*दक्षिण अमेरिकाको जनसङ्ख्या करिव २३ करोड र जनघनत्व १६ जना प्रति व.कि.मि रहेको छ । घनत्व कम हुनाका कारण प्रतिकुल धरातल र हावापानी हो । करीव ९० % जति जनसङ्ख्या पम्पास क्षेत्र, चिली, उपकुली भागमा पाइन्छ । अतः यी क्षेत्रहरूमा जनसङ्ख्या वाक्लो छ । तर एण्डिज, अमेजन तथा मरुस्थलीय क्षेत्रमा जनसङ्ख्या अत्यन्तै पातलो छ ।*

*अफ्रिका –*
*अफ्रिका पनि कृषिप्रधान महादेश हो । यहाँ धान, मकै, गहुँ, फलफूल, कपास, रवर ल्वाङ्ग, चिया सूर्ति, आदि उत्पादन हुन्छ । आर्थिक क्रियाकलापमा कोही उद्योग व्यापार, पशुपालन, मत्स्य व्यवसाय पनि गर्दछन् ।*
*यहाँको जनसङ्ख्या करिव ४४ करोड र जनघनत्व १५जना प्रति व.कि.मि रहन्छन् । उपकुलि क्षेत्र, नाइल वेसी, भूमध्यसागरिय हावापानी क्षेत्रमा आवादी वाक्लो र सहारा, कालाहारी र महाद्धीप को भित्री भागमा प्रतिकुल हावापानी पाइने हुदाँ पातलो आवादी छ ।*

माथिको विषयवस्तु अध्ययन गरि विषयवस्तु अन्तर्गत भएका सहायक विषयवस्तु पत्ता लगाउनुहोस् र तिनीहरूको सङ्क्षिप्त परिचय दिनुहोस् ।

## ४. उपलब्धिः-

यो विषयवस्तु शिक्षणपछि क्रियाकलापका सवल पक्षहरू समूहमा छलफल गरि निष्कर्ष दिनुहोस् । यो विषयवस्तु प्रभावकारी रुपमा शिक्षण गर्न के के समस्या आइपर्ने देख्नुहुन्छ ? निदान गर्नुहोस् र प्रशिक्षकसंग छलफल गरि तीनका समाधानहरू निकाल्नुहोस् ।

एकाइ:- ६ कक्षा:- १०
दिन:- १५ सत्र:- २

# पाठ:- नेपालको जनसङ्ख्या, जनसङ्ख्याको वितरण तथा घनत्वको स्वरुप, बसाइँ सराइ, तिनमा पर्ने समस्या र समाधानका उपायहरू ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुनेछ् ।

क) यस विषयवस्तुको अध्ययन पश्चात् कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमबाट पत्ता लगाउन ।
ख) यस विषयवस्तु अन्तर्गत समावेश भएका सहायक विषयवस्तु पत्ता लगाई सङ्क्षिप्त परिचय दिन ।

## २. शैक्षिक सामग्री:-

नेपालको नक्सा, फोटा, चार्ट, पोस्टर, तालिका ।

## ३. क्रियाकलाप:-

निम्न लिखित क्रियाकलापहरूमा सरिक हुनुहोस् ।

क) पाठ्यक्रम पल्टाउनहोस् र माथिको विषयवस्तु अध्ययनपछि कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पत्ता लगाउनुहोस् र प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) यस पाठसँग सम्वन्धित विषयवस्तुको अध्ययन गर्नुहोस् ।

*नेपालको जनसङ्ख्या – देशका लागि आवश्यक जनशक्तिको स्रोत जनसङ्ख्या हो । जुन क्षेत्रमा मानिसलाई आवश्यक सुविधाहरू वढी छन् त्याहाँ वढी र सुविधा नहुने ठाउमा कम जनसङ्ख्या पाइन्छन् । जनसङ्ख्या वितरणमा हावापानी, जमिनको स्वरुप, माटो, सुरक्षा, उद्योग, ब्यापार, कलकारखाना आदिले प्रभाव पार्दछन् । नेपालमा हाल करिव २ करोड १८ लाख जनसङ्ख्या पुगेको छ र जनघनत्व प्रति वर्ग किलामिटर १३५ जनाभन्दा वढी छ । नेपालमा दैनिक १२०० भन्दा वढी नयाँ अनुहार थपिन्छन् र यहाँ वर्षमा करिब ४ लाख मानिसहरू थपिँदै जान्छन् । नेपालमा जनसङ्ख्याको वितरण असमान छ तराइतिर घनत्व प्रति व.कि.मि. २०० जनाभन्दा वढी पहाडमा १०० र हिमाली क्षेत्रमा करिव २५ जना प्रति व.कि.मि.मा रहन्छन् । पहाडी प्रदेशमा काठमाण्डौ उपत्यका, पोखरामा अरु ठाँउको तुलनामा घनत्व वढी छ ।*

*बसाइँ सराइ (Migration) - जन्मेको गाउँ वा ठाउँवाट अन्य ठाउँमा गएर वस्ती बसाल्ने कामलाई बसाइँ सराई भनिन्छ । यी २ प्रकारका हुन्छन् । (१) अस्थायी र (२) स्थायी बसाइँ सराइ ।*

*बसाइँ सर्ने मध्ये ७० % पहाडी क्षेत्रका ग्रामीण इलाकावाट तराईको ग्रामीण क्षेत्र र ३० %अन्य बसाइँ सरेको पाईन्छ ।*

*बसाइँ सर्ने कारण पहाडमा बसाइँ सराइका मुख्य मुख्य २ कारण हुन्छन्*

1. *वसोवास गरिरहेका क्षेत्रमा जीवन निर्वाह गर्ने आइ पर्ने कठिनाइहरू ।*
2. *बसाइँ जाने ठाउँमा पाइने आकर्षणहरू ।*

*कृषि उत्पादन कम, वेरोजगार र श्री ५ को सरकारले सुकुम्वासीका नाममा तराइतिर बढी भूमि वितरण गर्नु आदिले मानिसको बसाइँ सर्ने भावनाको विकास हुन्छ ।*

*यसको असर – गाउँमा जनसङ्ख्या ह्रास भइ तराइ र सहरतिर चाप वढ्नु, विकास निर्माणमा वाधा पुगी समान नहुनु ।*

*समस्या – ग्रामीण क्षेत्रमा जनसङ्ख्या कम, सहरी क्षेत्रमा वृद्धि भई जनसङ्ख्याको वितरण असन्तुलित हुनु जसले गर्दा विकास कार्यक्रम सञ्चालनमा कठिनाइ हुनु । छिटो जनसङ्ख्या वृद्धि हुदा वस्तुको माग वढी मूल्य वृद्धि भई जीवनस्तर निम्न हुनु, सरकारलाई सामाजिक, आर्थिक र प्रशासनिक वोझ बढ्नु ।*

*समाधानका उपायहरू*

- *सबै क्षेत्रको समानुपातिक विकास गर्ने ।*
- *विवाहको उमेर निर्धारण गरिदिनु ।*
- *परिवार नियोजनको कार्यक्रमलाई प्रभावकारी बनाउनु ।*
- *विभिन्न क्षेत्रमा कारखाना खोली रोजगारका अवसरमा वृद्धि गर्नु ।*
- *मनोरञ्जनका साधनहरूको प्रवन्ध गर्नु , आदि ।*

माथिका विषयवस्तु अध्ययन गरि सहायक विषयवस्तुहरू पत्ता लगाई टिपोट गर्नुहोस् र सङ्क्षिप्त परिचय दिनुहोस् ।

## ४. उपलब्धिः-

यो पाठको प्रशिक्षणको सन्दर्भमा अपनाइएका क्रियाकलापहरू कत्तिको उपयोगी भए अरु क्रियाकलाप केके राख्न सकिएला निष्कर्ष टिपोट गर्नुहोस् ।

एकाइ:- ६ कक्षा:-१०
दिन:- १५ सत्र:- ३

# पाठ:- अघिल्ला दुई सत्रसँग सम्बन्धित क्रियाकलापहरू ।

१. उद्देश्यहरू:-

यस सत्रको अन्तमा निम्न लिखित उद्देश्यहरू राखी प्रशिक्षकले प्रयोगात्मक कार्य गराई उद्देश्य पूरा गराइनेछ ।

क) विशिष्ट उद्देश्यहरूको छनोट गर्न ।
ख) आवश्यक शैक्षिक सामग्रीको छनोट गरि निर्माण गर्न ।
ग) शिक्षण विधिहरूको पहिचान गर्न ।
घ) विद्यार्थी मूल्याङ्कनका उपायहरू निर्क्योल गर्न ।
ङ) सूक्ष्म शिक्षणका लागि पाठ योजना बनाउन ।

२. शैक्षिक सामग्री:-

नेपालको नक्सा, रुलर, कैंची, वाक्लो कागज, सिसाकलम, चार्ट, तालिका आदि ।

३. क्रियाकलाप:-

निम्न प्रयोगात्मक कार्यहरूमा सरिक हुनुहोस् ।

क) माथिको उद्देश्यहरू पूरा गर्न शिक्षण उद्देश्यहरू निर्माण गर्नुहोस् निर्मित उद्देश्यवारे समूहमा छलफल गर्नुहोस् र प्रशिक्षकलाई बताउनुहोस् ।

ख) उक्त विषयवस्तुहरू शिक्षण गर्नके कस्ता शैक्षिक सामग्री चाहिन्छन् सूचिवद्ध गर्नुहोस् । उक्त सामग्री तपाइँको विद्यालयमा भए नभएको तलको तालिकामा भर्नुहोस् । यस सन्दर्भमा छलफलमा आउन सक्ने अन्य संभाव्य विषयवस्तुहरूको पहिचान गर्नुहोस् र तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा भएका | नभएका |
|---|---|
| १. | |
| २. | |
| ३. | |

तपाईंको विद्यालयमा नभएकामध्ये एउटा सामग्री वनाई प्रदर्शन गर्नुहोस् । प्रशिक्षकसँग आवश्यक सल्लाह पनि लिनुहोस् ।

ग) शिक्षण प्रक्रिया सञ्चालन गर्दा के कस्ता विषयवस्तुलाई कुन कुन विधि प्रयोग गर्नुहुन्छ तालिका तयार गर्नुहोस् ।

| विषयवस्तु | विधि |
|---|---|
| १. | |
| २. | |
| ३. | |

घ) माथिका विशिष्ट उद्देश्य पूरा भए नभएको मापन गर्न कुनै ४ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू वनाई प्रशिक्षकलाई देखाउनुहोस् र आवश्यक पृष्ठपोषण लिनुहोस् ।

ङ) सूक्ष्म शिक्षणका लागि पाठयोजना वनाउन अभ्यास गर्नुहोस् वनाएको पाठ योजना प्रशिक्षकलाई देखाउनुहोस् र पाठयोजनावारे पृष्ठपोषण लिइ सुधार गर्न परे गरि सूक्ष्म शिक्षणका लागि तयार रहनुहोस् ।

## ४. उपलब्धिः-

माथिका क्रियाकलापहरूबाट तपाइँ कत्तिको सन्तुष्ट हुनुहुन्छ निष्कर्ष लेख्नुहोस् । सम्वन्धित विषयवस्तुको प्रभावकारी शिक्षणमा अन्य उपायहरू के के गर्न आवश्यक ठान्नुहुन्छ ? सोच विचार गर्नुहोस् ।

सामूहिक प्रस्तुतीकरण (सूक्ष्म शिक्षण तथा प्रयोगात्मक कार्य)

एकाइः- ६ कक्षाः- १०

दिनः- १५ सत्रः- ४

## पाठः- सत्र तीनका क्रियाकलापहरूको प्रस्तुतीकरण ।

### १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईंहरूले सत्र ३ मा गरेका प्रयोगात्मक कार्यहरूलाई सामूहिक प्रस्तुतीकरण गर्न सक्षम हुनुहुनेछ ।

### २. शैक्षिक सामग्रीः-

आज सकिएका ३ वटै सत्रको आधारमा सामग्री छनोट गर्नुहोस् ।

### ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशन अनुसार तपाईंहरू ४ समूहमा विभाजन हुनुहोस् । प्रत्येक समूहलाई निम्न छुट्टाछुट्टै प्रयोगात्मक कार्य प्रशिक्षकले दिनुहुन्छ । निर्धारित २० मिनेटको समयमा आफ्ना कार्यहरू सक्नुहोस् ।

समूह A, यो समूहमा ७ जना प्रशिक्षार्थीहरू छनोट हुनुहोस् । तिनीहरूमध्ये एकजना शिक्षक, तीनजना विद्यार्थी र तीनजना अवलोकन कर्ताको भूमिका निर्वाह गर्नुहोस् । शिक्षकले विद्यार्थीहरू वीच पाठयोजना अनुसार नेपालको वसाइँ सराइ अनुसार नेपालको वसाइँ सराइ तीनका समस्या र समाधानका उपायहरू वारे सूक्ष्म शिक्षण गर्नुहोस् । अवलोकन कर्ताहरूले शिक्षकले प्रस्तुत गरेको पाठको विषय प्रवेश उत्प्रेरणा जगाएको, प्रस्तुतीकरण, शैक्षिक सामग्री प्रदर्शन र मूल्याङ्कन गरेकोवाट सवल पक्ष, दुर्वल पक्ष र सुझावहरू टिपोट गर्नुहोस् , टिपेका बुँदाहरू समूहमा छलफल गरेर अरु समूहलाई प्रस्तुत गर्न एकजना समूह नेता छानिनुहोस् ।

समूह B, दोस्रो समूहमा ५ जना छानिनुहोस् र कक्षा कोठाको एक ठाउँमा गएर वस्नुहोस् अनि प्रशिक्षकले दिएको नेपालको वसाइँ सराइका प्रकार र तिनीहरू बसाइँ सर्ने प्रतिशत, वसाइँ सराइवाट पर्ने असर, त्यसका समस्या र समाधानका उपायहरूको वुदाँ टिपोट गर्नुहोस् त्यसपछि वुदाँहरूको तालिका निर्माण गर्नुहोस् । त्यसपछि वसाइँ सराइ तिनका समाधान गर्ने उपायहरूवारे तपाईंको समूहमा छलफल गर्नुहोस् र निष्कर्ष अरु समूहलाई प्रस्तुत गर्न एकजना समूहनेता छनोट हुनुहोस् ।

समूह C, यो समूहमा पनि ५ जना सहभागीहरू कोठाको एक छेउमा गएर वस्नुहोस् र प्रशिक्षकले दिएको प्रयोगात्मक कार्य वसाइँ सराइसम्वन्धी विषयवस्तु शिक्षण गर्दा प्रयोग गर्न सकिने एउटा शैक्षिक सामग्री सवैले मिलेर निर्माण गर्नुहोस् र प्रदर्शनका लागि एकजना समूह नेता छानिनुहोस् ।

समूह D, यो समूहमा बाँकी रहेको सहभागीहरूलाई एकठाउँमा बसाउनुहोस् र नेपालको बसाइ सराइ त्यसका समस्या र समाधानका उपायहरू पाठ शिक्षण क्रियाकलाप संचनालन गर्न आवश्यक शिक्षण विधिहरूको छनोट गरि टिपोट गर्नुहास् र अरू समूहलाई प्रस्तुत गर्न एक जना समूहनेता छनोट हुनुहोस् ।

माथिका सवै समूहले तोकिएको प्रयोगात्मक कार्य सकेपछि समूह नेता अगाडि आउनुहोस् र सहभागी एकठाउँमा जम्मा भएर वस्नुहोस् त्यसपछि प्रत्येक समूहले गरेका कार्यहरू पालैसित प्रस्तुत गर्नुहोस् अनि सोबारे अर्न्तक्रिया गर्नुहोस् र प्रशिक्षकवाट आवश्यक सल्लाह र सुझावहरू लिनुहोस् ।

एकाइ:- ६ कक्षा:- १०

दिन:- १६ सत्र:- १

# पाठ:- नक्सा कार्य ( परिचय ) ।

## १. उद्देश्यहरू:-

यो सत्रको क्रियाकलापमा सरिक भएपछि तपाईं निम्न कार्य गर्न सक्षम हुनुहुनेछ ।

क) यस विषयवस्तुको अध्यापन पश्चात् कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमवाट पत्ता लगाउन ।

ख) यस विषयवस्तु अन्तर्गत समावेश सहायक विषयवस्तु पत्ता लगाई तिनीहरूको सङ्क्षिप्त परिचय दिन ।

## २. शैक्षिक सामग्री:-

नेपालको नक्सा, ट्रेसिङ पेपर, कार्वन पेपर, वाक्ला कागज, गुँद, सिसाकलम, र विभिन्न थरिका रङ्गहरू ।

## ३. क्रियाकलाप:-

प्रशिक्षकको निर्देशनमा क्रियाकलापहरूमा सरिक हुनुहोस् ।

क) पाठ्यक्रवाट माथिको विषयवस्तु शिक्षणपछि कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजेको परिवर्तन पत्ता लगाई प्रशिक्षकलाई देखाउनुहोस् ।

ख) विषयवस्तुको परिचय अध्ययन गर्नुहोस् ।

| |
|---|
| *भूगोल विद्यामा ९९% विषयवस्तु नक्सावाटै अध्ययन गरिन्छ । नक्सा विभिन्न तरिकाले निर्माण गरिन्छ । त्यसमा नेपालको नक्सा निर्माण गर्ने धेरै तरिका छन् जस्तै- चतुर्भुज बनाएर, उतारेर (Traced Map) , कार्वन प्रयोग गरेर, हातैले हेर्दै बनाउने । नक्सा जसरी बनाए पनि नक्साको साइज उत्तर पुस्तिकाको पृष्ठ भरिने र सफा बनाउनुपर्दछ । नक्सा बनाइसकेपछि नक्सामा विभिन्न स्थानहरू राम्रोसँग भर्नुपर्दछ । निर्मित नक्सामा नेपालका प्रमुख वाली, सहरहरू, धार्मिक एवम् ऐतिहासिक स्थल, प्रमुख औद्योगिक केन्द्र भर्नुपर्दछ कुनै नक्सामा नियम अनुसार सुहाउँदो रङ्ग पनि प्रयोग गर्नुपर्दछ ।* |

ग) विषयवस्तु अन्तर्गतका विषयवस्तुहरू पत्ता लगाई टिपोट गर्नुहोस् र तिनीहरूको सङ्क्षिप्त परिचय दिनुहोस् ।

## ४. उपलब्धि:-

माथिका क्रियाकलापहरूमा केही कमजोरी भएमा समूहमा छलफल गरि निदानको लागि थप क्रियाकलापहरूको टिपोट गर्नुहोस् । नक्साको महत्ववारे छलफल गर्नुहोस् । टोपोग्राफिक नक्सावारे तपाईंलाई के के जानकारी छ ? प्रशिक्षकसंग अर्न्तक्रिया गर्नुहोस् ।

एकाइः- ६
दिनः- १६

कक्षाः- १०
सत्रः- २

# पाठः- नक्सा कार्य (निर्माण ) ।

## १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलापमा सरिक भएपछि तपाईं निम्न कार्य गर्न सक्षम हुनुहुनेछ ।

क) तलका सहायक विषयवस्तुहरूको परिचय दिन ।
- नक्साको रङ्ग भर्ने तरिका
- नक्सा वनाउने अन्य तरिका
  ( मट्टितेल प्रगोग गरेर नक्सा ट्रेस गर्ने विधि )
- सङ्केत

ख) सहायक विषयवस्तुहरूलाई शिक्षण घण्टीमा विभाजन गर्न ।

ग) सहायक विषयवस्तु शिक्षणका सन्दर्भमा छलफलमा आउन सक्ने सम्भाव्य विषयवस्तुहरू निर्क्योल गर्न ।

## २. शैक्षिक सामग्रीः-

नेपालको नक्सा, मट्टितेल, पेपर, गुँद, सिसाकलम, रङ्गहरू, सङ्केतको तालिका आदि ।

## ३. क्रियाकलापः-

प्रशिक्षकको निर्देशनमा क्रियाकलापहरूमा सरिक हुनुहोस् ।

क) पाठ १ को विषयवस्तुको पुनरावृति गर्नुहोस् । त्यसपछि नक्सामा प्रयोग हुने रङ्ग, सङ्केत, नक्सा वनाउने तरिकाहरू मध्ये मट्टितेल प्रयोग गरि नक्सा वनाउने तरिकाबारे सङ्क्षिप्त परिचय दिनुहोस् मट्टितेल कागजमा लगाई तल नक्सा राखेर र मट्टितेलको कागजवाट स्पष्ट तल देखिने हुदाँ सोही अनुसारको कोर्नुहोस् अनि नक्सा तयार हुन्छ ।
यो कार्यकलापमा स्पष्ट नभएको कुरा प्रशिक्षकलाई सोधी स्पष्ट हुनुहोस् । प्रशिक्षकले वनाएको नक्साको अवलोकन गर्नुहोस् ।

ख) सहायक विषयवस्तुहरूलाई तलको तालिकामा शिक्षण घण्टीमा विभाजन गर्नुहोस् ।

| विषयवस्तु | घण्टी |
|---|---|
| १. | |
| २. | |
| ३ | |

ग) सहायक विषयवस्तु शिक्षणका सन्दर्भमा छलफलमा आउन सक्ने संम्भाव्य विषयवस्तुहरू निर्क्योल गर्नुहोस् र कापीमा टिपोट गर्नुहोस् । टिपेका विषयवस्तु प्रशिक्षकलाई भन्नुहोस् र सङ्क्षिप्त परिचय दिनुहोस् ।

## ४. उपलब्धिः-

माथिका क्रियाकलापहरूबाट शिक्षण प्रक्रियामा तपाईंमा के कति परिवर्तन आउन सक्ने अपेक्षा गर्नुभएको छ ? स्वयम मूल्याङ्कन गर्नुहोस् । आफ्नो आत्म विश्वास बढेको महसुस गर्नु भएको छ छैन ? विचार गर्नुहोस् ।

एकाइः- ६ कक्षाः- १०
दिनः- १६ सत्रः- ३

## पाठः- नक्सा कार्य (अघिल्ला दुई पाठसंग सम्वन्धीत क्रियाकलापरू)।

### १. उद्देश्यहरूः-

यस सत्रको प्रयोगात्मक क्रियाकलापमा सरिक भएपछि तपाईं निम्न कार्य गर्न सक्षम हुनुहुनेछ।

क) पाठसँग सम्वन्धित विशिष्ट उद्देश्य छनोट गर्न।
ख) आवश्यक शैक्षिक सामग्रीको पहिचान गरि निर्माण गर्न।
ग) शिक्षण विधिहरूको छनोट गर्न।
घ) विद्यार्थी मूल्याङ्कनका उपायहरू पत्ता लगाउन।
ङ) सूक्ष्म शिक्षणका लागि पाठयोजना निर्माण गर्न।

### २. शैक्षिक सामग्रीः-

नेपालको नक्सा, पेपर, गुँद, सिसाकलम, कार्वन, मट्टितेल तालिका रङ्ग आदि ।

### ३. क्रियाकलापः-

निम्नानुसारका प्रयोगात्मक काममा तपाईं सहभागी हुनुहोस्।

क) विषयवस्तुसँग सम्वन्धित विशिष्ट उद्देश्य निर्माण गर्नुहोस्। निर्मित उद्देश्य प्रशिक्षकलाई देखाई आवश्यक पृष्ठपोषण लिनुहोस्।

ख) विषयवस्तु शिक्षण गर्न कस्ता शैक्षिक सामग्री आवश्यक पर्दछन् लिष्ट गर्नुहोस् सो मध्ये कुनै एउटा सामग्री बाक्लो कागजमा निर्माण गरि प्रदर्शन गर्नुहोस्।

ग) विषयवस्तु शिक्षण गर्न कुन कुन विधिहरू अपनाउनु पर्दछ विधिहरू र विधि प्रयोग गर्ने तरिका लेख्नुहोस्।

घ) माथिका विशिष्ट उद्देश्यहरू पूरा गर्न मूल्याङ्कनका उपायहरू खोज्नुहोस् तलको तालिकामा प्रश्न बनाउनुहोस् ।

| सङ्क्षिप्त उत्तरात्मक प्रश्न | नक्सामा भर्ने तालिका वारे प्रश्न |
|---|---|
| १.<br><br>२. | |

ङ) सूक्ष्म शिक्षणका लागि पाठयोजना वनाउन अभ्यास गर्नुहोस् । पाठयोजना तयार पार्नुहोस् र प्रशिक्षकलाई देखाई आवश्यक सुधार गर्नुपरे प्रशिक्षकको पृष्ठपोषण अनुसार सुधार गरि सूक्ष्म शिक्षणका लागि अन्तिम तयारी गर्नुहोस् ।

## ४. उपलब्धि:-

क) माथिका क्रियाकलाप गरि सकेपछि तपाईंमा प्राप्त सवल पक्षहरू के के हुन् टिपोट गर्नुहोस् ।
ख) विद्यार्थी मूल्याङ्कन गर्ने तपाईंका अन्य तरिकावारे लेख्नुहोस् ।

## सामूहिक प्रस्तुतीकरण (सूक्ष्म शिक्षण तथा प्रयोगात्मक कार्य)

एकाइः- ६
दिनः- १६

कक्षाः- १०
सत्रः- ४

## पाठः- नक्सा कार्य ।

### १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईंहरू सत्र ३ मा गरेका प्रयोगात्मक कार्यहरू गर्न र समूह प्रस्तुतीकरण गर्न सक्षम हुनुहुनेछ ।

### २. शैक्षिक सामग्रीः-

माथिका ३ ओटा सत्रको आधारमा शैक्षिक सामग्री तर्जुमा गर्नुहोस् ।

### ३. क्रियाकलापः-

प्रशिक्षार्थीहरू ४ समूहमा विभाजन हुनुहोस् । प्रत्येक समूहलाई प्रशिक्षकले एकएक प्रयोगात्मक कार्य दिनुहुनेछ आफ्नो कार्य करिव २० मिनेटमा सक्नुहोस् । समूहका सहभागी हिजोकोभन्दा छुट्टै समूहमा बस्नोस् ।

समूह A, समूह A मा ७ जना वस्नुहोस् । तपाईंहरू मध्ये एकजना सूक्ष्म शिक्षण गर्ने शिक्षक वन्नुस् , ३ जना जति विद्यार्थी बन्नुस् र वाँकी ३ जना अवलोकन कर्ता वन्नुहोस् । शिक्षकले सत्र ३ मा तयार पारेको नक्सा कार्य पाठयोजना अनुसार विद्यार्थीहरूलाई शिक्षण गर्नुहोस् र अवलोकन कर्ताहरूले शिक्षकले शिक्षण गर्दा विषयप्रवेश प्रस्तुतीकरण, मूल्याङ्कन, कक्षा अन्त आदिवारे सवल, दूर्वल र सुझाव दिनुपर्ने पक्षहरू कापीमा टिप्दै जानुहोस् रपछि ४ वटै समूहलाई जानकारी दिन एकजना समूह नेता छानिनुहोस् ।

समूह B, समूह B मा ४ जना छानिएर वस्नुहोस् । यो समूहले चतुर्भुज र नापको आधारमा बाक्लो कागजमा नेपालको नक्सा तयार पार्नुहोस् र नक्सामा भर्ने रङ्गहरूको सूचि बनाउनुहोस् उक्त नक्सा प्रदर्शन गर्न र रङ्गवारे वताउन एकजना समूह नेता छानिनुहोस् ।

समूह C, यसमा ५ जना साथीहरू मिलेर कक्षाकोठाको एक कुनामा गएर बस्नुहोस् र प्रशिक्षकले कागज, मट्टितल, दिनुहुनेछ । तपाईंहरूले मट्टितेल प्रयोग गरेर नेपालको नक्सा कोर्नुहोस् र नक्सामा प्रयोग हुने सङ्केतहरूको लिष्ट गर्नुहोस् । अव सबै समूहलाई प्रदर्शन गर्न एकजना समूह नेता छानिनुहोस् र प्रशिक्षकलाई जानकारी दिनुहोस् ।

समूह D, यो समूहमा वाँकी रहेका सवै एक ठाउँमा वस्नुहोस् र नेपालका प्रमुख सहरहरू बालीहरूको नाम, उत्पादनको मुख्य क्षेत्र, धार्मिक एवम् ऐतिहासिक स्थल, प्रमुख औद्योगिक केन्द्र आदिका क्षेत्रहरूको सुचि वनाउनुहोस् । लेखिएका क्षेत्रहरू के कसरी प्रभावकारी रुपमा देखाउन सकिन्छ र समूहमा छलफल गर्नुहोस् र प्रदर्शन र छलफलका लागि एक जना समूह नेता छान्नुहोस् ।

माथिका ४ ओटा छुट्टाछुट्टै प्रयोगात्मक कार्यहरू सकेपछि सबैजना एकै ठाउँमा वस्नुहोस् र पालैपालो समूह नेताहरूले आफ्नो समूहको कार्यबारे सबैजना समक्ष प्रस्तुतीकरण गर्नुहोस् । प्रस्तुतीकरणपछि सामूहिक छलफल गर्नुहोस् र अन्तमा प्रशिक्षकवाट आवश्यक राय सुझावहरू लिनुहोस् ।

एकाइ:- ७ कक्षा:- ९
दिन:- १७ सत्र:- १

# पाठ:- एकीकरण आरम्भ, अभियान र यसका बाधाहरू ।

## १. उद्देश्यहरू:-

प्रशिक्षणपछि सहभागीहरू निम्न कुराहरूमा सक्षम हुनेछन् ।

क) यस विषयवस्तुको प्रशिक्षण पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन पाठ्यक्रमवाट पत्ता लगाउन ।
ख) विशिष्ट उद्देश्य चयन गर्न ।
ग) सम्वद्ध शैक्षिक सामग्री निर्माण गर्न ।
घ) विषयवस्तु शिक्षणका विधिहरू पत्ता लगाउन ।
ङ) विद्यार्थी मूल्याङ्कनका लागि उपयोगी प्रश्नहरू निर्माण गर्न ।

## २. शैक्षिक सामग्री:-

क) सामाजिक शिक्षाको पाठ्यक्रम (मा.वि)
ख) सामाजिक शिक्षाको पाठ्यपुस्तक (मा.वि)
ग) पृथ्वीनारायण शाहको फोटो
घ) एकीकरण आरम्भ, आभियान र यसका बाधाहरू लेखिएको चार्ट
ङ) नेपालको नक्सा
च) सिसाकलम, मार्कर पेन, कालो–१, नीलो–१,–रातो–१, कैंची, टेप, चार्ट पेपर, स्केल- र इरेजर ।

## ३. क्रियाकलाप:-

क) पाठ्यक्रम अध्ययन गरि प्रस्तुत पाठवाट कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएका परिवर्तनहरू पत्ता लगाउनुहोस् र तिनको बुँदागत रुपमा टिपोट गरि प्रशिक्षकसंग पृष्ठपोषण लिनुहोस् ।

ख) तलका क्रियाकपदहरू प्रयोग गरि यस पाठको विषयवस्तुहरूमा ५/५ ओटा विशिष्ट उद्देश्यहरू निर्माण गर्नुहोस् । (भन्न, बताउन, लेख्न, नाम दिन, परिभाषा दिन, वर्गीकरणगर्न, पत्ता लगाउन, वर्णन गर्न, फरक देखाउन, बनाउन र कोर्न)

उदाहरण:- किर्तिपुरको लडाइवारे बताउन ।
१.
२.
३.
४.
५.

ग) समूहगत छलफल गरि यस पाठसित सम्वद्ध निम्न शैक्षिक सामग्रीहरू निर्माण गर्नुहोस् । आवश्यकताअनुसार प्रशिक्षकसँग पृष्ठपोषण लिनुहोस् ।

अ. एकीकरण अभियानका वाधकहरूको लिष्ट ।
आ. पृथ्वीनारायण शाहद्वारा राज्यहरू नक्साङ्कन ।
इ. राजेन्द्रलक्ष्मीद्वारा बिजय राज्यहरूको नक्साङ्कन ।
ई. वहादुरशाहले विजय गरेका राज्यहरूको नक्साङ्कन ।

समूहगत रुपमा निर्मित चार्ट एवम् नक्साङ्कनलाई समूहगत रुपमा छलफल गरि प्रस्तुत गर्नुहोस् । प्रशिक्षकसँग छलफल गरि आवश्यक सुधार गर्नुहोस् ।

घ) यस पाठको सवै पाठ्यवस्तु समेट्ने गरि समूहमा छलफल गरि २० ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू (चार समूहबाट ५/५ ओटा) निर्माण गर्नुहोस् ।
नमुनाः– पृथ्वीनारायण शाहले कीर्तिपुरमा कति पटक हमला गरे ?

ग) नेपालको नक्सामा पृथ्वीनारायण शाहको एकीकरण अभियान क्रममा विजय गरेका राज्यहरू सहभागीहरूलाई पत्ता लगाउन लगाउने र सोको टिपोट समेत गर्नुहोस् ।

*एकिकरण आरम्भ, अभियान र यसका वाधाहरूः-*

*पृथ्वीनारायण शाहको वाल्य जीवन*

*नरभूपाल शाहका जेठा छोरा, माहिली रानी कौशल्यावतीको कोखबाट पौष २७, १७७९ वि.सं. (७ जनवरी १७२३) जन्मेका, सौतेनी आमा चन्द्र प्रभावतीवाट शिक्षा–दीक्षा र तालिम पाएको कारणबाट दूरदर्शी, पराक्रमी र नेतृत्ववर्गमा हुने सबै गुणहरू देखापर्न थाले ।*

- *१४ वर्षको उमेरमा मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग विवाह ।*
- *सन १८४० को फरवरीतिर दोस्रो विवाह बनारसका अहिमान सिंहकी छोरी नरेन्द्र लक्ष्मी सँग सम्पन्न ।*
- *भक्तपुरसँग मितेरी सम्वन्धले गर्दा उपत्यकाको सामाजिक, आर्थिक, राजनैतिक, भौगोलिक र सैनिक अध्ययन गर्ने मौका पाए ।*
- *सन १७४२ मा नरभूपाल शाहको मृत्युपछि २० वर्षको उमेरमा गोरखाको राजगद्दीमा विराजमान भए ।*

*नुवाकोटमा आक्रमण*

*पृथ्वीनारायण शाहले सामरिक दृष्टिबाट अति महत्वपूर्ण स्थल नुवाकोट माथिको प्रथम पटकको आक्रमणमा असफल भएपछि पूर्ण तयारीतर्फ लागे । काशीबाट हातहतियार जोरजाम गरि आफ्नो फौजलाई तयार वनाएर (वि.सं. १८०१) २५ सेप्टेम्वर १७४४ मा पृथ्वीनारायण शाहले फेरि आक्रमण गरे । यस पटकको हमलामा गोरर्खाली फौजको जीत भयो । यस समयदेखि नुवाकोट एकीकरण अभियान सुरू भएको हुनाले नुवाकोट विजयलाई यस अभियानको प्रथम प्रयास भन्न सकिन्छ ।*

*कीर्तिपुरको आक्रमण (१८१४)*

*उपत्यकाका चारैतिर इलाकाहरूमा विजय हासिल गरेपछि उपत्यका विजय गर्ने अभियानतर्फ लागे । यसै उद्देश्यले २८ मे १७५७ मा (वि.सं. १८१४) कीर्तिपुरमाथि आक्रमण गरे । यस आक्रमणमा उनी असफल भए ।*

मकवानपुरको विजय -वि.सं. १८१९)

(वि.सं. १८१९) अगष्ट २१, १७६२ मा मकवानपुर माथि विजय गरेपछि गोर्खालाई आर्थिक दृष्टिबाट पनि ठूलो लाभ प्राप्त भयो ।

कीर्तिपुरमाथिको दोस्रो आक्रमण -वि.सं. १८२१)

(वि.सं. १८२१) १६ सेप्टेम्बर १७६४ मा कीर्तिपुरमा गोर्खाली फौजले दोस्रो पल्ट हमला गऱ्यो यस पटक पनि पृथ्वीनारायण शाहले पराजित हुनु पऱ्यो ।

तेस्रो कीर्तिपुर आक्रमण -वि.सं. १८२२)

दुई पटक सम्म असफल भएकोले पृथ्वीनारायण शाहले तेस्रो पटक कीर्तिपुरमाथि आक्रमण गर्न विशेष तयारी गरे । गोर्खाली सेनाको घेरावन्दीले गर्दा कीर्तिपुरमा हाहाकार मचियो । गोर्खाली सेनाले कीर्तिपुर आउने पानीको मुहान पनि वन्द गरिदिए । १२ मार्च १७६६ मा (वि.सं. १८२२) गोर्खाली सेनाले कीर्तिपुरलाई आफ्नो कब्जामा लिए ।

किनलकको अभियान

गोर्खाली फौजलाई परास्त गर्न किनलकको नेतृत्वमा कम्पनी सरकारको फौज सेप्टेम्बर १७६७ मा उपत्यकातर्फ आउदैं गरेको बेलामा सुईको पाएर गोर्खाली फौजले सिन्धुली गढीमा नै आक्रमण गऱ्यो । पृथ्वीनारायणको सैन्य सामु टिक्न नसकेर किनलकको फौज त्यहीँबाट भागेर भारततर्फ लागे । किनलकको अभियान असफल भएपछि पृथ्वीनारायण शाहलाई अरू हौसला बढयो ।

काठमाडौं उपत्यका विजय

काठमाडौं विजय वि.सं. १८२५ भाद्र शुक्र चतुर्दशी (२६ सेप्टेम्बर १७६८) का दिन काठमाडौंको जनताले इन्द्र जात्रा मनाइरहेको मौका छोपेर आक्रमण गरे । यस अभियानमा शुरप्रताप शाहले असनवाट, दलजित शाहले महावौद्धवाट, तुलारामले जैसी देवलवाट, वंशलालले क्षेत्रपाटीबाट र पृथ्वीनारायण शाहले नरदेवीवाट हनुमान ढोकालाई घेरियो । जय प्रकाश भागेर ललितपुरका राजा तेज नरसिंहको शरण लिन पुगे । पृथ्वीनारायण शाह २६ सेप्टेम्बर कै राती कान्तिपुरको राजसिंहासनमा विराजमान भए ।

ललितपुर विजय

पृथ्वीनारायण शाहले ललितपुरमा आक्रमण गर्नुअघि नै प्रधानहरूले आत्म समपर्ण गरे । फलतः विनायुद्ध ललितपुर पनि पृथ्वीनारायण शाहको कब्जामा आयो । त्यसपछि जयप्रकाश र तेज नरसिंह मल्ल भादगाँउमा शरण लिन पुगे । १० जनवरी १७६९ मा पृथ्वीनारायण शाह ललितपुरको दरवारमा प्रवेश गरे ।

भक्तपुर विजय

ललितपुर विजयपछि पृथ्वीनारायण शाहले भक्तपुरमा शरण लिइरहेका जय प्रकाश मल्ल र तेज नरसिंह मल्ललाई फिर्ता गरिदिन रणजित मल्लसँग आग्रह गरे तर रणजित मल्लले शरणमा परेकालाई मरण नगर्ने जानकारी दिएपछि पृथ्वीनारायण शाहले सन १७६९ मा (वि.सं. १८२६ कार्तिक शुक्ल द्वादशीका दिन) भक्तपुर माथि आक्रमण गरे । १० देखि १३ नोभेम्वरसम्म लडाइँ भयो । लडाईमा जयप्रकाश गोली गांठामा गोली लागी घाइते भए । रणजित मल्लले आत्मसमपर्ण गरे । यसरी भक्तपुर पनि गोर्खामा गाभियो ।

*पृथ्वीनारायण शाहले चौवीसी राज्यहरूलाई आफ्नो अधीनमा तुल्याउन नसकेतापनि पूर्व तर्फको विजय अभियानमा भने सफलता मिल्यो । पृथ्वीनारायण शाहको पालामा पूर्वमा अरूण, कासी र पश्चिममा चेपे र मर्स्याङ्दी सम्म नेपालको तत्कालीन इलाका कायम भयो । यसरी एकीकरणको महत्वपूर्ण प्राथमिक चरण पूरा भयो ।*

४. उपलब्धि:-

यस सत्रमा सिकेका कुराहरू लेख्नुहोस् । लेखिएका कुराहरू प्रशिक्षकलाई देखाई उहाँको राय समेत लिई निष्कर्षमा पुग्नुहोस् ।

एकाइ:- ७ कक्षा:- ९
दिन:- १७ सत्र:- २

# पाठ:- अङ्ग्रेजसंगको युद्धमा नेपाली वीरहरूको भूमिका ।

## १. उद्देश्यहरू:-

यस सत्रको क्रियाकलामा सरिक भैसकेपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) अङ्ग्रेज संगको युद्धमा नेपाली वीरहरूको भूमिकाको वर्णन ।
ख) वीरहरूको भूमिकासम्वन्धी शैक्षिक सामग्री र शिक्षण विधि छनोट गर्न ।
ग) विद्यार्थी मूल्याङ्कनका लागि उपयोगी प्रश्नहरू पत्ता लगाउन ।

## २. शैक्षिक सामग्री:-

क) नेपाली वीरहरूको भूमिका झल्किएको चार्ट
ख) नेपाली वीरहरूको फोटो
ग) विवादग्रस्त क्षेत्रहरू अङ्कित भएको नेपालको नक्सा

## ३. क्रियाकलाप:-

क) निम्नलिखित घटना एवम् तथ्यहरूको आधारमा समूहमा छलफल गरि छोटो कथा कथनको रुपमा तयार पार्नुहोस् ।

- कम्पनी सरकारको विस्तारवादी नीति र नेपालको एकीकरण अभियानले गर्दा देशको सीमाना जोडिन गएको ।
- नेपालमा सरकारका आर्थिक स्वार्थ:- व्यापारिक, प्राकृतिक स्रोतहरूको उपयोग, ठण्डी भूभागहरूमा वसोवास गर्न आकर्षण हुनु ।
- कम्पनी सरकारको व्यापारिक नीति ।
- कम्पनी सरकार नेपालसँग घनिष्ठ सम्पर्क राख्न असफल हुनु ।
- नेपालले अङ्ग्रेज बिरोधी गुट तयार गर्न प्रयास गर्नु ।
- नेपालको सैनिक नीति ।
- तत्कालिन कारणमा स्यूराज र वुटवलको समस्या ।

ख) आफनो समूहमा छलफल गरि निम्न लिखित वीरहरूको भूमिका सम्वाद विधिद्वारा छोटो रुपमा लेख्नुहोस् ।

- कलङ्गाको युद्धमा वीर वलभद्रको भूमिका ।
- देउथलको युद्धमा भक्तिथापाले देखाएको वीरता ।
- अमरसिंह थापाले नेपाल-अङ्ग्रेज (सुदूरपश्चिम क्षेत्र) युद्धमा खेलेको भूमिका ।

(ग) विद्यार्थी मूल्याङ्कन गर्न ज्ञान र बोध तहको ५ ओटा र उच्च दक्षता तहको ५ ओटा प्रश्नहरू पत्ता लगाउनुहोस् ।

नमुना:

(अ) अमर सिँहको सङ्क्षिप्त परिचय दिनुहोस् ।

........................................ (ज्ञान र बोध )

(आ) कलङ्गाको युद्धमा वीर बलभद्रको भूमिका मूल्याङ्कन गर्नुहोस् ।

........................................ ( उच्च दक्षता तह )

अङ्ग्रेज–नेपाल युद्धका प्रमुख कारणहरू

१. नेपाल र इष्ट इण्डिया कम्पनी दुबैको विस्तारवादी नीति: कम्पनी सरकारको साम्राज्यवादी नीति र नेपालको एकीकरण अभियानले गर्दा दुबै देशको सीमाना जोडिन गयो । दुई देश बीच प्राकृतिक किल्लाहरूको अभाव भएकोले र कृत्रिम किल्लाहरू निर्माण भई नसकेको अवस्थामा सयौं सीमा विवादहरू देखा परे । स्पष्ट सीमा रेखाको अभावले गर्दा नेपाल–अङ्ग्रेज युद्धको कारण हुन गयो ।

२. नेपालमा कम्पनी सरकारको आर्थिक स्वार्थ:
क) अङ्ग्रेजहरू नेपालको बाटो भएर तिब्बतसँग व्यापार सञ्चालन गर्न चाहन्थे ।
ख) नेपालका प्राकृतिक स्रोतहरू जङ्गल खानी आदिमा नियन्त्रण गरि उपयोग गर्न चाहन्थे ।
ग) अङ्ग्रेजहरू नेपालमा ठण्डी भूभागहरू कुमाउँ, गढवाल, नैनीताल र दार्जिलिङ्ग आदि ठाउँहरूमा बसोवास गर्न चाहन्थे ।

३. कम्पनी सरकारको व्यापारिक नीति:
नेपालका आन्तरिक समस्यामा अल्झेको मौका पारी अङ्ग्रेजहरूले नेपालसँग १७९२ र १८०१ गरि दुई पटक सन्धि गरेका थिए । तर नेपाली राजनीतिज्ञहरूले सन्धिहरूको कार्यान्वयनमा आलटाल गरेकोले अङ्ग्रेजहरूको आशा पूरा हुने लक्षण देखिएन ।

४. कम्पनी सरकार नेपालसँग घनिष्ट सर्म्पक राख्न असफल हुनु: सन १८०१ मा रणबहादुर शाह वनारसमा रहेको समयमा कम्पनी सरकारले काठमाडौंका भारदारसँग एक सन्धि गरे जुन सन्धिको कार्यान्वयन स्वरूप सन १८०१ मा कप्तान नक्सलाई काठमाडौं पठाइएको थियो । तर उक्त मिसन पनि निराशा भएर फर्कनु पर्‍यो । जनरल लर्ड वेलेजलीले सन १७९२ र १८०१ ई. को सन्धिहरू रद्द गरेको घोषणा गरे ।

५. नेपालले अङ्ग्रेज विरोधी गुट तयार गर्न प्रयास गर्नु:
भीमसेन थापाले अङ्ग्रेजहरूको उद्देश्य बुझेकोले यिनले सम्पूर्ण एशियाबाट नै अङ्ग्रेजहरूलाई धपाउन चाहेका थिए । यस क्रममा चीन र तिब्बतसँग पनि आर्थिक सहयोग मागेका थिए । तर अङ्ग्रेजहरूले गुप्तचरहरूको माध्यमबाट पूर्ण जानकारी प्राप्त गरि एशियाली गुट फुटाउन नेपालसँग युद्ध गर्नु पर्ने अनिवार्यता महसूस गरे ।

६. नेपालको सैनिक नीति:
सैनिक सङ्ख्यामा वृद्धि, सैनिक नीति, हतियार सङ्कलन एवम् निर्माण गर्ने व्यवस्था तथा तोप बन्दुक मर्मत गर्न फ्रान्सिसीहरूलाई झिकाएकोबाट अङ्ग्रेजहरू ज्यादै असन्तुष्ट थिए ।

७. तत्कालिन कारण – स्यूराज वुटवलको समस्या:
कम्पनी सरकार र नेपाली सरकार बीच सिमानासम्बन्धी समाधान हुन नसक्नु नै नेपाल – अङ्ग्रेज युद्धको तत्कालिन कारण थियो । सन १८१४ ई. मा नेपालको पूर्वी र पश्चिम भागमा गरि ४२ ठाउँमा कम्पनी सरकासँग विवादहरू भएका देखिन्छन् । ती मध्ये रौतहटका २२ ठाउँ र पाल्पा अन्तर्गत स्यूराज वुटवलका सस्याहरू बढी जटिल थिए ।

समस्या समाधानका निम्ति प्रतिनिधि मण्डल गठन भयो तर समाधान हुन सकेन । त्यसपछि जनरल लर्ड हेस्टिङ्गले २५ दिनभित्र स्यूराज खालि गर्नु भनी पत्र पठाए, भीमसेन थापा युद्ध गर्नेमा अडिग रहे । नेपाल सरकारले स्यूराज र वुटवल माथि आक्रमण गऱ्यो, १८ भारतीय सिपाही मरे । अव लर्ड हेस्टिङ्गले १ नोभेम्वर १८१४ मा नेपालको विरूद्ध युद्धको औपचारिक घोषणा गरे ।

अङ्ग्रेजसँगको युद्धमा नेपाली वीरहरूको भूमिका:

क) कलङ्गाको युद्ध र वीर वलभद्रको सङ्क्षिप्त परिचय:

कलङ्गा वा नालापानीको रक्षाको भार वलभद्र कुँवरलाई सुम्पिएको थियो । उनले ६०० जति नेपाली सेनाको नेतृत्व गरि युद्धको मैदानमा गएका थिए । अङ्ग्रेजतर्फको सेनापति जनरल जिलेस्पीले वलभद्रलाई मिल्न आउ भनी पत्र लेखेकोमा वलभद्रले भोलि रणक्षेत्रमा भेट हुनेछ भन्ने उत्तर दिएका थिए । युद्धमा जिलेस्पीको मृत्यु भयो । एक हजार जति अङ्ग्रेज सेना हताहत भए । त्यस युद्धमा नेपाली नारीहरूले पनि वीरत्व प्रदर्शन गरे । नेपाली सेनालाई खानेपानीको समेत ठूलो समस्या पऱ्यो । अन्त्यमा अङ्ग्रेज सेनाको अगाडि नेपाली सेनाको केही जोड चलेन । वीर वलभद्रको वीरताबाट प्रभावित भएर अङ्ग्रेजसेनाले कलङ्गाको एउटा स्मारक वनाएका थिए जसमा "हाम्रा शूर वीर वैरी वलभद्र सिंह र उनका वहादुर गोर्खालीहरूमा सम्मानोपहार" भनी लेखिएको छ ।

ख) भक्ति थापा र नेपाल अङ्गोज युद्धको सङ्क्षिप्त परिचय:

– भक्ति थापा लम्जुङ्गका राजाका कप्तान ।

– नेपाल–अङ्ग्रेज युद्धमा भक्ति थापालाई देउथलको किल्लाको भार सुम्पिएको, भक्ति थापा मलाउँतर्फ गएको मौका छोपी अक्टरलोनीद्वारा देउथल कब्जा । ७१ वर्षे वूढो भक्ति थापाले ज्यानको वाजी लगाएर शत्रु उपर जाइलागे । शत्रुको गोलाको कुनै परर्वाह नराखी यिनी किल्लाको टुप्पोमा चढ्न सफल । करीव ७०० नेपाली फौजको साथसाथै वूढो भक्ति थापाले वीरगति पाए । अङ्ग्रेज सेनाले वीरता र कर्तव्यनिष्ठताको कदर स्वरूप उनको लासलाई वहुमूल्य दोसल्लाले ओढाई नेपालीलाई वुझाई दिए ।

ग) अमरसिंह थापा र नेपाल–अङ्ग्रेज युद्धको सङ्क्षिप्त परिचय:

कुमाउँ विजयपछि अमरसिंह थापा काजीमा वहाल गरे । नेपालको सुदुर पश्चिम क्षेत्रको रक्षाको भार अमरसिंह थापालाई सुम्पिएको थियो । त्यस क्षेत्रमा सेनाको नेतृत्व अक्टरलोनीले गरेको थिए । अक्टरलोनीले अमर सिंह थापालाई प्रलोभन देखाई आफूतर्फ मिलाउन खोजेपनि त्यस्तो लोभमा फसेनन् । रामगढको युद्धमा ज. अक्टरलोनीको सेनासँग डटेर मुकाविला गरे । नेपाली सेनाले वाध्य भएरपछि हट्नु पऱ्यो । अमरसिंह थापाले १५ मे १८१५ ई. मा अक्टरलोनीसँग आत्मसमर्पण गरे । अमर सिंहको वीरतालाई दृष्टिगत गरि उनलाई "The Living Lion of Nepal" भनिन्छ । सन १८१६ मा उनको मृत्यु ।

५. उपलब्धि:-

यस सत्रवाट सिकेका कुराहरू लेख्नुहोस् ।

.....................................................................................

.....................................................................................

.....................................................................................

एकाइः- ७ कक्षाः- ९

दिनः- १७ सत्रः- ३

## पाठः- अघिल्ला दुई पाठहरूको शैक्षिक सामग्री, शिक्षण विधि तथा प्रश्नहरूको निर्माण ।

### १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलामा सरिक भैसकेपछि तपाइँ निम्न लिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) एकीकरण अभियानका बाधकहरूको चार्ट निर्माण गरि प्रतिवेदन तयार गर्न ।

ख) पृथ्वीनारायण शाह, राजेन्द्रलक्ष्मी र बहादुर शाहले विजय गरेका राज्यहरूको नक्साङ्कन गरि छोटो प्रतिवेदन तयार गर्न ।

ग) अङ्ग्रेज संगको युद्धमा नेपाली वीरहरूले खेलेको भूमिका सम्वन्धमा सम्वाद तयार गर्न ।

घ) विद्यार्थीहरूको ज्ञान र बोध, उच्च दक्षता एवम् प्रयोगात्मक सीप नाप्ने खालको प्रश्नहरू निर्माण गर्न ।

ङ) लघु शिक्षण तयारी गर्न ।

### २. शैक्षिक समग्रीहरूः-

क) सिसाकलम, मार्कर पेन, –कालो,–१, नीलो –१, रातो–१, कैंची, टाँस्ने टेप, स्केल, इरेजर र कार्वोड पेपर ।

ख) नेपालको नक्सा ।

ग) सामाजिक शिक्षाको पाठ्यक्रम । ( मा.वि.स्तरको)

घ) सामाजिक शिक्षाको पाठ्यपुस्तक (मा.वि. स्तरको)

### ३. क्रियाकलापः-

निम्नलिखित क्रियाकलापहरूमा संलग्न हुनुहोस् ।

क) एकीकरणको अभियानका बाधाहरूको चार्ट, पृथ्वीनारायण शाह, राजेन्द्र लक्ष्मी तथा बहादुर शाहले विजय गरेका राज्यहरूको नक्साङ्कन कार्य गर्न प्रशिक्षकज्यूले तोकेको समूहमा बस्नुहोस् । आफ्नो समूहमा माथि उल्लेखित विषय मध्येको समूह कार्यलाई छलफल एवम् समीक्षा गरि छोटो प्रतिवेदन तयार गर्नुहोस् ।

– प्रशिक्षकज्यूको सल्लाह अनुसार प्रतिवेदनमा आवश्यक सुधार गर्नुहोस् ।

ख) अघिल्लो पाठमा तयार गरिएको अङ्ग्रेजसंगको युद्धमा नेपाली वीरहरूले खेलेको भूमिका सम्वन्धमा सम्वादलाई प्रस्तुत गर्न आवश्यक तयारी गर्नुहोस् । तयार गरिएको सम्वाद सम्वन्धमा छलफल गरि प्रशिक्षकज्यूको राय अनुसार आवश्यक सुधार गर्नुहोस् ।

ग) अघिल्ला दुई पाठहरूवाट ज्ञान र बोध तहको ५ ओटा छोटो उत्तर आउने प्रश्नहरू उच्च

दक्षता तहको ५ ओटा लामो उत्तर आउने प्रश्नहरू तथा प्रयोगात्मक सीप तह नाप्ने ५ ओटा छोटो उत्तर आउने प्रश्नहरू निर्माण गर्नुहोस् ।

निम्न लिखित नमुना हेर्नुहोस् ।

अ) किर्तिपुरको लडाइँ वारे छोटो विवरण प्रस्तुत गर्नुहोस् ।

(ज्ञान र वोध तह )

आ) पृथ्वीनारायण शाहका प्रमुख दुई ओटा दिव्य उपदेशहरू आजको सन्दर्भमा कति हद सम्म उपयोगी छन् ? मूल्याङ्कन गर्नुहोस् ।

(उच्च दक्षता तह )

इ) पृथ्वी नारायण शाहले विजय गरेका राज्यहरू नक्साङ्कन गरि देखाउनुहोस् ।

(प्रयोगात्मक सीप तह )

घ) अघिल्ला दुई पाठहरूको लागि निर्मित शैक्षिक सामग्री, शिक्षण विधि तथा प्रश्नहरू समूहगत रुपमा प्रस्तुत गर्न आवश्यक छलफल गरि सुधार गर्नुहोस् ।

ङ) अङ्ग्रेजसंगको युद्धमा नेपाली वीरहरूले खेलेको भूमिका पाठको सम्वाद विधि द्वारा प्रस्तुत गर्न आफनो समूहमा छलफल गरि आवश्यक तयारी गर्नुहोस् ।

४. उपलब्धिः-

यस सत्रमा सिकेका कुराहरू लेख्नुहोस् ।

एकाइ:- ७ कक्षा:- ९
दिन:- १७ सत्र:- ४

# पाठ:- सत्र ३ मा उल्लेखित उद्देश्यहरूको प्रस्तुतीकरण ।

१. उद्देश्यहरू:-

यस सत्रको प्रशिक्षणपछि सहभागीहरू निम्न कुरामा सक्षम हुने छन् ।

क) एकीकरण अभियानका वाधकहरूको चार्ट प्रदर्शन गर्न ।
ख) पृथ्वीनारायण शाह, राजेन्द्र लक्ष्मी, वहादुर शाहले बिजय गरेका राज्यहरूको नक्साङ्कन प्रतिवेदन प्रस्तुत गर्न ।
ग) अङ्ग्रेज संगको लडाईमा नेपाली वीरहरूले खेलेको भूमिका सम्वाद विधिद्वारा प्रस्तुत गर्न ।
घ) विद्यार्थी मूल्याङ्कनका लागि ज्ञान र वोध तह, उच्च दक्षता तह एवम् प्रयोगात्मक सीप तह नाप्ने खालका प्रश्नहरू प्रस्तुत गर्न ।
ङ) नमुना लघु शिक्षण गर्न ।

२. शैक्षिक सामग्रीहरू:-

क) सत्र ३ मा प्रयोग गरिएका सबै सामग्रीहरू

३. कियाकलाप:

माथि उल्लेखित 'क' देखि 'ङ' सम्मका उद्धेश्यहरू प्रस्तुत गर्न विभाजन गरिएको समूहमा बसी छलफलमा भाग लिनुहोस् ।
समूह नेता द्वारा संयुक्त समूहमा प्रस्तुत गरिएको प्रस्तुतीकरण सम्बन्धमा सवल पक्ष, कमजोर पक्ष प्रतिकियाहरू सुनी आफनो पनि सुधारात्मक प्रतिक्रिया दिनुहोस् ।
छलफलवाट प्राप्त निचोडहरू लेख्नुहोस् ।

४. उपलब्धि:-

यस सत्रमा सिकेका कुराहरू लेख्नुहोस् ।

एकाइः- ७

दिनः- १८

कक्षाः- ९

सत्रः- १

# पाठः- राणा शासनको स्थापनामा जङ्गबहादुरको भूमिका ।

## १. उद्देश्यहरू :-

यस सत्रको प्रशिक्षणपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्नु हुनेछ ।

क) राणा शासनको स्थापनामा जङ्गवहादुरको भूमिका वर्णन गर्न ।

ख) जङ्गवहादुरको भूमिकासम्वन्धी शैक्षिक सामग्री र शिक्षण विधिको छनोट गर्न ।

## २. शैक्षिक सामग्रीहरूः-

क) जङ्गवहादुरको फोटो

ख) जङ्गवहादुरको जीवनका घटनाक्रम झल्कने घटनावृत चार्ट ।

ग) सन्दर्भ सामग्रीहरू

## ३. कियाकलापः

क) जङ्गवहादुरको परिचय सुनिसकेपछि राणा शासन स्थापनामा जङ्गवहादुरको भूमिकासम्वन्धी छलफल एवम् अन्तरकियामा सरिक भई प्राप्त निष्कर्ष लेख्नुहोस् ।

ख) तोकेको समूहमा बसी जङ्गवहादुर उदय हुनाका प्रमुख कारणहरू (तत्वहरू) को बुँदा टिपोट गर्न छलफलमा सहभागी वनौं । समूहगत रुपमा एक आपसमा वुँदा टिपोट जाँच गरि सकेपछि प्रशिक्षकको सल्लाह अनुसार सुधार्ने गर्नुहोस् ।

ग) कोतपर्वको अभिनय विधि द्वारा प्रस्तुत गर्न प्रमुख पात्रहरू चयन एंव आवश्यक सामग्रीहरू र अन्य व्यवस्थाको तयारीको लागि प्रशिक्षक तथा सहभागी बिचमा छलफल गरि स्पष्ट हुनुहोस् ।

प्रशिक्षकको निर्देशानुसार अभिनय प्रस्तुत गर्न सम्वाद तयार गर्न लाग्नुहोस् ।
सहभागीहरू मध्येवाट उपयुक्त पात्रहरू छनोट गर्न सहयोगि वनौं ।
आवश्यकता अनुसार प्रशिक्षकको सल्लाह अनुसार निचोडमा पुगौं ।
यस्तै प्रकारले भण्डारखाल पर्व र अलौं पर्वको छोटो पृष्ठ भूमिबाट सम्वाद तयार गर्न लागौं ।
आवश्यकता अनुसार प्रशिक्षकको सल्लाह पालन गर्नुहोस् ।

*राणाशासनको स्थापनामा जङ्गबहादुरको भूमिकाः-*

*परिचयः जङ्गबहादुर–बालनरसिंह कुँवरको छोरा*

*जन्मः १८ जुन १८१७ (वि.सं. १८७४)*

*जङ्गवहादुरको न्वारनको नाम वीरनरसिंह भएकोमा मामा माथवरसिंह थापाले उनको नाम जङ्गबहादुर राखेको ।*

*जङ्गवहादुरले वाल्य जीवन वोर्लाङ्गमा विताएको देखिन्छ ।*

*कुस्ती खेल्न, वन्दुक र धनु चलाउन ज्यादै सिपालु, करीव १४ वर्षको उमेरमा सुबेदारको पद पाएको ।*

भीमसेन थापा पतनसँगै जङ्गबहादुर र उनका पिताको समेत जागिर खोसिएको । आफ्नो पुरूषार्थ देखाएर उनी राजपरिवारसँग विस्तारै नजिक हुन पुगे ।

राणाशासनको प्रवर्तक जङ्गबहादुर नै हुन् । राणा परिवारको प्रत्येक व्यक्तिको मूल नाउँपछि जङ्गबहादुर राणा (छोटकरीमा जं.ब.रा) भन्ने अनिवार्य रूपले रहनु उनैले चलाएका हुन् ।

उदयका कारणहरू

जङ्गबहादुरका उदयका प्रमुख कारण निम्नानुसार थिए ।

क) भारदारी गुटवन्दी

नेपाल दरवारमा प्रतापसिंह शाहकै समयदेखि गुटवन्दी सुरू भएको थियो । भीमसेन थापाको उत्तरार्धकालमा थापा, पाँडे जेठी रानी (साम्राज्यलक्ष्मी ) कान्छी रानी-लक्ष्मी देवी) आदिका निकै स्वार्थी गुटहरू वृद्धि भएको देखिन्छ । गुटहरू बीच शक्तिको निम्ति होडवाजी चल्यो । त्यस्तो स्थितिमा जङ्गवहादुर जस्ता महत्वाकाङ्क्षी व्यक्तिले भारदार र शाही परिवार समक्ष परिचित हुने मौका पाए ।

ख) राजनीतिक अस्थिरता

जङ्गवहादुरको उदयका प्रमुख कारण नेपालमा राजनीतिक अस्थिरता आउनु थियो । सन १८३७ ई. देखि ९ वर्षको अवधिमा ७ ओटा मन्त्रीमण्डलहरू गठन विघटन भए त्यस्तो स्थिति अन्त्य गर्न सक्ने कुशल र योग्य व्यक्ति देखा नपरेको अवस्थामा समयको माग अनुसार जङ्गवहादुरको उदय हुन गयो ।

ग) काठमाडौ स्थित अङ्ग्रेज रेजिडेन्ट र नेपालको आन्तरिक नीतिमा हस्तक्षेप अङ्ग्रेज रेजिडेन्टले नेपालमा आफ्नो हातमा नाच्न सक्ने व्यक्तिको उदय गराउन प्रयत्न गर्ने क्रममा भारदारको परस्पर विरोधी गुटहरूलाई प्रोत्साहित गरि मत भिन्नता अझ फराकिलो तुल्याए । जङ्गबहादुरले सुरूदेखि नै अङ्ग्रेज सरकारको समर्थन गर्दै आएकोले अङ्ग्रेज रेजिडेन्टहरूले भित्रभित्रै जङ्गवहादुरलाई सहयोग गरेको हुँदा जङ्गवहादुरको उदय भयो ।

घ) राजा राजेन्द्रको कमजोरी स्वभाव

राजा राजेन्द्रको कमजोरी स्वभावले गर्दा स्वार्थी गुटहरू बीच सन्तुलन मिलाउन नसक्नु, रानीहरू बीचको झगडा चरम सीमामा पुगेर हत्याको रूप लिन पुग्नु । उनले षडयन्त्र र हत्याकाण्डहरूबाट बचाउन नसकेको कमजोरीबाट जङ्गबहादुरले ठूलो लाभ उठाए ।

ङ) कान्छी रानी लक्ष्मीदेवीको हातमा अधिकार आउनु । जेठीरानी साम्राज्य लक्ष्मीदेवीको मृत्युपछि कान्छी रानीले राजाका अधिकारहरू आफ्नो हातमा लिन सफल भइन् अधिकारहरू हात लागेपछि आफ्नो छोरा रणेन्द्रलाई राजा वनाउने घृणाजनक स्वार्थ पूरा गर्न माथवरसिंह थापाले ज्यान गुमाउनु पऱ्यो । अब जङ्गवहादुर रानीका विश्वास पात्र वन्दै गएको क्रममा धूर्त व्यक्तिबाट आफ्नो स्वार्थ पूरा हुने सोची रानीको चालवाजीले गर्दा ठूला हत्याकाण्डहरू भएका थिए ।

च) जङ्गवहादुर दरवारका विश्वास पात्र काजी हुन पुगे

जङ्गवहादुर वीर, चतुर परिस्थिति बुझी काम गर्न सक्ने काजी भएकोले निकै जोखीम पूर्ण काम गरि सुरेन्द्रलाई खुसी पारेको हुँदा तोपखानाको कप्तान पदमा नियुक्त भए १८४१ ई. मा सुरेन्द्रको आठ पहरियामा नियुक्त भईपछि आफ्नो मामाको समेत हत्या गरेर रानीका विश्वास पात्र बने । त्यसपछि गगनसिंहको हत्यामा पनि प्रमुख भूमिका खेलेर राजेन्द्रको मन जित्न सफल भए ।

छ) कोतपर्व

जङ्गवहादुरको उदयको तत्कालीन कारण कोतको हत्याकाण्ड थियो । १४ सेप्टेम्वर १८४६ को राती १० वजे गगन सिंहको हत्या भयो । आफ्नो प्रिय पात्रको हत्याको खवरले रानी राज्यलक्ष्मीदेवीलाई ठूलो चोट पुग्यो । उनी निकै शोकाकुल भइन् । अपराधी पत्ता लगाउने क्रममा जङ्गवहादुरको सल्लाह अनुसार विना हात हतियार सबै भारदारहरूलाई कोतमा भेला गराउन रानीले अभिमान सिंहलाई विगुल बजाउने आदेश दिइन् । सबै भारदार विना हात हतियार कोतमा उपस्थित भए तर जङ्गवहादुर भने मातहतमा रहेका तीन पल्टन र उनका भाइहरू पूरा हतियारले सुसज्जित भई कोतमा उपस्थित भएका थिए ।

जङ्गवहादुरले आफ्नो सेनाद्वारा कोत घेर्न लगाए । रानीले जङ्गबहादुरको इशारामा गगन सिंहको हत्याको आरोप वीरकिशोर पाण्डे माथि लगाईन् । उनी काटिए अभिमान सिंह बस्नेत लगाईत करिव १५० भारदारहरू काटिए । अन्तमा जङ्गवहादुर समर्थकहरू मात्र बाँकी रहे १५ सेप्टेम्वरको राती कान्छी रानीले जङ्गबहादुरलाई नै प्र.म. र कमाण्डर इन्चिफको पदमा नियुक्त गरेकी थिइन भन्ने उल्लेख पाइन्छ ।

भण्डारखाल पर्व

लक्ष्मीदेवीले जङ्गवहादुरलाई प्र.म. बनाएपछि सुरेन्द्र र उपेन्द्रको हत्या गर्ने आदेश दिइन पत्र पठाइन् तर जङ्गवहादुरले नैतिक, धार्मिक र मानविय दृष्टिबाट अनुचित हुने उत्तर दिइ रानीलाई समेत कैद गर्ने चेतावनी दिएका थिए । अव जङ्गवहादुरको हत्या गर्ने योजनातर्फ कान्छी रानी लागिन् । रानी र उनका सहयोगिहरूले भण्डारखालमा भोजको आयोजना गरि विषपान गराई जङ्गवहादुरको हत्या गर्ने योजना बनाएकोमा विजय राज पण्डितवाट षडयन्त्रको पोल खुल्यो । जङ्गवहादुरले आफ्नो सेनाद्वारा भण्डारखालमा घेरावन्दी गर्न लगाए । त्यही उपस्थित आत्मसमर्पण गर्ने भारदारहरूलाई कैद गरे भने नगर्ने २३ जनालाई तत्काल गोली हानी हत्या गरिदिए । इतिहासमा यही घटनालाई भण्डारखाल पर्व भनिन्छ ।

अलौ पर्व

रानीको साथमा राजा राजेन्द्र पनि काशीतर्फ लागे । काशीबाट राजेन्द्रले जङ्गवहादुरको हत्या गर्ने उद्देश्यले पठाएका दुई जना गुप्तचर सवुतसहित समातिए । यसपछि नेपाली जनताको सहयोगवाट जङ्गवहादुरसँग लडने निर्णय गरि वीरगञ्जको नजिक अलौ नामक ठाउँमा दलवल सहित किल्ला बाँधी वसे । २७ जुलाई १८४७ मा काठमाडौंबाट गएका सेनाले राजेन्द्रको दलवलमाथि एक्कासी आक्रमण गर्दा राजेन्द्रको २०० जति स्वर्य सेवकहरूको ज्यान गयो काठमाडौवाट गएका सेनाद्वारा राजेन्द्रलाई समाती १९४७ मा काठमाडौं पुऱ्याए । सन १८८१ मा उनको जेलमै मृत्यु भयो ।

४. उपलब्धि:-

यस सत्रमा अपनाइएका कियाकलापहरूको सूची तयार पार्नुहोस् ।

एकाइ:- ७ कक्षा:- ९
दिन:- १८ सत्र:- २

# पाठ:- फ्रान्सको राज्यक्रान्ति अमेरिकाको स्वतन्त्रता सङ्ग्राम र भारतको स्वतन्त्रता सङ्ग्रामको तुलनात्मक अध्ययन ।

१. उद्देश्यहरू:-

प्रशिक्षणपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्नु हुनेछ ।

क) फ्रान्सको राज्यक्रान्ति, अमेरिकाको स्वतन्त्रतासङ्ग्राम र र भारतको स्वतन्त्रतासङ्ग्रामका कारणहरू तथा परिणामहरू तुलनात्मक रूपमा टिपोट गर्न ।
ख) उपयुक्त शैक्षिक सामग्री र शिक्षण विधिको छनोट गर्न ।
ग) ज्ञान र बोध तह, उच्च दक्षता तह तथा प्रयोगात्मक सीप तह नाप्ने विशिष्ट उद्देश्यहरू चयन गर्न ।

२. शैक्षिक सामग्रीहरू:-

क) विश्वको नक्सा
ख) युरोपको नक्सा
ग) फ्रान्स, अमेरिका र भारतको राजनैतिक नक्सा

३. कियाकलाप:

यस पाठको प्रशिक्षणको लागि प्रयोग गर्न केही तरिकाहरू तल दिइएका छन् ।

क) फ्रान्सको राज्यक्रान्ति, अमेरिकाको स्वतन्त्रतासङ्ग्राम र भारतको स्वतन्त्रतासङ्ग्रामको तुलनात्मक अध्ययन तालिका निर्माण गर्न प्रशिक्षक ज्यूले तोकेको समूहमा वसी सम्वन्धित विषयको निम्न लिखित आधारमा छलफलमा भाग लिई वुँदागत टिपोटको साथै उत्तर समेत दिनुहोस् ।

| फ्रान्सको राज्य क्रान्ति | अमेरिकाको स्वतन्त्रता सङ्ग्राम | भारतको स्वतन्त्रता सङ्ग्राम |
|---|---|---|
| १. राज्यक्रान्ति कहिँले भयो ?<br><br>उत्तर–<br>२. फ्रान्सेलीहरू कसको विरुद्ध लडेका थिए ?<br>उत्तर –<br>३. राज्यक्रान्तिका प्रमुख कारणहरू .......<br>उत्तर – (क)<br>(ख)<br>(ग)<br>(घ)<br>(ङ)<br>(च)<br>(छ)<br>(ज)<br>(झ)<br>(ञ)<br>(ट)<br>४. राज्यक्रान्तिका परिणामहरू<br><br>उत्तर –<br>(क)<br>(ख)<br>(ग)<br>(घ)<br>(ङ)<br>(च)<br>(छ)<br>(ज)<br>(झ)<br>५. राज्यक्रान्तिले फ्रान्सेली जनजीवनमा ल्याएका महत्वपूर्ण परिवर्तनहरू<br>उत्तर –<br>–<br>–<br>–<br>– | १. स्वतन्त्रता सङ्ग्राम कहिँले भयो ?<br>उत्तर–<br>२. अमेरिकाहरू कसको विरुद्ध लडेका थिए ?<br>उत्तर –<br>३.स्वतन्त्रतासङ्ग्रामका प्रमुख कारणहरू<br>उत्तर – (क)<br>(ख)<br>(ग)<br>(घ)<br>(ङ)<br>(च)<br>(छ)<br>(ज)<br>(झ)<br>(ञ)<br>(ट)<br>४. स्वतन्त्रतासङ्ग्रामका परिणामहरू<br>उत्तर –<br>(क)<br>(ख)<br>(ग)<br>(घ)<br>(ङ)<br><br>५.स्वतन्त्रतासङ्ग्रामले अमेरिकी जनजीवनमा ल्याएका महत्वपूर्ण परिवर्तनहरू<br>उत्तर–<br>–<br>–<br>–<br>– | १. स्वतन्त्रता सङ्ग्राम कहिँले भयो ?<br>उत्तर–<br>२. भारतीयहरू कस्को विरुद्ध लडेका थिए ?<br>उत्तर –<br>३. स्वतन्त्रतासङ्ग्रामका प्रमुख कारणहरू<br>उत्तर – (क)<br>(ख)<br>(ग)<br>(घ)<br>(ङ)<br>(च)<br>(छ)<br>(ज)<br>(झ)<br>(ञ)<br>(ट)<br>४. स्वतन्त्रतासङ्ग्रामका परिणामहरू<br>उत्तर –<br>(क)<br>(ख)<br>(ग)<br>(घ)<br>(ङ)<br><br>५. स्वतन्त्रतासङ्ग्रामले भारतीय जनजीवनमा ल्याएका महत्वपूर्ण परिवर्तनहरू<br>उत्तर–<br>–<br>–<br>–<br>– |

– आफ्नो समूहले तयार पारेको तालिकागत प्रश्नोत्तरलाई छलफल गरि सही उत्तर पहिचान गरि सकेपछि समूहगत रुपमा तुलनात्मक छोटो टिपोट गर्न लागौं ।

ख) समूह विभाजन पश्चात् पहिलो ज्ञान र बोध तह दोस्रो समूहलाई उच्च दक्षता तह र तेस्रो समूलाई प्रयोगात्मक सीपमध्ये निम्न लिखित नमुना वमोजिम विशिष्ट उद्देश्यहरू निर्माण गर्नुहोस् । निर्माण गरिएका उद्देश्यहरूमा आवश्यकता अनुसार संशोधन गरि टिपोट गर्नुहोस् ।

नमुना:–

क) अमेरिकी स्वतन्त्रसङ्ग्रामका कारणहरू वताउन

(ज्ञान र वोध तह)

ख) फ्रान्सको राज्य क्रान्तिमा कलमद्वारा शुरुवात गर्ने प्रमूख कर्म वीर बारे मूल्याङ्कन गर्न ।

(उच्च दक्षता तह )

ग) फ्रान्सको राज्यक्रान्ति, अमेरिकाको स्वतन्त्रतासङ्ग्राम र भारतको स्वतन्त्रासङ्ग्रामका कारणको तुलनात्मक तालिका बनाउन ।

(प्रयोगात्मक सीप तह)

<u>विषयवस्तु</u>

<u>फ्रान्सको राज्यक्रान्ति</u>

फ्रान्सको राज्यक्रान्ति युरोपको इतिहासमा मात्र होइन, १८ औं शताब्दीमा विश्वको इतिहासमा नै सवैभन्दा महत्वपूर्ण घटना मानिन्छ । फ्रान्सको राज्यक्रान्तिले मध्यकालीन सामन्तवाद र निरंकुश राजतन्त्रलाई अन्त्य गरेर स्वतन्त्रता, समानता र भातृत्वमा आधारित प्रजातान्त्रिक नयाँ युरोपको सुरूवात गर्‍यो । यो क्रान्ति १७८९ मा सुरू भयो ।

फ्रान्सेली क्रान्तिका निम्नानुसार प्रमुख कारणहरू थिए ।

क)<u>राजनैतिक कारण</u>

राजाको दैवी अधिकारको सिद्धान्त अनुरूप राजाहरू आफूलाई ईश्वरको प्रतिनिधि सम्भन्थे । उनीहरूको हातमा सम्पूर्ण शक्ति थियो । लुई चौधौंको भनाइ थियो “म नै राज्य हुँ” कुनै पनि व्यक्तिलाई एकप्रकारको अधिकारपत्रहरूद्वारा बन्दी बनाउन सक्तथे । न्याय प्रणालीमा एक रूपता थिएन । न्यायालयको किन र बेच पनि हुन्थ्यो । एक जिल्लामा जुन कानुन थियो, त्यो अर्को जिल्लामा गैर कानुनी हुन जान्थ्यो । फ्रान्समा लगभग ४०० कानुनहरू प्रचलित थिए ।

- भरसेलिज दरवार विलासको केन्द्र थियो । भोग विलास र वाहियात खर्चमा राजाको लगभग ८ करोड रूपैंया खर्च गर्दथ्यो ।
- करको भार गरिब र मध्यम वर्ग उपर थियो ।
- लुईको सोह्रौंको अयोग्यताले शासनमा भष्ट्राचार व्याप्त थियो । लुई सोह्रौंकी रानी मेरी एन्टोनियेट ज्यादै फजुल खर्ची भएकोले जनता रिसाएका थिए ।
- लई चौधौंको शासनकालदेखि केन्द्रिकरणले गर्दा जनताको वादविवाद गर्ने शक्ति सरकारको विरोधमा लाग्यो ।

ख)<u>सामाजिक कारण</u>

सामाजिक विषमता – दुई वर्गमा विभाजित – उच्च वर्ग र निम्न वर्ग – अर्को सुविधा प्राप्त वर्गमा पादरी र कुलीन वर्ग तथा सुविधा विहीन – वर्गमा – निम्न वर्ग पर्दछ ।

१. उच्च वर्ग

ठूल–ठूला सामन्त पादरी र राजाका दरवारीयाहरू । विशेषाधिकार प्राप्त वर्ग ।

- यस वर्गको सङ्ख्या तीन लाख – फ्रान्सको आधा भूमि उपर यही वर्गको अधिकार – उच्च वर्गलाई कर नलाग्ने – उच्च वर्गले पीठो पिंध्न दिनु नै पर्थ्यो ।
- निम्न वर्ग सामन्तहरूलाई समाजको व्यर्थ अङ्ग सम्झी विशेषाधिकार समाप्त गर्न चाहन्थे ।
- उच्च पादरीहरू धनी एवम् विलासी जीवन व्यतित गर्थे ।
- धेरै सङ्ख्यामा रहेका साना पादरीहरूको आर्थिक स्थिति खराव भएकोले उच्च पादरीहरुसँग इर्ष्या गर्थे र क्रान्तिका पक्षपाति थिए ।
- गरिबहरूले सामन्तहरूलाई माई लार्ड र योर ग्रेस भन्नु पर्दथ्यो । राजकीय पुरस्कार, पेन्सन आदिको उपयोग सामन्तहरूले नै गर्दथे ।
- कुलीन वर्गीय सामन्तको सङ्ख्या २ लाख ४० हजार थियो । २५% भूमि यिनीहरूको नियन्त्रणमा थियो ।
- फ्रान्समा २ करोड पचास लाखको जनसङ्ख्यामा सुविधा प्राप्त वर्गको सङ्ख्या ६ लाख मात्र थियो ।

२. निम्न वर्ग

यस वर्ग अन्तर्गत मध्यम वर्ग, व्यापारीहरू, वकिल, डाक्टर, लेखक, कलाकार, साहित्यकार, कृषक र मजदुर आदि आउँथे ।

- विशेषाधिकारवाट वन्चित वर्ग थियो ।
- वुर्जुवा वर्गमा व्यापारी, डाक्टर, वकिल, लेखक र साहित्यकार गनिन्थे ।

यी व्यक्तिहरू थोरै सङ्ख्या भएपनि वौद्धिक दृष्टिकोणवाट प्रभावशालि एवम् सर्वश्रेष्ठ गनिन्थे । तर यी व्यक्तिहरु राजनैतिक अधिकारवाट बन्चित भई क्रान्तिका प्रवल समर्थक थिए । आरम्भमा सञ्चालन गर्ने क्रन्ति नै थिए । निम्न स्तरका जनतामा कृषक, मजदुर, कारीगर वर्ग जो दिन–रात वढी परिश्रम गरेतापनि वेतनवाट खान पुग्दैनथ्यो । यिनीहरू अभावमय र कष्टदायी जीवनवाट असन्तुष्ट भई मध्यम वर्गको नेतृत्वमा भएको क्रान्तिमा सवभन्दा वढी भाग लिए । ज्यादै परिश्रमी कृषकहरूको अवस्था साह्रै सोचनीय थियो । कृषकहरूले राज्यलाई जमिनदारलाई र चर्चलाई गरि तीन प्रकारको ठूलो कर भार दिनु पर्थ्यो । जमिनदारलाई भेटी, चर्चलाई टिथ (Tithe) वा उपजाको १/१० भाग वुझाउनु पर्थ्यो ।

- कृषकहरूभन्दा दयनिय स्थिति अर्ध दासको थियो । यिनीहरूले जमिनदारको हप्तामा तीन चार दिन वेगार खट्नु पर्थ्यो । उब्जाको ८२ प्रतिशत करका रूपमा वुझाउनु पर्थ्यो । यिनीहरूको अवस्था अत्यन्त सोचनीय थियो । एक इतिहासकारले फ्रान्सको सामाजिक चित्रण गर्दै लेखेका छन् । "In France nine – tenths of population died of hunger and the tenth of indigestion.
- अर्ध दासहरूले खेत छाड्न पाउदैनथे । उनीहरूले खेत वेच–विखन गर्न सक्दैनथे । फ्रान्सेली राज्यक्रान्तिको सम्वन्धमा नेपोलियनले भनेका थिए "फ्रान्सेली क्रान्तिको वास्तविक कारण कुलीनहरूको घमण्ड थियो, स्वाधीनता त एउटा वहाना मात्र थियो" ।

ग) आर्थिक कारण

लुई चौधौंले 'सिसाको महल' (Palace of Mirror) निर्माणले फ्रान्सलाई निर्धन वनायो । लुई पन्ध्रौंले विलासितामा ठूलो रकम खर्च गऱ्यो । उनले सप्तवर्षीय लडाइँमा भाग लिए । लुई सोह्रौंको शासनकालमा फ्रान्सको आर्थिक स्थिति ज्यादै विग्रदै गएको क्रममा अमेरिका स्वतन्त्रता

युद्धमा भाग लियो । फलस्वरूप आर्थिक ढाँचा नै धरमरियो । फ्रान्सले कर्जाको व्याजसम्म पनि तिर्न नसक्ने स्थितिमा सन १७८७ इ. मा धनीहरूको एउटा सभा वोलाइयो । तर धनीहरू आफू उपर कर लाउन तत्पर थिएन । हार खाई लुई सोह्रौंले १७५ वर्षपछि राज्य परिषद (Estales General) को वैठक वोलाइो । यहीवाट राज्यक्रान्ति प्रारम्भ भयो ।

– १७८८ इ. र १७८९ इ. मा ठूलो अनिकालले गर्दा गरिवहरू लाखौंको सङ्ख्यामा मरे । जनता भोकले मरिरहेको बेलामा राजारानीचाँहि वर्सायस्थित राज महलमा भोज खाइरहेका थिए । भोका नाङ्गा जनताले राज दरवारमा अन्न छ भन्ने विश्वास गरि वृहत जुलुस पैदल नै वर्साय गयो ।

घ) वौद्धिक कारण

लेखक तथा विचारकहरूले फ्रान्सको राजनैतिक सामाजिक र आर्थिक त्रुटिहरूलाई जन समक्ष राखे । यिनीहरूको प्रचारले जनतामा असंतोष, घृणा एवम् विद्रोहको भावना जागृत हुन गयो । मण्टेस्क्यू, भोल्टेयर र रुसो त्यस समयमा महामानव थिए ।

माण्टेस्क्यू (१६८९–१७५५ ई.) ले स्पिरिट अफ ल नामक पुस्तकमा शक्ति पृथकीकरण (Separation of Power) को सिद्धान्तलाई प्रतिपादन गरे । उनले एउटै व्यक्तिको हातमा कार्यकारणी व्यवस्थापिका र न्यायपालिकाको अधिकार रहनु हुन्न भने । यसले इङ्लैण्डको शासन व्यवस्थालाई प्रशंसा गर्दै, वैधानिक राजतन्त्रको समर्थन गरे ।

भोल्टेयर (ई. १६९४–१७७८) निरंकुश राजतन्त्रका विरूद्ध प्रचार गरे । राज्य चर्चमा आएका त्रुटिहरूलाई जनताको ध्यान उनको व्यङ्गात्मक लेखद्वारा आकृष्ट गऱ्यो ।

रुसो (ई. १७१२–१७७९) ले सामाजिक सम्झौता नामक पुस्तक लेखे । उनको लेख फ्रान्सका लागि बढी प्रभावकारी प्रमाणित भयो । उनले भने "मनुष्य स्वतन्त्र जन्मन्छ तर आफूलाई सर्वत्र बन्धनहरूमा वाँधिएको पाउँछ" । (Man is born free but everywhere he is in chain) रुसोले राज्य शक्तिको स्रोत जनतानै हुन् राजा होइन भन्ने विचार प्रकट गरे शासनको आधार लोकमत (General Will) हुनुपर्छ । 'सामान्य इच्छा' अनुसार शासन नगर्ने शासकलाई जनताले हटाउन सक्छन् । राजा त जनताले जनताको भलाइ गर्नका लागि छानेको व्यक्ति मात्र हो । उनले समाजमा सार्वभौमिकता, समानता, स्वतन्त्रता र भातृत्व रहनु पर्छ भन्ने विचार प्रकट गरे । फ्रान्सको राज्य क्रान्तिमा यिनको ठूलो हात रहेको छ ।

दिदरोको "वृहत ज्ञान कोष" मा निरङ्कुश राजतन्त्रको विरोध गरेको थियो ।
यसरी दार्शनिकहरूले फ्रान्सको राज्यक्रान्ति चाँडो ल्याउनमा जनतालाई उत्तेजित गरे ।

ङ) विदेशी घटनाहरूको प्रभाव

फ्रान्सको छिमेकी देश इङ्गलैण्डमा संसदीय व्यवस्था भएकोले फ्रान्सका जनता पनि सो व्यवस्था स्थापित गर्न चाहन्थे । अमेरिकी स्वतन्त्रता युद्धमा फ्रान्सेली सैनिकहरूले भाग लिई फर्केकालाई मनोवैज्ञानिक असर गरि फ्रान्सेली क्रान्तिमा भाग लिए ।

च) तात्कालिक कारण

उपर्युक्त कारण हुँदा पनि योग्य शासक भएको भए क्रान्तिलाई पन्छयाउन सक्दथ्यो । तर लुई सोहौं साह्रै नै दूर्वल विचारका शासक भएकोले स्थिति सम्हाल्न नसकेकोले नै यत्रो ठूलो क्रान्ति हुन पुग्यो ।

क्रान्तिको प्रारम्भ

स्टेटस जनरलमा तीन किसिमका सदस्यहरू थिए–कुलीन, पादरी र साधारण वर्ग ।

– वेग्लावेग्लै कोठामा वसेर अधिवेशन गर्ने चलन थियो । तर यस पटक तीनै प्रतिनिधिहरूको एउटै वैठक गर्ने कुरामा साधारण वर्गले जोड दिए, तर अरू दुई वर्गले समर्थन गरेनन् । यसवाट तृतीय वर्ग रिसाई राष्ट्रियसभाको घोषणा गरे । यो घोषणा क्रान्तिकारीहरूको विजय थियो ।

सन १७८९ ई. मा विद्रोहीहरूले वेस्टाइलको दुर्ग कब्जा गरे । १४ जुलाई १७८९ का दिन राष्ट्रिय दिवस मनाइयो । राजाको निरङ्कुशता समाप्त भयो । पेरिस नगरमा राष्ट्रिय सरकार गठन भयो । क्रान्तिको सञ्चालन पेरिसका जनताहरूले गरेपछि राजा कैदी समान हुन गए । धनी वर्गले आफ्नो विशेषाधिकार त्याग गरे र सामाजिक असमानताहरू हटे । सरकारी पदमा नियुक्तिको एक मात्र अधिकार, व्यक्तिको योग्यता हुन गयो । निरङ्कुशता र स्वेच्छाचारीताको पनि अन्त हुन गयो ।

– नयाँ संविधानमा मानव अधिकारको घोषणा गरिएको थियो ।
– उग्र राजनैतिक दलहरू ज्याकोवीन र जिरोन्डिस्ट दल सङ्गठित भएकोले वाह्य देशका राजाहरू सशङ्कित हुन थाले । फ्रान्सले वाह्य युद्धमा संलग्न हुनुपर्‍यो ।
– फ्रान्सका क्रान्तिकारीहरूले क्रान्तिका विरोधीहरूलाई मार्ने क्रममा असंख्य फ्रान्सेलीहरू मारिए ।

कन्भेन्सन

२२ सेप्टेम्बर १७९२ ई. देखि अक्टोवर १७९५ ई. सम्म कन्भेन्सनले शासन चलाइी । शासनमा दृढ वनाउन जन सुरक्षा समितिको गठन जसमा राव्सपियर प्रधान थिए । यिनको शासनलाई इतिहासमा आतङ्कको शासन भनिन्छ । १७९४ मा राव्सपियरलाई फांसी दियो । डाइरेक्टरी १७९५ ई. देखि १७९९ ई. सम्म डाइरेक्टरीको शासन–यसका सदस्यहरू भ्रष्ट भएकाले वदनामको शासन काल भनिन्छ । यस्तो अवस्थामा नेपोलियनको उदय भयो ।

नेपोलियन वोनापार्टको अभ्युदय

जन्म १७६९ ई. फ्रान्सको उपनिवेश कोर्सिका टापुमा भएको थियो र राज्यक्रान्तिको समयमा क्रान्तिको समर्थन गरे । ज्याकोविन दलमा सामेल भई विभिन्न युद्धमा विजयी भएकोले उनको लोकप्रियता वढयो । १७९९ ई. मा वनेको नयाँ संविधानमा नेपोलियन कन्सुलमा नियुक्त भए । १८०४ ई. मा नेपोलियन फ्रान्सका सम्राट वने ।

नेपोलियनको विश्व विजय गर्ने अभियान

– वेलाईत बाहेक युरोपको ठूलो भू–भाग नेपोलियनको विजय भयो । १८०५ ई. मा जर्मनीलाई हराई उनी वर्लिन प्रवेश गरे । १८०७ ई. मा रुसी सेनालाई पराजित गरि नेपोलियनले टिलसिटको सन्धि गरे ।

आर्थिक नाकाबन्दीको नीति

नेपोलियनले युरोपको कुनै पनि देशलाई वेलाईतसँग ब्यापार नगर्नु भन्ने आदेश जारी गरे, वेलाईतले पनि फ्रान्ससँग ब्यापार नगर्ने आदेश जारी गऱ्यो । इतिहासमा यस घटनालाई महाद्वीपीय प्रणाली भनिन्छ । महाद्वीपीय प्रणालीबाट फ्रान्सको ब्यापार बन्द हुन गई पराजयको मुख्य कारण नै यही हुन गयो । नेपोलियनले रुसमा १८१२ ई. मा आक्रमण गरे । रुसीहरूले

गुरिल्ला माध्यमबाट प्रत्याक्रमण गरेकोले फ्रान्सेली सेनाको ठूलो नोक्सान भयो । १८१३ ई. को लिपिजिङ्को मैदानमा नेपोलियन पराजित भएकोले एल्बामा कैद गरि राखियो । १८१५ ई. मा नेपोलियन डयूक अफ वेलिङ्टनबाट वाटरलुमा पराजित भए । उनलाई सेन्ट हेलेना द्वीपमा कैद गरेर राखियो । ६ वर्षपछि १८२१ ई. मा उनको देहावसान भयो ।

फ्रान्सको राज्य क्रान्तिका परिणामहरू

सामन्ती व्यवस्थाको अन्त्य

क) यस क्रान्तिले सामन्तहरूको सबै विशेषाधिकारलाई समाप्त पाऱ्यो सामाजिक असमानताहरू समाप्त भए ।

ख) प्रजातन्त्रको विकास–शक्ति तथा सत्ताका स्रोत सर्वसाधारण जनता हुन भन्ने सिद्धान्त स्वीकार गरियो । राष्ट्रिय भावनाको विकास हुन गयो । फ्रान्समा प्रजातन्त्रको विजारोपण हुन गयो । जनताको सार्वभौमिकताको स्थापना हुन गयो ।

ग) मध्यम वर्गको उदय – क्रान्तिले मध्यम वर्गको प्रतिष्ठा प्रशस्त वृद्धि गरि समाजको अगुवा बनायो । शासनको उच्च पदमा मध्यम वर्गको व्यक्तिहरू आउन थाले ।

घ) सामाजिक तथा आर्थिक क्षेत्रमा प्रगति – सबै वर्ग एक समान हुन गयो । कानुन समक्ष सबै समान हुन गयो ।

ङ) नेपोलियन कोड – कानुनहरूको सङ्ग्रह गरि एउटा कानुनसम्वन्धी ग्रन्थ निकालियो जसलाई "नेपोलियन कोड" भन्छन् ।

च) धार्मिक सहिष्णुता र शिक्षाको विकास – धर्म निरपेक्ष राज्यको सुरूवात भयो । शिक्षा विकासको अभिभारा राज्यले लिई प्राथमिक देखि उच्चशिक्षा सम्मको विकासमा सरकारले चाख लियो ।

छ) स्वतन्त्रता, समानता र भ्रातृत्वको भावनाको विकास – जनतन्त्रको प्रधान उद्देश्य बन्न गयो ।

ज) राष्ट्रियताको उदय – नागरिकहरूको हृदयमा देश रक्षार्थ राष्ट्रियताको भावना सृर्जना गर्नमा यस क्रान्तिको अद्वितीय देन छ ।

झ) क्रान्तिको अन्य देशमा प्रभाव – लोकतन्त्र र नागरिक स्वतन्त्रताको विकास युरोपका सबै राष्ट्रहरूमा हुन थाल्यो । फ्रान्सेली क्रान्तिले प्रतिपादन गरेको स्वतन्त्रता समानता तथा भातृत्वको सिद्धान्तलाई एउटा युगको अन्त गरि दोस्रो युगको शुभारम्भ गऱ्यो । प्रजातन्त्र, राष्ट्रवाद, समाजवाद, व्यक्तिको महत्व, स्वतन्त्रता, जन–अधिकार, समानता इत्यादि जुन आधुनिक युगको विशेषता हो यसै क्रान्तिको फल हो ।

अमेरिका स्वतन्त्र हुनाका कारणहरू निम्नानुसार छन् ।

क) अमेरिकीवासीहरूको स्वभाव र मर्कन्टाइल नीति
अमेरिकहींरू आरम्भदेखिनै अलि उग्र स्वभावका र कसैको मातहतमा वस्न नरूचाउने तथा स्वतन्त्र रूपमा वस्न चाहन्थे ।

अङ्ग्रेजहरूले उपनिवेशको व्यापार मातृदेश (ब्रिटेन) को हितलाई ध्यानमा राखेर अपनाइने नीतिलाई मर्केन्टाइल नीति भनिन्छ ।
यस नीति अनुसार अमेरिकाले आफ्नो कच्चा पदार्थ जस्तै (तमाखु, सूर्ति, कफी, चिनी, कपास, अन्न आदि अरू देशलाई बेच्न नपाइने र अमेरिकालाई चाहिने तैयारी मालसामान जस्तै– कपडा, चिया, कागज आदि अमेरिकावाटै आयात गर्नुपर्ने व्यापारिक नियन्त्रणले गर्दा अमेरिकावासीहरूको स्वतन्त्र आर्थिक नीति हुन नसक्ने भएकोले अङ्ग्रेज प्रति उनीहरूको असन्तोषको भावना थियो ।

ख) सप्तवर्षीय युद्धको असर

इङ्गलैंड र फ्रान्सबीच भएको सप्तवर्षीय युद्धमा अमेरिकी उपनिवेशले ब्रिटेनलाई सहयोग गरेको थियो । उक्त सप्तवर्षीय युद्धमा फ्रान्स बेलाईतवाट पराजित भयो । क्यानडा ब्रिटेनको अधिनमा आएपछि वाहिरी आक्रमणवाट अमेरिकीवासीहरूलाई सुरक्षित भए । अब उनीहरू ब्रिटेनको अनुचित दबावको विरुद्ध स्वतन्त्र हुन चेष्टा गरे ।

ग) स्टाम्प एक्ट र दुई विरोधी विचारधारा

ब्रिटिस संसदले १७६५ ई. मा स्टाम्प एक्टलाई पारित गऱ्यो । यस कानुन अनुसार सरकारी प्रयोगमा आउने कागजहरूमा टिकट टाँस्नु पर्ने भयो । अमेरिकनहरूले यसको विरोध गरे । उनीहरूको भनाइ थियो कि ब्रिटिस संसदमा उनीहरूको प्रतिनिधि नभएकोले कर लगाउने अधिकार छैन । स्टाम्प एक्टको विरोधमा दङ्गा सुरू भयो । तेह्र मध्ये नौ राज्यका प्रतिनिधिहरू भेला भएर यस कानुनको संयुक्त विरोध गरेपछि स्टाम्प एक्ट ब्रिटेनले फिर्ता लिएर डिक्ल्याटरी एक्ट पास गऱ्यो । यस एक्ट अनुसार ब्रिटिस संसदले अमेरिका उपर कर लगाउने अधिकार ब्रिटेनको छ भन्ने सिद्धान्तको घोषणा गऱ्यो । यसरी ब्रिटेन र अमेरिकाका वीच सैद्धान्तिक झगडामा बीउ रोपियो ।

घ) इम्पोर्ट ड्युटि एक्ट सन १७६७ ई. मा ब्रिटिस संसदले अमेरिकन आयात कर पारित गरि अमेरिकामा आयात गरिने वस्तुहरू सीसा, चिया, कागज इत्यादिमा कर लगाईयो । अमेरिकनहरू पहिलेदेखिनै रिसाएका थिए । यस्तै समयमा इष्ट इण्डिया कम्पनीको एउटा जहाज चिया लिएर वोस्टन वन्दरगाहमा चियाका वाकसहरू समुद्रमा फालिए । यहींबाट स्वतन्त्रता सङ्ग्राम प्रारम्भ भयो ।

स्वतन्त्रता युद्धको प्रारम्भ

१७७४–१७७५ ई. मा फिलाडेलफियामा अमेरिकी राज्यका प्रतिनिधिहरूको बैठक बस्यो । यस बैठकले अङ्ग्रेजहरू विरूद्ध युद्ध गर्ने निधो गऱ्यो । सेनापतिको रूपमा जर्ज वासिंगटन चुनिए । १९ अप्रिल १७७५ ई. का दिन युद्ध सुरू भयो । अमेरिकी फौज बोस्टन पुग्यो । ४ जुलाई १७७५–७६ ई. का जेफरसनले अमेरिकी स्वतन्त्रताको घोषणा गरे । यस युद्धमा फ्रान्स तथा स्पेनले पनि अमेरिकाको सहायता गरे । सन १७८१ ई. मा ब्रिटिश सेनापति कर्न वालिसले आत्मसमर्पण गरेपछि भर्सेलिजको सन्धि भयो । अमेरिका स्वतन्त्र भई संयुक्त राज्य अमेरिका रहयो । यसको पहिलो राष्ट्रपति जर्ज वासिंगटन भए ।

स्वतन्त्रता सङ्ग्रामका परिणामहरू

क) इङ्गलैण्डमाथि प्रभाव: ब्रिटेनलाई ठूलो आर्थिक क्षति भयो । राजाको निरङ्कुशता रोकियो । मन्त्रीमण्डल र संसदलाई बढी अधिकार दिइयो । प्रजातन्त्रको विकासमा ठूलो सहयोग गऱ्यो । ब्रिटेनले औपनिवेशिक इतिहासमा ठूलो परिवर्तन गरि उपनिवेशहरूलाई स्वायत्त शासन दिने नीति अङ्गाल्यो ।

ख) अमेरिकामाथि प्रभावः स्वतन्त्र गणतन्त्र स्थापना गरे । अमेरिकाको स्वरूपमा परिवर्तन आयो । धर्म निरपेक्ष राष्ट्रको रूपमा विश्वका समक्ष आयो । लिखित संविधान चलाउने तथा शक्ति पृथकीकरणको सिद्धान्तलाई कठोरतापूर्वक लागु गर्ने अमेरिका नै हो ।

ग) फ्रान्समाथि प्रभावः इङ्लैंडसँग बदला लिने उद्देश्यले फ्रान्सले अमेरिकहीँरूलाई विशेष सहायता गरेर अङ्ग्रेजहरू हारे । तर स्वतन्त्रता युद्धको प्रभाववाट फ्रान्समा राज्य क्रान्ति भयो । जसद्वारा राजा र राज परिवारका सदस्य मारिए ।

भारतीय स्वतन्त्रता सङ्ग्राम

व्यापारको निम्ति भारतमा प्रवेश गरेका अङ्ग्रेज व्यापारीहरूले स्थानिय राजा तथा शासकहरूमा भएका फुटबाट फाइदा उठाई हस्तक्षेप गरि स्वतन्त्र भारत अङ्ग्रेजहरूको उपनिवेशमा परिणत भयो । उन्नाइशौं शताब्दीतिर भारतमा नवजाग्रितिका लागि आई उपनिवेश अवस्थाबाट मुक्ति भारतीयहरूले अनेकौ सङ्घर्ष गरे ।

भारतीय स्वतन्त्रता सङ्ग्रामका प्रमुख कारणहरू निम्नानुसार छन् ।

क) अङ्ग्रेजी शिक्षाको प्रचार र प्रसार
पाश्चात्य शिक्षाले भारतमा राष्ट्रियता, प्रजातन्त्र स्वायत्त शासन आदि विचारको प्रचार गऱ्यो । शिक्षित मध्यम वर्गले देश प्रेमको जागृत गर्न थाल्यो । शिक्षित वर्गको सङ्ख्या वृद्धिको क्रममा वेकारी समस्या उत्पन्न भएकोले तिनीहरूमा व्यापक असन्तोष उत्पन्न भयो । अतयव शिक्षित भारतीयहरूले सरकारसँग केही माग गरेमा निश्चय पूरा हुन्छ भने आशा राख्दथे ।

ख) राष्ट्रिय एकता
मुगल शासनकालको आपसी सङ्घर्षबाट अङ्ग्रेजहरूले भारतमा आफ्नो साम्राज्य स्थापना गर्न सफलता प्राप्त गरेको घटनाबाट भारतीयहरूले पाठ सिकेका थिए । यसबाट उनीहरूलाई अङ्ग्रेज विरूद्ध आन्दोलनमा एकतावद्ध हुन प्रेरित गरियो ।

ग) स्वतन्त्रताको युग
जर्मन, इटाली एकीकरण लगाईत विभिन्न राष्ट्रहरूमा भएको स्वाधीनताको लागि सङ्घर्षबाट प्रभावित भएर भारतीयहरूले पनि स्वाधीनता र स्वतन्त्रताको निम्ति सङ्घर्ष गर्न र अन्य देशहरूबाट समेत नैतिक एवम् भौतिक सहयोग पाउने आशा राखे ।

घ) यातायात र संचारको विकास
रेलमार्ग, बाटोघाटो र दूरसंचारको विकासले गर्दा आँन्दोलनकारी भारतीयहरूलाई आफ्ना नीति र कार्यक्रमहरू प्रचारप्रसार, सभा र प्रदर्शन गर्न सजिलो भयो ।

ङ) धार्मिक तथा सामाजिक सुधार आन्दोलन
धार्मिक अन्धविश्वास र सामाजिक कुरीतिहरू हटाउन विभिन्न धार्मिक तथा सामाजिक सङ्घर्ष चलाएको थियो । भारतीय बिचारकहरूमा राजा राममोहन राय, स्वामी दयानन्द र विवेकानन्द आदिले सांस्कृतिक जागरण ल्याई राष्ट्रवादको भावनामा समेत जाग्रित गराए ।

च) समाचार पत्र र साहित्य
आन्दोलनको समयमा प्रकाशित हुने इन्डियन मिरर, दि हिन्दू, बम्बई समाचार, अमृत बजार इत्यादि पत्रपत्रिका, रवीन्द्रनाथ टैगोर, रमेशचन्द दत्त जस्ता कविका रचनाहरू

दीनबन्धुद्वारा लिखित नील दर्पण, भारतेन्द्र हरिश्चन्द्रको भारत दूर्दशा जस्ता साहित्यिक ग्रन्थले राष्ट्रिय आन्दोलनलाई अत्यन्त प्रेरित गरेको थियो ।

छ) भारतीयहरूप्रति दूर्व्यवहार

अङ्ग्रेजहरू भारतीयहरूलाई अर्ध हब्सी र दास सम्झी निम्नकोटिको काम गर्न लगाईन्थ्यो । वहुसङ्ख्यक भारतीयहरू सरकारी सेवाबाट वन्चित रहन्थे । सेवा पाए पनि विना कारण सेवावाट मुक्त गरीन्थ्यो । सुरेन्द्रनाथ वनर्जी (सेवा मुक्त भारतीयले) दुर्व्यवहार विरूद्ध देशव्यापी आन्दोलन चलाएका थिए ।

ज) लर्ड लिटनको खराव नीति

लर्ड लिटनले हतियार विधेयक, भर्नाकुलर एक्ट जस्ता विधेयक पास गर्न लगाएर भारतीयहरूको स्वतन्त्रतामाथि कुठाराघात गरेका थिए । हतियार विधेयकले यूरोपीयन वाहेक प्रत्येक भारतीयले सरकारवाट लाईसेन्स प्राप्त गर्नु पर्ने भयो । भर्नाकुलर एक्ट अनुसार सरकारको स्वीकृति विना पत्रपत्रिकाको प्रकाशन गर्न नपाइने नीतिले झन भारतीयहरूलाई आन्दोलित वनायो ।

झ) इलवर्ट विलको विरोध

युरोपीयनहरूको मुद्दा यूरोपीयन न्यायाधिसवाट मात्र छिन्न पाउने व्यवस्था गरिएकोमा विरोध गर्दै १८८३ मा सर सी.पी. इलवर्टले एक कानुन बनाएका थिए । यस अनुसार भारतीय न्यायाधिसहरूले पनि युरोपीयनहरूको मुद्दा छिन्न पाउने भएका थिए । अग्रेजहरूले यस विलको व्यापक विरोध गरेर विल पास गरेन । यस्तो जातीय पक्षपातपूर्ण न्याय व्यवस्थाको अन्त गर्न आन्दोलन गर्नु आवश्यक थियो ।

ञ) भारतको आर्थिक दूर्दशा

कृषि पूरानै प्रणाली र सिँचाईको व्यवस्था नभएकोले प्रत्येक वर्ष अनिकाल पर्दथ्यो । वेलाईतवाट उत्पादित वस्तुभन्दा घरेलु उत्पादित वस्तु महंगो भएकोले घरेलु उद्योग विस्तारै सुक्न थाल्यो । उद्योगमा संलग्न भारतीय युवाहरू बेरोजगार भएकोले अङ्ग्रेज विरूद्ध सङ्घर्ष गर्नु वाहेक उनीहरूमा विकल्प रहेन ।

ट) भारतीय राष्ट्रिय काङ्ग्रेसको स्थापना

– अवकाश प्राप्त अङ्ग्रेज मि.एलन ओक्टोभियन ह्युमले भारतीय राष्ट्रिय काङ्ग्रेसको स्थापना गर्‍यो । उसको उद्देश्य शिक्षित भारतीयहरूलाई एउटा ठाँउमा ल्याई सरकारलाई विभिन्न विषयमा सुझाव दिन र वैधानिक तरिकाले सरकारसँग माग पेस गर्न काङ्ग्रेसको सङ्गठन गरिएको थियो । यसले गर्दा भारतीय युवाहरूलाई अङ्ग्रेज साम्राज्यको विरूद्धमा राष्ट्रिय आन्दोलन गर्न सजिलो भयो ।

१८८५ देखि १९०५ सम्म उदारवादी युग, १९०६ देखि १९१८ सम्म उग्रवादीयुग र १९१९ देखि देखि १९४७ सम्म गान्धि युग भनिन्छ । यही गान्धि युगको सङ्क्षिप्त वर्णन गर्न प्रयास गरिएको छ ।

गान्धी युग – प्रथम विश्व युद्धपछिको भारतीय राजनीतिलाई गान्धीयुग भनिन्छ ।

– १९१९ को रोलेट एक्ट

१९१९ ई. मा बृटिस सरकारले रोलेट एक्ट पास गर्‍यो । यस एक्ट अनुसार कुनै पनि व्यक्तिलाई मुद्दा नचलाई गिरफ्तार गर्न र बन्दी बनाउन सकिन्थ्यो । महात्मा गान्धीले यस कानुनको विरोधमा ६ अप्रिल १९१९ ई. मा सम्पूर्ण भारतमा हड्ताल गराए । गान्धी समेत अनेक नेता गिरफ्तार भए ।

जलियानामा वाग काण्ड

१३ अप्रिल १९१९ मा अमृत सरको जलियावाला वागमा नेताहरूको गिरफ्तारी र रोलेट एक्टको विरूद्ध शान्तिपूर्वक सभा गरिरहेका थिए । जनरल डायरले सभामाथि गोली चलाउँदा लगभग २ हजार व्यक्तिहरू मारिए र धेरै घाइते भए । यस दुःखद घटनावाट महात्मा गान्धीले अङ्ग्रेज सरकारबाट प्राप्त "कैशेरे हिन्द" र रवीन्द्रनाथ टैगोरले नाइटको उपाधि परित्याग गरे ।

असँहयोग आन्दोलन

जलियावाला वागको हत्याकाण्डले गर्दा भारतीयहरू ज्यादै असन्तुष्ट भएको वेलामा १९२० मा महात्मा गान्धीको नेतृत्वमा अङ्ग्रेज सरकारको विरूद्धमा असहयोग आन्दोलन सुरू भयो । यस आन्दोलनमा विदेशी कपडा वहिष्कार गर्ने, सरकारबाट प्राप्त मान पदवी त्याग गर्ने, घरेलु कपडा लगाउने, सरकारी स्कुल र कलेजबाट झिकेर राष्ट्रिय शिक्षण संस्थामा भर्ना गर्ने इत्यादि थियो । असहयोग आन्दोलन दवाउन अङ्ग्रेज सरकारले सक्दो कोसिस गऱ्यो । असहयोग आन्दोलन अहिंसात्मक थियो । यसैबीच चौरीचौरा भन्ने ठाउँमा आन्दोलनकारीहरूले २२ जना पुलिसहरू मारेकोले आन्दोलन स्थगित गरे ।

सविनय अवज्ञा आन्दोलन

१२ मार्च १९३० ई. का दिन महात्मा गान्धीले नुनसम्वन्धी कानुन तोड्नका लागि डँडीको ऐतिहासिक यात्रा प्रारम्भ गरे । यसै यात्रावाट सविनय अवज्ञा आन्दोलन प्रारम्भ भयो । सरकारले नेहरू र गान्धीलाई गिरफ्तार गऱ्यो ।

गोलमेच सम्मेलन

१२ नोभेम्बर १९३० ई. मा इङ्गलैंडमा प्रथम गोलमेच सम्मेलन सुरु भयो । भारतीय प्रश्नको समाधान गर्न सुरू भएको सम्मेलनमा भारतीय नेताहरू गएनन्, तसर्थ असफल भयो । इरविन सम्झौता अनुसार गान्धी र अरू काङ्ग्रेसी नेताहरू छाडिए । दोस्रो गोलमेच सम्मेलनमा गान्धी एक्लै सम्मेलनमा भाग लिन गए । अल्पसंख्यक जातीको प्रतिनिधि नभएकोले सो सम्वन्धमा निर्णय हुन नसकेकोले पुनःअसफल रह्यो । तेस्रो गोलमेच सम्मेलन १७ नोभेम्बर देखि २४ डिसेम्बर १९३२ मा स्वेत पत्र जारी गरि बेलाईतको संसदले भारतीयसरकार एक्ट पास गऱ्यो । यस एक्ट अनुसार भएको स्थानिय निर्वाचनमा काङ्ग्रेसले पनि भाग लिए ।

क्रिप्स योजना

क्रिप्स योजना ३० मार्च १९४२ ई. का दिन प्रकाशित गरियो । यस योजनामा विश्व युद्धपछि भारतमा संविधान सभा स्थापित गर्ने र उक्त संविधानसभाले वनाएको संविधान ब्रिटेनले स्वीकार गर्ने कुरा थियो । प्रतिरक्षासम्बन्धी पूर्ण नियन्त्रण नसुम्पिएकोले काङ्ग्रेसले उक्त योजना अस्वीकार गऱ्यो ।

भारत छोड आन्दोलन

१४ जुलाई १९४२ मा काङ्ग्रेसले "अङ्ग्रेज भारत छोड" प्रस्ताव पास गऱ्यो । सम्पूर्ण भारतमा आन्दोलन सुरू भयो । सरकारको दमनचक्रले पनि उग्ररूप लियो । सम्पूर्ण साधारण जनता, प्रशिक्षार्थी, शिक्षक र स्त्री जाति आदिले भाग लिए ।

*आजाद हिन्द फौज*

*सुभाष चन्द्र वोसले जेलबाट भागी वर्मामा आजाद हिन्द फौजको सङ्गठन गरि नौ सेनाले ब्रिटिस सरकारको विरूद्धमा विद्रोह गऱ्यो ।*

*एटलीको घोषणा*

*ब्रिटिश प्र.म. एटलीले फरवरी १९४७ ई. को घोषणामा भने "अङ्ग्रेजी सरकार जून १९४८ सम्म भारतका उतरदायी व्यक्तिहरूको हातमा सत्ता सुम्पिदिनेछ, संविधान सभाद्वारा वनाएको संविधानलाई भारतमा लागु गर्न संसदमा सिफारिस गर्नेछ ।*

*माउन्ट वेटन योजना*

*भारत दुई भागमा वाँडियो । १५ अगष्ट १९४७ का दिन भारत तथा पाकिस्तानका संविधान सभाहरूलाई स्वतन्त्र राजसत्ता प्राप्त भयो । ब्रिटिस संसदले ४ जुलाई १९४७ का दिन भारतीय स्वतन्त्रता एक्ट पास गऱ्यो । यस एक्ट अनुसार भारत र पाकिस्तान दुई स्वतन्त्र राष्ट्र वने ।*

४. उपलब्धिः-

यस सत्रवाट सिकेका कुराहरू लेख्नुहोस् ।

एकाइः- ७ कक्षाः- ९
दिनः- १८ सत्रः- ३

## पाठः- अघिल्ला दुई पाठहरूको शिक्षण क्रियाकलापहरूको छनोट, विशिष्ट उद्देश्यहरूको चयन र शैक्षिक सामग्री निर्माण ।

### १. उद्देश्यहरूः-

प्रशिक्षणपछि तपाइँ निम्न लिखितकार्यहरू गर्न सक्नु हुनेछ ।

क) कोतपर्वलाई नाटकीकरण ।
ख) कक्षा शिक्षणका लागि विशिष्ट उद्देश्यहरू ( ज्ञान र बोध तह, उच्च दक्षता तह तथा प्रयोगात्मक सीप तह) चयन गर्न ।
ग) फ्रान्सको राज्यक्रान्ति, अमेरिकाको स्वतन्त्रसङ्ग्राम र भारतको स्वतन्त्रतासङ्ग्रामको तुलनात्मक अध्ययन तालिकाको प्रतिवेदन तयार गर्न ।
घ) उपयुक्त शिक्षण सामग्रीहरूको छनोट गर्न ।
ङ) शैक्षिक सामग्रीहरूको निर्माण गर्न ।
च) लघु शिक्षण तयार गर्न ।

### २. शैक्षिक सामग्रीहरूः-

क) विश्वको नक्सा
ख) युरोपको नक्सा
ग) भारत, फ्रान्स र अमेरिकाको राजनैतिक नक्सा
घ) सिसाकलम , साइन पेन, कार्डवोर्ड पेपर कैंची, स्केल
ङ) सन्दर्भ सामग्रीहरू ।

### ३. क्रियाकलापः-

निम्नलिखित क्रियाकलापहरू गर्नुहोस् ।

क) अघिल्लो सत्र १ मा सहभागीहरूको बीचमा छलफल गरि तयार गरेको कोतपर्वको नाटकीकरणलाई यस सत्रमा साथीहरू वीच व्यापक छलफल गरि छोटो नाटकीकरण निर्माण गर्नुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् ।

- नाटकीकरण निर्माणमा निम्न विषयहरूमा प्रशिक्षकको सल्लाह अनुसार उपयुक्तता जाँच गर्नुहोस् ।
- उपयुक्त पात्रहरूको चयन ।
- घटनाहरूको क्रमिक्तता एव मार्मिक्तता ।
- आवश्यक सामग्रीहरूको सङ्कलन र व्यवस्था
- सम्वादमा पात्रहरूको अभिनय र प्रस्तुतीकरण

उपयक्तता जाँच गरिसकेपछि सवैको राय सल्लाह अनुसार आवश्यक सुधार गर्नुहोस् ।

ख) अघिल्लो पाठको सत्र २मा नमुनाका आधारमा निर्माण गरिएका विशिष्ट उद्देश्यहरू ( ज्ञान र वोध तह, उच्च दक्षता तह तथा प्रयोगात्मक सीप तह) आवश्यकता अनुसार प्रशिक्षकवाट सहयोग लिइ समूहगत रुपमा ५/५ ओटा विशिष्ट उद्देश्यहरू कार्डबोर्डमा लेख्नुहोस् । निर्माण गरिएका उद्देश्यहरूलाई समूहगत छलफलद्वारा मान्य गरौं ।

ग) अघिल्लो पाठको सत्र २ मा फ्रान्सको राज्यक्रान्ति अमेरिकाको स्वतन्त्रतासङ्ग्राम र भारतको स्वतन्त्रता सङ्ग्रामको तुलनात्मक अध्ययन तालिकाको आधारमा तयार गरेको वुँदा टिपोटलाई आफ्नो समूहमा छलफल गरि छोटो प्रतिवेदन तयार गर्नुहोस् । प्रशिक्षकको सल्लाह अनुसार आवश्यक सुधार गर्नुहोस् ।

घ) जङ्गवहादुरको जीवनीका घटनाक्रम झल्कने घटनावृत चार्ट, जङ्गवहादुरको उदय हुनाका कारणहरूको बुँदागत चार्ट तथा फ्रान्सको राज्यक्रान्ति, अमेरिकाको स्वतन्त्रतासङ्ग्राम एवम् भारतको स्वतन्त्रतासङ्ग्रामको तुलनात्मक अध्ययन तालिका विभाजित गरिएको तीन समूह मध्ये तपाईंलाई तोकेको समूहमा बसी सम्बद्ध शैक्षिक सामग्री निर्माण गर्न लागौ । उपयुक्त शैक्षिक सामग्री निर्माण गरिसकेपछि पाठ शिक्षणमा कहाँ कहाँ प्रयोग गर्न सकिन्छ ?औल्याउनुहोस् ।

ङ) कोत पर्वको लघु शिक्षण अभिनय विधिद्वारा प्रस्तुत गर्न आवश्यक तयारीतर्फ लागौं ।

३. उपलब्धिः-

यस सत्रमा अपनाइएका क्रियाकलापहरूको सूची तयार गर्नुहोस् ।

एकाइ:-७ कक्षा:- ९
दिन:- १८ सत्र:- ४

# पाठः- सत्र ३ को पाठ प्रस्तुतीकरण ।

## १. उद्देश्यहरूः-

यो सत्रको क्रियाकलापमा सरिक भई सकेपछि तपाइँ निम्न लिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) कोतपर्वको घटनालाई अभिनय विधिद्वारा प्रस्तुत गर्न ।
ख) विशिष्ट उद्देश्यहरू (ज्ञान र बोध, उच्च दक्षता तथा प्रयोगात्मक सीप ) प्रस्तुत गर्न ।
ग) फ्रान्सको राज्यक्रान्ति, अमेरिकाको स्वतन्त्रतासङ्ग्राम तथा भारतको स्वतन्त्रतासङ्ग्रामको तुलनात्मक अध्ययन तालिकागत प्रतिवेदन प्रस्तुत गर्न ।
घ) उपयुक्त शैक्षिक सामग्रीहरू प्रस्तुत गर्न ।
ङ) नमुना लघु शिक्षण गर्न ।

## २. शैक्षिक सामग्रीः-

क) सत्र ३ मा प्रयोग गरिएका सबै सामग्रीहरू ।

## ३. क्रियाकलापः-

क) कोतपर्वको नमुना लघुशिक्षण गर्न सत्र ३ को क्रियाकलाप नं "क" मा उल्लेखित निर्देशनमा निर्मित अभिनय विधि अपनाउन प्रशिक्षकको निर्देशानुसार सरिक हुनुहोस् ।
– प्रस्तुत गरिएको लघु शिक्षणमा रचनात्मक सुधारको लागि आवश्यक सुझावहरू दिनुहोस् ।

ख) उद्देश्य नं. ख, ग, र घ मा उल्लेखित उद्देश्यहरू पूरा गर्न समूह नेताद्वारा पालैपालो संयुक्त समूहमा प्रस्तुत गरिएको प्रस्तुतीकरण सम्बन्धमा सवल पक्ष, कमजोर पक्ष छुट्याई तपाईंले पनि आफ्नो सुझाव दिई निचोडमा पुगौं ।

## ४. उपलब्धिः-

यस विषयसंग सम्बन्धित केही विचार सुझाव भए बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् ।

एकाइ:- ७

दिन:- १९

कक्षा:- १०

सत्र:- १

पाठ:- (क) राणाकालीन नेपालको आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक अवस्था ।

(ख) वि.सं.२००७ साल देखि २०१७ सालसम्मको आर्थिक, सामाजिक र राजनैतिक गतिविधिहरू ।

(ग) वि.सं.२०१७ सालमा पार्टी प्रतिबन्ध र पञ्चायतको सुरुवात ।

१. उद्देश्यहरू:-

प्रशिक्षणपछि तपाइँ निम्न लिखित कार्यहरू गर्न सक्नु हुनेछ ।

क) राणाकालीन नेपालको आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक अवस्थाको वर्णन गर्न ।
ख) वि.सं.२००७ साल देखि २०१७ साल सम्मको आर्थिक सामाजिक र राजनैतिक गतिविधिहरूको सूची तयार गर्न ।
ग) २०१७ शालको पार्टी प्रतिवन्ध र पञ्चायतको सुरुवातको घटना पहिचान गर्न ।
घ) विषयवस्तुको शिक्षण घण्टीमा विभाजन गर्न ।
ङ) कक्षामा यस पाठलाई शिक्षण गर्ने तरिका बताउन ।

२. शैक्षिक सामग्रीहरू:-

क) विषयवस्तुसंग सम्वद्ध चार्ट ।
ख) प्रशिक्षणको नियमित सामग्रीहरू ।

३. क्रियाकलाप:-

अध्ययनको लागि दिएको पाठवर्णन तोकेको समयावधिमा अध्ययन पूरा गरि आफ्नो जिम्माको समूह कार्यमा लागौं ।

समूह क

अ) राणाकालीन आर्थिक अबस्थाको प्रमुख बुँदाहरूको सूची

.................................................................................

.................................................................................

.............................................................................

आ) राणाकालीन राजनैतिक अवस्था अन्तर्गत मतभेद, षडयन्त्र, विद्रोह तथा सङ्घर्षको सबिस्तार छोटो विवरण ।

.................................................................................

.................................................................................

.............................................................................

समूह ख

अ) राणाशासन कालमा नेपालको शिक्षा विकासमा योगदान पु-याउने प्रधानमन्त्रीहरूको नाम र योगदानको सूची ।

प्रधानमन्त्रीहरूको नाम.................योगदानको सूची

.......................................................................................

.......................................................................................

आ) राणाकालीन सामाजिक अवस्था अन्तर्गत सामाजिक विसङ्गतिहरू, सो हटाउन राणा प्रधानमन्त्रीहरूले गरेको प्रयास तथा तत्कालिन सामाजिक संरचनाको छोटो विवरण ।

.......................................................................................

.......................................................................................

समूह ग

अ) २००७ सालदेखि २०१७ साल सम्मका प्रधानमन्त्रीहरू (मन्त्रीमण्डलको कार्य अवधि समेत) नाम र कार्यकालको सूची ।

प्र.म.हरूको नाम .................. कार्यकाल

.......................................................................................

.......................................................................................

.......................................................................................

.......................................................................................

आ) वि.सं.२००७ साल देखि २०१७ साल सम्मको प्रमुख आर्थिक गतिविधिहरूको बूँदागत सूची

.......................................................................................

समूह घ

२०१७ सालको पार्टी प्रतिवन्ध र पञ्चायतको सुरुवात सम्बन्धमा तत्कालिन घटना सम्बन्धमा प्रत्यक्षदर्शी, अनुभवी व्यक्ति वा तत्कालीन राजनीतिक कार्यकर्ताको अनुभव बताउन लगाएर बुँदा टिपोट गर्न लागौं ।

.......................................................................................

.......................................................................................

.......................................................................................

माथि उल्लेखित समूह कार्य समूहगत छलफल गरि प्रशिक्षकको सल्लाह अनुसार निचोड लेख्नुहोस् ।

ख) विषयवस्तुको संरचनाका शिक्षणका लागि आवश्यक पर्ने घण्टीहरू निम्न बमोजिम छलफल गरि विभाजन गर्नुहोस् ।

| क.सं. | विषयबस्तु | क.सं. | आवश्यक घण्टी |
|---|---|---|---|
| १. | | १. | |
| २. | | २. | |
| ३. | | ३. | |
| ४. | | ४. | |
| ५. | | ५. | |

ग) यस पाठको शिक्षण गर्न उपयुक्त सिकाइ क्रियाकलापहरू समूहमा छलफल गरि निर्क्योल गर्नुहोस् ।

राणाकालीन आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक अवस्था:-

आर्थिक अवस्था:

राणाकालमा देशको आम्दानी प्रधानमन्त्री हुनेको ढुकुटीमा जाने र विदेशी बैंकमा जम्मा हुने गर्दा नेपाली धन सम्पत्तिवाट विदेशको आर्थिक विकास भयो । कृषितर्फ ध्यान नदिनु र राणाहरूको हातमा ठूलो विर्ता पर्नु र त्यस्तो जमिनको राजस्व नउठ्ने जङ्गल पनि राणाहरूकै पेवा जस्तै हुने र कृषि परम्परागत तथा मोहियानी हकको असुरक्षाले कृषि क्षेत्रबाट आर्थिक प्रगति भएन । राणाकालमा बनेका व्यापारिक मार्ग तथा यातायात र ढुवानीको व्यवस्थामा रक्सौलदेखि अमलेखगञ्जसम्म छोटो लाइनको रेलवे, अमलेखगञ्जदेखि भीमफेदी सम्म मोटर बाटो, घुर्सिङ देखि मातातीर्थ सम्म रोपवे तथा जयनगर देखि जनकपुरसम्म रेलवे मात्र थियो । घरेलु इलम विभाग, जुद्ध शमशेरको समयमा उद्योग परिषदको स्थापना, विराटनगर जुट मिल, विराटनगर कटन मिल, त्रिजुद्ध मैच फैक्टरी वीरगञ्ज, नेपाल बैंक लिमिटेड तथा कृषि विकास परिषद खुले पनि देश विकासतर्फभन्दा दरवार निर्माणमा बढी आर्थिक लगानी भएको थियो ।

सामाजिक अवस्था – केही मात्रामा प्रचलित सामाजिक कुरीतिहरू हटे तापनि वालविवाह, बहुविवाह र जातपातको भेदभाव कायमै थियो ।

जङ्गवहादुरले वि.सं. १९१० मा मुलुकी ऐन लागु गरेर कठोर अमानुषिक दण्डको सट्टा कानुन र दण्डको नियम बढ्ता मानविय बनाए । सतीप्रथालाई निरूत्साहित पार्न कोशिश, वोक्सीको अभियोगमा ज्यान लिन नपाउने कानुनी प्रतिवन्ध लगाए । (वि.सं. १९७७) २८ जुन १९२० चन्द्र शमशेरले नेपाली समाजमा जरा फिजाएको सतीप्रथा अन्त्य गरेको घोषणा गरे । उनले करियाप्रथाको पनि उन्मूलन गरे । सन १९२३ देखि चन्द्र शमशेरले देशव्यापी रूपमा दासप्रथा अन्त्य गर्ने कार्यक्रम सुरू गरे । सन १९२५ मा करिया मोचन विभागको स्थापना भयो । जस अनुसार ५१,५१९ दासदासीहरू मुक्त भए । मुक्त भएका दासदासीको बसोवास गर्न भिक्षाखोरीको जङ्गल फँडानी गरेकोले अमलेखगञ्ज रहन भएको हो । वीर शमशेरले वीर अस्पताल, घण्टाघर, देवशमशेरले गोरखापत्रको प्रकाशन, १२ बजे तोप पडकाउने चलन र जुद्धशमशेरले सुन्दरीजल विद्युत् योजनाबाट सर्वसाधारणलाई पानी र विजुली वत्ती उपलब्ध गराए ।

राणा प्रधान मन्त्रीहरूले राजपरिवारसँग वैवाहिक सम्बन्ध गाँसेर सामाजिक प्रतिष्ठामाथि उठाएको थियो । राणाहरूपछि चौतरिया, थापा तथा ठूलाठूला भूमिपति, बडेवडे साहूहरू दोस्रो श्रेणीमा र तेस्रो वर्गमा मध्यम वर्ग अर्थात् सरकारी कर्मचारीहरू पर्दथे ।

कृषक सबभन्दा तल्लो श्रेणीमा थियो । समाज असमानता र विषमतामा आधारित थियो ।

राजनैतिक अवस्था

वैधानिक रूपमा राज्यको सम्पूर्ण अधिकार राजाको नामबाट वास्तविक शक्ति राणा प्रधान मन्त्रिहरूमा निहित थियो । त्यस कालमा राजनीतिक अवस्थालाई निम्नानुसार विभाजन गर्न सकिन्छ ।

राजपरिवारसँग वैवाहिक सम्बन्ध

जङ्गबहादुरले आफ्नो अधिकार स्थायी पार्न आफ्ना दुई छोरा जगतजङ्ग र जितजङ्गको विवाह श्री ५ सुरेन्द्रकी दुई छोरीहरुसँग, वि.सं. १९११) मा गरिदिए । आफ्नी छोरीको पनि युवराज त्रैलोक्य

वीरविक्रमसँगको वैवाहिक सम्बन्धले गर्दा सामाजिकस्तर माथि उठने तथा राजदरवारको गतिविधि थाहा पाउने भएकोले यही क्रमपछिका प्रधानमन्त्रीले पनि कायम गरे ।

राणाहरूमा शक्तिको लागि सङ्घर्ष

जङ्गबहादुरको उदयदेखि मोहन शमशेरको पतनसम्म शक्तिको निम्ति सङ्घर्ष चल्न थाल्यो । (वि.सं. १९२४) को रोलक्रम निर्धारणबाट जङ्गबहादुरकै छोराहरूमा असन्तुष्टि भएको, श्री ५ सुरेन्द्रबाट शक्ति गएको युवराज धिराज त्रैलोक्यवीरविक्रम शाहलाई मन नपरेकोले त्रैलोक्य, जगतजङ्ग र धीरशमशेर बीचको होडबाजी चल्न थाल्यो । त्रैलोक्य र जगतजङ्गको गुप्त योजना धीर शमशेरले सुइँको पाएर जङ्गबहादुरको मृत्युलाई गुप्त राखी श्री ५ सुरेन्द्रलाई दवाव हालेर रणोद्दीपलाई प्र.म. बनाएको घोषणा गराए ।
सन १८८२ (वि.सं. १९३८) मा ठूलो हत्याकाण्डलाई ३८ सालको पर्वले प्रसिद्ध छ । अधिराजकुमार नरेन्द्रविक्रम शाहले रणोद्दीप, धीर शमशेर र उनका सन्तानहरूलाई थापाथली दरवारमा भोज बोलाएर एक चिहान बनाउने योजना सफल हुन सकेन । कयौं भारदार दण्डित भए । २१ जनाले मृत्युदण्डको सजाय पाएको उल्लेख गरेका छन् । अधिराजकुमार नरेन्द्रविक्रम चुनार जेलमा थुनिए । जगतजङ्गलाई भारतमा रोकियो । यसकाण्डपछि धीर शमशेरको स्थिति बलियो हुँदै गयो र आफ्ना छोराहरूलाई उच्च सैनिक पदहरूमा नियुक्त गर्न सुरू गरे ।

४२ साल पर्व

सन १८८५ मा रणोद्दीप सिंह र अरू केही राणाहरूको हत्या भयो । यो पर्वले गर्दा शमशेर परिवारको उदय भयो । वीरशमशेर प्र.म. र श्री ३ महाराज बने । उनले नयाँ रोलक्रम बनाए । रणोद्दीपको हत्या हुनाका प्रमुख कारणहरूमा राणा परिवारमा व्यापक गुटबन्दी प्रशासनमा नारी वर्गको हस्तक्षेप रणोद्दीपको दृढ व्यक्तित्वको अभाव र अरूको भनाइमा विश्वास नगर्ने स्वभाव र जगतजङ्गको काठमाडौं आगमन हुन् ।

प्रशासनिक ढाँचा

राणा प्र.म. को बोली नै कानुन थियो । नेपाल चार भागमा विभाजित र प्रत्येक भागमा जर्नेल प्रशासक हुन्थे । यी चार पदहरू राणा परिवारकै ज्येष्ठानुक्रमले नियुक्ति गरिन्थ्यो । निजामति तर्फ काजी, सरदार, मीर सुब्बा, सुब्बा पारि चार तह हुन्थ्यो । शासनपूर्ण रूपमा श्री ३ महाराज धिराजमा केन्द्रित थियो । वर्षेनी जङ्गी तथा निजामतितर्फ पजनी हुन्थ्यो । चाकरी प्रथा व्यापक रूपमा प्रचलित थियो ।

शैक्षिक अवस्था

जङ्गबहादुरले थापाथली दरवारमा वि.सं. १९१० मा दरवार स्कुल खडा गरे । रणोद्दीपको पालामा तीनधारा पाठशाला चन्द्र शमशेरले दरवार स्कुलमा सर्वसाधारण जनताले दरवार स्कुलमा पढ्ने सुविधा प्रदान, सन १९१९ मा त्रिचन्द्र कलेजको स्थापना गरे । जुद्ध शमशेरले सन १९३४ (वि.सं. १९९०) मा एस.एल.सी. परीक्षा बोर्ड खोल्न लगाए । पदम शमशेरले पद्मकन्या स्कुल खडा गरे जुनपछि पद्मकन्या कलेजको रूपमा भयो ।

२००७ सालदेखि २०१७ सालसम्मको सामाजिक, आर्थिक र राजनैतिक गतिविधिहरू

सामाजिक गतिविधिहरू

२००७ सालको राजनैतिक परिवर्तनपछि नेपाली समाजको उत्थानमा लागि विभिन्न

कार्यक्रमहरू बने । प्रजातान्त्रिक शासन व्यवस्था कायम भयो । जनप्रतिनिधिले शासनको बागडोर चलाउने सम्वैधानिक प्रक्रियाको थालनी भयो । २०१५ सालमा प्रथम आमनिर्वाचन सम्पन्न भयो । लगभग १८ महिना अर्थात २०१७ सालमा संसदीय व्यवस्था अन्त गरि निर्दलीय पञ्चायती व्यवस्थाको सूत्रपात भयो ।

समाजमा प्रचलित नानाथरिका कुरीतिहरूमा नियन्त्रण गरि नेपाली समाजलाई आर्दश समाजको साँचोमा ढाल्न केही हदसम्म प्रभावकारी कदमहरू चाल्न प्रयास गरिएको छ । कानुनी समानता, समान अवसर उपलब्ध गराउने, मानिसको वेचविखन गर्न नपाइने र १४ वर्षभन्दा कम उमेरका बालवालिकालाई कारखाना वा जोखिम काममा लगाउन नपाइने अन्तरिम सरकारको विधानमा उल्लेख भएको छ । अक्टोवर ३, १९५४ मा सल्लाहकार सभाबाट सार्वजनिक स्थानमा जातीय भेदभाव गर्ने दण्डको भागी बन्ने, प्रस्तावबाट कार्यान्वयनमा सरकारले ध्यान दिएन । आर्थिक गतिविधिहरू प्रजातन्त्रका प्राप्ति भए । २००७ साल फागुन ७ गते पश्चात् देशको चौतर्फी विकास गर्ने क्रममा २०१३/१८ सालमा पहिलो पञ्चवर्षीय योजना लागु गरियो ।

- विभिन्न मुलुकसित कुटनैतिक सम्वन्धले गर्दा विदेशी मुलुकहरूले नेपालको विकास कार्यमा करोडौं रूपैयाको आर्थिक, सहायता, मालसामान र प्राविधिक सेवा उपलब्ध गराउँदै आएको ।

कृषि प्रधान पञ्चवर्षीय योजनामा कृषितर्फ रू. १.२८ करोडौं खर्च गर्ने योजना ।
वि.सं २००८ सालमा 'पाइण्ट फोट' कार्यक्रम अन्तर्गत अमेरिकी सहायता प्राप्त । उपत्यकाको केही स्थानहरूमा र पारवानिपुर कृषि फार्ममा कृषि विकासको कामको थालनी ।
२००८ सालमा विश्व खाद्य कृषि सङ्गठनको सदस्यता प्राप्त ।
२०१२ साल देखि २०१७ सालसम्म कृषि विकासको लागि कृषि विभागले अनेक विषयको पूर्वाधार खडा ।

व्यापार

ई.सन १९५०, १९६० र १९६१ मा भारतसँग भएका व्यापारिक सन्धिहरू उल्लेखनीय
- नेशनल ट्रेडिङ्ग लिमिटेडको स्थापना ।
- अन्तराष्ट्रिय सम्बन्धले गर्दा मझौला र ठूला उद्योगहरूको विकास ।
- २०१३ सालमा भारतीय सहयोगबाट त्रिभुवन राजपथको निर्माण ।

राजनीतिक गतिविधिहरू

अन्तरिम सरकारहरूको विवरण

१८ फरवरी १९५१–१२ नोभेम्बर १९५१ – श्री ५ त्रिभुवबाट राणा–काङ्ग्रेस सयुक्त मन्त्रीमण्डल प्र.म मोहन शमशेरको नेतृत्वमा गठन ।
- परस्पर विरोधी विचारधाराले गर्दा मोहन शमशेरको राजिनामापछि श्री ५ त्रिभुवनबाट नेपाली काङ्ग्रेसका समापति मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीका १६ नोभेम्बर १९५१ (२००८ मंसिर १) मा मन्त्रीमण्डल गठन ।
- दाजुभाइ बीच झगडा मातृका र वी.पी.) लगाईत मन्त्रीमण्डलको एकमत नभएकोले ६ अगष्ट १९५२ मा (२००९ श्रावण) मा मातृकाप्रसाद कोइरालाले राजिनामा ।
- श्री ५ त्रिभुवनबाट १४ अगष्ट १९५२ (३० श्रावण २००९) मा प्रत्यक्ष शासन (Direct Rule) गर्ने उद्देश्यले परामर्श मागी सरकारको गठन ।

- २०१० असार २ गते परामर्श दातृ सरकारको विघटन ।
- राष्ट्रियप्रजा पार्टीका नेता मातृकाप्रसाद कोइरालाको नेतृत्वमा १५ जून १९५३ (२०१० असार २) गठन ।
- २७ जनवरी १९५६ देखि १३ जुलाइ १९५७ (२०१२ माघ १३ – २०१४ असार ३१) मा प्रजा परिषदका अध्यक्ष टङ्कप्रसाद आचार्यको नेतृत्वमा श्री ५ महेन्द्रबाट मन्त्रीमण्डल गठन ।
- २६ जुलाइ –१४ नोभेम्बर १९५७ (२०१४ श्रावण ११–कार्तिक २९) का दिन संयुक्त प्रजातन्त्र पार्टीका अध्यक्ष डा.के.आइ. सिंह को प्रधानमन्त्रित्वमा श्री ५ महेन्द्रबाट गठन ।

<u>नोभेम्बर १९५७–१४ मे १९५८ (कार्तिक २९, २०१४–जेष्ठ २, २०१५) प्रत्यक्ष शासन</u>

- १५ मे १९५८ (२०१५ जेष्ठ २ गते) मा श्री ५ महेन्द्रबाट सुवर्ण शमशेरको अध्यक्षतामा काम चलाउ मन्त्रीमण्डल गठन गरेको घोषणा ।
- २०१५ साल फागुन ७ गतेको चुनावको परिणाम अनुसर नेपाली काङ्ग्रेसले १०९ मध्ये ७४ सिट विजय गरि अत्यधिक बहुमत भएको हुँदा २७ मे १९५९ (२०१६ जेष्ठ १३) मा श्री विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा मन्त्रीमण्डल गठन । श्री ५ महेन्द्रबाट धारा ५५ को प्रयोग गरि १५ डिसेम्बर १९६० (२०१७ साल पौष १) संसदीय मन्त्रीमण्डलको विघटन ।
- २०१७ साल पौष २२ गतेका दिन राजनैतिक दलहरू र दलगत राजनैतिक उद्देश्यले प्रेरित भएका सङ्गठनहरूलाई श्री ५ महेन्द्रबाट अवैध घोषणा ।
- २०१७ साल पौष २२ गते नेपालमा पञ्चायती व्यवस्थाको सूत्रपात भएको हो ।

२०१७ सालदेखि २०४६ साल सम्म भएका प्रमुख राजनैतिक गतिविधिहरू ।

- संसदको विघटन तथा पार्टीमाथि प्रतिबन्ध लगाएपछि प्रथम प्रयासको रूपमा सुवर्ण शमशेर क्रान्तिको घोषणा । तर सो सफल हुन सकेन ।
- ०२२ सालमा विद्यार्थी आन्दोलन पनि असफल ।
- राजा महेन्द्र जनकपुर भ्रमणमा दुर्गानन्द झाद्वारा बम प्रहार गरियो । २० माघ २०२० सालमा उनलाई मारियो ।
- २०२८ (३१ जनवरी १९७२) मा अर्को शसस्त्र आन्दोलनको क्रममा २०३१ सालमा हवाइजहाज अपहरण । ओखलढुङ्गा काण्डमा धेरै जनताको मृत्यु ।
- विश्वेश्वरप्रसाद कोइराला र अरू नेताह्रू राष्ट्रिय मेलमिलाप नीति लिएर नेपाल फर्के । १६ पौष २०३३ सालमा तिनीहरूलाइ गिरफ्तार गरियो ।
  २०३५ साल माघमा प्रजातान्त्रिक आन्दोलनको क्रममा विद्यार्थी आन्दोलनले राष्ट्रव्यापी रूप लियो ।

४. उपलब्धिः-

यस सत्रमा सिकेका कुराहरू लेख्नुहोस् ।

एकाइः- ७
दिनः- १९

कक्षाः- १०
सत्रः- २

पाठः-(क) वि.सं. २०३६ सालको जनमत सङ्ग्रह ।
(ख) वि.सं.२०४६ सालको जन आन्दोलन र बहुदलीय व्यवस्थाको पुनर्स्थापना ।
(ग) श्री ५ महेन्द्र तथा श्री ५ वीरेन्द्रका शासनकालमा भएका विकास ।

१. उद्देश्यहरूः-

यस सत्रको कियाकलापमा सरिक भई सकेपछि तपाइँ निम्नलिखित कार्यहरू गर्न सक्नु हुनेछ ।

(क) पाठको विषयवस्तु कक्षा १० को पाठयकममा कसरी समावेश भएका छन् सोको जानकारी हासिल गर्न ।
(ख) वि.सं.२०३६ सालको जनमत सङ्ग्रह, वि.सं.२०४६ सालको जनआन्दोलन र बहुदलीय ब्वस्थाको पुनर्स्थापनाका प्रमुख घटनाहरू बताउन ।
(ग) श्री ५ महेन्द्र तथा श्री ५ वीरेन्द्रका शासन कालमा भएका विकास कार्यहरूको सूची तयार गर्न ।
(घ) पाठ शिक्षणका लागि आवश्यक शैक्षिक सामग्री तथा शिक्षण विधिको छनोट गर्न ।

२. शैक्षिक सामग्रीहरूः-

(क) विषयवस्तुसित सम्बद्ध चार्ट
(ख) सन्दर्भ सामग्रीहरू
(ग) पाठय्कम
(घ) पाठ्यपुस्तक
(ङ) श्री ५ महेन्द्रको फोटो
(च) श्री ५ वीरेन्द्रको फोटो

३. कियाकलापः-

छलफलद्वारा निम्नलिखित कियाकलापमा संलग्न बन्नुहोस् ।

(क) सहभागीहरू सित छलफल गरि कक्षा १० को सामाजिकशिक्षा विषयको पाठयकममा पाठको विषयवस्तु पत्ता लगाउनुहोस् ।
पाठ –
पाठ –
पाठ –

(ख) सहभागीहरूलाई चार समूहमा विभाजन गरौं। प्रथम समूहलाई २०३६ सालको जनमत सङ्ग्रह, दोस्रो समूहलाई २०४६ सालको जनआन्दोलन र बहुदलीय व्यवस्थाको पुनस्थापना, तेस्रो समूहलाई श्री ५ महेन्द्र र विकास कार्यहरू तथा चौथो समूहलाई श्री ५ वीरेन्द्र र विकासप्रति प्रतिवद्धताको छोटो कार्यपत्र तयार गर्न दिइएको पाठयवस्तु र अन्य पाठय सामग्री सङ्कलन गरि निश्चित समयावधिमा अध्ययन गर्न लागाऔं।

- उक्त कार्यपत्र प्रकियागत रुपमा समूहमा छलफल गरि लेख्न लगाऔं। आवश्यक भए समूहवाटै पृष्ठपोषणको व्यवस्था गरौं।
- माथि उल्लेखित कार्यपत्रहरू समूहगत छलफलद्वारा मान्य भई सकेपछि संयुक्त समूहमा अन्तर क्रिया गरि मान्य गरौं।

(ग) यस पाठ शिक्षणका लागि उपयुक्त शैक्षिक सामग्रीहरू सङ्कलन एवम् सूची बनाउनुहोस्। उक्त सङ्कलित एवम् सूचीवद्ध सामग्रीहरूलाई संयुक्त समूहमा छलफल गरि मान्य गरौं।

(घ) यस पाठ शिक्षणको लागि उपयुक्त शिक्षण क्रियाकलापहरू के के हुन सक्छन ? समूहमा छलफल गरि निर्क्योल निकालौ।

<u>विषयवस्तु</u>

<u>सम्बत २०३६ सालको जनमत सङ्ग्रह</u>

सम्वत २०१७ देखि २०३६ साल सम्मको १९ वर्षको अवधिमा राजनैतिक वातावरण शुद्ध हुन सकेन। पञ्च कार्यकर्ताहरू जनप्रिय हुन सकेनन्। जीवनस्तर माथि उठ्न सकने। महङ्गी बढ्दै गयो। बेकारी समस्या थपिँदै गायो।

- पाकिस्तान बङ्गलादेश र इरानमा असन्तोष उत्पन्न भई आएको राजनैतिक मोडबाट विभिन्न दलहरू तथा विद्यार्थीहरूमा प्रभावित तुल्याए। विद्यार्थी आन्दोलन अत्यन्त चर्कदै गयो। सरकारबाट देशमा शान्तिसुरक्षा कायम गर्न सकेन।
- कुनै उपयुक्त उपायको अवलम्बन नगरि नहुने स्थिति भएकोले श्री ५ वीरेन्द्रबाट २०३६ साल जेठ १० गतेका शाही घोषणाद्वारा नेपाली जनताले सुधारसहितको पञ्चायती व्यवस्था राख्ने हो वा बहुदलीय शासन पद्धति चाहने हो, सोमध्ये एउटालाई रोज्न बालिगमताधिकारको आधारमा राष्ट्रव्यापी जनमत सङ्ग्रह गराइने छ।
- सम्बत् २०३७ साल बैशाख २० गते भएको जनमत सङ्ग्रहको परिणाम अनुसार लोक सम्मतिबाट सुधार सहितको निर्दलीय पञ्चायत पक्षले बहुदललाई पराजित गरेर विजय प्राप्त गऱ्यो। जसमा पञ्चायतले ५४.७५% र बहुदल मत प्राप्त गऱ्यो।

२०३६ जेठ १० गते (मे २४, १९७९) श्री ५ वीरेन्द्रबाट जनमत सङ्ग्रहको घोषणा।
२०३७ जेठ
- बैशाख २०, २०३७ वि.सं. (मे २, १९८०) को जनमत सङ्ग्रहको परिणामको घोषणा २०३७ जेठ १ गते भयो।
- सुधारिएको पञ्चायत प्रणालीको बहुमत ल्याउनुमा तत्कालीन प्र.म. सूर्यबहादुर थापाद्वारा धाँधली गरेको भनी धेरै जनताले आरोप लगाए। निरङ्कुश पञ्चायत प्रणालीमा संविधानद्वारा आधारभूत परिवर्तन गरिएन।
- २०३८ मा वालिगमताधिकारको आधारमा पञ्चायतको आम निर्वाचन भयो तर प्रतिबन्धित पार्टी अर्थात बहुदल समर्थकहरूले भाग लिएन।
- २०४२ सालमा नेपाली काङ्ग्रेस नेतृत्वमा भएको सत्याग्रह। केही सम्बेदनशील ठाउँमा बम विष्फोटनले गर्दा उक्त सत्याग्रह आश्विनमा स्थगित।

- केही कम्युनिष्ट समूहले २०४३ सालमा भएको राष्ट्रिय र स्थानीय निर्वाचनमा भाग लिए । तर तिनीहरूलाई राष्ट्रिय पर्वहरूमा भाग नलिएको आरोपमा निलम्बन र गिरफ्तार गरियो । तिनीहरूले व्यवस्थाको सिधै विरोध जनाए । पञ्चायत समर्थकहरू र राजाले समेत धेरै जनताको प्रजातान्त्रिक परिवर्तनको मागलाई ध्यान दिएनन् ।
- ने.का. केन्द्रीय समितिले २०४६ साल कार्तिक (नोभेम्बर १९८९) मा आन्दोलन सुरू गर्ने निर्णयलाई २०४६ साल माघ ५, ६ र ७ गते अनुमोदनको लागि राष्ट्रिय अधिवेशन गरियो । जनवरी १८–२० १९९० को राष्ट्रिय अधिबेशनमा भारतिय नेताहरू र संयुक्त वाम मोर्चाका नेताहरूले भाग लिए । जसमा पञ्चायतको विरूद्धमा वाममोर्चा र ने.का. ले सयुक्त क्रान्ति गर्ने निर्णय गरियो । निर्णय अनुसार क्रान्तिको सुरू फाल्गुन ७ गते २०४६ (१८ फवरी १९९०) बाट गरियो । प्र.मं. मरिचमानसिंह श्रेष्ठले राजिनामा दिए ।

  २०४६ साल चैत्र २४ गते (६ अप्रिल १९९०) दमनको वेवास्ता गरि प्र.मं. लोकेन्द्रबहादुर चन्दको नेतृत्वलाई पनि लाखौं जनताले राजधानीमा विरोध जनायो । उक्त २४ गते पनि धेरै जनताको ज्यान गयो । दुई दिन सम्म चौवीसै घण्टा कर्फ्यू लाग्यो । अन्तिममा राजाबाट २०४६ साल चैत्र २६ गते (८ अप्रिल १९९०) नारायणहिटी राजदरवारमा चार नेताहरू (ने.का.बाट २ जना र २ जना संयुक्त वाममोर्चाबाट) बोलाएर संविधानबाट "निर्दल" शब्द हटाइएको घोषणा गरियो । २०४७ साल बैशाख २ गते मा ने.का. का सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम मन्त्रीमण्डल घोषणा र पञ्चायतका सबै निकाय विघटन गरिएको घोषणा गरियो ।

२०४७ साल बैशाख ६ गते श्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा ११ सदस्यीय अन्तरिम मन्त्रीमण्डलको गठन गरियो ।

- २०४७ साल कार्तिक २३ गते प्रजातान्त्रिक सरकारले नयाँ संविधानको घोषणा गरि २०४८ साल बैशाख २९ गते आइतवार आमनिर्वाचनको घोषणा गरियो । उक्त आमनिर्वाचनमा ने.का. का महामन्त्री गिरिजाप्रसाद कोइराला दोस्रो जननिर्वाचित प्र.मं. भए ।

<u>श्री ५ महेन्द्रको शासन कालमा भएका विकासका कार्यहरू</u>

<u>श्री ५ महेन्द्रको प्रारम्भिक जीवनी</u>

- जन्म वि.सं. १९७७ जेठ ३० मा कान्तिराज्य लक्ष्मीदेवीको गर्भबाट ।
- तत्कालीन राजनैतिक परिस्थितिले गर्दा दरवारभित्रै शिक्षा प्राप्त ।
- विवाह – २० वर्षका उमेरमा १९९७ सालमा इन्द्रराज्यलक्ष्मी देवीसँग सुसम्पन्न ।
- इन्द्रराज्यलक्ष्मी देवी तर्फबाट तीन पुत्र र तीन पुत्री ।
- २००७ भाद्र १८ इन्द्र राज्य लक्ष्मी देवीको स्वर्गारोहण ।
- श्री ५ महेन्द्रको दोस्रो विवाह – वि.सं. २००७ मार्ग २५ गते रत्नराज्यदक्ष्मी देवीसँग सुसम्पन्न ।
- २०११ सालमा श्री ५ त्रिभुवनको स्वर्गारोहणपछि २०११ चेत्र १ गते राजगद्दीमा राज होइबक्सेको ।

  श्री ५ महेन्द्रको शासनकालमा भएका अनेकौं कार्यहरूमध्ये सामाजिक क्षेत्रमा मुलुकी ऐन (२०२० साल भाद्र १) आर्थिक क्षेत्रमा भूमिसुधार कार्यक्रम अथवा भूमिसुधार कार्यक्रम अथवा भूमिसम्वन्धी ऐन २०२१ उल्लेखनीय छन् ।

नयाँ मुलुकी ऐन २०२० भाद्र १

नेपाली समाजलाई आधुनिक र समयानुकूल बनाउन मुलुकी ऐनले एउटा नयाँ दिशा प्रदान गरेको छ। बाल, बहु र अनमेल विवाहलाई निषेध गर्दछ भने विधवा र कानुनी दर्ता विवाहलाई जायज गरेको छ। विवाहको निम्ति नारीको उमेर १४ वर्ष, पुरूषको १८ वर्ष र पुरूषर नारीको विवाहमा २० वर्षभन्दा बढ्ता फरक हुनुहुदैन। नारी र पुरूषले उचित कारण देखाई पारपाचुके गर्न पाउने कानुनी व्यवस्था छ। ३५ वर्ष पुगेका अविवाहित छोरीले छोरा सरह सम्पति पाउने कानुनी व्यवस्था भएको देखिन्छ। सबै मानिसले आफ्नो –आफ्नो धर्मको अनुसरण गर्न पाउने तर धर्म भने परिवर्तन गर्न नपाइने कानुनी प्रावधान छ।
यो शान्तिपूर्ण तरिकाले ल्याइएको क्रान्तिकारी कदम हो। यसले सामाजिक न्याय एवम् एकता स्थापना गर्न प्रयास गर्नुको साथै नागरिक समानताको अधिकार प्रदान गरेको छ।

भूमिसुधार कार्यक्रम

श्री ५ महेन्द्रको आर्थिक क्षेत्रमा भूमिसम्बन्धी ऐन २०२१ अत्यन्त महत्वपूर्ण कदम हो। यसको प्रमुख उद्देश्य भूमिमा रहेको निष्क्रिय पूँजी र जनसङ्ख्याको भार झिकी आर्थिक द्रुततर विकास गर्न कृषि योग्य भूमिको न्यायोचित वितरण गर्ने कृषिसम्बन्धी आवश्यक ज्ञान कृषकसम्म पुर्‍याई उनीहरूको जीवनस्तर माथि उकास्न कृषि विकासमा अधिकतम वृद्धि गर्ने।

क) यी उद्देश्यहरूको प्राप्तिका लागि जमिन्दारी प्रथा उन्मूलन तथा जमिन्दारको विशेषाधिकार अन्त भयो।

ख) जग्गाको हदबन्दी तराईमा २५ विगहा, काठमाडौं उपत्यकामा ५० रोपनी, पहाडमा ८० रोपनीभन्दा बढ्ता राख्न नपाइने व्यवस्था गरियो। मोहीले तराईमा ४ विगहा, उपत्यकामा १० रोपनी र पहाडमा २० रोपनीभन्दा बढी जोत्न नपाइने व्यवस्था गरियो। यसले जग्गा मात्र कब्जा गर्ने प्रवृतिलाई निरूत्साहित तुल्याई उत्पादकत्व वृद्धिमा प्रोत्साहित गरियो।

ग) हदबन्दीभन्दा बढी भएका जग्गावालाको क्षतिपूर्ति दिई भूमिहीन किसानमा वितरण गर्ने।

घ) मुख्यवाली १ वर्ष कमाएको अवस्थामा मोहियानी हक संरक्षणा हुनेछ।

ङ) वार्षिक उब्जनीको आधाभन्दा बढी जग्गाबाट कुत लिन नपाइने। कुतको निर्धारणले गर्दा कृषकहरूलाई प्रोत्साहन हुने।

च) अनिवार्य बचत व्यवस्था मोही र जग्गा धनीबाट वार्षिक उब्जनीको केही अनविार्य बचतको रूपमा लिने गरियो जुन कृषि विकास कार्यमा उपयोग गर्ने व्यवस्था गरियो। यसमा बचतकर्तालाई ५% को दरले व्याज दिइने व्यवस्था गरियो।

छ) ऋण व्यवस्था – साहुले साँवाको दोब्बरभन्दा बढी व्याज र दशौंदभन्दा बढी व्याज लिइन नपाइने व्यवस्था गरियो। अनुचित ऋणको बोझबाट मुक्ति दिलाउने कानुनी व्यवस्थाले भूमिसम्बन्धी ऐन २०२१ को भूमि ओगटी बस्ने परम्परागत प्रवृतिमा क्रमशः परिवर्तन देखा परेको छ। कृषक र मोहीहरूमा नयाँ जागरण ल्याउने दिशामा पनि भूमिसुधार कार्यक्रम निकै उपयोगी भएको छ।

– २०१६ सालमा विर्ता उन्मूलन ऐन अन्तर्गत पूराना राज्य रजौटाहरू उन्मूलन गरि तिनका विशेषाधारहरूको अन्त भयो।

आर्थिक क्षेत्रमा चालिएका पाइलाहरूमध्ये प्रथम पञ्चवर्षीय योजना, द्वितीय त्रिवर्षीय योजना, तृतीय पञ्चवर्षीय योजना र पूर्व–पश्चिम राजमार्गको निर्माण आदि उल्लेखनीय छन्।

श्री ५ महेन्द्रलाई आर्थिक र सामाजिक क्षेत्रमा क्रान्ति ल्याई देशलाई आधुनिकतातर्फ उन्मुख गरिबक्सनमा महत्वपूर्ण देन मान्नु पर्दछ ।

– राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ स्व. श्री ५ महेन्द्रबाट लागु गरिबक्सियो ।

श्री ५ वीरेन्द्र र विकासप्रतिको प्रतिवद्धता
(जीवनी सङ्क्षिप्त)

– राज्यारोहण वि.सं. २०२८ माघ १७ गते ।
– शुभ राज्याभिषेक वि.सं. २०३१ फागुन १२ गते ।
– जन्म श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवी शाहको जेष्ठ सुपुत्रको रूपमा वि.सं. २००२ साल पौष १४ गते
– प्रारम्भिक शिक्षा दार्जिलिङ्को सेण्ट जोजेप्स स्कुलमा सुसम्पन्न ।
– २०११ साल चैत्र १ गते राजगद्दीको उतराधिकारी घोषित ।
– २०१६ सालमा उच्च शिक्षाको निम्ति बेलाइतको इटन कलेजमा सवारी ।
– २०१९ चैत्र २९ गतेका उपनयन संस्कार सुसम्पन्न ।
– शुभ विवाह २०२६ फागुन १६ गते श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहसँग सुसम्पन्न ।

आर्थिक विकासका कार्यहरू

– देश विकास कार्यमा देखापरेको क्षेत्रीय असन्तुलन हटाएर विकासको फल सबै नेपालीले पाउन् भन्ने सदिच्छाबाट सम्पूर्ण देशलाई २०२९ सालमा मौसुफबाट ४ विकास क्षेत्रमा र २०३८ सालमा ५ विकास क्षेत्र विभाजन गरिबक्सियो ।
– २०२९ सालमा विकासमा जनसहभागिता प्राप्त गर्ने उद्देश्यले राष्ट्रिय विकास परिषद खडा गरिबक्सियो । यस परिषदले विकास योजना तर्जुमा गर्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिन्छ ।
  २०३१ सालमा नयाँ कृषि नीति लागु गरियो ।
  २०३१ सालमा नयाँ औद्योगिक नीति लागु गरियो ।
  पर्यटक उद्योगलाई टेवा दिन २०३० सालमा पर्यटन गुरु योजना लागु गरियो ।
  राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०३० र राष्ट्रिय वन विकास योजना २०३३ लागु गरियो ।

राजनैतिक सुधार

– २०३६ जेठ १० को ऐतिहासिक जनमत सङ्ग्रहको घोषण ।

वैदेशीक नीति

असँलग्नताको सिद्धान्त अनुरूप २०३० सालको अल्जियर्स सम्मेलन, २०३३ सालको कोलम्बो सम्मलेन र २०३६ सालको हवाना सम्मेलनमा भाग लिई बक्सेर नेपालको असंलग्न परराष्ट्र नीति सिद्धान्तलाई बढ्ता स्पष्ट पारिबक्सेको छ ।

- श्री ५ वीरेन्द्रबाट अल्प विकसित राष्ट्र विषयक पेरिस सम्मेलनलाई एशिया तथा प्रशान्त क्षेत्र र पश्चिम एशियाका देशहरूतर्फबाट २०३८ साल भाद्र १४ सम्बोधन भाषणले नेपालको इज्जतलाई विशेष बढाएको हो । विश्व शान्ति र मानव कल्याणका लागि नेपालको खेलेको भूमिका पनि त्यतिकै उल्लेखनीय रहेको छ ।

*शान्ति क्षेत्र*

- शान्ति क्षेत्र श्री ५ वीरेन्द्रको देश विकास प्रतिको अगाढ चाहनाको प्रतीक हो । त्यसैले मौसुफकै विचार अनुसार स्वतन्त्रता सुरक्षा र देश विकासको लागि शान्तिलाई सर्वोपरि, स्थान दिइको छौं ।
- श्री ५ वीरेन्द्रबाट २०३१ फागुन १३ गते शुभराज्याभिषेकको अतिथिहरूको (राष्ट्राध्यक्ष र प्रतिनिधिहरू) सभारोहमा नेपाललाई शान्ति क्षेत्र घोषित गर्ने प्रस्ताव गरिबक्सियो । चीन, रुस, बङ्गलादेश, पाकिस्तान र बेलाइत आदि विभिन्न मुलुकहरूबाट समर्थन प्राप्त । शान्ति क्षेत्रको प्रस्ताव नेपाललाई विकासको बाटोमा अग्रसर गर्न कसैबाट अवरोध नआओस भन्ने चाहना अनुरूप परराष्ट्र नीतिको महत्वपूर्ण अङ्ग भएको छ । यस क्रममा कयौं मुलुकहरूले नेपालको विकास कार्यमा चाख लिई उदार राष्ट्रिय सहयोगको आधारमा शान्तिलाई संस्थागत गर्न यो शान्ति क्षेत्रको प्रस्ताव ल्याइएको कुरा स्पष्ट छ ।

श्री ५ वीरेन्द्र सन १९७६ मा भएको कोलोम्बो शिखर सम्मेलन शान्ति क्षेत्रको उल्लेख गरि अन्तराष्ट्रिय शक्तिहरूको ध्यान आकर्षित गरिबक्सेको छ ।

श्री ५ वीरेन्द्रबाट नयाँदिल्लीमा वि.सं. २०३९ मा र हरारे मा वि.सं. २०४३ मा भाग लिइबक्सेको थियो ।

## ४. उपलब्धिः-

आजको सत्रबाट निम्न लिखित कुराहरू सिक्यौं ।

१

२

३

४

एकाइ:- ७ कक्षा:- १०

दिन:- १९ सत्र:- ३

# पाठ:- अघिल्ला दुई पाठहरूको शिक्षण क्रियाकलापहरूको छनोट, शैक्षिक सामग्रीहरूको निर्माण एबं मूल्याङ्कनका उपायहरू निर्क्योल ।

## १. उद्देश्यहरू:-

तपाईंहरू पाठको अन्तमा निम्न लिखित कार्यहरूमा सक्षम हुनहुनेछ ।

क) राणाकालीन आर्थिक एवम् शैक्षिक अवस्थाको वुँदागत सूची तयार गरि टिपोट गर्न ।

ख) २००७ शालदेखि २०१७ सालसम्मका प्रधानमन्त्रीहरूको नाम, कार्यकाल र सरकारहरूको असफलताको कारण समेत खुल्ने गरि तालिका निर्माण एवम् प्रतिवेदन तयार गर्न ।

ग) २०३६ सालको जनमत सङ्ग्रह, २०४६ सालको जनआन्दोलन एवम् प्रतिवेदन तयार गर्नु ।

घ) विशिष्टीकरण तालिकाको आधारमा प्रश्नहरू निर्माण गर्न ।

ङ) नमुना सूक्ष्मशिक्षण गर्न ।

## २. शैक्षिक सामग्रीहरू:-

क) राणा प्रधानमन्त्रीहरूको फोटो ।

ख) २००७ सालदेखि २०१७ साल सम्मका प्रधानमन्त्रीहरूको फोटो ।

ग) २०३६ सालको जनमत सङ्ग्रह र २०४६ सालको जनआन्दोलनका घटनाहरूको पोस्टर चित्र र अन्य सामग्री ।

घ) सिसाकलम, मार्कर पेन, कालो–१, नीलो–१, रातो–१, कार्डवोर्ड पेपर, इरेजर, कैंची, टाँस्ने टेप, स्केल–ठूलो ।

## ३. क्रियाकलाप:-

क) समूह एकमा समूहगत रूपमा तयार गरेको राणकालीन आर्थिक अवस्थाको प्रमुख बुँदागत सूचीलाई प्रशिक्षकको सल्लाह अनुसार सुधार गरिसकेपछि पुनः छलफल गरि बुँदा टिपोट गर्नुहोस् ।

ख) सत्र १ एकको समूह “ख” मा तयार गरेको राणाकालीन शैक्षिक अवस्थाको निम्नलिखित तालिकाको आधारमा वुँदा टिपोट गरौं । आवश्यकता अनुसार पृष्ठपोषणको पनि व्यबस्था गरौं ।
प्रधानमन्त्रीहरूको नाम .................योगदानको सूची
......................................................................
......................................................................
......................................................................

बुँदागत टिपोट

.........................................................................................

.........................................................................................

.........................................................................................

ग) सत्र एकको क्रियाकलाप "ख" मा तयार गरेको २००७ सालदेखि २०१७ सालसम्मका प्रधान मन्त्रीहरूको नाम, कार्यकाल सरकार असफलताको कारण थप गरि निम्न तालिका वमोजिम तयार गरि सोसम्वन्धी छोटो प्रतिवेदन तयार गरौं । आवश्यकता अनुसार समूहमा छलफल गरौं ।
प्रधानमन्त्रीहरूको नाम कार्यकाल सरकार असफल हुनाका कारणहरू ।

१. ......................................................................................................

२. ......................................................................................................

३. ......................................................................................................

४. ......................................................................................................

५. ......................................................................................................

६. ......................................................................................................

प्रशिक्षकज्यूको सल्लाह अनुसार माथि उल्लेखित तालिकामा सुधार्ने गर्नुहोस् पुनः समूहगत छलफल गरि छोटो प्रतिवेदन तयार गरौं ।

घ) सत्र २ को क्रियाकलाप "ख" मा उल्लेखित प्रक्रिया अनुसार २०३६ सालको जनमत सङ्ग्रह, २०४६ सालको जन आन्दोलन तथा बहुदलीय ब्यबस्थाको पुनर्स्थापनासम्बन्धी कार्यपत्रलाई सबै सहभागीहरूको बीचमा चिन्तन मनन गरि सबैको प्रतिक्रियाहरूलाई समेत ध्यानमा राखी आवश्यक सुधार गरौं ।

ङ) अघिल्ला दुई पाठहरूको विस्तृतीकरण तालिकको आधारमा छोटो उत्तर आउने ६ ओटा प्रश्नहरू र लामो उत्तर आउने तीनओटा प्रश्नहरू निर्माण गरौं ! तल दिइएको नमुना प्रश्नहरू हेरौं ।

– राणाकालीन नेपालको राजनीतिक अवस्थाको वर्णन गर्नुहोस् । (ज्ञान र बोध तहको छोटो प्रश्न)

२००७ सालदेखि २०१७ सालसम्म गठन भएका सरकारहरूको असफल हुनाका कारणहरू मूल्याङ्कन गर्नुहोस् ।
(लामो उत्तर आउने उच्च दक्षता तहको प्रश्न )
राणाकालीन आर्थिक तथा शैक्षिक अवस्थाको स्पष्ट खुल्ने गरि तालिकामा देखाउनुहोस् ।
(प्रयोगात्मक सीप नाप्ने लामो उत्तर आउने प्रश्न)

च) २००७ सालदेखि २०१७ साल सम्मको राजनीतिक स्थिति सूक्ष्म - शिक्षण गर्न आवश्यक तयारी गरि अभ्यास गर्नुहोस् ।

## ३. उपलब्धिः-

यो सत्रका उपलब्धिहरू

एकाइ:- ७
दिन:- १९

कक्षा:- १०
सत्र:- ४

# पाठ:- सत्र ३ को पाठ प्रस्तुतीकरण ।

१. उद्देश्यहरू:-

सहभागीहरू पाठको अन्तमा निम्न लिखित कार्यहरूमा सक्षम हुनेछन् ।

क) राणाकालीन आर्थिक एवम् शैक्षिक अवस्थाको बुँदा टिपोट प्रस्तुत गर्न ।
ख) २००७ साल देखि २०१७ साल सम्म गठन भएका सरकारहरूको तालिका प्रदर्शन गरि प्रतिवेदन प्रस्तुत गर्न ।
ग) २०३६ सालको जनमत सङ्ग्रह, २०४६ सालको जनआन्दोलन एवम् वहुदलीय व्यवस्थाको पुर्नस्थापनासम्बन्धी कार्यपत्र प्रस्तुत गर्न ।
घ) विशिष्टीकरण तालिकाको आधारमा निर्मित प्रश्नहरू प्रस्तुत गर्न ।
ङ) सूक्ष्म – शिक्षण गर्न ।

२. शैक्षिक सामग्रीहरू:-

क) सत्र ३ मा प्रयोग गरिएका सामग्रीहरू ।

३. क्रियाकलाप:-

माथि उल्लेखित उद्देश्य क देखि ङ सम्मका उद्देश्यहरू प्रस्तुत गर्न पाँच समूह बिभाजन गरौं ।

– सत्र ३ को क्रियाकलापमा तयारी गरेको आधारमा समूह नेताद्वारा निश्चित समयावधिमा पालै पालो संयुक्त समूहमा प्रस्तुत गरौं ।
प्रस्तुत गरिसकेपछि प्रस्तुतिसम्वन्धी सवलपक्ष, कमजोरीपक्ष एवम् सुधारात्मक सुझावहरूलाई आवश्यक छलफल गरि निचोड लेख्नुहोस् ।

४. उपलब्धि:-

यस सत्रका उपलब्धिहरू

एकाइः- ७ कक्षाः- १०
दिनः- २० सत्रः- १

# पाठः- प्रथम र दोस्रो विश्वयुद्धको तुलनात्मक अध्ययन ।

## १. उद्देश्यहरूः-

प्रशिक्षणपछि तपाइँहरू निम्न लिखित क्रियाकलापहरू गर्न सक्षम हुनुहुनेछ ।

क) प्रथम र दोस्रो विश्व युद्धका कारणहरू तथा परिणामहरू तुलनात्मक रूपमा बताउन ।
ख) प्रथम र दास्रो विश्वयुद्धका महत्वपूर्ण घटनाहरूको तुलनात्मक रूपमा जानकारी दिन ।
ग) ऐतिहासिक कालहरूको फरक पहिचान गर्न ।
घ) यस पाठसँग सम्बद्ध शिक्षण विधि पहिचान गर्न ।
ङ) उपयुक्त शैक्षिक सामग्रीहरूको सङ्कलन र पहिचान गर्न ।

## २. शैक्षिक सामग्रीहरूः-

क) विश्वको नक्सा
ख) युरोपको नक्सा
ग) विषयवस्तु सम्बद्ध चार्ट ।
घ) सन्दर्भ सामग्रीहरू ( पोष्टर ) ।
ङ) विश्व युद्ध त्यसका परिणाम झल्कने चित्र ।

## ३. क्रियाकलापः-

उल्लेख गरिएका विषयवस्तुहरू सहभागीहरूले पढौं र कियाकलापमा संलग्न हुनुहोस् ।

(क) सहभागीहरू चार समूहमा विभाजन हुनुहोस् ।
तलका तालिकामा उल्लेख गरे बमोजिम समूहगत छलफल गरि प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

अध्ययन तालिका

| प्रथम विश्वयुद्ध | द्वितीय विश्वयुद्ध |
|---|---|
| समूह "क" | समूह "ख" |
| प्र.१. प्रथम विश्वयुद्ध कहिँले भयो ?र युद्ध कहिँले समाप्त भयो ? | प्र.१. द्वितीय विश्वयुद्ध कहिँले भयो र कहिँले अन्त्य भयो ? |
| उत्तर– | उत्तर– |
| २. प्रथम विश्वयुद्धका प्रमुख कारणहरू | २. द्वितीय विश्वयुद्धका प्रमुख कारणहरू |
| (क) | (क) |
| (ख) | (ख) |
| (ग) | (ग) |
| (घ) | (घ) |
| (ङ) | (ङ) |
| (च) | (च) |
| (छ) | (छ) |
| समूह "ग" | समूह "ग" |
| ३. प्रथम विश्वयुद्धका प्रमुख घटनाहरू | ३. द्वितीय विश्वयुद्धका प्रमुख घटनाहरू |
| – | – |
| – | – |
| – | – |
| – | – |
| – | – |
| ४. प्रथम विश्वयुद्धका प्रमुख परिणामहरू | ४. द्वितीय विश्वयुद्धका प्रमुख परिणामहरू |
| (क) | (क) |
| (ख) | (ख) |
| (ग) | (ग) |
| (घ) | (घ) |
| (ङ) | (ङ) |
| (च) | (च) |

– प्रत्येक समूहले तयार गरेका प्रश्नहरूको उत्तरलाई प्रशिक्षकबाट जचाइँ सही उत्तर पहिचान गर्नुहोस् ।

– समूहगतरुपमा प्राप्त सही उत्तरहरूको छलफल गरि प्रत्येक समूहमा तुलनात्मक रुपमा छोटो टिपोट लेख्नुहोस् ।

(ख) यस पाठको शिक्षण गर्न उपयुक्त शिक्षणसिकाइ क्रियाकलापहरू के के हुन सक्छन् ? समूहमा छलफल गरि छनोट गर्नुहोस् ।

(ग) यस पाठको शिक्षणमा सघाउ पु–याउने शैक्षिक सामग्रीहरूको सङ्कलन एवम् पहिचान समूहगत छलफलबाट गरौं ।

(घ) ऐतिहासिक काल भनेको के हो ? सोको अन्तर कसरी हुन्छ ? समूहगत छलफल गरि ऐतिहासिक कालको फरक छुट्याऔं । आवश्यक पृष्ठपोषणको व्यवस्था मिलाई निष्कर्ष लेखौं ।

परिचय:

मानव इतिहासमा एक विध्वंसकारी युग आयो जसलाई इतिहासकारले प्रथम विश्वयुद्धको संज्ञा दिए । यस युद्धमा सबै राष्ट्रहरू कुनै न कुनै रूपमा संलग्न भएका थिए । यस युद्धमा एकातर्फ बेलाईत, फ्रान्स, रुस, इटाली, बेल्जियम, चीन, जापान र अमेरिका आदि थिए भने अर्कोतर्फ जर्मनी, अष्ट्रिया, हङ्गेरी, टर्की आदि थिए । बेलाईतको पक्षलाई मित्र राष्ट्र र जर्मनी पक्षलाई केन्द्रीय शक्ति भनिन्थ्यो । यो ४ अगष्ट १९१४ देखि ११ नोभेम्बर १९१८ सम्म अत्यन्त रक्तपातपूर्ण रूपले चल्यो ।

क) राष्ट्रवादको घमण्ड:

कुनै पनि राष्ट्रको समुन्नति र प्रगतिको निम्ति राष्ट्रवादको भावना अति आवश्यक हुन्छ तर राष्ट्रवादलाई व्यक्ति र राष्ट्रको स्वार्थको निम्ति मात्र प्रयोग गरेमा त्यसको मानव मात्रलाई हानि पुऱ्याउँछ । प्रथम विश्वयुद्धअघि प्रत्येक राष्ट्रले आफूलाई मात्र ठूलो ठान्ने, एकले अर्कोलाई सानो ठानेर थिचो मिचो र हडप्न खोज्ने जस्ता गैर राष्ट्रवादले विकृति आउन थाल्यो । खास गरि जर्मनी र इटाली एकीकरणपछि राष्ट्रवाद चरम विन्दुमा पुग्यो । यी विभिन्न साना–ठूला राष्ट्रहरूका जाति, भाषा र संस्कृतिमा आएका घमण्डले गर्दा प्रथम विश्वयुद्धलाई बाटो देखाउने काम गऱ्यो ।

ख) गोप्य सम्झौता:

जर्मनीका विश्मार्कले फ्रान्सलाई युरोपवादबाट अलग्याउन १८७९ मा अष्ट्रियासँग गोप्य सम्झौता गरे । केही समयपछि यसमा इटली पनि सामेल भयो । इटली सामेल भएपछि त्रि-गुटको रूप लियो । रुसलाई पनि आफ्नो पक्षमा मिलाए । १८९० मा विस्मार्कको पतन भयो । त्यसपछि १८९४ मा फ्रान्सले रुससँग सन्धि गऱ्यो् । अतः इङ्लैण्डले पनि त्रि-गुटको विरूद्ध फ्रान्स र रुसद्वारा बनाइएको गुटमा सम्मिलित भई त्रि-राष्ट्रिय सम्झौताको रूप प्रदान गरियो । यसपछि सम्पूर्ण युरोप दुई गुटमा विभाजित भयो । दुबै गुटको बीचमा तनाब बढ्न गयो र युद्ध भयो ।

ग) साम्राज्यवादी भावना:

युरोपियन मुलुकहरूले कच्चा पदार्थ र बजारको निम्ति साम्राज्य विस्तार गर्नु अपरिहार्य ठाने । इङ्लैण्ड, फ्रान्स र रुसले आफ्नो उपनिवेश स्थापित गरेका थिए । जर्मनीलाई आफू यस प्रतिस्पर्धामापछि परेको जस्तो लाग्यो । ऊ सबैतिर बढ्न चाहन्थ्यो । तर उसले कतैतिर बाटो पाएन । जर्मनीको साम्राज्यवादी भावना पूरा हुन सकेन । अन्तर्राष्ट्रिय झगडा हुनुनै उसको असफलता थियो ।

घ) सैनिकीकरण नीति:

प्रत्येक राष्ट्रले आफूलाई अर्कोभन्दा शक्तिशाली बनाउन सेना र हात हतियारमा वृद्धि गर्न थाले । बेलाईत, फ्रान्स र जर्मनीले सैनिक सङ्ख्यामा वृद्धि गर्न प्रशस्त खर्च गर्न थाल्यो । धेरै जसो देशहरू त लगभग सैनिक शिविर नै थिए । प्रत्येक ठूला देशहरूलाई आफ्नो सैन्य शक्ति माथि घमण्ड थियो । यिनीहरू आफूहरूले प्राप्त गरेको तालिम र हात हतियारको प्रयोग गर्न हतारिएका थिए । त्यसै हुनाले युद्ध अनिवार्य भयो ।

ङ) तत्कालीन कारण:

अस्ट्रियाका राजकुमार आर्कड्यु फ्रान्सिस फर्डिनेण्ड हत्या नै प्रथम विश्व युद्धको तात्कालिक कारण थियो ।

१. अस्ट्रिया र सर्वियाको आपसी शत्रुता थियो । अस्ट्रियाले वोसनिया र हर्जोगोविना प्रान्तहरूलाई आफ्नो साम्राज्यमा मिलाईयो । यी प्रान्त निवासीहरू सर्वजातिका थिए । सर्वजाती सर्वियासँग रहन चाहन्थ्यो । सर्वियामा यी प्रदेशहरूलाई मिलाउन आन्दोलन भइरहेको थियो । अर्कोतर्फ अष्ट्रिया सर्वियालाई नास गर्न कोसिस गरिरहेको थियो । दुवै देशमा शत्रुताले जरो गाडी सकेको थियो ।

२८ जुन १९१४ मा युवराज आर्कडयुक फ्रान्सिस र यिनकी पत्नी सोफिया वोस्नियाको राजधानी साराएवो यात्रामा गएका थिए । राजधानी सेराएवोमा एउटा क्रान्तिकारी विद्यार्थीले वम फ्याकेर यी पति–पत्नीको हत्या गरिदिए । यस हत्यामा सर्वियाको सरकारको हात छ भन्ने अष्ट्रियाको धारणा थियो । यस घटनावाट अस्ट्रियाका जनतामा सर्वियाप्रति ठूलो क्षोभ फैलियो ।

२५ जुलाई १९१४ मा अस्ट्रियाले सर्वियाको अगाडि १२ ओटा कठोर सर्तहरू राखेर विचार गर्न ४८ घण्टा मात्र समय दियो । १९ ओटा शर्तहरू स्वीकार गऱ्यो , बाँकी ३ ओटा सर्तमा विचार गर्ने सर्वियाले समय माग्यो । अष्ट्रिया सर्वियासँग छिट्टै युद्ध गर्ने मानसिकता अनुसार २८ जुलाई १९१४ मा सर्वियामाथि आक्रमण गऱ्यो । यस आक्रमणको साथै प्रथम विश्वयुद्ध सुरु भयो ।

युद्धमा जर्मनी र त्यसका सहयोगीहरू हारे । यसपछि जर्मनीमा समाजवादी सरकार स्थापना भयो । यसै सरकारले २१, नभेम्बर १९१८ मा मित्रराष्ट्हरुसँग सन्धि गऱ्यो ।

पेरिस शान्ति सम्मेलन:

१. प्रथम विश्वयुद्धको अपार धनजनको क्षति विवरण तयार गर्न, युद्धमा हार भएका जर्मन पक्षसँग कस्तो प्रकारको सन्धि गर्ने र भविष्यमा पुन: भयङ्कर युद्धको सामना गर्नु नपरोस् भनी प्रबन्ध गर्न ३७ देशका प्रतिनिधिहरूको पेरिस सम्मेलन भयो । रुस र जर्मनीका प्रतिनिधिहरू वोलाइएका थिएनन् । सम्मेलनले पराजित राष्ट्रहरुसँग पाँच छुट्टा छुट्टै सन्धि गर्ने निर्णय गरियो । यसअनुसार जर्मनीसँग भर्सेलिजको सन्धि जुन अत्यन्त कठोर थियो जस अनुसार जर्मनीले क्षतिपूर्तिको रूपमा ठूलो रकम तिर्नु पऱ्यो र सैनिक शक्तिमा पनि कटौती गरियो । जर्मनीलाई युद्ध अपराधी देश घोषित गरेर ठूलो अपमानित गऱ्यो । फ्रान्सलाई एल्सेस र लौरेन पनि फर्काउनु पऱ्यो । जर्मनीमाथि गरिएको अन्यायपूर्ण व्यवहारले द्वितीय विश्वयुद्धलाई जन्माएको थियो ।

प्रथम विश्वयुद्धको प्रमुख परिणामहरू:

क) धनजनको क्षति: यस युद्धमा दुवै पक्षको निकै खर्च भएको थियो । यस महायुद्धमा बेलाइतको मात्र तेह्र पौण्ड खर्च भएको थियो । यसले बेलाईत, फ्रान्स, अमेरिका र जर्मनीको राष्ट्रिय ऋणमा निकै वृद्धि भएको थियो । यसमा जम्मा ८,000,000 मानिस मारिए । दुई करोड बीस लाख घाइते भए र सत्तरी लाख सेना अपाङ्ग भए । युद्धको समयमा कयौं ठूलठूला भवन तथा ऐतिहासिक स्मारक ध्वस्त भए ।
यस युद्धमा कुल तेत्तीस करोड साठी लाख अरब पाउण्ड खर्च भएको थियो ।

ख) अधिनायकवादको उदय: युद्धभन्दा अघि अनेक प्रजातान्त्रिक देशहरू युद्धपछि अधिनायकवादतर्फ धकेलिएका थिए । जनतामा प्रजातन्त्रप्रति नै वितृष्णा र नैराश्यता भएको अवस्थामा जर्मनीका नाजी शासक हिटलर र इटलीका फासिस्ट मुसोलिनी जस्ता अधिनायकहरूको उदय भयो । यी अधिनायकवादीहरूले आफ्नो देशलाई पुन:शक्तिशाली बनाई अर्को विश्वयुद्धको ज्वालाग्निमा धकेलियो ।

ग) द्वितीय विश्वयुद्धको वीजारोपण: भर्सेलिजको सन्धिमा जर्मनीले ठूलो अपमान सहनुपरेको थियो । त्यसैले जर्मनहरूको हृदयमा बदलाको भावना प्रवल भइरहेको थियो । यसमा इटली र जापान समेत सन्तुष्ट थिएनन् । यसैले यी राष्ट्रहरू मित्र राष्ट्रहरूको विरूद्धमा नै लड्न चाहन्थे । यसरी प्रथम विश्वयुद्धमा नै दोस्रो विश्वयुद्धको वीजारोपण भएको थियो ।

घ) राष्ट्रसंघको स्थापना: यसको सबभन्दा सकारात्मक पक्ष नै राष्ट्रसंघको स्थापना थियो । राष्ट्र संघले स्थायी विश्व शान्ति कायम गर्न नसकेतापनि यस विश्व संस्थालाई शान्तिको क्षेत्रमा दरिलो पाइला मान्न सकिन्छ ।

ङ) सामाजिक परिणाम: रुसमा पूरानो सामाजिक व्यवस्था अन्त भयो । अन्तर्राष्ट्रिय मजदुर सङ्गठन बन्यो । स्वास्नी मानिसहरूले पनि अधिकारका लागि विद्रोह गरे ।

च) राजतन्त्रको अन्त र गणतन्त्रको स्थापना: विश्वयुद्धपछि जर्मनी, अस्ट्रिया, रुस, बुल्गेरिया र टर्कीमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना भयो । रुसमा जार शाहीको अन्त्य र बोल्सेभिक दलको साम्यवादी सरकारको स्थापना भयो ।

## द्वितीय विश्वयुद्ध

प्रथम विश्वयुद्धमा पराजित राष्ट्रहरूका मनमा भित्रभित्रै गुम्सिरहेको प्रतिशोधको भावनालाई राष्ट्र संघले रोकेर राख्न सकेन । प्रथम विश्वयुद्ध समाप्ति भएको ठिक बीस वर्ष नौ महिनापछि नै १ सेप्टेम्बर १९३९ मा द्वितीय विश्वयुद्ध भएको थियो । यो युद्ध निकै विनाशकारी युद्ध थियो । यसका कारणहरू निम्नलिखित थिए ।

क) भर्सेलिजको सन्धि:
भर्सेलिजको सन्धिपछि मित्र राष्ट्रहरूले विश्वमा स्थायी शान्ति कायम भयो भन्ने ठानेका थिए । उनीहरूको यो सोचाइ अदूरदर्शीतापूर्ण थियो । भर्सेलिजको सन्धिमा जर्मनीको घोर अपमान गरिएको थियो । यसै सन्धिले युरोपियन राजनीतिमा प्रतिशोधको वीउ रोपेको थियो । यस सन्धिको पालन गरिरहनु जर्मनीका निम्ति असहृय भएको थियो । त्यसैले भर्सेलिजको सन्धिले दोस्रो विश्वयुद्ध जन्मायो ।

ख) अधिनायकवादको उदय:
प्रथम विश्वयुद्धपछि प्रजातान्त्रिक देशहरू अधिनायकवादतर्फ उन्मुख भएका थिए । यी देशहरूमा जर्मनी र इटली मुख्य थिए । जर्मनीका हिटलरले देशभित्र सैनिक सेवा अनिवार्य गरि जोडतोडका साथ युद्धको तयारी गर्न थाले । इटलीका फासिष्ट मुसोलिनी मित्र राष्ट्रहरूबाट असन्तुष्ट भई मित्र राष्ट्रहरूकै विरूद्धमा लड्न चाहन्थ्यो । यस्तै जापान पनि सन्तुष्ट थिएन । यी अधिनायकवादीहरूको उदयले युद्धको खतरा बढ्न थाल्यो ।

ग) जापानी साम्राज्यवाद:
प्रथम विश्वयुद्धमा जापानले विजयी राष्ट्र हुने मौका पाएकोले निकै उत्साहित भएर युरोपियन राष्ट्रसरह साम्राज्य विस्तार गर्न चाहन्थ्यो । जापानले सैनिक शक्तिमा वृद्धि गरेपछि १९३१ मा मन्चुरियामाथि आक्रमण गऱ्यो । राष्ट्रसंघले जापानको यस कामको विरोध गरेतापनि वास्ता गरेन । जापानको यस साम्राज्यवादी नीतिले गर्दा द्वितीय विश्वयुद्धलाई अभिप्रेरित ग-यो ।

घ) राष्ट्रहरूको गठबन्धन:
युरोप दुई गुटमा विभाजित भएको थियो । पहिलो गुटमा फ्रान्स, बेलाइत, रूमानिया, चेकोस्लाभाकिया र युगोस्लोभिया थिए ।पछि अमेरिका पनि यस गुटमा सामेल भयो । अर्को गुटमा जर्मनी, इटली र जापान थिए । यी तीन राष्ट्रहरूलाई धुरीराष्ट्र (Axis power) भनिन्थ्यो । यस गुटबन्दी तथा गठबन्धनले गर्दा मित्रराष्ट्र र धुरीराष्ट्रको बीचमा शङ्का र घृणा बढदै गयो । जसले गर्दा द्वितीय विश्वयुद्धको रूप लियो ।

ङ) आर्थिक संकट:
प्रथम विश्वयुद्धले गर्दा आर्थिक स्थिति सङ्कटमा परेको थियो । युद्धले गर्दा उद्योग धन्दा नष्ट भएकोले बेरोजगार समस्या बढेको र आर्थिक मन्दी बढिरहेको थियो भने अर्कोतर्फ जर्मनी र इटली जस्ता अधिनायकवादीहरू शस्त्रीकरणको होडवाजीमा निकै खर्च गर्ने गर्दथे । आर्थिक स्थितिवाट मुक्ति पाउने एक मात्र विकल्प युद्ध हुन सक्छ भन्ने मानसिकता बोकेर मानिसहरू युद्धको लागि लालायित भए ।

च) राष्ट्रसंघको असफलता:
राष्ट्रहरूको पारस्परिक झगडालाई अन्त्य गर्नु राष्ट्रसंघको मूल उद्देश्य थियो । तर राष्ट्रसंघको आज्ञा मान्ने गरि कुनै पनि देशलाई दवाव हाल्ने साधन थिएन । जर्मनी, इटली र जापान संघबाट अलग भएर निर्वल राज्यमाथि मनपर्दो तरिकाले आक्रमण गरिरहेका थिए । राष्ट्रसंघ जस्तो विश्व संस्थाले सदस्य राष्ट्रहरूको सुरक्षा गर्न असमर्थ भएकोले राष्ट्रहरूको आस्था घट्यो । यस्तै असफलताले गर्दा द्वितीय विश्वयुद्ध भयो ।

छ) युद्धको तयारी:
सबै देशमा सुरक्षाको नाउँमा तैयारी हुन थाल्यो । जल, स्थल र नौसेनामा वृद्धि हुन थाल्यो । फ्रान्स र जर्मनीले एक अर्काको सिमाना क्षेत्रमा कील्लाबन्दी गर्न थाले । फ्रान्सको किल्लाबन्दीलाई “सिग फ्रिड लाइन” भनिन्थ्यो । यसरी एक अर्को विरोधी राष्ट्रहरूले मानसिक तथा भौतिक रूपबाट युद्धको निम्ति तयार पारेपछि द्वितीय विश्वयुद्ध भयो ।

ज) तत्कालीन कारण:
द्वितीय विश्वयुद्धको तत्कालीन कारण जर्मनीले पोलैण्डमाथि आक्रमण गर्नु नै थियो । सन् १९१८ को पेरिस सन्धि अनुसार पोलैण्डलाई स्वतन्त्रराज्यका रूपमा मान्यता दिएको थियो । हिटलरले पोलैण्डसँग डेजिङ्गको बन्दरगाह फिर्ता गर्न माग गरे । पोलैण्डले डेजिङ्ग दिन अस्वीकार गऱ्यो । हिटलरलाई पूरा विश्वास थियो कि फ्रान्स र इङलैण्डले पोलैण्डलाई सहायता दिनेछन् । हिटलरले चेकोस्लोभीयालाई आफ्नो अधिकारमा लिएर अगाडि बढ्यो । यसै क्रममा १ सेप्टेम्बर १९३९ मा जर्मनीले पोलैण्डमाथि आक्रमण गऱ्यो । ३ सेप्टेम्बर १९३९ मा बेलाईत र फ्रान्सले जर्मनी विरूद्ध युद्धको घोषणा गरे । यस प्रकारले द्वितीय विश्वयुद्ध प्रारम्भ भयो ।

द्वितीय विश्वयुद्धका परिणामहरू:
प्रथम विश्वयुद्धमा जस्तै दोस्रो विश्वयुद्धमा पनि जर्मनीको हार भएको थियो । जर्मनीलाई बेलाइत, फ्रान्स, रुस र अमेरिका गरि चार ठूलाराष्ट्रले आफ्नो नियन्त्रणमा लिए । जर्मनी विभाजित गरि पूर्वी जर्मनीमा साम्यवादी सरकार र पश्चिमी जर्मनीमा पूँजिवादी शासन व्यवस्थाको स्थापना भयो । यसबाहेक द्वितीय विश्वयुद्धका निम्नलिखित परिणामहरू थिए ।

क) <u>अपार धनजनको क्षति:</u> यस युद्धमा अत्याधुनिक अस्त्रशस्त्रको प्रयोगले गर्दा दुई करोड बीस लाख मानिसहरू मारिएका र तीन करोड चालीस घाइते भएका थिए । यस युद्धमा एघार सय खरव डलर खर्च भएको अनुमान गरिएको थियो । हजारौं कल कारखानाहरू र घरहरू ध्वस्त भई लाखौंको सङ्ख्यामा मानिसहरू घरवारविहीन भए ।

ख) <u>युरोपीय शक्तिको औपनिवेशिक साम्राज्यहरूको अन्त्य:</u> द्वितीय महायुद्धपछि एसिया महाद्वीपवाट युरोपीय राष्ट्रहरूको प्रभुत्ता लगभग समाप्त भयो । यस क्रममा भारत, श्रीलङ्का, वर्मा, मलाया र मिश्रले व्रिटेनको दासतावाट मुक्ति पाए । यस्तै फ्रान्स, हलैण्ड र पुर्तगालको एसियास्थित साम्राज्य पनि मुक्त भयो ।

ग) <u>अमेरिका र रुसको शक्तिमा वृद्धि:</u> अमेरिका वाध्य भएरपछि मात्र युद्धमा सामेल भएको हुनाले धेरै क्षति भोग्नु परेन । यस युद्धले गर्दा विश्व राजनीतिमा अमेरिकाको सम्मान निकै वृद्धि भई पहिलो श्रेणीको राष्ट्र वन्न पुग्यो । विजयी राष्ट्रको रूपमा रुसले पूर्वी युरोपमा आफ्नो शक्ति वृद्धि गर्ने मौका पायो । रुसको गणना दोस्रो शक्तिको राष्ट्रको रूपमा गरियो ।

घ) <u>विश्व दुई गुटमा विभाजित:</u> द्वितीय विश्वयुद्धले पहिलो गुटमा साम्यवादी र दोस्रोमा पूँजीवादी देशहरू पर्दथे । पहिलो गुटको नेतृत्व रुसले र दोस्रोको अमेरिकाले गरेको थियो । यो दुई गुटको विभाजनले "शीत युद्ध" को पनि थालनी भयो । अन्तर्राष्ट्रिय मंचहरूमा एकले अर्काको तीव्र विरोध गर्न थाले ।

ङ) <u>सैनिक गुटवन्दी:</u> संयुक्त राज्य अमेरिका र पश्चिमी युरोपका मुलुकहरूले साम्यवादीलाई रोक्न उत्तरी एटलान्टिक सन्धि सङ्गठन (NATO) को स्थापना गरे । यस सङ्गठनको विरोधमा रुसले पोलैण्डको वार्सामा वार्सा सन्धि सङ्गठन (Waraw Treaty) को स्थापना गऱ्यो । यसमा रुस, अल्वानिया, वुल्गेरिया, चेकोस्लोभाकिया, पूर्वी जर्मनी, पोलैण्ड, हङ्गेरी र रूमानिया थिए । रुसको गतिविधि नियन्त्रण गर्न CENTO र SEATO स्थापना गऱ्यो ।

च) <u>संयुक्त राष्ट्रसंघको स्थापना:</u>
द्वितीय विश्वयुद्धपछि अमेरिका, रुस र अन्य राष्ट्रहरूमा आणविक हात हतियार बनाउन होडवाजी सुरू भयो । यो मानव जातिको पुन: संहारको पूर्व सङ्केत थियो । यस्तै संहारवाट रोक्न राष्ट्र संघ असफल भएपछि सो आवश्यकता पूरा गर्न संयुक्त राष्ट्रसंघको स्थापना भयो । २५ अप्रिल १९४५ मा ४६ राष्ट्रका प्रतिनिधिहरूले सान फ्रान्सिस्कोमा भेला भएर संयुक्त राष्ट्रसंघको स्थापना गर्ने निर्णय गरे ।

## ४ उपलब्धि:-

यस सत्रमा सिकेका कुराहरू लेखौं ।

एकाइः- ७ कक्षाः- १०
दिनः- २० सत्रः- २

# पाठः- संयुक्त राष्ट्रसंघको स्थापना ।

## १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलापमा सरिक भई सकेपछि तपाईं निम्नलिखित कार्यहरू गर्न सक्नु हुनेछ ।

(क) संयुक्त राष्ट्रसंघको स्थापना, अङ्गहरू तथा यसका कार्यहरू वताउन ।
(ख) संयुक्त राष्टसंघ तथा यसका अङ्गहरू झल्कने तस्विर सङ्कलन गर्न ।
(ग) यस पाठको विशिष्ट उद्देश्यहरू चयन गर्न ।
(घ) कक्षामा यस पाठको शिक्षण गर्ने तरिका छनोट गर्न ।

## २. शैक्षिक सामग्रीहरूः-

(क) विश्वको नक्सा
(ख) संयुक्त राष्ट्रसंघको चार्ट
(ग) संयुक्त राष्ट्रसंघको वुलेटिन एवम् अन्य सामग्रीहरू

## ३. क्रियाकलापः-

सहभागीहरूलाई चार समूहमा विभाजन गरौं ।

- दिइएको पाठयवस्तु निश्चित समयावधिमा अध्ययन गरि निम्न लिखित प्रश्नहरूको उत्तर लेखौं ।

(क) १४ अगस्त १९४१ को एटलान्टिक चार्टरमा हस्ताक्षर गर्ने राष्ट्रप्रमुख या सरकार प्रमुखहरूको नाम लेख्नुहोस् ।
उत्तर–

(ख) संयुक्त राष्ट्रसंघका प्रमुख दुई उद्देश्यहरू लेख्नुहोस् ।
उत्तर –१

(ग) संयुक्त राष्ट्रसंघका अङ्गहरूको सूची तयार गर्नुहोस् ।
उत्तर –

(.घ) महासभाले महत्वपूर्ण निर्णयहरू कसरी पारित गर्दछ ?
उत्तर –

(ङ) सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रहरूको नाम लेख्नुहोस् ।
उत्तर –

(च) आर्थिक तथा सामाजिक परिषद्मा कति सदस्यहरू निर्वाचित हुन्छन् ?
उत्तर –

(छ) संयुक्त राष्ट्रसंघको प्रशासनिक नीति नियमहरू कार्यान्वयन गर्ने प्रमुख अङ्ग कुन हो ?
उत्तर –

(ज) महासचिवको पदावधि कति वर्षको हुन्छ ?
उत्तर –

(झ) वर्तमान महासचिवको नाम के हो ?
उत्तर –

(ञ) अन्तर्राष्ट्रिय न्यायलयका न्यायधीशहरूको पदावधि कतिको वर्षको हुन्छ ?
उत्तर –

(ख) यस पाठ शिक्षणका लागि संयुक्त राष्ट्रसंघ तथा यसका अङ्गहरू झल्कने तस्विरहरू सङ्कलन गर्न सहभागीहरू वीच छलफल गरौं ।

(ग) प्रस्तुत पाठ शिक्षण गर्न उपयुक्त शिक्षण क्रियाकलापहरूको छनोट गर्न सहभागीहरू बीच छलफल गरौं । छनोट गरिएका क्रियाकलापहरूको आवश्यक पृष्ठपोषणको व्यवस्था मिलाई निकाल्नुहोस् ।
निष्कर्ष –

(घ) यस पाठको शिक्षण गर्न तलका क्रियापदहरू प्रयोग गरि ५ ओटा विशिष्ट उद्देश्यहरू निर्माण गर्न लगाऔं । ( भन्न, लेख्न, सूची वनाउन, वर्गीकरण गर्न, प्रस्तुत गर्न, वताउन )

नमुना :– संयुक्त राष्ट्रसंघका उद्देश्यहरू सूची वनाउन ।
निर्माण गरिएका उद्देश्यहरूमा संशोधन गर्नु पर्ने भएमा आवश्यक सुधार गर्नुहोस् ।

*संयुक्त राष्ट्रसंघको स्थापना*

*सन १९३९–४५ सम्म द्वितीय विश्व युद्ध जस्तो विनाशकारी युद्ध राष्ट्रसंघको कमजोरीले भएको थियो । त्यसैले मित्र राष्ट्रहरू भविष्यमा विध्वंशकारी युद्धवाट वचाउन एउटा वलियो स्थायी अन्तर्राष्ट्रिय संस्थाको स्थापना गर्न चाहन्थे । यस क्रममा अमेरिकाका राष्ट्रपति रूजवेल्ट र विटेनका प्रधाननमन्त्रि चर्चिलले १४ अगष्ट १९४१ ई. का दिन हस्ताक्षर गरे । यसलाई एटलाण्टिक चार्टर भनिन्छ । यस चार्टरमा स्थायी शान्तिका लागि एउटा विश्वसंस्थाको गठन गर्ने कुरा थियो । यस्तै संयुक्त राज्य अमेरिकाको सनफ्रान्सस्सिकोमा २५ अप्रिल १९४५ मा भएको सम्मेलनमा ५० राष्ट्रका प्रतिनिधिहरू भेला भए । फलतः २४ अक्टुवर १९४५ का दिन संयुक्त राष्ट्रसंघको जन्म भयो । यस दिनलाई प्रत्येक वर्ष संयुक्त राष्ट्रसंघ दिवस मनाइन्छ । संयुक्त राष्ट्रसंघका उद्देश्य निम्नानुसार उल्लेख गर्न सकिन्छ ।*

क) युद्धवाट वचाई अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नु ।
ख) मानव अधिकारमा विश्वास राख्ने सवैलाई सम्मान गर्नु ।
ग) अन्तर्राष्ट्रिय क्षेत्रमा सहयोगको भावना जागृत गरेर आर्थिक, सामाजिक तथा मानवीय समस्या समाधान गर्नु ।
घ) मानव जातिको विकास र जीवनस्तर उचाल्ने प्रयास गर्नु ।
ङ) विना कुनै भेदभाव अन्तर्राष्ट्रिय भाइचारालाई बढावा दिनु ।
च) मानव मात्रलाई भोक रोग र अज्ञानतावाट मुक्त गराउने ।
छ) सवै किसिमका जातीय, धार्मिक तथा लिङ्को भेदभावको अन्त्य गर्ने ।
ज) सम्मुनत र सुन्दर विश्वको निर्माणमा योगदान दिने ।

संयुक्त राष्ट्रसंघको अङ्ग तथा कार्यहरू

संयुक्त राष्ट्रसंघका निम्नलिखित मुख्य ६ अङ्गहरू छन् ।

क) महासभा: संयुक्त राष्ट्रसंघका सवै सदस्यहरू यसका सदस्य हुन्छन् । यसका सम्पूर्ण सदस्यहरूले एक मतको अधिकार पाइएका हुन्छन् । यसका महत्वपूर्ण निर्णयहरू दुई तिहाई वहुमतवाट पारित गरिन्छ र यसले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको निशस्त्रीकरण तथा शस्त्रीकरण आदि सिफारिस गर्ने कार्य पर्दछ । यसले सुरक्षा परिषदका अस्थायी सदस्यहरूको आर्थिक र सामाजिक परिषदका सदस्यहरूको चुनाउ र महासचिवको नियुक्ति आदि गर्दछ ।

– महासभाको वैठक प्रत्येक वर्ष सेप्टेम्वरको मङ्गलवारदेखि सुरु हुन्छ । महासभाको निर्णय कुनै पनि सरकारलाई मान्नुपर्ने वाध्यता हुँदैन । तैपनि सरकारहरू निर्णयलाई मान्न नैतिक रूपले वाध्य हुन्छन् । संयुक्त राष्ट्रसंघको मुख्य काम नै महासभाले पारित गरेको प्रस्तावलाई लागु गर्नु हो ।

ख) सुरक्षा परिषद: यसमा ५ स्थायी र १० अस्थायी गरि जम्मा १५ सदस्यहरू हुन्छन् । पाँच स्थायी सदस्यहरूमा चिन, फ्रान्स, रुस, वेलाईत र संयुक्तराज्य अमेरिका पर्दछन् । यसका दस सदस्यहरू प्रत्येक दुई वर्षको लागि महासभावाट निर्वाचित हुन्छन् । प्रत्येक सदस्यहरूले एक भोटको अधिकार प्राप्त गरेका हुन्छन् । प्रत्येक कुराको निर्णय पन्ध्रमध्ये नौ सदस्यहरूको सहमतिवाट नै हुन्छ । स्थायी सदस्यहरूलाई "भिटो" को अधिकार दिइएको हुन्छ ।

सुरक्षा परिषदको कार्य

१. संयुक्त राष्ट्रसंघको उद्देश्य अनुरूप अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्नु ।
२. राष्ट्रहरू वीचमा उठेको विवादलाई मिलाउने ।
३. शान्ति भङ्ग हुने वा आक्रमण हुन सक्ने अवस्था आएमा त्यसलाई रोक्ने उपाय सम्वन्धमा सिफारिस गर्ने ।
४. आक्रमणको विरुद्ध सैनिक कार्यवाही गर्ने ।
५. नयाँ राष्ट्रको नाम सिफारिस गर्ने ।
६. महासचिव र अन्तर्राष्ट्रिय न्यायालयको न्यायाधीशको नियुक्तिका निम्ति सिफारिस गर्ने ।

ग) आर्थिक र सामाजिक परिषद: यसका ५४ सदस्यहरू तीन वर्षको लागि निर्वाचित हुन्छन् । प्रत्येक वर्ष १८ जना निर्वाचित हुन्छन् । यस परिषदको उद्देश्यहरू निम्न प्रकारका छन् ।

१. उच्च जीवन स्तरको विकास गर्नु र वेकारी समाप्त गरि सामाजिक र आर्थिक विकास गर्नु ।
२. अन्तर्राष्ट्रिय आर्थिक र सामाजिक समस्याहरूको समाधान गर्नुका साथै स्वास्थ्य, शैक्षिक र सांस्कृतिक सहयोगको विकास गर्नु ।
३. मानव अधिकार र मौलिक स्वतन्त्रतामा आदर गराइनु ।
४. माथि उल्लेखित उद्देश्यहरू पूर्तिका लागि युनेस्को, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व स्वास्थ्य संघ क्रियाशील छन् ।

घ) संरक्षण परिषद: संयुक्त राष्ट्र संघ अन्तर्गत संरक्षित प्रदेशहरूको व्यवस्था गर्नु नै यसको मुल कर्तव्य हो । यस परिषदले आफ्नो संरक्षणमा रहेका राज्यहरूलाई आत्मनिर्भर र स्वतन्त्र हुन अभिप्रेरित गर्दछ ।

ङ) अन्तर्राष्ट्रिय न्यायालय: यो संयुक्त राष्ट्रसंघको प्रमुख न्यायिक अङ्ग हो । कुनै पनि राष्ट्रले आफूलाई अन्तर्राष्ट्रिय न्यायालयमा उजुर गर्न पाउँछ । महासभा र सुरक्षा परिषद दुवैले कुनै कानुनी सवालमा न्यायालयको सल्लाह माग्न सक्छ । अन्तर्राष्ट्रिय न्यायालयले अन्तर्राष्ट्रिय रूपमा स्वीकृत कानुन र रीतिस्थिति माथि विचार गर्नुपर्ने हुन्छ । सुरक्षा परिषद र महासभाको वेग्लावेग्लै वैठकले यसका न्यायाधीशहरूको निर्वाचन गर्दछ । यसका न्यायाधीशहरूको सङ्ख्या १५ हुन्छ । यिनीहरूको पदावधि ९ वर्षको हुन्छ र पुनः निर्वाचित पनि हुन सक्छन् ।

च) सचिवालय: संयुक्त राष्ट्रसंघको सम्पूर्ण प्रशासनिक काम पूरा गर्ने जिम्मा सचिवालयको हुन्छ । यसलाई संयुक्त राष्ट्रसंघको प्रशासनिक अङ्ग पनि भनिन्छ । यसले संयुक्त राष्ट्रसंघका विभिन्न अङ्गहरूले पारित गरेको नीति नियमहरूलाई कार्यान्वियन गर्दछ । सचिवालयको प्रमुखलाई महासचिव भनिन्छ । महासचिव नियुक्ति सुरक्षा परिषदको सिफारिसमा महासभाबाट पाँच वर्षको निम्ति गरिन्छ । हालसम्म ६ जना महासचिवहरू यस पदमा वहाल भई सेवा पु-याइसक्नु भएको छ ।

महासचिवले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामाथि खतरा हुन सक्ने कुरामा सुरक्षा परिषदको ध्यान आकृष्ट गर्न सक्छन् । यस बाहेक यिनले शान्ति सेनाको परिचालन विश्व समस्या समाधान गर्न अन्तर्राष्ट्रिय सम्मेलन लगायत संयुक्त राष्ट्रसंघको अन्य गतिविधिहरूको सूचना दिने काम पनि गर्दछन् ।

४. उपलब्धिः-

यस सत्रमा सिकेका कुराहरूको निष्कर्ष लेखाऔं ।

एकाइः- ७ कक्षाः- १०
दिनः- २० सत्रः- ३

# पाठः- अघिल्ला दुई पाठहरूको शिक्षण क्रियाकलापहरूको छनोट, शैक्षिक सामग्री एवम् प्रश्नहरू निर्माण ।

## १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलापमा सरिक भई सकेपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) प्रथम र दोस्रो विश्वयुद्धको तुलनात्मक अध्ययन तालिका निर्माण गरि प्रतिवेदन तयार गर्न ।
ख) ऐतिहासिक घटनाको तालिका निर्माण गर्न ।
ग) संयुक्त राष्ट्रसंघ, यसका उद्देश्यहरू तथा प्रमुख अङ्गहरूको कार्यहरू झल्कने शैक्षिक सामग्री निर्माण गर्न ।
घ) सङक्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गर्न ।
ङ) सूक्ष्मशिक्षण गर्न ।

## २. शैक्षिक सामग्रीहरूः-

क) विश्वको नक्सा ।
ख) संयुक्त राष्ट्रसंघका (विशिष्ट) संस्थाहरूबाट प्रकासित पोष्टर, वुलेटिन, तस्विरहरू र अन्य सामग्रीहरू ।
ग) सिसाकलम मार्कर पेन, कालो–१, नीलो–१, रातो–१, कार्डवोर्ड पेपर, इरेजर, कैंची, टाँस्ने टेप, स्केल–१ ।

## ३. क्रियाकलापः-

क) अघिल्लो पाठको प्रथम सत्रमा प्रथम विश्व युद्ध र द्बितीय विश्वयुद्धको उल्लेखित प्रश्नहरूको सही उत्तरहरूलाई समूहगत छलफलबाट समीक्षा गरि निम्न लिखित तालिका वमोजिम छोटो प्रतिवेदन लेख्नुहोस् ।
प्रथम र दोस्रो विश्वयुद्धको तुलनात्मक अध्ययन तालिका र छोटो प्रतिवेदन ।

| प्रथम विश्वयुद्ध | दोस्रो विश्वयुद्ध |
|---|---|
| <u>समूह क</u><br>प्रथम विश्वयुद्धका प्रमुख कारणहरू, प्रमुख घटनाहरू र परिणामहरूको छोटो प्रतिवेदन | <u>समूह ख</u><br>द्बितिय विश्वयुद्धको प्रमुख कारणहरू, प्रमुख घटनाहरू र परिणामहरूको छोटो प्रतिवेदन |

समूह 'ग' र 'घ' ले माथि उल्लेखित वेग्लावेग्लै प्रतिवेदनलाई तुलनात्मक रुपमा समीक्षा गरि संयुक्त प्रतिवेदन तयार पार्नुहोस् ।

प्रथम र द्वितीय विश्वयुद्धको तुलनात्मक अध्ययन प्रतिवेदन ।

ख) ऐतिहासिककालहरू प्रष्ट हुनेगरि तालिका निर्माण गरि छोटो प्रतिवेदन लेख्नुहोस् । प्रशिक्षकबाट आवश्यक पृष्ठपोषण लिनुहोस् ।

ग) सहभागीहरूको बीचमा छलफल गरि संयुक्त राष्ट्रसंघका उद्देश्यहरू, प्रमुख अङ्गहरूको कार्यहरू स्पष्ट झल्कने गरि बाक्लो कागजमा लेखी आकर्षक शैक्षिक सामग्री निर्माण गर्नुहोस् ।

घ) ज्ञान र बोध, उच्च दक्षता तथा व्यावहारिक सीप तह नाप्ने पहिलो र दोस्रो सत्रका पाठहरूबाट १० ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गराऔं ।

ङ) संयुक्त राष्ट्रसंघको स्थापनाको सूक्ष्मशिक्षण गर्न आवश्यक व्यवस्था एवम् तयारी गरि अभ्यास गरौं ।

४. उपलब्धिः-

यस सत्रमा सिकेका कुराहरू लेख्नुहोस् ।

एकाइः- ७ कक्षाः- १०
दिनः- २० सत्रः- ४

# पाठः- सत्र ३ को पाठ प्रस्तुतीकरण ।

## १. उद्देश्यहरूः-

यस सत्रको क्रियाकलापमा सरिक भइसकेपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्नुहुनेछ ।

क) प्रथम र दोस्रो विश्वयुद्धको तुलनात्मक अध्ययन तालिकाको प्रतिवेदन प्रस्तुत गर्न ।
ख) ऐतिहासिक कालको तालिकावद्ध छोटो प्रतिवेदन प्रस्तुत गर्न ।
ग) संयुक्त राष्ट्रसंघ झल्कने चार्ट प्रस्तुत गर्न ।
घ) सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू प्रस्तुत गर्न ।
ङ) सूक्ष्मशिक्षण गर्न ।

## २. शैक्षिक सामग्रीहरूः-

सत्र ३ मा प्रयोग गरिएका सबै सामग्रीहरू ।

## ३. क्रियाकलापः-

माथि उल्लेखित उद्देश्य क देखि ङ सम्मका उद्देश्यहरू प्रस्तुत गर्न ५ समूहमा विभाजित हुनुहोस् ।

क) सत्र ३ मा आवश्यक तयारी एवम् प्रयोगात्मक क्रियाकलाप गरेको आधारमा समूह नेताद्वारा संयुक्त समूहमा प्रस्तुत गराऔं ।

ख) प्रस्तुत गरिसकेपछि प्रस्तुतकर्ताको अनुभव र समूहगत टिप्पणी एवम् प्रतिक्रियाहरू सम्बन्धमा छलफल गरि निष्कर्ष लेख्न लगाऔं ।

## ४. उपलब्धिः-

यस सत्रमा सिकेका कुराहरू बुँदागत रुपमा लेख्नुहोस् ।

एकाइः- ८ | कक्षाः- ९
दिनः- २१ | सत्रः- १

# पाठः- आर्थिक विकासमा ब्यापारको महत्व ।

## १. उद्देश्यहरू:-

यस सत्रपछि तपाईंहरू निम्नलिखित कार्य गर्न सक्षम हुनुहुनेछ ।

क) आन्तरिक र वैदेशिक ब्यापारको अर्थ बताउन ।
ख) आर्थिक विकासमा ब्यापारको महत्व वर्णन गर्न ।
ग) कक्षामा यस पाठको शिक्षण गर्ने तरिका प्रदर्शन गर्न ।

## २. शैक्षिक सामग्रीः-

कार्डबोर्ड, पेपर, साइन पेन ।

## ३. क्रियाकलापः-

क) तपाईंसँग भएका सामानहरू जस्तैः पहिरन, गहना, किताब, कापी, नोटबुक, डट, पेन्सिल, चक्कु, घडी, साँचो आदि सबै आफ्नो देशमा बनेको वा विदेशमा बनेको छुट्याउनुहोस् ।

| सामानको नाम | आफ्नै देशमा बनेको | बिदेशमा बनेको |
|---|---|---|
| | | |

ख) प्रशिक्षकको निर्देशन अनुसार आफूले तयार पारेको चार्ट कक्षामा प्रस्तुत गर्नुहोस् र आन्तरिक ब्यापारबारे स्पष्ट भई निष्कर्ष तयार पार्नुहोस् ।

| |
|---|
| |

समूह क, ख, ग, घ, मा वस्नुहोस् ।

ग) हाम्रो देशमा आन्तरिक ब्यापार हुने सामग्रीहरूको सूची तलको तालिका अनुसार आ-आफ्नो समूहमा छलफल गरि तयार गर्नुहोस् ।

| सि.न. | सामानहरूको नाम | सामान बन्ने ठाउँ |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

घ) उक्त लेखिएको सूचीलाई प्रत्येक समूहको समूह नेताद्वारा संयुक्त समूहमा प्रस्तुत गर्नुहोस् आवश्यक भए समूहबाटै पृष्ठपोषण दिनुहोस् ।

ङ) अब कार्डबोर्ड पेपरमा हाम्रो देशमा निकासी र पैठारी हुने सामानहरूको तालिका बनाउनुहोस् । वैदेशिक व्यापारसम्बन्धी धारणा स्पष्ट हुनुहोस् र यसको निष्कर्ष तयार पार्नुहोस् ।

| हाम्रो देशमा हुने आयात र निर्यातका सामग्रीहरू | |
|---|---|
| अरू देशबाट आयात हुने सामानहरू | हाम्रो देशबाट निर्यात हुने सामानहरू |
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| ६. | |

क)

ख)

ग) अध्ययनको लागि तल दिएको पाठ निश्चित समय किटान गरि अध्ययन गर्नुहोस् र त्यहाँ उल्लेख गरिएका प्रश्नहरूको उत्तर पनि दिनुहोस् । उत्तर दिएको नमिलेमा वा दिन नसकेमा प्रशिक्षकको सहयोगमा तयार पार्नुहोस् ।

प्रश्नहरू

१. तपाईंको गाउँ/सहरमा आन्तरिक व्यापारबाट के के सामानहरू ल्याइन्छन् ? सामानहरूको नाम र सो सामान उत्पादन हुने स्थानसमेत लेख्नुहोस् ?

| क.सं. | सामानको नाम | उत्पादन हुने ठाउँ |
|---|---|---|
| | | |

२. वैदेशिक व्यापारबाट आयात गरिएका सामानहरूको सूची तयार गर्नुस् ?
३. वैदेशिक व्यापारबाट हुने फाइदाहरूको व्याख्या गर्नुहोस् ?
४. हाम्रो देशको व्यापारमा देशको भौगोलिक वातावरणको कारण कति सुविधा वा असुविधा भएको छ ? स्पष्ट पार्नुहोस् ।
५. आन्तरिक व्यापारबाट हुने फाइदाहरू के के छन् ? उल्लेख गर्नुहोस् ।
६. यस पाठको शिक्षणमा सघाउ पुऱ्याउने शैक्षिक सामग्रीहरूको सूची वनाउन लगाउनुहोस् र उक्त सूचीलाई सहभागीहरूको समूहमा छलफल गराई एउटा मान्य सूची तयार गर्न लगाई संयुक्त समूहमा प्रस्तुत गरी छलफल गर्नुहोस् ।
७. यस पाठको शिक्षणमा कक्षाका विद्यार्थीहरूको लागि उपयुक्त शिक्षण सिकाइ क्रियाकलापहरू कुन कुन हुन सक्छन् सवैभन्दा पहिले आफ्नो आफ्नो समूहमा छलफल गरि आफ्नो आफ्नो समूहको निचोडलाई संयुक्त समूहमा छलफल गरि निष्कर्ष निकाल्नुहोस् ।

### *व्यापारको महत्व (**Importance of Trade**)*

*कुनै पनि देशको आर्थिक स्थिति सुधार्ने कार्यमा व्यापारको विशेष महत्व हुन्छ । देश वासीहरूको आवश्यकता पूर्ति गर्ने तथा देशलाई अत्यावश्यक विदेशी मुद्राको आर्जन गर्ने काम वैदेशिक व्यापारबाट सम्भव हुन्छ । हाल देशका विभिन्न भागमा सञ्चालित विकास कार्यक्रमहरूको निम्ति आवश्यक सामग्री पनि विदेशकै व्यापारबाट प्राप्त गर्न सकिन्छ । त्यस्तै नेपालमा देखिने विलासिताका सामानहरू पनि वैदेशिक व्यापारबाट प्राप्त भएका छन् ।*

*तर हाम्रो देश भू-परिवेष्ठित पहाडी मुलुक भएको हुनाले नेपालको वैदेशिक व्यापार कमजोर असुविधाजनक र खर्चिलो छ । यति हुँदा हुँदै पनि यस व्यापारको महत्व घटेको छैन । यस व्यापारबाट नेपालीहरूलाई धेरै सङ्ख्यामा रोजगारीको अवसर प्राप्त भएको छ । कुनै पनि देशको आर्थिक स्थिति सुधार्ने काममा व्यापारको अहम् भूमिकालाई कुनै पनि देशले नकार्न सक्दैन । यसले देशको उद्योग (सानो/ठूलो) लाई विकास गर्न टेवा पुऱ्याउँछ । जसले गर्दा देशमा रोजगारी मात्र सिर्जना हुने नभई देशको कच्चापदार्थको सही सदुपयोग गर्ने मौका प्राप्त हुन्छ । रोजगारीको मौकाले देशको र जनताको जीवनस्तर बढ्ने हुन्छ ।*

४. उपलब्धिः-

क) यस पाठको प्रस्तुतीकरणमा अपनाएको क्रियाकलापहरूको सूची वनाउनुहोस् ।

ख) यस पाठको अध्ययनवाट प्राप्त नौलो ज्ञान (भए सीप र धारणासमेत) को सूची वनाउनुहोस् ।

एकाइ:- ८ कक्षा:- ९
दिन:- २१ सत्र:- २

## पाठ:- कृषि, उद्योग र ब्यापारको आपसी सम्बन्ध ।

### १. उद्देश्यहरू:-

यस सत्रपछि तपाइँहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) कृषि, उद्योग र ब्यापारबीचको आपसी सम्बन्ध बताउन ।
ख) कक्षामा यस पाठलाई शिक्षण गर्ने तरिका बताउन ।

### २. शैक्षिक सामग्री:-

नेपालको नक्सा (खाका नक्सा), कार्डवोर्ड, साइनपेन ।

### ३. क्रियाकलाप:-

प्रत्येक समूह कार्य गरि प्रस्तुत गर्नुहोस् ।

क) जनकपुर चुरोट कारखाना, वीरगञ्ज कृषि औजारकारखाना, भृकुटी कागज कारखाना, विराटनगर जुटमिल, उदयपुर सिमेन्ट कारखाना, गोदावरी चुन कारखाना र नेपालको तराई क्षेत्र नेपालको नक्सामा भर्नुहोस् ।

ख) सुर्ती, ऊखु, कपास, ढुङ्गा, फलाम, बाँस, रूख, जुट, माटो, चुनढुङ्गा, यी कच्चा पदार्थहरू कृषिबाट प्राप्त हुने वा खानीवाट प्राप्त हुने छुटयाई यी कच्चा पदार्थहरू के के सामान तयार पार्न प्रयोग गरिन्छ ? तल दिएको कोठामा भर्नुहोस् र भरेका कुरा आफ्नो आफ्नो समूहवाट प्रस्तुत गरि मिलाउनुहोस् र अन्तिम रूप दिनुहोस् ।

| खेतवाट प्राप्त हुने वस्तुहरू | के बनाउन प्रयोग गरिन्छ | खानीवाट प्राप्त हुने वस्तुहरू | के वनाउन प्रयोग गरिन्छ |
|---|---|---|---|
| | | | |

ग) "कृषि र उद्योग दुवैको विकासमा एक आपसमा आधारित हुन्छन्" भन्ने भनाइलाई आफ्नो आफ्नो समूहमा छलफल गरि उदाहरणको रूपमा सार कुरा टोलीनेतावाट संयुक्त समूहमा प्रस्तुत गर्नुहोस् ।

घ) अध्ययनको लागि दिइएको पाठवर्णन निश्चित समयभित्र अध्ययन गर्नुहोस् र दिइएका प्रश्नहरूको मौखिक उत्तर एक आपसमा छलफल गरि पत्ता लगाउनुहोस् र सुधार पनि गर्नुहोस् ।

प्रश्नहरू

१. तपाईंको ठाउँमा कृषि उत्पादन के के हुन् त्यसको सूची बनाई ती उत्पादनहरूलाई केको माध्यमले कहाँ कहाँ पुऱ्याउन सकिन्छ ? स्पष्ट पार्नुहोस् ।

.................................................................................................................................

.................................................................................................................................

२. तपाईंको ठाउँका स्थानीय बासिन्दाहरूले के के स्वदेशी वा विदेशी सामानहरू उपभोग गर्दछन् ? त्यसको सूची तयार गर्नुहोस् ।

.................................................................................................................................

.................................................................................................................................

३. तपाईंको ठाउँका स्थानीय बासिन्दाहरूले उपभोग गर्ने सामानहरू कसरी उनिहरूको ठाउँसम्मन पुग्छन् ? पुग्ने प्रक्रियाको वर्णन गर्नुहोस् ।

.................................................................................................................................

.................................................................................................................................

४. कृषि, उद्योग र व्यापारको अन्तर सम्वन्धलाई उदाहरणद्वारा स्पष्ट पार्नुहोस् ?

.................................................................................................................................

.................................................................................................................................

५. पाठ शिक्षणका लागि उपयोगी शिक्षण सिकाइ क्रियाकलापहरू विद्यार्थी मूल्याङ्कनका उपायहरू छनोट गर्नुहोस् ।

.................................................................................................................................

.................................................................................................................................

*कृषि, उद्योग र व्यापारको आपसी सम्बन्ध*

*नेपाल अधिराज्य कृषि प्रधान देश हो । कुल जनसङ्ख्याको ८१% नेपालीहरू कृषिमा आधारित छन् । यस अर्थमा देशको आर्थिक उन्नतिमा कृषिको अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ । नेपालको राष्ट्रिय आम्दानीको ६६% कृषिबाट प्राप्त हुन्छ ।*

*नेपाल पहाडै पहाडले भरिएको देश भएकोले समतल कृषि योग्य जमिन ज्यादै कम छ । यस्ता खेती योग्य समतल जमिनको भाग कुल क्षेत्रफलको लगभग १७% मात्र छ । बाँकी ८३% क्षेत्रफल भाग पहाड र अन्य धरातलले ओगटेको छ । पहाडी भागमा नत राम्रो माटोनै पाइन्छ नत सिचाइ सुविधा नै उपलब्ध छ । हाम्रो कृषि कार्यमा जुनरूपमा उन्नत वीऊ, मल, औजार र ज्ञान सीप प्रयोग हुनुपर्ने हो सो हुन सकेको छैन् । जसको कारण उब्जनी सन्तोषजनक रूपमा हुन सकेको छैन यस्तो भए तापनि नेपालको आर्थिक विकासमा कृषिको अहम् भूमिका रहेकोले यस क्षेत्रको विकास गर्नु नितान्त आवश्यक छ ।*

*देशको आर्थिक विकासमा उद्योगले ज्यादै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उद्योगकै विकासले कृषि विकासको लागि आधारशीला खडा गरि दिएकोहुन्छ । त्यस्तै कृषि विकासले पनि उद्योगको लागि आधारशीला वनाइदिएको हुन्छ । उदाहरणको रूपमा चिनी, कपडा, औषधी, कागज आदिको उत्पादनको लागि आवश्यक कच्चापदार्थको रूपमा उखु, कपास, जडिबुटी, काठवाँस आदि कृषिबाट प्राप्त हुन्छ भने उद्योगबाट उत्पादन गरेको कृषिमल, कृषिऔषधी,*

*कृषिऔजार, कृषिवीउ, सिचाइ गर्न मोटरपम्प आदि उद्योगबाट प्राप्त हुन्छ जुन कृषिको लागि नभइनहुने पूर्वाधार हो । यसैले विना उद्योगको विकास नभइ कृषिको विकास हुन्छ भन्नु अथवा कृषिको विकास नभै उद्योगलाई चाहिने कच्चापदार्थ प्राप्त हुन्छ भन्नु दुवै हास्यास्पद हो । यस किसिमले कृषि र उद्योगको सम्बन्ध नङ्ग मासुको जस्तै छ ।*

*कृषि र उद्योगको सम्बन्ध यसरी नङ्ग र मासु बनाउने काम व्यापारले गरि दिएको हुन्छ । कृषिबाट उब्जेका कच्चापदार्थ उद्योगको कारखानासम्म पुऱ्याउने काम त्यस्तै उद्योगबाट उत्पादित वस्तु कृषकहरूको हातसम्म पुऱ्याउने काम पनि व्यापारले नै गरीदिएको हुन्छ । यस अर्थमा यो भन्न सकिन्छ कि कृषिको विकास र उद्योगको विकास गराउने वातावरण तयार गराइ दिने कामको भूमिका व्यापारले खेल्दछ । यसैले देशको आर्थिक स्थिति सुधार्न कृषि, उद्योग र व्यापारको बीच अन्तर सम्बन्ध रहेको हुन्छ । एकको अभावमा अन्य एकाइलाई नकारात्मक प्रभाव पारेको हुन्छ ।*

४. उपलब्धिः-

क) यस पाठ कृषि, उद्योग र व्यापारको आपसी सम्बन्धलाई पाठ प्रस्तुतीकरणमा अपनाइएका क्रियाकलापहरूको सूची बर्ना प्रस्तुत गर्नुहोस् ।

ख) यस पाठको अध्ययनबाट प्राप्त नौलो ज्ञान, सीप र धारणाको सूची बनाउनुहोस् ।

एकाइः- ८ कक्षाः- ९
दिनः- २१ सत्रः- ३

# पाठः- आर्थिक योजनाको परिचय र त्यसबाट भएका उपलब्धिहरू ।

१. उद्देश्यहरूः-

यस कक्षापछि तपाईंहरू निम्न कुराहरूमा सक्षम हुनुहुनेछ ।

क) आर्थिक योजनाको परिचय दिन ।
ख) अर्थिक योजनावाट भएका उपलब्धिहरू वर्णन गर्न ।

२. शैक्षिक सामग्रीः-

कालोपाटी, चक, डस्टर जस्ता प्रशिक्षणका नियमित सामग्रीहरू

३. क्रियाकलापः-

क) आर्थिक योजना भनेको के हो ? प्रत्येकले एकपल्ट विचार गरि लेख्नुहोस् रपछि आपसी छलफल प्रशिक्षकले दिनु भएको परिभाषासँग दाँजी आर्थिक योजनाको परिभाषाबारे स्पष्ट हुनुहोस् र आफ्नो पुस्तिकामा आर्थिक योजनाको अन्तिम परिभाषा लेख्नुहोस् ।

ख) राष्ट्रले आीर्थक योजना नवनाई देश सञ्चालन गर्दा के कस्ता समस्याहरू आइपर्ने हुन्छन् लेख्नुहोस् । उक्त लेखिएका समस्याहरू आफ्नो आफ्नो समूहमा छलफल गरि समूहगत समस्याहरूमात्र संयुक्त समूहमा प्रस्तुत गर्नुहोस् ।

ग) अध्ययनको लागि दिएको पाठ वर्णन निश्चित समयभित्र अध्ययन गरि यस पाठको अन्तमा दिएका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् ।

<u>प्रश्नहरू</u>

१. तपाईंको घरको आर्थिक स्थिति सुधार गर्न घरायसी खर्च गर्दा कुन–कुन कुरामा वढी जोड दिने गर्नु भएको छ ? स्पष्ट पार्नुहोस् ।

२. तपाईंको गाउँ ठाउँमा कुन कुन सालमा कसको सहयोगले के के निमार्ण भएको छ ? वर्णन गर्नुहोस् ।

३) तपाईंको ठाउँका स्थानीय सहयोगबाट के के निर्माण भएको छ ? स्पष्ट पार्नुहोस् ।

४) तपाईंको ठाउँमा कुनै किसिमको ऋण लिएर कुनै सानातिना उद्योग सञ्चालन भएका छन् ? छन् भने तिनको उल्लेख गर्नुहोस् ।

५) हाम्रो देशमा पञ्चवर्षीय योजनाको सुरूबाट भएका फाइदाहरू बुदाँगत रूपमा व्यक्त गर्नुहोस् ।

## *आर्थिक योजनाको परिचय*

*विश्वका विकसित देशहरूमध्ये नेपाल पनि एक हो । यस देशका जनताहरू गरिव छन् । यो देश धेरै समस्याले घेरिएको छ । अधिकांश मानिसहरू कृषि पेशामै आधारित छन् । यस देशमा उद्योग धन्दाहरूको विकास कमैमात्रामा भएको छ । यसैले रोजगारको समस्या छ । वहुसङ्ख्यक मानिसहरूको आम्दानी कम छ । यस कम आम्दानीबाट उनीहरू वचत गर्न सक्दैनन् । वचत विना पूँजी जम्मा हुन नसकेकोले कृषिमा र उद्योगमा लगानी हुन सकेको छैन । यी सबै वास्तविकतालाई विचार गरि राज्य आफैले आर्थिक विकास कार्यमा सक्रिय भूमिका खेल्नुपर्ने हुन्छ । यसरी निश्चित समयभित्र तोकिएका उद्देश्यहरू प्राप्त गर्न सरकारले अर्थ व्यवस्थाको सही ढङ्गले प्रयोग, नियन्त्रण र निर्देशन गर्ने कार्यलाई आर्थिक योजना भनिन्छ । देशको आर्थिक विकास, विकसित आर्थिक योजनामा भर पर्दछ ।*

## *आर्थिक योजनाबाट भएका उपलब्धिहरू*

*हाम्रो देशमा आर्थिक योजना कार्यक्रमहरू लाग गर्नु अघि देशको अर्थ व्यवस्थाको योजनाबद्ध व्यवस्था नहुँदा देशको आवश्यकता अनुसार कुनै पनि क्षेत्रमा प्राथमिकता दिन सकेको थिएन । त्यसवेलाको अर्थ व्यवस्था अविकसित, अव्यवस्थित र अनियमित अवस्थाको थियो ।*

*हाम्रो देशमा पहिलो पञ्चवर्षीय योजनाको सुरुआत २०१३ सालबाट भएको थियो । पञ्चवर्षीय योजनाहरू लागु हुन थाले देखि विकासका पूर्वाधारहरू लक्ष्यित अनुरूप सत प्रतिशत उपलब्धि प्राप्त नभए पनि देशलाई अगाडि बढाउने निश्चित दिशा र प्राथमिकता क्षेत्रहरूमा जोड दिन समर्थ भएको छ ।*

*आज नेपालको कृषि कार्य र उत्पादन यस अवस्थासम्म पुऱ्याउन, कृषि विकासको लागि ऋणको व्यवस्था हुनु , उन्नत मलजल, वीउ, र औजारहरूको व्यवस्था हुन सक्नु, कृषि उत्पादनमा नयाँ नयाँ विकसित प्रविधिहरू देखा पर्नु, सिचाइ कुलोहरू बढदै सिँचाइ क्षेत्रहरू बढदै जानु जस्ता कुरालाई लिनुपर्छ । उदाहरणको लागि सिचाइ कुलोहरूलाई लिन सकिन्छ । जस्तो:*

| योजना | सिंचाइ लक्ष्य (हेक्टर भूमिका) | उपलब्धि प्राप्त (हेक्टर भूमिका) |
|---|---|---|
| तेस्रो योजना (२०२२-०२७) | १४८०२० | ५९०१० |
| चौथो योजना (२०२७-०३२) | १८३६३३ | ६८४० |
| पाँचौं योजना (२०३२-०३७) | १६५००० | ९५४२५ |
| छैठौं योजना (२०३८-०४२) | २३३४८० | १४०९११ |
| सातौं योजना (२०४२-०४७) | ३३८६७२ | २३५४९३ |
| आठौं योजना )२०४८-०५३) | | |

- नयाँ नयाँ उद्योगहरू स्थापना गरि जनताको आयस्रोत बढाउनु र देशभित्रकै साधन प्रयोगमा ल्याउने कुरामा जोड दिने काम हुनु, उद्योगहरू र यस्को उत्पादन बढाउँदै लग्नु आदि सबैलाई आर्थिक योजनाका उपलब्धिको रूपमा लिनुपर्दछ ।
- त्यस्तै आर्थिक योजनाका उपलब्धिहरूमा सडक निर्माण हुँदै जानु, सञ्चार सेवा व्यापक हुँदै जानु, पर्यटनको विकास, शिक्षा र स्वास्थ्यको विकास आदि सबैको विकासले रोजगारीको अवसर वद्न गई जनताको क्रयशक्ति वढदै गएको पाइन्छ ।

## ४. उपलब्धि:-

क) यस पाठको प्रशिक्षणमा अपनाइएका क्रियाकलापवाहेक अन्य के कस्ता क्रियाकलापहरूवाट यस पाठलाई प्रभावकारी ढङ्गले शिक्षण गर्न सकिन्छ ? लेख्नुहोस् ।

# सूक्ष्म शिक्षण

दिनः- २१ सत्रः- ४

पाठः-

१. उद्देश्यहरूः-

२. शैक्षिक सामग्रीः-

३. क्रियाकलापः-

४. मूल्याङ्कनः-

कक्षा, अवलोकन

| | राम्रो पक्ष | कमजोर पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|---|
| १<br>२<br>३<br>४ | | १<br>२<br>३<br>४ | १<br>२<br>३<br>४ |

५. उपलब्धिः-

एकाइः- ८
दिनः- २२

कक्षाः- १०
सत्रः- १

# पाठः- नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्व ।

## १. उद्देश्यहरूः-

यस सत्रपछि तपाइँहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) उद्योगको अर्थ वताउन ।
ख) परिवर्त्य मुद्रा आर्जन गर्ने एक स्थायी स्रोत यस पर्यटन उद्योग हो भन्ने कुरा स्पष्ट गर्न ।
ग) पर्यटन उद्योगवाट रोजगारीमा हुने वृद्धि स्पष्ट गर्न ।
घ) पर्यटन उद्योगवाट घरेलु उद्योगको विकास र देशको कला तथा संस्कृतिको संरक्षण हुने कारणहरू दिन ।
ङ) संस्कृतिको आदान प्रदान र संरक्षण गर्न यस उद्योगको महत्वपूर्ण भूमिका रहने कुरा ब्याख्या गर्न ।
च) कक्षामा पाठको शिक्षण गर्ने तरिका प्रदर्शन गर्न ।

## २. शैक्षिक सामग्रीः-

प्रशिक्षणका नियमित सामग्रीहरू

## ३. क्रियाकलापः-

क) पर्यटक उद्योगको शाब्दिक अर्थ तलको कोठामा लेख्नुहोस ।

| पर्यटक | पर्यटन उद्योग |
|---|---|
| | |

समूह कार्यद्वारा सामूहिक विचारको आदान प्रदान र छलफल तथा प्रशिक्षकको सहयोगबाट पर्यटन, पर्यटक र पर्यटन उद्योगको अर्थ स्पष्ट गरि निष्कर्ष निकाल्नुहोस् ।

| पर्यटक | पर्यटन उद्योग |
|---|---|
| | |

ख) उक्त लेखिएका शाब्दिक अर्थलाई अध्ययन गर्नुहोस् र सुधार्नुहोस् ।

ग) हाम्रो देशमा पर्यटकहरू आउँदा तिनीहरूले के के मा के के गर्न खर्च गर्ने गर्दछन् ? उक्त खर्च गर्दा कुन मुद्रा प्रयोगमा ल्याउँछन् ? त्यसको सूची बनाउनुहोस् ।

| के गर्ने ? | के मा ? | कुन मुद्रामा |
|---|---|---|
| | | |

घ) यस पर्यटन उद्योगवाट नेपालीहरूको लागि सिर्जना भएका रोजगारीको सूची तयार गरि प्रस्तुत गर्नुहोस् ।

| | रोजगारी | रोजगारीको नाम |
|---|---|---|
| उदाहरण | १) धातुका मूर्तिहरू बनाउन<br>२) ट्रेकिङ्ग जाँदा | कालिगढी<br>पथप्रर्दशक, भरिया |
| १)<br>२)<br>३)<br>४)<br>५)<br>६)<br>७)<br>८)<br>९)<br>१०) | | |

अव अध्ययनकोलागि तल दिएको पाठ वर्णन निश्चित समय किटानसाथ अध्ययन गरि अन्तमा दिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।

ङ) समूह कार्य गर्नुहोस् ।
कार्य - पर्यटन उद्योगवारे प्रभावकारी शिक्षण सिकाइका क्रियाकलापहरू र शिक्षण सामग्रीवारे समूहमा छलफल गरि औंल्याउनुहोस् र सामूहिक कक्षामा प्रस्तुत गरि उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप र शिक्षण सामग्रीलाई अन्तिम रूप दिनुहोस् ।

प्रश्नहरू

१. पर्यटन उद्योगवाट हुने फाइदाको सूची तयार गर्नुहोस् ?
२. पर्यटन उद्योगलाई अन्य शान्तिसेना, विदेशी सहयोगभन्दा एक स्थायी उद्योगको रूपमा लिन सक्ने कारणहरू लेख्नुहोस् ?
३. पर्यटन उद्योगवाट हाम्रो देशको कला सस्कृति र कुटिर उद्योगको संरक्षण कसरी हुन्छ ? सक्षिप्तमा लेख्नुहोस् ।
४. तपाईंको स्थानमा विदेशीहरू आएर भएका फाइदा वेफाइदा के अनुभव गर्नु भएको छ ? लेख्नुहोस् ।

*नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्व*

*१. पर्यटन उद्योगको परिचय:*

*मानिसहरू स्वभावैले जिज्ञासु हुने हुँदा यिनमा नयाँ–नयाँ चिज, स्थान, कलाकृति, रहनसहन र अपरिचित मानिसहरूको जानकारी लिने स्वाभाविक प्रवृति पाइन्छ । त्यही जिज्ञासा पूरा गर्ने उद्देश्यले देश-विदेशमा गरिने भ्रमणलाई पर्यटन (TOURISM) तथा भ्रमण गर्ने व्यक्तिलाई पर्यटक (TOURIST) भनिन्छ । ती पर्यटकहरूको लागि सुविधाजनक यात्रा, आधुनिक सुविधायुक्त आवासको व्यवस्था, तथा मनोरञ्जन आदिको व्यवस्था गरि अर्थ उपार्जन गर्ने औद्योगिक संस्थालाई पर्यटन उद्योग (TOURISM INDUSTRY) भनिन्छ ।*

*आजको आधुनिक अर्थ व्यवस्थामा पर्यटक तथा पर्यटन उद्योगको ज्यादै ठूलो महत्व छ । विदेशी परिवर्त्य मुद्रा (Foreign currency) आर्जन गर्ने राम्रो स्रोतको रूपमा पर्यटन उद्योगलाई लिन सकिन्छ । आजको प्रतिस्पर्धात्मक युगमा हामीले अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न वस्तुको उत्पादनमा प्रतिस्पर्धा गर्न सकेको छैन । त्यसैले पर्यटन उद्योग नै विदेशी मुद्रा आर्जन गर्ने सबैभन्दा उपयुक्त, सजिलो र स्थायी उद्योग हो । आजको विश्वमा यो उद्योग झन् झन् लोकप्रिय हुँदै गएको छ । यातायात र सञ्चार माध्यममा भएको वैज्ञानिक प्रगतिले गर्दा पनि यस क्षेत्रको व्यापकता बढ्दै गएको छ । नेपालमा हाल भइरहेको आर्थिक विकासको अवस्थामा यस उद्योगले अत्ति महत्वपूर्ण भूमिका खेलेको छ । देशमा द्रुतगतिले आर्थिक विकास गर्नको लागि विदेशी मुद्राको आवश्यकता छ । अन्तर्राष्ट्रिय ब्यापारवाट विदेशी मुद्रा पर्याप्त मात्रामा उपलव्ध नहुँदा हाम्रो देशको सन्दर्भमा पर्यटन उद्योग नै देशको आर्थिक विकास गर्ने एक महत्वपूर्ण उद्योग सावित भएको छ । यसको महत्वलाई निम्न लिखित आधारवाट पनि पुष्टि गर्न सकिन्छ ।*

*क) विदेशी मुद्रा आर्जन गर्ने स्रोत (Sources of earning foreign currency)*
*१. सैनिक सेवा (शान्ति सेना)*
*२. विदेशी सहयोग*
*३. अन्तर्राष्ट्रिय ब्यापार*
*४. पर्यटन उद्योग*

*ख) रोजगारीमा वृद्धि गर्ने (Increases employment opportunities)*

*-पर्यटकहरू वस्ने होटेल, घुम्न जान यातायात, वाटो देखाउन पथ प्रदर्शक र भरिया, उपहारको रूपमा किनिने क्युरीयो सामान आदिले गर्दा यस उद्योगवाट विभिन्न किसिमका विभिन्न नयाँ*

*पूराना रोजगारहरू सिर्जना भएका छन् जसले गर्दा विदेशी मुद्रा आर्जनमा ठूलो टेवा पुऱ्याएको छ यस अर्थमा पनि यस उद्योगले विशेष महत्व राख्दछ ।*

*ग) घरेलु उद्योगको विकास (Development of cottage Industry)*

*विदेशीहरू घुम्न आउँदा हाम्रो देशवाट कलात्मक र प्राचीन घरेलु वस्तुहरू किनेर लग्ने गर्दछन् । यसबाट हाम्रो देशको परम्परागत सीप र साधनहरूको परिचालन हुने गर्दछ जसको फलरूवरूप घरेलु उद्योग र हस्तकला, काष्ठकला, मूर्तिकला आदि उद्योगहरूको विकास हुन्छ ।*

*यसवाट विदेशी मुद्रा मात्र सङ्कलन हुने नभै पुर्ख्यौली पेशाको विकास हुनाको साथै रोजगारको अवसरमा पनि वृद्धि हुन्छ । यस अर्थमा पनि यस उद्योगको विशेष महत्व रहेको छ ।*

*घ) साँस्कृतिक आदान-प्रदान (Exchange of culture)*

*यस उद्योगले गर्दा विदेशी पर्यटकहरूले लिएर आउने सभ्यता र सस्कृतिबाट नेपालीहरू परिचित हुने मौका पाउँछन । यसबाट पनि देशमा रहेका रूढिवादी परम्परा समाप्त पार्न सहयोग मिल्छ । त्यस्तै हाम्रो सस्कृति भेषभुषा, खानपान आदि पनि पर्यटकहरूले सिक्ने मौका पाउँछन् । यस अर्थमा पनि यस उद्योगको विशेष महत्व रहन्छ ।*

*ङ) देशको कला संस्कृतिको संरक्षण*

*पर्यटन उद्योगको विकासको लागि देशमा रहेको कलापूर्ण मन्दिर, चैत्य, मठ, विहार, गुम्बा, शिवालय, चोक, ढुँगेधारा, पौवापाटी र सस्कृति आदि सबै संरक्षण र सम्वर्द्धन गर्नै पर्ने हुन्छ । यी कुराहरू हेर्ने मनसाय लिएर पर्यटकहरू आउने हुँदा यसलाई संरक्षण नगर्दा उद्योग नै डुब्ने हुन्छ । यस अर्थमा पनि यस उद्योगको विशेष महत्व रहेको छ ।*

## ४. उपलब्धिः-

क) यस पाठको प्रस्तुतीकरणमा अपनाएको शिक्षण क्रियाकलापहरूको सूची तयार गर्नुहोस् ।
ख) यस पाठको अध्ययनबाट प्राप्त नौलो ज्ञान, सीप र धारणाको सूची बनाउनुहोस् ।

एकाइ:- ८ | कक्षा:- १०
दिन:- २२ | सत्र:- २

# पाठ:- पर्यटन उद्योग विकासको लागि आवश्यक कुराहरू ।

## १. उद्देश्यहरू:-

यस सत्रपछि तपाईंहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) पर्यटन उद्योगको विकासको लागि आवश्यक आधारभूत कुराहरूको पहिचान गरि सूची बनाउन ।
ख) पर्यटन उद्योगको विकासको लागि आवश्यक प्रत्येक आधारभूत कुराहरूको वर्णन गर्न ।
ग) पर्यटन उद्योग विकासको लागि प्रत्येक सहभागीको स्थानीय वातावरणमा उपलब्ध आधारभूत कुराहरूको सूची बनाउन ।
घ) कक्षामा यस पाठ शिक्षणको तरिका प्रदर्शन गर्न ।

## २. शैक्षिक सामग्री:-

क) प्राकृतिक सौन्दर्य जनाउने तस्विरहरू
ख) प्राचीन कला र संस्कृतिका तस्विरहरू
ग) धार्मिक स्थलको तस्विरहरू

## ३. क्रियाकलाप:-

क) नेपालमा आउने पर्यटकहरू खास के के हेर्न यहाँ आउने गर्दछन् ? त्यसलाई सूचीबद्ध गर्नुहोस्

| | |
|---|---|
| १) | ७) |
| २) | ८) |
| ३) | ९) |
| ४) | १०) |
| ५) | ११) |
| ६) | १२) |

ख) प्रत्येक सहभागीले लेखिएको सूचीलाई तल दिएको फर्ममा वर्गीकरण गर्नुहोस् ।

| | |
|---|---|
| (क) भौगोलिक एवम् प्राकृतिक सौन्दर्य | |
| (ख) प्राचीन कला र संस्कृति | |
| (ग) धार्मिक स्थलहरू | |
| (घ) विभिन्न संस्कृति र जलवायु | |

ग) यस पाठको शिक्षणमा कक्षाका विद्यार्थीहरूका लागि उपयुक्त शिक्षण सिकाइ क्रियाकलापहरू के के हुन सक्छन् ? लेख्नुहोस् ।

घ) यस पाठको शिक्षणमा सघाउ पुऱ्याउने शैक्षिक सामग्रीहरूको सूची बनाउनुहोस् । उक्त सूचीलाई समूहमा छलफल गरि एउटा मान्य सूची तयार गर्नुहोस् ।

ङ) अब तलको पाठ्यवस्तु अध्ययन गर्नुहोस् र अन्त्यमा दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।

प्रश्नहरू

१. पर्यटन उद्योग विकासको लागि आवश्यक आधारभूत कुराहरू सूची तयार गर्नुहोस् ।

२. "पर्यटकहरू हाम्रा पाहुना हुन् यिनीहरूको वृद्धि राष्ट्रिय चाहना हो" यस भनाइलाई संक्षप्तमा लेख्नुहोस् ।

३. पर्यटन उद्योगबाट हुने फाइदाहरूको सूची तयार गर्नुहोस् ?

४. तपाईंको स्थानमा पर्यटकहरूले हेर्न रूचाउने के के उल्लेखनीय कुराहरू छन् ? सूची तयार गर्नुहोस् ।

*पर्यटन उद्योग विकासका लागि आवश्यक कुराहरू*

*परिचय*

*नेपालमा भौगोलिक एवम् प्राकृतिक सौन्दर्यले परिपूर्ण तथा ऐतिहासिक र कलात्मक वस्तुको जगेर्ना गर्ने हुँदा पर्यटन उद्योगको विकासका लागि आवश्यक कुराहरू (पूर्वाधार) पूर्ण छन् । संसारको सर्वोच्च हिमशिखर, एसियाका ज्योति गौतम बुद्ध, प्राचीन कलाकौशलले भरिपूर्ण सम्पदाहरूकै कारणले पनि पर्यटन उद्योगको विकासका निकै राम्रो संम्भावना रहेको छ । पर्यटन उद्योग विकासको लागि आवश्यक आधारभूत कुराहरू निम्न रूपमा देखिन्छन् ।*

*१. भौगोलिक एवम् प्राकृतिक सौन्दर्य (Geographical and Natural beauty) नेपाल एक पहाडी मुलुक भएको कारणले यँहा भौगोलिक र प्राकृतिक सौन्दर्यको कमी छैन । यहाँका नदीहरू, ताल, झरनाहरू, गाउँ, बेसी, डाँडाँ, सुन्दरवन, हिमालयका टाकुराहरू आदिले सबैको मनलाई आकर्षित गर्दछन् । उत्तरी भागका हिमशिखरहरू, सधैं बग्ने हिमनदीहरू, नगरकोटको सूर्योदयको दृश्य, चितवनको राष्ट्रिय निकुञ्ज आदिले कुन पर्यटकको मन नरमाउला ? यी सबै प्राकृतिक सौन्दर्यहरू पर्यटन उद्योगको विकासको लागि आवश्यक आधारभूत कुराहरू हुन् ।*

*२. प्राचीन कला र सस्कृति (Ancient Art and Culture) नेपाल एक प्राचीन कला र संस्कृतिले भरिएको देश हो । यहाँ धातुका कलाहरू (Metal Crafts), काष्ठकलाहरू (Wood carvings) ढुङ्गाका कलाहरू (Stone carvings) र ईटा र माटो कलाहरू यत्रतत्र छरिएका छन् । यस अर्थमा यहाँ पर्यटकहरूको आकषर्ण गर्ने कलाहरूमा हनुमान ढोका, स्वयम्भू, बौद्ध, पाटनको कृष्ण मन्दिर, माहाबौद्ध चैत्य, भक्तपुरको सुनको ढोका, पाँचतले मन्दिर, ५५ झ्याल दरवार आदि थुप्रै छन् । यी सबै यस उद्योगको विकासको लागि आवश्यक आधारशिला हो ।*

*३. धार्मिक स्थलहरू (Religious places) नेपालमा मनमोहक कला, संस्कृतिले भरिपूर्ण धार्मिक स्थलहरू धेरै छन् । काठमाडौंको पशुपतिनाथ, स्वयम्भू, बौद्धचैत्य, गोसाइथान, जनकपुर, बुद्धको जन्मस्थल लुम्बिनी आदि थुप्रै स्थानहरू छन् । यी स्थलहरू पनि पर्यटन उद्योगका आधारशिला नै हो ।*

४. *विभिन्न संस्कृति र जलवायु( Different culture and climate)* नेपाल एक पहाडी, हिमाली, तराई र सहरहरूको देश भएको हुँदा एकै किसिमको जलवायु सबै ठाउँमा पाइदैन। जलवायु विभिन्न ठाउँमा फरक फरक पाइन्छ। यी विभिन्न जलवायु क्षेत्रमा बसोवास गर्नेहरूको संस्कृतिमा पनि विभिन्नता पाइन्छ। आफूलाई मन पर्ने जलवायु र सस्कृति भएको ठाउँमा रोजी रोजी जाने अवसर प्राप्त हुन्छ। पर्यटकहरू पनि विभिन्न जलवायु भएका स्थानबाट आउने हुँदा आफूलाई सुहाउँदो जलवायुको विकल्प हुनु पनि यस क्षेत्रको विकासको लागि अति महत्वपूर्ण प्राकृतिक देन हो।

४. उपलब्धिः-

क) यस पाठको प्रस्तुतीकरणमा अपनाइएका शिक्षण क्रियाकलापहरूको सूची तयार गर्नुहोस्।
ख) यस पाठको शिक्षणवाट प्राप्त नौलो ज्ञान, सीप र धारणाको सूची तयार गर्नुहोस्।

एकाइ:- ८ कक्षा:- १०
दिन:- २२ सत्र:- ३

# पाठ:- पर्यटन उद्योगको प्रवर्द्धनमा बाधा पुऱ्याउने तत्वहरू ।

## १. उद्देश्यहरू:-

यस सत्रपछि तपाइँहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनुहुनेछ ।

क) पर्यटन उद्योगको प्रवर्द्धनमा बाधा पुऱ्याउने तत्वहरूको सूची तयार गर्न ।
ख) पर्यटकहरूको चाप काठमाडौं उपत्यका र पोखरामा मात्र सीमित हुनाका कारणहरू वर्णन गर्न ।
ग) कक्षामा यस पाठको शिक्षण गर्ने तरिका प्रदर्शन गर्न ।

## २. शैक्षिक सामग्री:-

प्रशिक्षणका नियमित सामग्रीहरू

## ३. क्रियाकलाप:-

क) पर्यटकहरू हाम्रो देशमा आउँदा के के कुराहरू हेर्ने इच्छा आकाङ्क्षाहरू लिएर आएका हुन्छन् ? लेख्नुहोस् ।

(क) (च)
(ख) (छ)
(ग) (ज)
(घ) (झ)
(ङ) (ञ)

ख) प्रत्येक सहभागीले लेखिएको सूचीलाई समूहमा छलफल गरि मान्य अन्तिम सूची तयार गरि उक्त सूचीलाई टोली नेताबाट संयुक्त समूहमा छलफल गरि सम्भाव्य उत्तरसँग दाँज्नुहोस् ।

.........................................................................................................
.........................................................................................................
.........................................................................................................

ग) वढी मात्रामा पर्यटकहरूको चाप काठमाडौं उपत्यका र पोखरामा हुनुको कारणहरुसम्बन्धी छलफल गरि खास कारणहरूको पहिचान गराई सूची बनाउनुहोस् ।

.........................................................................................................
.........................................................................................................
.........................................................................................................

घ) अध्ययनको लागि दिएको पाठ वर्णन निश्चित समय किटान गरि र सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् र आवश्यक भए सुधार्ने काम गर्नुहोस् ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

प्रश्नहरू

१. पर्यटन उद्योगमा बाधा पुऱ्याउने तत्वहरूको सूची तयार गर्नुहोस् ।
२. नेपालका काठमाडौँ र पोखराबाहेक अन्य ठाउँमा पनि पर्यटकहरूको आगमन बढाउन के कस्तो व्यवस्था गर्नु पर्ला ?
३. तपाईंको स्थानमा पर्यटकहरू आउँदा उनीहरुले बढी कस्तो कुराहरू हेर्न रुचाएको पाउनुभयो ? त्यसको सूची तयार गर्नुहोस् ।

*पर्यटन उद्योगको प्रवर्द्धनमा वाधा पुऱ्याउने तत्वहरू (Factors affecting developing Turist Industry)*

*नेपालमा पर्यटन उद्योगको विकासको लागि आवश्यक सबै अनुकुल वातावरण भएतापनि यसको अपेक्षाकृत विकास हुन सकेको छैन । यसको विकासका मुख्य बाधाहरू यस प्रकार छन् ।*

१. *यातायात र सञ्चारको कठिनाइ (Difficulty of transport and communication)*
*नेपाल एक पहाडी मुलुक भएको हुँदा सबै पर्यटन स्थलहरूमा यातायातको सुविधा उपलब्ध छैन । मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका जिल्लाहरूमा जतिसुकै रमणीयस्थल भए पनि पुग्न गाह्रो छ । आजभोलि पर्यटकहरू काठमाडौँ उपत्यका, पोखरा, जोमसोममै मात्र सीमित हुनुको कारण सुविधा र सुरक्षा अभावकै कारण हो ।*

२. *आधुनिक किसिमका होटेलहरूको अभाव (Lack of modern facilated hotels)*
*काठमाडौँ र पोखरा वाहेक अन्य स्थानहरूमा सुविधायुक्त आधुनिक होटेलहरूको अभावमा पर्यटकहरू बस्न रूचाउँदैनन् । यी पर्यटकहरू विदामा रमाइलो गर्न आएका हुँदा सुविधा सम्पन्न होटेलवाहेक सस्तो लज वा घरमा बस्ने विचार गरेका हुँदैनन् । यसैले नेपालमा आउने पर्यटकहरू पैसा खर्च गर्ने ठाउँ नपाएर दिक्दार हुन्छन् किन भने अन्य टाढा स्थानमा बस्ने आधुनिक सुविधायुक्त होटल नै पाइँदैन ।*

३. *पर्यटक सूचना केन्द्रको राम्रो व्यवस्थाको अभाव (Lack of good management in tourist infO{rmation centre)*

*कहिँले पोखरामा, कहिँले जोमसोममा, कहिँले काठमाडौंमै पनि पर्यटकहरूको हत्याको खवर सुनिन्छ । यसरी हाम्रो देशमा आएका पर्यटकहरूको कहाँ गएको छ भन्ने राम्रो सूचना राख्ने केन्द्रको अभावमा राम्रो सुरक्षा र संरक्षण दिन नसक्दा पनि यस क्षेत्रको विकासमा बाधा पुग्न गएको छ । जसको फलस्वरूप नेपालमा आउने पर्यटकहरूको लागि सुरक्षाको अभावमा यस क्षेत्रको उद्योगमा नकारात्मक प्रभाव पर्दछ ।*

४. भरपर्दो पथ प्रर्दशकको अभाव (Lack of transtable guides) पर्यटकहरू विभिन्न देशहरूबाट आउने हुँदा विभिन्न देशको भाषामा पोख्त, आकर्षक, विश्वासिलो पथ प्रदर्शकको आवश्यकता पर्दछ । तर हाम्रो देशमा यस्ता पथ प्रदर्शकको सङ्ख्या ज्यादै कम सङ्ख्यामा छ । यस्ता भरपर्दो र विभिन्न भाषा जान्ने पथ प्रदर्शकहरूको अभावमा पनि पर्यटकहरू विभिन्न स्थानमा भ्रमण गर्न डर मान्दछन् । जसले गर्दा यो पनि पर्यटन उद्योगको बाधा बन्न पुगेको छ ।

५. मनोरञ्जनको अभाव (Lack of intertainment facilities) काठमाडौं र पोखरामा वाहेक अन्य क्षेत्रमा सुविधा र मनोरञ्जन दिने स्थानहरू र कार्यक्रमहरूको अभाव छन् । जस्तोकि भक्तपुर, पोखरा, काठमाडौं, पाटन होटेलमै पनि परम्परागत नाचगान, गजल, क्यासिनो, वोटिङ्ग, खेलहरू पाइन्छन् भन्ने अरू क्षेत्रमा यी कुराहरूको अभाव देखिन्छन् । पर्यटकहरू आफ्नो विदा ज्यादै रमाइलो वातावरणमा विताउन चाहने भएर पनि यस्ता कुराहरू सबै क्षेत्रमा उपलब्ध नहुनु पनि यस उद्योगको विकासमा बाधा सावित भएको छ ।

४. उपलब्धिः-

क) यस पाठको प्रस्तुतीकरणमा अपनाइएका क्रियाकलापहरूको सूची तयार गर्नुहोस् र वैकल्पिक क्रियाकलापहरू पनि लेख्नुहोस् ।

ख) यस पाठको अध्ययनबाट प्राप्त नौलो ज्ञान, सीप र धारणाको सूची बनाउनुहोस् ।

# सूक्ष्म शिक्षण

दिनः- २२ सत्रः- ४

पाठः-

१. उद्देश्यहरूः-

२. शैक्षिक सामग्रीः-

३. क्रियाकलापः-

४. मूल्याङ्कनः-

कक्षा, अवलोकन

| | राम्रो पक्ष | कमजोर पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|---|
| १<br>२<br>३<br>४ | | १<br>२<br>३<br>४ | १<br>२<br>३<br>४ |

५. उपलब्धिः-

एकाइ:- ९ कक्षा:- ९
दिन:- २३ सत्र:- १

## पाठ:- नेपालका मित्रराष्ट्रहरू जर्मनी, क्यानडा र इटालीसँगको सम्बन्ध र सहयोग ।

### १. उद्देश्यहरू:-

यस सत्रपछि तपाइँ निम्न कुराहरूमा सक्षम हुनुहुनेछ ।

क) नेपालको मित्रराष्ट्र जर्मनी, क्यानडा र इटलीसँग सम्बन्ध र सहयोगको वर्णन गर्न ।
ख) शैक्षिक सामग्री निर्माण गर्न तथा सूची तयार गर्न ।
ग) विषयवस्तुको संरचनाको आधारमा तिनीहरूलाई शिक्षण घण्टीमा विभाजन गर्न ।
घ) विषयवस्तु शिक्षण विधि पत्ता लगाउन ।
ङ) विषयवस्तुहरू अन्तरगत उपयोगी हुने विद्यार्थी मूल्याङ्कनका उपायहरू पत्ता लगाउन ।

### २. शैक्षिक सामग्री:-

जर्मनी, क्यानाडा र इटलीको झण्डाको नमुना, यी राष्ट्रहरू संम्वन्धित तस्विरहरू ।

### ३. क्रियाकलाप:-

क) अन्तमा दिइएको विषयवस्तुको अध्ययन गरि निम्न क्रियाकलापमा संलग्न हुनुहोस् ।

ख) निम्नलिखित प्रशिक्षकले सोध्ने प्रनहरूको उत्तरको बारेमा आपसी छलफल गरि विषयवस्तुबारे प्रशिक्षकको सहयोग समेत लिई प्रष्ट हुनुहोस् ।

१. जर्मनी र नेपाल बीच कहिँले कुटनीतिक सम्बन्ध कायम भएको हो ?
२. जर्मनीले नेपाललाई कुन कुन क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको छ ?
३. क्यानाडा र इटालीले गरेका सहयोग कार्यहरू के के हुन् ?

ग) पाठ्यवस्तुको शिक्षणको लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू केके हुन् लेख्ने र तिनीहरूको शिक्षण क्रियाकलापमा कहाँ कहाँ प्रयोग गर्न सकिन्छ प्रयोग गर्नुहोस् । यो विषयवस्तु शिक्षण गर्न कुन विधि प्रयोग गर्न सकिन्छ उपयुक्त विधिको छनोट गर्नुहोस् ।

घ) कक्षा ९ को एकाइ ९ मा समावेश गरिएको विषयवस्तुको शिक्षण गर्न अन्य केही प्रभावकारी क्रियाकलापहरू अपनाउन सकिन्छ भने छलफल गरि सुझाव प्रस्तुत गर्नुहोस् ।

ङ) जर्मनी, क्यानडा र इटालीसम्बन्धी तस्विरहरू, सिक्काहरू वा अन्य सुभिनियरहरू सङ्कलन गर्ने प्रयास गर्नुहोस् ।

पाठ्य विषयवस्तु: नेपालको जर्मन, क्यानडा र इटालीसँगको सम्बन्ध:-

नेपाल र जर्मनबीच सन् १९५८ मा कुटनीतिक सम्बन्ध कायम भएको हो । कुटनीतिक सम्बन्ध कायम भएपछि दुबै मुलुक बीच राजनीतिक एवम्म् कुटनीतिक स्तरमा सम्बन्ध एकदमै राम्रो रहेको छ । दुवै मुलुक बीच उच्चस्तरीय भ्रमण आदान-प्रदान भएका छन् । सन् १९६४ मा स्व. श्री ५ महेन्द्र र १९८६मा श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यबाट जर्मनीको राजकीय भ्रमण सम्पन्न भएको थियो । जर्मनीका चान्सलर हेल्मुटकोलले सन् १९८७ मा र संघीय जर्मनीका राष्ट्रपति प्राध्यापक डा. रोमन हर्जोग र उहाकी धर्म पत्नी क्रिस्टियानी हर्जोगले २०५३ साल मार्ग ६ गते ६ दिवसीय राजकीय भ्रमण गर्नु भएको थियो ।

नेपालमा जर्मनी राजदूतावास अवस्थित छ भने नेपाली राजदूतावास जर्मनीमा अवस्थित छ । जर्मनी दूतावास अन्तर्गत नेपालमा विभिन्न विकासका कामहरू सञ्चालन भएका छन् । जी.टी.इ. अन्तराष्ट्रिय गैर सरकारी संस्थाले नेपालको कृषि, उद्योग तथा ब्यापार, स्वास्थ्य, शिक्षा, साना घरेलु उद्योग, महिला विकास, आदिमा आर्थिक तथा प्राविधिक सहयोग गर्दै आएको छ । जर्मनी सरकारको सहयोगमा फोहर मैला व्यवस्थापन कार्यालय स्थापना भएको थियो । नेपालका पुरातात्विक महत्वका स्थलहरूको सरक्षण तथा संम्बर्धन गर्नमा पनि जर्मन सरकारले ठूलो सहयोग पुऱ्याउदै आएको छ । उदाहरणको रूपमा भक्तपुर सहर तथा पाटन दरवार जिर्णोद्वारलाई लिन सकिन्छ ।

जर्मनी जस्तै नेपालको क्यानाडा र इटालीसँग पनि सुमधुर सम्बन्ध रहेको छ । नेपालको क्यानडा सरकारसंग पनि मैत्री सम्बन्ध कायम छ तर दूतावासको स्थापना भने भएको छैन तर पनि नेपालको शिक्षा तथा प्राविधिक जन शक्तिको विकासमा ठूलो सहयोग पुऱ्याउँदै आएको छ ।

क्यानाडा जस्तै इटाली पनि नेपालको मित्र र सहयोगी राष्ट्र हो । दुवै राष्ट्रबीच कुटनीतिक सम्बन्ध कायम भएपछि इटालीले नेपाललाई आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउदै आएको छ । समय समयमा सरकारका उच्च पदाधिकारीहरूको भ्रमणको आदान-प्रदान हुन्छ । केही नेपालीहरूलाई इटाली सरकारले उच्च अध्ययन तथा प्रशिक्षण लिने अवसर प्रदान गर्दै आएको छ ।

३. उपलब्धि:-

क) यस विषयको अध्ययनपछि कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन के होला ?
ख) उक्त परिवर्तनको विधा कुन हो ।
ग) विशिष्ट र साधारण उद्देश्यमा के फरक छ ?
घ) यो विषय अध्यापन गर्न आवश्यक पर्ने शैक्षिक सामग्री के के हुन् ?
ङ) विद्यार्थी मूल्याङ्गनका अन्य उपायहरू के के हुन् सक्छन् ? आदि प्रश्नको उत्तर खोज्नुहोस् र यस सत्रवाट सिकेका कुराहरू तलको बाकसमा छोटकरीमा लेख्नुहोस् ।

एकाइ:- ९ कक्षा:- ९

दिन:- २३ सत्र:- २

# पाठ:- सार्क राष्ट्रहरू बीचको आपसी सहयोग र सद्भावना ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा तपाइँहरू निम्न कार्य गर्न सक्नुहुनेछ ।

क) विषयवस्तु अनुरूप विशिष्ट उद्देश्यहरू पत्ता लगाउन ।
ख) सार्क राष्ट्रवीचको आपसी सहयोग र सद्भावनाको उपलब्धि तथा महत्वको वर्णन गर्न ।
ग) विषय शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीको सूची तयार गर्न र निर्माण गर्न ।
घ) विषयवस्तु अन्तरगत विद्यार्थी मूल्याङ्कनका उपायहरू पत्ता लगाउन ।

## २. शैक्षिक सामग्री:-

सार्क गतिविधि देखिने तस्विर, तालिका, सार्कको लोगो, सार्क राष्ट्रहरूको नक्सा

## ३. क्रियाकलाप:-

क) कक्षा ९ को सामाजिक शिक्षाको सार्क राष्ट्रहरू बीचको सहयोग र सद्भावना शीर्षकको विषयवस्तु शिक्षण गर्दा के कस्ता क्रियाकलापहरू अपनाउन सकिन्छ । छलफल गरि क्रियाकलापको छनोट गर्नुहोस् र शैक्षिक सामग्रीको सूची तयार गर्नुहोस् ।

सार्क राष्ट्रहरूको परिचय विद्यार्थीहरूलाई कक्षा ६, ७ र ८ को सामाजिक शिक्षामा नै अध्यापन गराइ सकिएको छ । आज यस सत्रमा सार्क राष्ट्रहरू बीच आपसी सहयोग र सद्भावनाबारे छलफल गरिने छ, नेपालको सार्क राष्ट्रहरुसंगको सम्वन्ध अध्ययन गर्ने क्रममा नेपाल, पाकिस्तान, वङ्गलादेश, माल्दिभ्स, भुटान र श्रीलङ्कालाई लिइन्छ । यी माथि उल्लेखित राष्ट्रहरू वीच नेपालको गहिरो मैत्री सम्बन्ध छ भनी सार्क राष्ट्रहरू बीच के कस्तो सहयोग र सम्झदारी छ विषयवस्तु अध्ययन गरी जानकारी लिनुहोस् र छलफल गर्नुहोस् ।

ख) सार्कको गतिविधि देखिने तल राखिएको तस्बिर हेरेर टिप्पणी तयार गर्नुहोस् ।

ग) विषयवस्तुवारे विस्तृत छलफल गरिसकेपछि तलका प्रश्नहरू हेर्नुहोस् र अन्य यस्तै नमुना प्रश्नहरू बनाउनुहोस् । प्रशिक्षकसँग पृष्ठपोषण लिदै अन्य रोचक तरिकावाट मूल्याङ्कन गर्न सकिने उपाय निकाल्ने प्रयास गर्नुहोस् ।

१. सार्क राष्ट्र भन्नाले कुन कुन राष्ट्रलाई बुझाउँछ ?
२. भारत स्वतन्त्र कहिँले भयो ? सो सङ्ग्राममा सहयोग पुऱ्याउने नेपाली राजनेताहरूको नाम भन्नुहोस् ।
३. नेपाल भारतको कुटनीतिक सम्वन्ध कहिँले कायम भयो ।
४. भारतले नेपाललाई कुन कुन क्षेत्रमा आर्थिक सहयोग पुऱ्याउँदै आएको छ ? छोटकरीमा वर्णण गर्नुहोस् ।
५ नेपाल पाकिस्तानको कुटनीतिक सम्वन्ध कहिँले कायम भयो ?
६. नेपाल पाकिस्तान सहयोगको वारे टिपोट गर्नुहोस् ।
७. नेपाल वङ्गलादेश बीच कुटनीतिक सम्वन्ध कहिँले कायम भयो ?
८. नेपाल वङ्गलादेश बीच कस्तो सम्वन्ध छ ? बयान गर्नुहोस ।
९. वङ्गलादेशले नेपाललाई कुन–कुन क्षेत्रमा सहयोग गर्दै आएको छ ? लेख्नुहोस् ।
१०. नेपाल वङ्गलादेश बीच भएका ४ ओटा संझौता के के हुन् ?
११. वङ्गलादेश कहिँले स्वतन्त्र भयो ?
१२. नेपाल र भुटान वीच कहिँले कुटनीतिक सम्वन्ध कायम भयो ?
१३. भुटानमा नेपाली मूलका कति प्रतिशत मानिसको वसोवास छ ?
१४. श्री ५ वीरेन्द्र र भुटान नरेश वीच कहिँले र कहाँ वार्ता भएको थियो ?
१५. नेपाल र भुटान सम्वन्ध कस्तो छ ?
१६. श्री ५ वीरेन्द्रवाट माल्दिभ्सको भ्रमण कहिँले गरिवक्सेको थियो ?
१७. माल्दिभ्सका राष्ट्रपति महमद् अब्दुल गैयुमको भ्रमण नेपालमा कहिँले भएको थियो ?
१८. नेपाल श्रीलङ्का सम्वन्ध कहिँले कायम भएको थियो ?
१९. श्री ५ वीरेन्द्रले श्रीलङ्का कहिँले कहिँले भ्रमण गरिवक्सेको थियो ?
२०. नेपालमा श्रीलङ्काको राजदूतावास कहिँले स्थापना भयो ?
२१. श्रीलङ्कासंग आर्थिक र व्यापारिक क्षेत्रमाभन्दा अन्य कुन कुन क्षेत्रमा सम्वन्ध छ ?
२२. नेपालवाट सार्क श्रव्य दृष्य कार्यक्रम कहिँले प्रसारण हुन्छ ?

*नेपाल भारत सम्बन्ध- नेपाल भारतद्वारा तीनै दिशा, पूर्व, पश्चिम र दक्षिण घेरिएको भूपरिवेष्ठित राष्ट्र हो । यी दुई राष्ट्रको सम्बन्ध युगौदेखि सुमधुर रहदै आएको छ । यी दुवै राष्ट्रमा हिन्दू धर्मालम्बीहरूको वाहुल्यता रहेको छ । दुवै देशले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेका छन् ।*

*सभ्यताको सुरू देखि नै यी दुवै मुलुक बीच सरकारी तथा गैर सरकारी क्षेत्रमा सुमधुर सम्वन्ध रहेकोछ । भारत स्वतन्त्र हुनुभन्दा पहिलेदेखिनै नेपाल भारत बीच गहिरो मित्रता र सहयोगको भाव एक अर्कामा थियो ।*

*जुन १९४७ (जेष्ठ ३०, २००४) मा दुवै मुलुम बीच कुटनीतिक सम्वन्ध कायम भयो । दुवै मुलुकका राजधानीमा स्थायी आवासीय राजदूतावास स्थापित भए । राणा शासनको अन्त्य गर्न भारतले नेपाललाई निकै ठूलो सहयोग पुऱ्याएको थियो ।*

नेपाल भारत सहयोग सम्बन्धः

विश्वको अति निर्धन देशमध्ये नेपाल पनि एक भएको हुँदा नेपाललाई आर्थिक सहयोग पुऱ्याउने देशहरूमा भारत पनि मुख्य हो ।

भारतले नेपाललाई १२५ कि.मि. लामो त्रिभुवन राजपथ, ५४ कि.मि. कोसी क्षेत्र सडक, २०० कि.मि. लामो पोखरा सुनौली सडक तथा अन्य सडकहरू निर्माण गर्नमा सहयोग गर्दै आएको छ । भारतले नेपाललाई अन्य क्षेत्रमा जस्तो, शिक्षा, स्वास्थ्य संचार, कृषि, विद्युत्, तथा नेपालको औद्योगिक विस्तारको क्षेत्रमा र भौगोलिक सर्वेक्षण र अन्य आर्थिक तथा प्राविधिक क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको छ ।

नेपाल पाकिस्तान सम्बन्धः

मार्ग २९, १९६० मा दुवै देश बीच कुटनीतिक सम्बन्ध स्थापना भएपछि दुवै देशबीच, आर्थिक सहयोगात्मक सम्बन्धमा विस्तार भएको छ । दुवै मुलुक बीच सन् १९६२ मार्च देखि हवाइ सम्झौता भयो । दुवै मुलुक बीचको व्यापारिक सम्बन्धलाई प्रोत्साहन दिने काम दुवै मुलुकबाट भएको छ । आर्थिक तथा ब्यापार प्रवर्धन गर्ने क्रममा उच्चस्तरीय दलले दुवै देशमा भ्रमण गर्ने गरिएको छ । सार्क शिखर सम्झौतामा भाग लिने क्रममा १९९४ मा पाकिस्तानी राष्ट्रपतिसंग आपसी आर्थिक सहयोग, पारस्परिक लगानिको क्षेत्रमा सहयोग विस्तार विषयमा नेपालको प्रधानमन्त्रीसंग वार्ता भएको थियो । सन् १९९५ मा दुवै मुलुकबीच सम्पन्न भएको संयुक्त आर्थिक आयोगको वैठकले दुवै मुलुकबीच विद्यमान आर्थिक सहयोग र वाणिज्य सम्बन्धलाई विस्तार गर्दै लाने निर्णय भयो । नेपालको शैक्षिक विकासमा सहयोग पुऱ्याउन नेपाली विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर पाकिस्तान सरकारले प्रदान गर्दै आएको छ ।

नेपाल बङ्गलादेश सम्बन्ध र सहयोगः

सन् १९७१ मा पूर्वी पाकिस्तान बङ्गलादेशको रूपमा स्थापना भएको हो । नेपाल बङ्गलादेश दुवै मुलुकबीच अप्रिल ९, १९७२ मा राजदूत स्तरमा कुटनीतिक सम्बन्ध कायम भयो । कुटनितिक सम्बन्ध कायम भएपछि दुवै मुलुक बीच उच्चस्तरीय भ्रमणको आदानप्रदान भएको छ ।

नेपाल-बङ्गलादेश आर्थिक सम्बन्ध र कुटनीतिक सम्बन्ध कायम भएपछि सुमधुर हुँदै गएको छ । सन् १९७५ मा दुवै मुलुक बीच प्राविधिक सहयोग, हवाइ यातायात, ब्यापार पारवहन जस्ता ४ ओटा सम्झौता सम्पन्न भए । सन् १९७६पछि बङ्गलादेशले नेपाललाई चटगाउँ नजिकको ब्यापारीक बन्दरगाह उपलब्ध गराएको छ । ३ मई १९९१ को समुद्री आँधीबाट पीडित बङ्गलादेशलाई नेपालले २ लाख डलर सहयोग प्रदान गऱ्यो । नेपालको शैक्षिक विकासमा सहयोग पुऱ्याउन नेपाली विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर बङ्गलादेश सरकारले प्रदान गर्दै आएको छ ।

*नेपाल भुटान सम्बन्ध र सहयोग:*

*दक्षिण एसियाका दुई राजतन्त्रात्मक देश भुटान र नेपालवीच १९८३ मा कुटनीतिक सम्बन्ध कायम भएको हो । भुटानमा झण्डैं ५०% नेपाली मूलका मानिसहरूको वसोवास छ । नेपाल भुटानवीच त्यत्रो ठूलो परिमाणमा आर्थिक सम्बन्ध नभए तापनि १९८३ मा श्री ५ वीरेन्द्रबाट भुटान नरेश बीच दिल्ली वार्तापछि दुवै मुलुक बीच कुटनीतिक सम्बन्ध कायम भएको छ ।*

*नेपाल माल्दिभ्स सम्बन्ध र सहयोग:*

*हिन्द महासागरिय तटवर्ती सानो राज्य र हिमाली अधिराज्य नेपालवीच कुटनैतिक सम्बन्ध कायम भए तापनि दुवै मुलुकका स्थायी राजदूतावास भने छैनन् । दुवै मुलुक बीच उच्च स्तरीय भ्रमणको आदान प्रदान भने सन् १९८२ मा सुरु भएको हो । श्री ५ वीरेन्द्रवाट १९८२ मा माल्दिभ्सको भ्रमण गरिवक्सेको थियो र १९९१ मा राष्ट्रपति मैमुन अब्दुल गैयुमको नेपाल भ्रमण भएको थियो । हरेक सार्क सिखर सम्मेलनमा दुवै मुलुक वीच विचारको आदान प्रदान भइरहेको छ । सन् १९८७ मा माल्दिभ्समा आएको समुद्री तुफानमा नेपालले पनि सहयोग पुऱ्याएको थियो ।*
*हाल नेपालबाट माल्दिभ्स विमान सेवा सञ्चालन गरि दुवै मुलुक बीचका यातायात र ब्यापारलाई प्रोत्साहन गर्न प्रयास गरिएका छन् । तर दुवै मुलुक बीच त्यत्रो ब्यापारको आदान प्रदान भने भएको छैन ।*

*नेपाल-श्रीलङ्का सम्बन्ध र सहयोग:*
*नेपाल र श्रीलङ्का बीच जुलाई १९५७ मा कुटनीतिक सम्बन्ध कायम भए तापनि यसभन्दा पूर्व पनि दुवै मुलुक बीच कुनै न कुनै सम्बन्ध रही आएको थियो । सन् १९४८ मा श्रीलङ्काले स्वतन्त्रता दिवस मनाउदा नेपाली प्रतिनिधि सहभागी थिए । श्री ५ वीरेन्द्रबाट श्रीलङ्काको भ्रमण तथा सार्क सम्मेलनको तयारीका क्रममा श्रीलङ्काका राष्ट्रपति जयवर्धनले नेपालको राजकीय भ्रमण गर्नुभएको थियो । सन् १९९५ मा दुवै मुलुकबीच राजदूतस्तरमा सम्बन्ध विकसित भयो । श्रीलङ्काको स्थायी दूतावास काठमाडौंमा र नेपालको दूतावास श्रीलङ्कामा रहेको छ । वौद्ध धर्मावलम्वी सिन्हालिज जातिको वाहुल्यता रहेको श्रीलङ्का र नेपाल बीच सामाजिक र सांस्कृतिक सम्बन्ध रही आएको छ । लुम्विनी तीर्थयात्रा गर्न वौद्ध धर्मावलम्बी श्रीलङ्कनहरू ठूलो सङ्ख्यामा आउने गर्दछन् ।*
*श्रीलङ्काले पनि लुम्विनी विकास कोषमा सहयोग पुऱ्याएको छ । ब्यापारिक सम्बन्ध कायम भएपनि आर्थिक सहयोग भने ठूलो परिणाममा भएको छैन । यी दुई मुलुक वीच सांस्कृतिक र सामाजिक सम्बन्ध भने बढ्दै छ ।*

४. उपलब्धि:-

तलका प्रश्नको उत्तर खोज्नुहोस् ।

क) यस विषयवस्तुको अध्ययन पश्चात् कक्षा ९ का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन के हो ?
ख) उक्त परिवर्तनका विधा, संज्ञानी, प्रभावी सीप कुन हो ?
ग) विशिष्ट/व्यावहारिक उद्देश्य भन्नाले के बुझिन्छ ?
घ) यस विषयवस्तुको अध्यापन गर्न के के शैक्षिक सामग्री चाहिएला ?
ङ) यस विषयवस्तुको अध्यापन गर्न आवश्यक शिक्षण घण्टी कति होलान् ?

यस सत्रवाट सिकेका कुराहरू लेख्नुहोस् र प्रशिक्षकलाई वताउनुहोस् ।

एकाइः- ९ 
दिनः- २३

कक्षाः- ९
सत्रः- ३

## पाठः- अन्तर्राष्ट्रिय शान्ति स्थापनाको लागि नेपालले पुऱ्याउँदै आएको सहयोग ।

### १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईंहरू निम्न कार्य गर्न सक्नुहेछ ।

क) अन्तर्राष्ट्रिय शान्ति स्थापनाको लागि नेपालले पुऱ्याउँदै आएको सहयोगको चर्चा गर्न ।
ख) विषय शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीको सूची तयार गर्न ।
ग) विषयवस्तुको संरचनाको आधारमा तिनीहरूलाई शिक्षण घण्टीमा विभाजन गर्न ।
घ) विषयवस्तु शिक्षण विधि पत्ता लगाउन ।
ङ) विषयवस्तुहरू अन्तरगत उपयोगी हुने विद्यार्थी मूल्याङनका उपायहरू पत्ता लगाउन ।

### २. शैक्षिक सामग्रीः-

क) विश्वको नक्सा
ख) फलाटिन वोर्ड
ग) कार्डबोर्ड
घ) अन्तराष्ट्रिय शान्ति सहयोगको निम्ति नेपालले पुऱ्याएको योगदानसम्बन्धी तस्विर ।

### ३. क्रियाकलापः-

क) विषयवस्तुको संरचनाको आधारमा तिनीहरूलाई शिक्षण गर्न आवश्यकता अनुसार घण्टीमा निम्न बमोजिम विभाजन गर्नुहोस्

| विषयवस्तु | आवश्यक घण्टी |
|---|---|
| अन्तराष्ट्रिय शान्ति स्थापना गर्न नेपालले पुऱ्याउँदै आएको सहयोग | १ |

ख) कक्षा ९ को सामाजिक शिक्षामा समावेश भएका विषयवस्तुहरू शिक्षण गर्न के कस्ता क्रियाकलापहरू अपनाउन सकिन्छ ? आपसमा छलफल गरेर छनोट गर्नुहोस् । यसको अन्तमा दिइएको पाठ्यवस्तु पढी मुख्य मुख्य बुदाको टिपोट गर्नुहोस् ।

ग) माथि उल्लेखित शैक्षिक सामग्रीहरूमध्ये विश्वको नक्सामा नेपालले शान्ति सेना पठाएर सहयोग गरेका देशहरू भरि देखाउनुहोस् ।

घ) विश्व शान्ति, शान्ति सेवाबारे स्रोतव्यक्तिको प्रवचन सूची ।

ङ) तलका प्रश्नहरू पढि ती उपायहरू भए नभएको मूल्याङ्कन गर्नुहोस् ।

क) नेपालले संयुक्त राष्ट्रसंघको सहायता कहिँले प्राप्त गऱ्यो ।

ख) नेपालले अन्तराष्ट्रिय ख्याति प्राप्त गर्न के के कार्यहरू गरेको छ ? सूची बनाउनुहोस् ।

ग) अन्तराष्ट्रिय शान्ति कायम गर्न नेपालले के कस्ता कार्यहरू गर्दै आएको छ ? छोटकरीमा लेख्नुहोस् ।

*पाठ्य विषयवस्तु:-*

*अन्तराष्ट्रिय शान्ति स्थापनाको लागि नेपालले पुऱ्याउँदै आएको सहयोग:-*

*नेपालले १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेको हो । नेपालले आफ्नो हितलाई संरक्षण एवम् सम्बर्धन गर्ने, राष्ट्रिय अस्तित्व, सुरक्षा र स्थायित्व जस्ता उद्देश्य हासिल गर्ने, राष्ट्र एवम् जनताको भलाई गर्ने, राष्ट्रिय प्रतिष्ठा वृद्धि गर्ने, राष्ट्रिय विचारधाराको सुरक्षा एवम् सम्वर्द्धन गर्ने, अन्तराष्ट्रिय मामलामा आफ्नो स्वतन्त्र एवम् निर्भीक दृष्टिकोण पेस गर्ने गरेको छ । नेपालले आफ्नो आन्तरिक वा बाह्य स्रोत परिचालन गरेर आफूलाई राजनैतिक, एवम् अन्य शक्तिको रूपमा विकसित भएर राष्ट्रिय शक्ति संचय र सम्बर्धन गरि एक स्वतन्त्र अन्तराष्ट्रिय अस्तित्व निर्माण गरेको छ । एक असंलग्न राष्ट्रका रूपमा आफ्नो चरित्रलाई यसले विकसित गर्दै अगाडि बढेको छ ।*

*नेपालले संयुक्त राष्ट्रसंघमा प्रवेश पाएपछि साम्राज्यवाद, उपनिवेशवाद, नवउपनिवेशबाद, प्रभुत्ववाद, विस्तारवाद, हस्तक्षेप, आकमण, रङ्गभेद एवम् जातीय भेदभावको खुलेर विरोध गर्दै आएको छ । नेपालले निशस्त्रीकरण गरि शस्त्रास्त्रको होडबाजी कम गर्ने र संयुक्तराष्ट्र संघलाई सुदृढ गराउने र शान्तिपूर्ण सहअस्तित्व जस्ता कुराको नेपालले जोडदार समर्थन गर्दै आएको छ । नेपालले विश्व मामिलामा आफ्नो बिचार प्रष्टरूपले व्यक्त गरेर परराष्ट्रनीतिमा गतिशीलता प्रदान गरेको कुरालाई प्रमाणित गरेको छ । नेपालले संयुक्त राष्ट्रसंघभित्र एसिया तथा अफ्रिकाका पिछडिएका अविकसित एवम् साना राष्ट्रको प्रवक्ताको रूपमा कार्य गर्दै आएको छ । विश्वमा शान्ति कायम गर्नकोलागि संयुक्त राष्ट्रको आव्हानमा नेपालले सहयोगको लागि शान्ति सेना पठाउने गरेको छ । नेपालले संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन प्रत्येक वर्ष आफ्नो प्रतिनिधिमण्डल पठाउने गरेको छ । नेपालले सुरक्षा परिषद्को अनुरोधमा विश्वका विभिन्न अशान्त क्षेत्रमा शान्ति कायम गर्न, राष्ट्र राष्ट्रबीच भएको युद्ध विराम रेखदेख गर्न, सीमा सम्झौता पालन गराउन शान्ति सेना पठाउने गरेको छ । नेपालले अरब इजरायल युद्धमा ६०० शान्ति सेना पठाएको थियो । नेपालले लेबनानको रेखदेखको लागि पनि शान्ति सेना पठाएको थियो ।*

४. उपलब्धि:-

सत्रको अन्त्यमा प्रशिक्षकले सोध्ने निम्न अनुसारका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क) यस विषयवस्तुको अध्ययनपछि विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तनको बयान गर्नुहोस् ।

ख) उक्त परिवर्तनको विधा कुन हो ?

ग) विशिष्ट उद्देश्यको परिचय दिनुहोस् ।

घ) यस विषयवस्तुको अध्यापन गर्न आवश्यक शैक्षिक सामग्रीको चयन गर्नुहोस् ।

ङ) विद्यार्थी मूल्याङ्कनका अन्य उपायहरू के के हुन् सक्छन् ? पत्ता लगाउनुहोस् ।

च) यस सत्रबाट सिकेका नयाँ कुराहरू दिइएको बाकसमा लेख्नुहोस् ।

# सूक्ष्म शिक्षण

दिनः- २३ सत्रः- ४

पाठः-

१. उद्देश्यहरूः-

२. शैक्षिक सामग्रीः-

३. क्रियाकलापः-

४. मूल्याङ्कनः-

कक्षा, अवलोकन

| | राम्रो पक्ष | कमजोर पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|---|
| १ | | १ | १ |
| २ | | २ | २ |
| ३ | | ३ | ३ |
| ४ | | ४ | ४ |

५. उपलब्धिः-

एकाइः- ९ कक्षाः- १०
दिनः- २४ सत्रः- १

# पाठः- संयुक्त राष्ट्रसंघको सदस्यको रूपमा नेपाल ।

## १. उद्देश्यहरूः-

यस सत्रको अन्तमा तपाईंहरू निम्न कार्य गर्न सक्नुहुनेछ ।

क) संयुक्त राष्ट्रको सदस्यको रूपमा नेपालले खेलेको भूमिका वताउन ।
ख) संयुक्त राष्ट्रसंघमा नेपालले खेलेको भूमिकासम्बन्धी तस्विर तथा नक्सा प्रयोग गरि शिक्षण गर्न ।

## २. शैक्षिक सामग्रीः-

क) संयुक्त राष्ट्रसंघमा नेपालले खेलेको भूमिकासम्बन्धी तस्विर
ख) फलाटिन वोर्ड
ग) कार्डवोर्ड
घ) चक, डस्टर, साइन पेन, कैंची आदि
ङ) नमुना पाठ्यवस्तु ।

## ३. क्रियाकलापः-

क) यसको अन्तमा दिइएको विषयवस्तुहरू पढी सोको प्रभावकारी शिक्षण गर्न के कस्ता क्रियाकलापहरू अपनाउन सकिन्छ छलफल गरि टिपोट गर्नुहोस् ।

ख) तलका प्रश्नहरूको अतिरिक्त के कस्ता प्रश्नहरू वनाउन सकिन्छ बनाई देखाउनुहोस् ।
विद्यार्थी मूल्याङ्कनका नमुना प्रश्नहरू

१. नेपालले संयुक्त राष्ट्रसंघमा कहिंले र किन सन्देश पठाउँछ ?
२. नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेपछि कस्तो भूमिका निभाउँदै आएको छ ? छोटकरीमा मुख्य मुख्य वुँदा टिप्नुहोस् ।

*संयुक्त राष्ट्रसंघको सदस्यको रूपमा नेपालः-*
*संयुक्त राष्ट्रसंघको स्थापनाबारे अघिल्लो पाठमा पढिसकेका छौ । नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता १४ डिसेम्वर १९५५ मा प्राप्त गरेको हो । संयुक्त राष्ट्रसंघको सहायता प्राप्त गरेपछि नेपालले आज सम्म सक्रिय भूमिका निभाउँदै आएको छ । नेपालले प्रत्येक वर्ष महासभामा भाग लिने आफ्नो प्रतिनिधि मण्डल पठाउँदै आएको छ । संघमा स्थायी रूपले भाग लिन संघका लागि स्थायी नेपाली प्रतिनिधि न्युयोर्कमा रहने व्यवस्था छ । प्रत्येक वर्ष संघको स्थापना भएको दिन २४ अक्टोवरका दिन श्री ५ बाट सन्देश वक्सने परंपरा छ । संघको स्थायी कार्यालय नेपालमा पनि स्थापना गरिएको छ ।*

नेपालले अन्तर्राष्ट्रिय मामलामा स्वतन्त्र एवम् निर्भीक भएर आफ्नो विचार व्यक्त गर्ने राष्ट्रको रूपमा आफूलाई चिनाउँदै आएको छ। वाह्य दवाव विना नेपालले आफ्नो वुद्धि एवम् विवेकले स्वेच्छापूर्वक नै आफ्नो विचार व्यक्त गर्दै आएकोछ। अन्तर्राष्ट्रिय विवादको शान्तिपूर्ण तारिकाले हल हुनुपर्ने कुरामा प्रवक्ताका रूपमा नेपालले वोल्दै आएको छ। नेपालले हरेक किसिमका अन्तराष्ट्रिय मामला शान्तिपूर्ण तरिका एवम् कुटनैतिक प्रयासबाट समाधान हुनु पर्ने कुरामा जोड दिदै आएको छ। साना ठूला राष्ट्र बीच समानताको सिद्धान्तमा जोड दिदैं आएको छ। संघभित्र महाशक्ति राष्ट्रको प्रभुत्ववादी नीतिको विरोध गर्दै साना ठूला सवै राष्ट्रबीच समान व्यवहार हुनुपर्ने कुरामा नेपालले सधैं जोड दिदै आएको छ।

नेपालले संघको सहायता प्राप्त गरेपछि संघभित्र या वाहिरका हरेक किसिमका अन्तराष्ट्रिय सभा सम्मेलनमा एक राष्ट्रले अर्को राष्ट्रमाथि गर्ने हस्तक्षेप दवाव, आक्रमण जस्ता कुराहरूको आलोचना गर्दै साम्राज्यवाद उपनिवेशवाद, नवउपनिवेशवाद र विस्तारवाद जस्ता कुराहरू माथि तीव्र प्रहार गर्दै आएको छ।

नेपालले आर्थिक विकासका लागि धनी र गरिव राष्ट्रबीच सहयोग हुनुपर्ने र तेस्रो विश्वका विकासशील मुलुकहरू बीच पनि आपसी आर्थिक सहयोग एवम् आत्मनिर्भरता हुनुपर्ने कुरामा जोड दिएको छ।

नेपालले विश्वमा कोही मालिक र कोही दास हुने प्रथाको पनि विरोध गर्दै आएको छ। संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेखित आदर्शमा अगाध आस्था राख्ने राष्ट्रको रूपमा नेपालले आफ्नो परिचय दिएको छ। नेपालले असंलग्नताका सिद्धान्तहरू र संयुक्त राष्ट्रसंघको आदर्शमा मेल हुनु पर्छ भनेको छ। नेपालले चीनको संघमा प्रवेशको लागि पनि जोडदार समर्थन गरेको थियो। नेपालले विश्वमा शान्ति कायम गर्नको लागि शान्ति सेना पठाउने काम पनि गर्दै आएको छ।

## ४. उपलब्धिः-

यो सत्रको अन्तमा तपाईंले यस सत्रबाट सिकेका कुराहरू लेख्नुहोस् र तलका प्रश्नहरूको सही जवाफ पहिल्याउनुहोस।

क) यस विषयको अध्ययनपछि कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन के हो ?
ख) उक्त परिवर्तनको विधा कुन हो ?
ग) प्रस्तुत पाठका निम्ति विशिष्ट उद्देश्य के के हुन सक्छन् ?
घ) प्रस्तुत विषयवस्तुको अध्यापन गर्नको लागि आवश्यक क्रियाकलाप के के हुन सक्छन् र के के शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ला ?
ङ) विद्यार्थी मूल्याङ्कनका अन्य उपायहरू के के हुन सक्छन् ? खाली कोठामा लेख्नुहोस्।

एकाइ:- ९
दिन:- २४

कक्षा:- १०
सत्र:- २

# पाठ:- सार्क सङ्गठनको आर्थिक ब्यवस्थापन पक्ष र यसका मुख्य-मुख्य उपलब्धिहरू ।

## १. उद्देश्यहरू:-

यस सत्रको अन्तमा प्रशिक्षार्थीहरू निम्न कार्य गर्न सक्ने छन् ।

क) सार्क सङ्गठनको आर्थिक व्यवस्थापन पक्ष र यसका मुख्य मुख्य उपलब्धिहरूको वर्णन गर्न ।
ख) सार्क सङ्गठनको उपलब्धिसम्वन्धी तस्विर प्रयोग गरि शिक्षण गर्न ।

## २. शैक्षिक सामग्री:-

क) सार्क देशहरूको नक्सा वा एसिया महादेशको नक्सा ।
ख) चार्ट, सार्कको लोगो ।
ग) सार्कको उपलब्धि लेखिएका फ्याल्स कार्ड र सार्कको आर्थिक व्यवस्थापन वर्णन भएको चार्ट ।
घ) पाठ्यविषयवस्तु ।

## ३. क्रियाकलाप:-

क) यसको अन्तमा दिएको पाठ्यवस्तु पढ्नुहोस् र सो को मुख्य-मुख्य वुंदा टिपोट गर्नुहोस् र प्रशिक्षकले सोधेका प्रश्नको उत्तर दिई छलफलमा सामेल हुनुहोस् ।

ख) उपरोक्त विषयवस्तु अध्यापन गर्नको लागि के के शैक्षिक सामग्रीको आवश्यकता पर्छ र कहां कहाँ प्रयोग गर्न सकिन्छ सो वारे शिक्षकहरूको समूहमा छलफल गर्नुहोस् र आवश्यकता भएमा प्रशिक्षकको सल्लाह अनुसार संसोधन गरिदिनुहोस् ।

*सार्क सङ्गठनको आर्थिक व्यवस्थापन पक्ष र यसका मुख्य मुख्य उपलब्धिहरू:*
*दक्षिण एशियाली सहयोग सङ्गठन (SAARC) भित्र वङ्गलादेश भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्का पर्दछन् । यस सङ्गठनको मुख्य उद्देश्य आर्थिक तथा सामाजिक विकासमा आइ पर्ने साझा समस्याहरू हटाउन सदस्य राष्ट्रहरू बीच एकसाथ मिलेर कार्य गर्नु हो ।*

*सार्क सङ्गठनको स्थापना ७-८ डिसेम्वर १९८५ मा स्थापना भएको हो ।*

सार्कको प्रथम शिखर सम्मेलन बङ्गलादेशको राजधानी ढाकामा ७ र ८ डिसेम्वर १९८५ मा भएको थियो । नवौं सार्क शिखर सम्मेलन सार्क स्थापना भएको १३ औं वर्षमा अर्थात् मई

१२–१४, १९९७ मा मालदिभ्सको राजधानी मालेमा सम्पन्न भयो । दसौं सार्क शिखर सम्मेलन श्रीलङ्कामा हुने भएको छ । सार्क सङ्गठनका विभिन्न अङ्गमध्ये व्यवस्थापन पक्ष पनि एक हो ।

सार्क सङ्गठनको आर्थिक व्यवस्थापन पक्ष:

१. सदस्य राष्ट्रहरूको सङ्गठनको गतिविधिहरूको लागि गर्ने आर्थिक योगदान स्वैच्छिक हुनेछ ।
२. प्रस्तावित कार्यको कार्यान्वयन लागतको वाँडफाँड गर्न सुझाव प्राविधिक समिति आफैले प्रस्तुत गर्ने छ ।
३. सङ्गठनका आर्थिक क्रियाकलाप सञ्चालन गर्न यस क्षेत्रवाट वित्तीय साधन परिचालन गर्न राखिएमा स्थायी समितिको स्वीकृति लिई उपयुक्त स्रोतबाट वाह्य वित्त परिचालन गर्न सकिनेछ । सार्क सचिवालयको खर्च व्यवस्था निम्न अनुसार छ ।

सार्क सचिवालयको वित्तीय प्रवन्धको प्रमुख स्रोत यसका सदस्य राष्ट्रहरूले प्रदान गर्ने रकम नै हो । वजेट स्वैच्छिक हुन्छ । सङ्गठनको वजेट वार्षिक रूपले विनियोजन गरिन्छ । क्षेत्रिय संस्थाको कुल खर्चको ४०%सम्वन्धित राष्ट्रले र वाँकी सबै सदस्य देशहरूले स्वीकृति दिएअनुसार उठाइन्छ । सार्क सचिवालयको खर्च राष्ट्रहरूबाट वेहोरिने प्रतिशतहरू:

| | | |
|---|---|---|
| १. | भारत - | ३२.८५% |
| २. | पाकिस्तान - | २३.१०% |
| ३. | नेपाल-बङ्गलादेश र श्रीलङ्का | ११.३५% |
| ४. | भुटान र माल्दिभ्स | ५.००% |

यसको अलावा सार्कले जापान सरकारसंग सम्झौता गरि एउटा विशेष कोषको व्यवस्था २७ सेप्टेम्वर १९९३ देखि गर्दै आएको छ ।
अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरू पनि आर्थिक पक्ष वलियो बनाउन सहयोग गर्न तयार रहेको देखिन्छ ।

क) सार्कका उपलब्धिहरू:
निम्न वुँदागत रुपमा दिइएका सार्कका उपलब्धिबारे आपसी छलफल गरि आलोचनात्मक टिप्पणी पेश गर्नुहोस् । प्रशिक्षकबाट आवश्यक पृष्ठपोषण लिनुहोस् ।

१. S A P T A ( S A A R C *Preferentaial Trading Arrangement*) लाई लागु गर्न सहमत भएको छ ।
२. नोभेम्वर १९९३ मा काठमाडौंमा सम्पन्न सार्क मन्त्रीस्तरीय वैठकले "महिला तथा परिवार स्वास्थ्यसम्बन्धी निर्णयलाई अनुमोदन गरेको छ ।
३. कृषि, संचार, शिक्षा तथा संस्कृति, जलवायु विज्ञान, ग्रामीण विकास, लागु पदार्थको कारोबार, यातायात, पर्यटन, वारेमा छलफल गरि स्वीकृत रूपमा कार्यक्रम अगाडि बढाउने भएको छ ।
४. सदस्य राष्ट्रहरूमा भ्रमण गर्न प्रवेशआज्ञा नचाहिने व्यवस्था लागु गर्ने निर्णय भएको छ ।

| | |
|---|---|
| ५. | समानता, सहयोग र समान लाभको आधारमा अन्तर्राष्ट्रिय आर्थिक वातावरण हुनुपर्ने तथ्यमा जोड दिएको छ । |
| ६. | युरोप तथा संयुक्त राष्ट्रसंघ र अन्य राष्ट्रसंग सम्बन्ध विस्तार गर्ने कुरामा जोड दिदै आएको छ । |
| ७. | सार्क राष्ट्रहरूले निम्नलिखित वर्षहरूमा विभिन्न कार्यक्रम गरि सार्क वर्ष मनाउने निर्णय गरेको छ । |
| क) | १९९८ – लागु पदार्थ दुर्व्यसन तथा ब्यापार विरूद्ध सार्क वर्ष |
| ख) | १९९० – सार्क बालिका वर्ष |
| ग) | १९९१ – सार्क शरणार्थी वर्ष |
| घ) | १९९२ – सार्क वातावरण वर्ष |
| ङ) | १९९३ – सार्क अपाङ्ग वर्ष |
| च) | १९९४ – सार्क युवा वर्ष |
| छ) | १९९५ – सार्क गरिवी निवारण वर्ष |
| ज) | १९९६ – सार्क साक्षरता वर्ष |
| झ) | १९९१ देखि २००० ई. सम्मलाई सार्क बालिका दशक |

४. उपलब्धि:-

यस सत्रको अन्त्यमा प्रशिक्षकले सोधेका निम्नलिखित प्रश्नहरूको जवाफ दिनुहोस् र यस सत्रबाट सिकेका विषयवस्तु तथा शिक्षण विधिको सम्वन्धमा लेख्नुहोस् ।

क) यस विषयवस्तुको अध्यापन पनि कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन वताउनुहोस् ?
ख) उक्त परिवर्तनको विधा (संज्ञानी, प्रभावी, सीप) कुन हो ?
ग) विशिष्ट उद्देश्यको परिचय दिनुहोस् ।
घ) यस विषयवस्तुको अध्यापन गर्नको लागि आवश्यक शैक्षिक सामग्रीको चयन गर्नुहोस् ।
ङ) विद्यार्थी मूल्याङ्कनका के के उपायहरू हुन सक्छन् पत्ता लगाउनुहोस् ।

एकाइ:- ९ कक्षा:- १०
दिन:- २४ सत्र:- ३

पाठ:- संयुक्त राष्ट्रसंघका विभिन्न ऐजेन्सीहरू **WHO, FAO, UNICEF, UNESCO, UNFPA, UNDP, IUCN** आदिले नेपाललाई पुऱ्याउँदै आएको सहयोग ।

१. उद्देश्यहरू:-

यस सत्रको अन्तपछि तपाईंहरू निम्न कार्य गर्न सक्नुहुने छ ।

क) नेपाललाई अन्तर्राष्ट्रिय संघसंस्थाहरूले पुऱ्याउँदै आएको सहयोगको चर्चा गर्न ।
ख) विषयवस्तुको संरचनाको आधारमा तिनीहरूलाई शिक्षण घण्टीमा विभाजन गर्न ।
ग) विषयवस्तुहरू अन्तर्गत उपयोगी हुने विद्यार्थी मूल्याङ्कनका उपायहरू पत्ता लगाउन ।

२. शैक्षिक सामग्री:

WHO, FAO, UNICEF, UNESCO, UNFPA, UNDP, IUCN सम्बन्धी गतिविधि झल्कने, तालिका चित्रहरू

३. क्रियाकलाप:-

क) विषयवस्तु पढेर प्रशिक्षकले भने अनुसारका क्रियाकलापमा संलग्न गर्नुहोस् ।
ख) नेपालको विकास कार्यमा सहयोग गर्न संयुक्त राष्ट्रसंघ अन्तर्गत रहेका ६ ओटा एजेन्सीहरूको नाम बताउनुहोस् ।
ग) यी ६ ओटा एजेन्सीहरूले नेपालको कुन कुन क्षेत्रमा के के सहयोग पुऱ्याउदै आएका छन् ? प्रत्येकको वारेमा समूहगत रुपमा प्रवचन दिनुहोस् ।

*<u>विश्व स्वास्थ्य सङ्गठन:</u> (World Health Organization) WHO, ७ अप्रिल १९४८ मा विश्व स्वास्थ्य सङ्गठनको स्थापना भएको हो । यस सङ्गठनको प्रधान कार्यालय जेनेभामा छ । नेपालले १० मे , १९५४ मा यसको सदस्यता प्राप्त गरेको हो ।*

*विश्वभरिका जनताको स्वास्थ्यको अवस्थामा सुधार गर्ने, उचित खाद्य आपूर्ति गर्ने, पौष्टिक आहारको व्यवस्था गर्ने, रोग विरूद्ध कार्य सञ्चालन गर्ने, औषधीको प्रशस्त व्यवस्था गर्ने, एडस रोगको वारेमा कार्यक्रम सञ्चालन गर्ने आदि रहेका छन् ।*

*विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई स्वास्थ्य प्रणालीको विकास गर्ने तथा स्रोत साधनको विकास गर्ने, स्वास्थ्य क्षेत्रको व्यवस्थापन पक्ष, सूचना संवाहन तथा स्वास्थ्यसम्बन्धी अनुसन्धान क्षमताको विकास र सुधार, सरूवा रोगको रोकथाम तथा अन्य रोगको निवारण आदि विभिन्न रोगहरूको रोकथाम आदि कार्यहरूमा आर्थिक तथा प्राविधिक सहयोग श्री ५ को सरकारलाई विभिन्न माध्यमबाट पुऱ्याउँदै आएको छ ।*

खाद्य तथा कृषि सङ्गठन: (Food and Agriculture Organization) FAO, खाद्य कृषि सङ्गठनको स्थापना १६अक्टोवर १९४५ मा भएको हो । नेपालले खाद्य कृषि सङ्गठनको सदस्यता १९५१ मा प्राप्त गरेको हो । यस सङ्गठनका मुख्य उद्देश्यहरू World Food Programme सञ्चालन गर्ने, कृषि सुधार गर्ने, खाद्यान्न उत्पादनमा वृद्धि गर्ने, कृषिको चौतर्फी विकासको निमित्त आवश्यक कार्य गर्ने हुन् । यसको प्रधान कार्यालय रोममा छ । यस सङ्गठनले नेपालको कृषि मन्त्रालय अन्तर्गत संचालित कृषि विकास कार्यहरू आदि विभिन्न क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याउँदै आएको छ ।

राष्ट्रसंघीय वाल कोष: (United National Children Fund) UNICEF.
विश्व भरिका केटा केटीहरूको स्वास्थ्य, भोक र शिक्षासम्वन्धी समस्या सुल्झाउन सहयोग पुर्‍याउँदै आएको यस राष्ट्रसंघीय वाल कोषको स्थापना ११ डिसेम्बर १९४६मा भएको हो । यस संस्थाले १९६५ मा नोवेल शान्ति पुरस्कार प्राप्त गरेको थियो । यस संस्थाको प्रधान कार्यालय न्युयोर्कमा रहेको छ ।

यस संस्थाले नेपाललाई वाल मृत्युदर घटाउनलाई मातृशिशु कल्याण सेवा, पोषण तथा परिवार नियोजन सेवा, रोग निरोधक खोप कार्यक्रम, भिटामिन ए कार्यक्रम इत्यादि राष्ट्रिय स्तरमा सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याउनका साथै खानेपानी, प्राथमिक शिक्षा, अनौपचारिक शिक्षा विकासमा पनि सहयोग पुर्‍याउँदै आएको छ । यस संस्थाले वाल अधिकार, महिला विकास आदि कार्यक्रममा पनि सहयोग पुर्‍याउँदै आएको छ ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन: (United Nation Education, Scientific and Cultural Organization. (UNESCO) युनेस्कोको मुख्य उद्देश्य विश्व भरिका जनताको शैक्षिक, वैज्ञानिक र सांस्कृतिक क्षेत्रमा आपसी सम्झदारी र अन्तराष्ट्रिय सहयोगमा अभिवृद्धि गर्नु हो ।

४ नोभेम्वर १९४६मा यस संस्थाको स्थापना भएको हो । यस संस्थाको प्रधान कार्यालय पेरिसमा रहेको छ । यस संस्थाले नेपालको शिक्षा विकासको क्षेत्रमा ठूलो सहयोग पुर्‍याउँदै आएको छ । शिक्षा मन्त्रालयमा नेपालको लागि युनेस्को शाखा रहेको छ । सोही शाखा मार्फत नेपालमा शिक्षा, विज्ञान, संस्कृति आदि क्षेत्रमा ठूलो सहयोग गर्दै आएको छ । हालै नेपालमा युनेस्कोको क्षेत्रीय कार्यालय खोल्न आवश्यक व्यवस्था मिलाउन आवसीय प्रतिनिधिको रूपमा कितामुरा नेपालमा हुनुहुन्छ ।

जनसङ्ख्या क्रियाकलापका लागि राष्ट्रसंघीय कोष: (UN Fund for Population, Activities) UNFPA.
स संस्थाको स्थापना जुलाई १९६७ मा भएको हो । यसको प्रधान कार्यालय न्युयोर्कमा नै रहेको छ । यस कोषले जनसङ्ख्या र परिवार नियोजनसम्वन्धी समस्याको अध्ययन गरि त्यसको निराकरण गर्न प्रयास गर्ने काम गर्दछ । नेपालमा परिवार नियोजनसम्वन्धी काम तथा जनसङ्ख्या नियन्त्रण गर्नको लागि विभिन्न कार्यहरूमा सहयोग गर्दै आएको छ । यस संस्थाको सहयोगवारे सरकारलाई त्रिभुवन विश्वविद्यालय अन्तरगत केन्द्रीय जनसङ्ख्या अध्ययन संस्थान काठमाडौंमा स्थापना गर्न सहयोग पुर्‍याएको छ । कृषिको लागि अति आवश्यक सिंचाइ, सडक निर्माण, शिक्षा उद्योग आदि विभिन्न क्षेत्रमा यस संस्थाले सहयोग गर्दै आएको छ ।

४. उपलब्धिः-

क) यस विषयवस्तुको अध्ययनपछि कक्षा १० विद्यार्थीहरूमा ल्याउन खोजिएको परिवर्तन वताउनुहोस् ।

ख) उक्त परिवर्तनको विधा कुन हो ?

ग) यस पाठसँग सम्वन्धित ५ ओटा विशिष्ट उद्देश्य वनाउनुहोस् ।

घ) यस विषयवस्तुको प्रभावकारी ढंगवाट शिक्षण गर्न शिक्षण विधि तथा शिक्षण सामग्रीको छनोट गर्नुहोस् ।

यस सत्रवाट सिकेका नयाँ कुराहरू बाकसमा लेख्नुहोस्

# प्रशिक्षक प्रशिक्षणमा जेन्डर सेसन

समय १ घण्टा ३० मिनेट

उद्देश्य:-

माध्यमिक शिक्षामा जेन्डरका सवाल तर्फ प्रशिक्षकहरुको चेतना वृद्धिको लागि उनीहरुलाई शिक्षकहरुले आफनो शिक्षणद्धारा विद्यार्थीको सिकाई उपलब्धिमा सुधारगर्न खेल्न सक्ने भूमिका पहिचान गर्न मद्दत गर्नु नै यो प्रशिक्षणको मूख्य उद्देश्य हो ।

औचित्य:-

शिक्षकहरुमा विषयवस्तुको ज्ञानवाट मात्रै सुधारहरु आउंछन् भन्ने नभएर सुधारहरु विद्यार्थीको उपलब्धिलाई प्रभावित पार्ने सवालहरु प्रतिको सचेतना र शिक्षण प्रति अपनाइने दृष्टिकोणवाट पनि आउंछन् भन्ने कुरा वुझ्नु पर्दछ ।

सामाग्रीहरु:-

| | |
|---|---|
| प्रशिक्षार्थीको लागि | प्रशिक्षकको लागि |
| खाली पाना | पाठपत्र (handouts) |
| लेख्ने साधनहरु | कालो पाटी कडा कागजका ठुलापानाहरु |

जेन्डरको परिभाषा:-

जेन्डर भन्नाले महिला र पुरुषलाई दिइएको सामाजिक कियाकलाप लाई बयान गर्न प्रयोग गरिने शव्द हो । यो महिला र पुरुषको विचमा प्राकृतिक रुपवाट विभाजन गर्ने कुरा होइन । अर्को शव्दमा भन्ने हो भने पुरुष र महिला अथवा केटा र केटीको विचमा रहेको भिन्नता पनि ठाउं ठाउमा फरक र भिन्न हुन्छ । जस्तो उदाहरणको लागि नेपालको धेरै क्षेत्रमा विभिन्न समुदायमा एउटा पुरुपले एक भन्दा वढी महिला विवाह गर्ने प्रचलन अध्यापि छ भने हुम्लाको लामा समुदायमा एउटी महिलाले परिवारको सवै दाज्यू भाई संग विवाह गर्दछन् । यस किसिमको महिलाहरु धरायासी श्रोत साधन परिचालन गर्न अरु महिला भन्दा धेरै स्वतन्त्र छन्। यस प्रकारको समुदायमा स्थिति हुनमा महिला र पुरुपको विचमा भएको प्राकृतिक भिन्नताको कारणले नभै सामाजिक र आर्थिक, सयौं वर्ष देखि प्रचलित हुदै आएको परम्परागत नियम स्वरुप भएको मात्र हो ।

पहिलो क्रियाकलाप १५ मिनेट

जेन्डर सवालहरुको परिचय:-

क) सवै सहभागीलाई परीक्षाको परिणामका तथ्यांकहरु भएका पाठपत्र उपलब्ध गराउने । उपलव्ध गराइएको तथ्यांकहरु र तालीका प्रति तत्कालै आफनो प्रतिक्रिया जनाउन सवै सहभागीलाई सोध्ने ।
ख) प्रशिक्षकले जेन्डरका सवालहरुलाई विस्तृत रुपमा प्रस्तुत गर्ने र माध्यामिक शिक्षामा पंहुच र समानता बारे परिचयात्मक जानकारी प्रस्तुत गर्ने प्रशिक्षकको लागि निम्नलिखित वूंदाहरु दिइएको छ ।

दोस्रो क्रियाकलाप १५ मिनेट

दोस्रो क्रियाकलाप १५ मिनट (व्याख्याको लागि समूह विभाजनको लागि ५ मिनट समय दिनुहोस सहभागीलाई बढीसे बढी ५ समुह र एक समुहमा बढीमा ६ जना सम्म रहने गरी स-साना समूहमा बांड्नुहोस् र तलका प्रश्नहरुमा छलफल गर्न लगाउनुहोस्:

क) केटाको तुलनामा किन कम केटीहरु विद्यालयमा जान्छन् ।
ख) परीक्षामा केटाहरुले भन्दा पनि बढी नराम्रो केटीहरुले किन गर्दछन् प्रत्येक प्रश्नको उत्तर स्वरुप सहभागीलाई ५।५ वटा महत्वपूर्ण कारणहरुको सूची बनाउन लगाउनुहोस् । आफना निष्कर्षहरु सवै सहभागीहरु समक्ष प्रस्तुत गर्नुपर्ने र यो प्रस्तुतिको लागि समुहवाट एक प्रतिवेदक छान्नु पर्ने कुरा उनीहरुलाई बुझाएर प्रस्तुतिकरणलाई सुनिश्चित गर्नुहोस् ।

तेस्रो क्रियाकलाप २० मिनेट

समुहहरुबाट प्रस्तुतिकरण गर्न लगाउने । प्रस्तुतिकरणको लागि प्रत्येक समूहलाई ३ मिनेटको समय दिने । प्रस्तुतिकरण पछि छलफललाई प्रोत्साहित गर्नुहोस् र प्रस्तुतिकरणमा नपरेका वूंदाहरुवारे थप सुझावहरु दिनुहोस । यसको लागि तलको चेक लिष्ट हेर्नुहोस् । प्रस्तुतिकरणमा कुनै वूंदाहरु दोहोरिने हुदां प्रस्तुतिकरणमा उठाइएका विभिन्न वूदाहरुलाई यौटा सूचिमा सूचिकृत गरी ठूलो कागजको पानामा उर्तान लगाउनुहोस् । यो ठूलो पानालाई भित्तामा सबैले देख्ने गरी झुण्डयाउनुहोस् र प्रशिक्षण भरिनै संम्झनायोग्य बस्तुको रुपमा यसलाई त्यही राख्नुहोस् ।

## चौथो क्रियाकलाप १५ मिनट

पहिलाको सेशनमा जस्तै उही समुहलाई निम्नलिखित प्रश्न उपर छलफल गर्न लगाउनुहोस् ।

क) उपरोक्त सवालहरुलाई राम्रो संग विचार पुर्याई तदानुसार तिनको समाधान गर्न शिक्षकको रुपमा हामीले के गर्न सक्छौ । यौटै सवालमा नभई-प्रत्येक समूहले भिन्न भिन्नै सवालहरुको वारेमा छलफल गर्नेछ । पहिलाको सेशनबाट तय गरिएको अन्तिम सूचिमा परेका बूंदाहरुको संख्यामा नै छलफल गरिने सवालहरुको संख्या निर्भर गर्दछ । हरेक समूहले संभव भएसम्म उही संख्याका सवालहरुमा छलफल गर्नुपर्छ व्यवहारिकतालाई जोड दिदै बूंदागत रुपमा सहभागीहरुले आफना निर्ष्कषहरु निकाल्नु पर्दछ ।

## पाचौं क्रियाकलाप २० मिनट

प्रत्येक समूहलाई ३/३ मिनटको अन्तिम पृष्ठपोषण दिनुहोस् । यसको लागि छुट्टै प्रतिवेदकको छनौट गर्नुपर्छ । यसको लागि सामान्य छलफल संचालन गर्ने र नसमेटिएका कुराहरुको लागि अतिरिक्त बूंदाहरु थप्नुहोस् (यसको लागि तल दिइएको चेक लिष्ट हेर्नुहोस् )

समूहको छलफलबाट निस्केका मूख्य बूंदाहरुलाई यौटा सूचिमा उल्लेख गरी तिनलाई यौटा ठूलो कागजको पानामा उत्तार्नुहोस् । यसलाई पनि पहिलाको सामाग्री जस्तै भित्तामा संगै झुण्डयाउनुहोस् ।

निर्देशनका वूंदाहरु पहिलो क्रियाकलाप:-

१) सार्वजनिक शिक्षाभित्र समानता हुनुपर्छ भन्ने कुरामा सरकार सचेष्ट छ र सबै बालवालिकाले विद्यालय जाने अवसर पाउनुपर्दछ भन्नेसोच सरकारको छ ।

२) वर्तमानमा हेर्दा केटीको तुलनामा धेरै बढी संख्यामा केटाहरु विद्यालयमा भर्ना भएकाछन् र केटाहरुको कक्षा उपस्थिति पनि केटीहरुको तुलनाभा निकै बढी छ । यो दर देश भरी समान छैन । जस्तो धेरै जसो तराइ क्षेत्रमा सबै बालवालिकाको भर्ना दर उच्च छ र प्राथमिक तहमा केटीहरुको संख्याको अनुपात पहाड र हिमाली भेगमा भन्दा बढी छ । हिमाली भेगमा विद्यार्थी उपस्थिति ज्यादै नै न्यून छ र यस्तो उपस्थिति भौतिक सुगमता तथा दुर्गमताले गर्दा बढी असर पुरयाएको देखिन्छ । माध्यमिक तहमा माध्यमिक शिक्षा वीचैमा छाड्ने केटीहरुको अनुपातलाई हेर्दा यो अनुपात पहाडमा भन्दा तराईमा वढी भएको देखिन्छ यो संभव छ की यस्तो स्थितिलाई भौतिक सुगमताले भन्दा पनि बढी परम्परागत मान्यताले असर पारेको देखिन्छ । तराईमा कामको बांडफांडमा लिङ्ग भिन्नतामा बढी आधारित भएको देखिन्छ र

महिलालाई कार्यगत स्वतन्त्रता कमै छ । बाल विवाह र केटाहरुसंग हेलमेल गर्न तथा सार्वजनिक स्थलमा देखा पर्ने केटीहरु माथि लगाइएको अंकुश खास समुदायहरुमा बढी देखिन्छ ।

३) यस्तो किसिमको असमानता बढी रुपमा भौगोलिक स्थिति र जेन्डरको रुपमा नै रहेको स्पष्ट छ । यो कुरा महिला शिक्षिकाहरुको वितरणमा पनि स्पष्ट रुपमा छर्लङ्गिन्छ अर्थात सामान्यतया महिला शिक्षिकाहरुको संख्या ज्यादै न्यून छ र यो न्यूनता दुर्गम क्षेत्रहरुमा झन बढी टड्काले रुपमा देखिन्छ । विषयगत रुपमा हेर्दा पनि शिक्षकहरुको वितरणमा लिङ्ग भिन्नता देखिन्छ । सामाजिक अध्ययन तथा नेपाली विषयमा महिला शिक्षिकाहरुको संख्या विज्ञान तथा गणित विषयमा भन्दा बढी छ ।

४) पाठपत्रमा (handouts sheet) दिइएको विवरणमा प्रवेशिका परीक्षाको परिणाम देख्न सकिन्छ । केटा र केटीको सापेक्षिक सफलता दरको स्पष्ट संकेत यी परिणामले दिएको छ । केटीहरु विघालयमा पढन गएतापनि उनीहरुको उपलब्धि दक्षता केटाहरुको सरह छैन । यस्तो भिन्नता हुनुपर्छ भन्नेमा कुनै अन्तरनिहित कारण छैन । यसको ठीक विपरित परिणाम समतामूलक प्रणाली भएका देशहरुमा देख्न सकिन्छ । उदाहरणको लागि हालै (१९९६) संयुक्त अधिराज्यमा गरिएको सानो खोजपूर्ण अध्ययनले के देखाएको छ भने क्यारेबियन समूहका केटाहरु भन्दा भारतीय केटीहरुको लेखाई, पढाई र परीक्षाको उपलब्धि बढी राम्रो देखिएको छ । साभार बि.बि.सि खबर १९९६ सेप्टेम्बर ।

५) केटा र केटीका कार्य क्षमतामा किन यस्तो भिन्नता हुन्छ र विद्यालय जाने कार्यमा पनि किन यस्तो भिन्नता मौजुद छ । यस सम्बन्धी कारणहरु अर्को सेशनमा खोतलिनेछ ।

## चेक लिष्ट तेस्रो क्रियाकलाप:-

केटीहरु विद्यालय नजाने र विद्यालय गएपनि कार्यदक्षतामा सन्तोषजनक प्रगति नदेखिनाका कारणहरु :

सांस्कृतिक तथा सामाजिक मान्यताहरु :-

- श्रमको पारम्परिक विभाजन
- बाल विवाह
- बाबुआमाको घरमा घरायसी कामको बोझ
- भाइबैनीको हेरचाहमा लाग्नुपर्ने
- शिक्षाको महत्व नबुझ्नु
- पर्दा संस्कार

विद्यालयको पहुंच (सुबिध.)

वुझ्नु पर्ने कुरा के छ भने पहुंच भन्नाले भौतिक पहुंच मात्र वुझिन्न । यसले पनि यस्तो कारणलाई जनाउछ जसले बालबालिकालाई विद्यालय जानवाट निरुत्साहित वा रोक लगाउछ अर्थात विद्यालय सम्म पुग्न दिदैन ।

हिडनमा कठिनाई र विद्यालय टाढो हुनु:-
प्रत्यक्ष खर्च :
- विद्यालय, पोशाक
- यातायात
- किताब कापी
- अरु शैक्षिक सामाग्रीहरु

अप्रत्यक्ष खर्च :
- धरमा आमालाई कामको वोझ बढी हुने
- खेतीपाती वा पशुपालन सम्बन्धी काममा सहयोग नहुने
- छोरीले गर्छ भनि आशा राखेको काम पनि आमाले गर्नु पर्ने बाध्यता

सरसफाई र सुविधाहरु

विद्यालय शिक्षा स्तरीय नहुन:-
- शिक्षकको मनोवृत्ति
- प्रोत्साहित नहुनु
- विद्यालयमा शिक्षकको अनुपस्थिति
- महिला शिक्षिका हुदै नहुनु वा नगण्य संख्याका हुनु
- शैक्षिक सामग्रीको अभाव
- विद्यालयको वातावरण
- पढाउने तरीका
- पाठ्यपुस्तक तथा सहायक सामग्रीहरु निम्न संख्या हुनु र सो सामाग्रीमा केटा र केटीको लागि छुट्टै धारणा पहिला देखि राख्दै आउनु ।

चेकलिष्ट - पाचौं क्रियाकलाप:

शिक्षकहरुले पहिल्याउनु पर्ने (संभाव्य) बाटोहरु

* कक्षाकोठामा केटा र केटीलाई समान व्यवहार गर्नु पर्दछ । शिक्षकले कक्षा क्रियाकलापमा तथा छलफलमा सबैलाई संलग्न गराउने अवसर सुनिश्चत् गर्नुपर्दछ ।

केटीहरुप्रति झुकाव देखाउनु हुदैन । केटीहरु प्रति भएको पूर्वाग्रही धारणाले गर्दा पुरुष शिक्षकहरुले केटीहरुलाई छलफलमा भाग लिन नदिने, केटा तर्फ फर्केर बढी ध्यान दिइने केटीहरु तर्फ पिठयुं फर्काउने र सामान्यतया केटीहरु स्वागत योग्य हुदैनन् वा असक्षम हुन्छन भन्ने व्यवहार प्रदर्शन गरेको पाइएको छ ।

* केटीहरुलाई खासगरेर आफू प्रति नै र आफनो क्षमताप्रति सकारात्मक सोचाई राख्न प्रोत्साहित गर्नुपर्दछ ।

* शैक्षिक सामग्रीहरुले केटा र केटी वा पुरुष र महिलाको सकारात्मक छवीलाई प्रस्तुत गर्नुपर्दछ, यस्ता सामग्रीले महिलालाई घरमा बाधिएको परम्परागत कृयाकलापमा संलग्न व्यक्तिको छवी प्रदर्शन गर्नु हुदैन बरु केटीहरुलाई बाहिरिया कामको संसारमा प्रवेश गर्न आफनो क्षमतालाई पहिचान गरी त्यसलाई मान्यता दिन प्रोत्साहित गर्नुपर्दछ ।

* कक्षा छाड्ने प्रवृति केटाकेटीमा किन हुन्छ सो को कारण पत्ता लगाउन शिक्षकले आमाबाबु संग मिलेर काम गर्न सक्छ । खासगरेर पढाइ प्रति लगाव भएका केटाकेटीहरुलाई विद्यालयमै पढने काम जारी राख्न लगाउन तिनका अभिभावकलाई प्रोसात्हित गर्ने गर्नुपर्दछ । शिक्षकले शुरु गर्न सक्ने सामान्य उपायहरु पनि होलान् । यस्ता सामान्य उपायहरुलाई बाबुआमा वा विद्यार्थी स्वंयलाई गाली गर्ने निहुंको रुपमा प्रयोग गर्नु हुदैन । बालबालिकाहरु विद्यालय नजानाका कारणहरु उनीहरुको सीमा भन्दा परका हुन सक्छन या यसको पछाडी जायज आर्थिक, सामाजिक कारणहरु हुन सक्छन् ।

* विद्यालय र समुदाय दुवैले मिलेर गुणात्मक शिक्षालाई बढावा दिनु पर्दछ । खास समूहलाई विद्यालय जानबाट के चीजले रोकेको छ भन्ने कुरा पत्ता लगाउनु नै समस्या समाधानको पहिलो खुड्किला हो । स्वय-सेवा कृयाकलापहरुले विद्यालयको वातावरण सुधार्न सक्दछन् र यसो गर्न श्रोतहरु जुटाउन सक्दछन् तर यो विद्यालय र समुदाय दुवैको संयुक्त प्रयास हुनुपर्दछ दुवैको वीचमा यस्ता कार्यगत साझेदारीको विकास गर्न शिक्षकहरु सशक्त माध्यम बन्न सक्दछन् ।

* सेडु (माध्यमिक शिक्षा ईकाइ) मा भएको सुपरिवेक्षण प्रणालीले वर्तमानमा भएको विद्यालय प्रणाली भित्रै शिक्षकहरुलाई धेरै मात्रामा सहयोग पुग्न पनि सक्छ । माध्यामिक शिक्षा एकाई (सेडु) मा भएको सुपरिवेक्षण प्रणालीले शिक्षकहरुलाई कतिको आधारभूत सहयोग प्रदान गरेको छ ? खास स्रोतको लागि शिक्षकहरुले गर्ने अनुरोधलाई कति सकारात्मक रुपमा सुपरिवेक्षकहरुले लिने गरेका छन् ? या उनीहरुले सुनेको नसुन्यै गर्दछन् ?

- मानव स्रोत विकास र सेवाकालीन तालीमद्वारा शिक्षकको प्रेरणामा सुधार गर्दा सुपरीवेक्षणको सहयोगको अतिरिक्त यस्तो प्रयासबाट कक्षाकोठामा दैनिक असरहरु छोड्न सकिन्छ ।

- रोजगारदाताहरुले महिला रोजगारीलाई प्रोत्साहन दिनु पर्दछ र पुरुषहरुको पक्षमा विरोध गर्नु हुदैन । महिलाको लागि पनि रोजगारीका अवसरका संभावनाहरु छन् भन्ने कुरा बाबुआमाले बुझ्न सकेमा शिक्षाको महत्त्व यर्थातता प्रष्ट हुन्छ ।

**विद्यालयमा केटीको भर्ना र सहभागिताका बाधाहरु बारा जिल्लाको Case-Study :**

बारा जिल्ला माध्यमाञ्चल क्षेत्रको एक तराई जिल्ला हो । यो जिल्ला भारतको सिमाना नजिकै पर्ने हुनाले यसमा धेरै भारतीय प्रभाव परेको देखिन्छ । केटीहरु विद्यालय जानु अथवा कुनै पनि निर्णयको प्रक्रियामा सहभागि हुन सामाजिक व्यवहार तथा प्रचलनले निकै प्रभावित गरेको देखिन्छ ।

बारा जिल्लाका समुदायहरु छोरीलाई शिक्षा दिनु नचाहदो आर्थिक भार हो भन्ने कुरामा विश्वास गर्दछन् । बारामा छोरा छोरीको विवाहवारीमा गौना वा तिलक लिन दिन गर्न प्रचलन छ । यसले गर्दा छोरीलाई विद्यालय पढाई शिक्षा दिने कुरामा हत्तोसाही गराएको बुझिन्छ । केटाकेटी करीव ६ वर्षको हुदा नै विवाह गर्ने कुरा बाबुआमाहरुको बिचमा निश्चित गरिन्छ । केटीहरुको बाबुआमामा यस्तो विश्वास छ कि केटी ठूली भएपछि विवाह गर्न उपयुक्त राम्रो दुलहा पाइदैनन् । त्यसकारण छोरी भनेको अर्काको नासो भएकोले जतिसक्दो छिट्टो विवाह गरी अरुकहां पठाईदिनु पर्छ । यस्तो बालविवाहको परिणामस्वरुप केटीहरु परिपक्व हुन अगाडि नै गर्भवती हुने र बालबच्चा हुर्काउने र घरायसी कामको बोझ भित्र रुमलिन पर्ने भएकोछ । जसको लागि उनीहरु तयार भै सकेकै हुदैनन् । यस्तो अवस्थामा नै कि त केटीहरु आफनो बच्चाहरु हुर्काउने काममा लाग्नु पर्छ कि त घरायसी कामकाजमा सहयोग पु-याउनु पर्ने हुन्छ कि त घरायसी कामकाज सपन्न गर्न हिस्सेदार बन्नु पर्छ

यस्तो बालविवाह जस्तो सामाजिक परम्पराले गर्दा बारा जिल्लामा ज्यादै सर्तकताको परिस्थिति आएको छ । जुन महिलाहरुको संख्यामा बिचारनीयरुपमा कमी देखिन आएको छ । सन् १९९५को प्लान इन्टरनेशनल भन्ने संस्थाले गरेको PRA Data Baseline Survey को प्रतिवेदन अनुसार १४२ पुरुष बराबर १०० मात्र महिला भएको देखिएको छ र करीव आधा जस्तो महिला संख्या हराएको देखिन्छ । यसले के व्याख्या गर्छ भने केटीहरु आफनो जन्मदिने बाबुआमाको घरमा जन्मदेखि युवती (Puborty) को अवस्था सम्म बस्छन त्यसपछि आफनो श्रीमानको घरमा भित्रिन्छन् । किनकि छोरी सधैं अर्काको नासो हो भन्ने कुराले गर्दा जन्मदिने बाबुआमाको परिवारको सख्यामा उसको गणना हुदैन त्यस्तै आफनो श्रीमानको घरमा पनि अरुको घरबाट आएकी भन्ने दृष्टिकोण रहनाले राम्रो व्यवहार पाउदैनन् । यसले गर्दा केटीहरु हतोत्साही भै हराउछन र श्रीमानको घरपरिवारमा पनि परिवारको एक सदस्यको रुपमा गणना हुदैनन् । यस्तो परिस्थितिले गर्दा केटीहरुको आधारभूत अधिकारको हनन हुन्छन भने नागरीक अधिकार र सरकारी सुविधाहरु जस्तो विद्यालय जान पाउने जस्तै सुविधा र पहुचहरु बाट वञ्चित हुन्छिन् । केटीहरुको दुवै पक्षका संरक्षकहरुले केटीहरुको बचपन अवस्थादेखि नै अमानविय प्रवृतिको दासतामा जकडिने परिस्थिति भित्र राखेका छन् ।

समाजका खास समुदायमा जरा गाडिरहेको पर्दाको कुरीतिरिवाजले महिलाहरुलाई स्वतन्त्ररुपले चल्न अझै दिएको छैन । विवाहपछि उनीहरु घरको चारदिवाल भित्र हुन्छन । आवश्यक परेमा श्रीमानको संरक्षणमा राती भएपछि मात्र घर बाहिर जान सक्छन । यस्तो सामाजिक प्रचलन तथा प्रथा किसान महिला वा ज्यालादारीमा काम गरेर बाच्नु पर्नेमा भन्दा आर्थिकरुपले सम्पन्न भएका इज्जतदार परिवारमा यो प्रचलनलाई दृढरुपले पालना गरेको देखिन्छ । गरीब परिवार वा किसान परिवारको केटी तथा महिलाहरु बढी स्वतन्त्र रुपले चल्न पाउने गरेको देखिन्छ । किनकि परिवारले केटीहरुबाट परिवार चलाउनको लागि आर्थिक सहयोग लिनपर्ने बाध्यता छ ।

समाजमा विद्यालय गई पढने थोरै केटीहरुलाई पनि समुदायले राम्रो तथा सकारात्मक दृष्टिकोणले हेर्दैनन् । अनुमानकै आधारमा समाजमा उनीहरुलाई बढी स्वतन्त्रता दिइयो भने उनीहरु विवाह गर्न योग्य हुदैनन् भन्ने विचार र मानसिक तथा भौतिक पीडा दिन्छन् ।

महिला शिक्षाको लागि अझै बाधा अड्चनहरु विद्यमान छ भन्ने कुराको उदाहरण बारा जिल्लाले प्रमाणित गर्दछ । तर नेपालको सामाजिक, सांस्कृतिक र भौगोलिक भिन्नताले गर्दा यो बाराको Case Study ले सम्पूर्ण नेपालको स्थितीको प्रतिनिधित्व गर्ने गर्दैन । त्यसकारण शिक्षकहरुले खास ठाउंको निमित्त विद्यमान भएको महिला शिक्षा मूलक समस्या समाधान गर्न स्थानीय परिस्थितिमा के उपाय गर्न आवश्यक छ भन्ने कुराको खोजी गर्न नितान्त जरुरी छ ।

पुस्तका
शैक्षिक जनशक्ति
सानो